बुद्धकालीन

# १२ सन्नारीहरु



**प्रकाशक**
मोक्षदेवी राजकर्णिकार
सातदोबाटो, ललितपुर
फोन : ५५२६४८०

**अनुवादक/सम्पादक**
दोलेन्द्ररत्न शाक्य
चाकुपाट, ल.पुं
५५-२९-२०४

**प्रकाशक**
मोक्षदेवी राजकर्णिकार
सातदोबाटो, ललितपुर
फोन : ५५२६४८०

**पुस्तकको नाम**
'१२ सन्नारीहरु'

**प्रकाशन साल**
बु. सं २५५२ वि. सं. २०६५
ने. सं. ११२८ ई. सं २००८

**अनुवादक/सम्पादक**
दोलेन्द्ररत्न शाक्य
चाकुपाट, ललितपुर
फोन: ५५-२९-२०४ / मो: ९७४१-०५-७७-८५

**सर्वाधिकार:** – अनुवादकमा

**संस्करण**
प्रथम संस्करण – १००० प्रति
(दिवंगत पिता स्व. पूर्णदास राजकर्णिकार तथा माता स्व. अष्टमाया राजकर्णिकारलाई 'निर्वाण-कामना' सहित)

धर्म-दान

**मुद्रक**
राजमति प्रेस, ललितपुर, ५५३४५२७

Downloaded from http://dhamma.digital/

# सस्नेह समर्पण



*'अनिच्चावत संखारा उप्पादवय धम्मिनो,*
*उपज्झित्वा निरुज्झन्ति तेसं वुप समोसुखो ।*

**सबै संस्कृत वस्तु, व्यक्ति र स्थितिहरू अनित्य हुन् । यिनको स्वभाव धर्म उत्पति भई विनास हुनु हो । जसले यस स्वभाव धर्मलाई बुझ्दछ र तिनलाई क्रमशः झिक्दै निरोध गर्दछ, उसको दुःखका कारणहरू क्षीण भएर जान्छन् र सुखको अभिवृद्धि हुन्छ । यस तथ्यलाई हामी सबैले हृदयंगम गर्नु पर्दछ ।**

परिवार र समाजको सर्वाङ्गीण विकासको लागि नारीहरूको उत्थान र तिनीहरूमा आध्यात्मिक उन्नतिको अवसर जुर्न र जुराउनुले प्रमुख भूमिका खेल्दछ । आजभन्दा २५०० वर्षअघि नै भगवान बुद्धले नारीजातिको स्वतन्त्रता, समानता र मुक्तिको लागि ढोका खोलिदिनुभएको थियो । दासत्वबाट मुक्ति दिलाई प्रवज्या दिने कार्यको पनि थालनी गर्नुभएको थियो । यसैको फलस्वरूप त्यसताकाका घरानियाँदेखि सामान्य नारीहरूले निर्वाण-मार्ग अपनाई मार्गफलको



हकदार बनी जन्म, जरा, मरण दुःखबाट सर्वथा मुक्त रहेको अमृत-पद 'निर्वाण' समेत प्राप्त गर्न सक्षम हुन सफल भएका थिए । यस कुराको ज्वलन्त उदाहरण यस पुस्तकमा उल्लिखित केही सन्नारीहरू नै प्रस्तुत भइदिएका छन् ।

गृह-प्रवेशको बेलादेखि मेरो लागि 'बुद्ध-शिक्षा' को मार्ग प्रशस्त गर्नमा सतत योगदान पुऱ्याइरहने र बुद्धकालीन सन्नारीहरूका बारेमा एउटा पुस्तक लेखिनुपर्ने आवश्यकताको हेक्का समय समयमा दिँदै तत्सम्बन्धी एक दुई पुस्तकहरू पनि हातमा राखिदिने हालै मात्र अकस्मात दिवंगत हुन पुगेकी मेरी सहृदयी र गुणोपकारी धर्मपत्नी दिवंगत **हीराशोभा शाक्य**मा 'निर्वाण-कामना' व्यक्त गर्दै म पुस्तकको अनुवादकको तर्फबाट यो पुस्तक '१२ सन्नारीहरू'को अनुवादन र प्रकाशनबाट प्राप्त पुण्यले तिनको निर्वाण-पद प्राप्तिमा हेतुको काम गरून् भनी मंगल-कामनासहित यो पुस्तक सस्नेह समर्पण गर्दछु ।

साथै मेरा प्रातःस्मरणीय पिता **तेजरत्न शाक्य**को साथै माता **ज्ञानकुमारी शाक्य**मा पनि 'निर्वाण-कामना' गर्दछु ।

**दोलेन्द्ररत्न शाक्य**
(**पुस्तकका लेखक**)

२०६५ श्रावण २० गते

***'इदं मे पुञ्ञं निब्बानस्स पच्चयो होतु'***


**'हाम्रा यस पुण्यको प्रभावले निज दिवंगतलाई निर्वाण साक्षात्कार गर्ने हेतु जुरून्'**




Dhamma.Digital
Downloaded from http://dhamma.digital/

**'निब्बानस्स पच्चयो होतु'**
('दुःख-मुक्तिको अवस्था निर्वाणको हेतु होस्')

# निर्वाण–कामना



**पूर्णदास राजकर्णिकार**
(वि.सं. १९५१–२०१९)



**अष्टमाया राजकर्णिकार**
(वि.सं. १९५६–२०३१)

**'अनिच्चावत संखारा, उप्पादवय धम्मिनो'** अर्थात् संसारमा जति पनि संस्कारहरू (वस्तु, व्यक्ति र स्थिति) छन्, ती सबै अनित्य हुन् र उत्पति हुनु, विनास हुनु यिनको स्वभाव नै हो। यसै स्वभावअन्तर्गत परी विगत २०१९ सालमा पिताजी पूर्णदास राजकर्णिकार र २०३१ सालमा माताजी अष्टमाया राजकर्णिकारले आफ्ना अनित्य चोला त्याग्नुभयो। माता पिताको गुण, उपकार र स्नेह सदैव प्रातःस्मरणीय हुन्छ। उहाँहरूको गुणोपकार अतुलनीय हुन्छ। उहाँहरूको तिनै गुणोपकारले प्रेरित भई बुद्ध-धर्ममा समर्पित र जीवन-मरणरूपी दुःख-वन्धनबाट सर्वथा मुक्त रहेको दुःख-मुक्तिको अवस्थासम्म प्राप्त गरिलिन समर्थवान बुद्धकालीन १२ सन्नारीहरूको संक्षेपमा जीवनीसहितको यस पुस्तक प्रकाशित गरी 'धर्मदान' गर्न पाउँदा अपार हर्षको अनुभूति भइरहेको छ। यस धर्मदानको पुण्य, स्व. माता पितालाई जन्म, जरा र मरण दुःखबाट सर्वथा मुक्त रहेको अक्षय सुख 'निर्वाण-पद'को प्राप्तिमा हेतुको काम गरून् भनी हामी सबैले 'निर्वाण-कामना' गर्दछौं।



## निर्वाण-कामना गर्ने परिवारका सदस्यहरू

पुत्री – मोक्ष देवी राजकर्णिकार
ज्वाई – राम गोविन्द राजकर्णिकार

**नाति / नातिबुहारी**

दीप गोविन्द राजकर्णिकार / रश्मि राजकर्णिकार
प्रदीप गोविन्द राजकर्णिकार / रत्न केशरी राजकर्णिकार
डां सागर गोविन्द राजकर्णिकार / मुना राजकर्णिकार

**नातिनीहरु**

उषा ताम्राकार / वीरेन्द्र ताम्राकार
समिता राजकर्णिकार

**पनाति / पनातिनीहरु**

सिरिल गोविन्द राजकर्णिकार
दिरज गोविन्द राजकर्णिकार
मानस गोविन्द राजकर्णिकार
राहुल गोविन्द राजकर्णिकार
समुद गोविन्द राजकर्णिकार
मनिसा ताम्राकार
विनिषा ताम्राकार
मधु सुदन ताम्राकार
रवि सुदन ताम्राकार

*'इदं मे प्रञ्ञं निब्बानस्स पच्चयो होतु'*
'हाम्रा यस पुण्यको प्रभावले निज दिवंगतलाई निर्वाण साक्षात्कार गर्ने हेतु जुरुन्'



Downloaded from http://dhamma.digital/

# मन्तब्य

सद्धर्मप्रेमी लेखक, अनुवादक तथा सम्पादक हुनुभई थुप्रै पुस्तकका स्रष्टा उपासक श्री दोलेन्द्ररत्न शाक्यज्यूद्वारा अनुवाद तथा सम्पादन गरिएको यस बुद्धकालीन **'१२ सन्नारीहरू'** अत्यन्त प्रेरणादायी र उपयोगी पुस्तक हो। विभिन्न भन्ते, गुरूमांहरू र अन्य लेखक तथा अनुवादकहरूद्वारा नेवारी, हिन्दी, अंग्रेजीमा लेखन तथा अनुवाद गरिएका बुद्धकालीन नारीहरुको आध्यात्मिक विकास विषयका कथा, कहानीहरूलाई उहाँले अत्यन्त स्पष्ट, सरल नेपाली भाषामा अनुवाद गर्नुभएको छ। त्यसमध्ये जर्मनीका हेल्मुथ हेकरद्वारा जर्मनी भाषामा लेखिएका कहानीहरू जस्तै 'प्रज्ञावती खेमा', 'किसा गोतमी', 'महारानी मल्लिका', 'मैत्रीका धनी श्यामावती' र 'वीर्यवती सोना' त्रिपिटक तथा अर्थकथाहरूमा यत्रतत्र छरिएका कथा प्रसंगहरूलाई एउटै पुस्तकमा सम्पादन गरी अत्यन्त सरस र बोधगम्य हुने गरी माला उनेझैं उनेर अनुवाद तथा सम्पादन गर्नुभएको छ। सबै कथाहरूमा भाषाशैली सरस, संवादमा तर्कयुक्त, मार्मिक तथा रसप्रद छन्।

'परोपकारी रूपावती' बाहेक अरू सबै त्रिपिटकमा उपलब्ध छन्। यो कथा सायद पण्डित बैद्य आशाकाजी बज्राचार्यज्यूले नेपाल भाषामा अनुवाद तथा सम्पादन गर्नुभएको 'बोधिसत्वावदान माला' ग्रन्थबाट अश्वघोष भन्तेले लिनुभएको हुनसक्छ।

'रूपावत्यावदान'मा उल्लेखित रूपावती पनि शाक्यमुनि बुद्धका अतीत जन्ममा बोधिसत्व नै हुन् तर उनी स्त्री थिइन्।



प्रसवपछि भोकाएर मरणासन्न अवस्थामा पुगेकी एकजना स्त्रीलाई आफ्नो दुवै स्तन काटी खुवाई सन्तुष्ट पारिसकेपछि सत्यक्रियाको अधिस्थानले पुरूष भइन्। त्रिपिटकमा जातक अर्थकथा अनुसार बोधिसत्व भई निस्रित भविष्यवाणी पाउन चाहिने आठ गुणहरुमध्ये पुरूष हुनु पनि एक हो भन्ने गुणलाई रूपावतीले यसरी यस घटनाद्वारा प्राप्त गरिलिइन्। यस अवदान अनुसार त्यस भोको स्त्री मारकी छोरी हुन् र रूपावती बोधिसत्व नै हुन्।

सुशीला अनागारिकाले नेपाल भाषामा अनुवाद गर्नुभएको 'धम्मकथिक धम्मदिन्ना थेरी', भिक्षु सुबोधानन्द महास्थविरज्यूले अनुवाद गर्नुभएको 'विनयधर पटाचारा', भिक्षु विवेकानन्द महास्थविर तथा प्रज्ञारश्मि महास्थविरले अनुवाद गर्नुभएको 'अद्वेषी उत्तरा' र 'मृगारमाता विशाखा' धम्मपद अट्ठकथामा उल्लेखित कथाको सीधा नेपाल भाषामा अनुवाद गरिएका हुन्। ती कथाहरूलाई प्रस्तुत पुस्तकका अनुवादक उपासक श्री दोलेन्द्ररत्न शाक्यज्यूले नेपालीमा अनुवाद गर्नुभएको छ।

श्री स.ना.गो. गुरूजीले हिन्दीमा लेख्नुभएको 'नगरशोभिनी अम्बपाली' लाई अत्यन्त सरल र सुन्दर शैलीमा अनित्यतालाई बोध गराई आफ्नै शैलीमा प्रस्तुत गर्नुभएको राम्रो लाग्यो।

यस पुस्तकको अन्तमा 'अतिरिक्त कथा' अन्तर्गत ए.जी. एस. करियवासम्द्वारा लिखित यशोधरासम्बन्धी कथालेखलाई 'यशोधराको देन' शिर्षक दिनुभई अनुवादकज्यूले एउटा महत्वपूर्ण र विरलै पाइने कथालेखलाई स्थान दिनुभएको कुरा अति सराहनीय छ।



Downloaded from http://dhamma.digital/

अरू विषयमा सम्पूर्णरूपले अनुवादको टिप्पणीमा श्री दोलेन्द्ररत्न शाक्यज्यूले नै सारभूत कुरा प्रकाश पार्नुभएको हुनाले यो मेरो छोटो मन्तव्यमा लेखिरहन आवश्यक ठान्दिन ।

उहाँले यो पुस्तक उहाँकी दिवंगत गुणवती र सहृदयी धर्मपत्नी हीराशोभा शाक्यको सदिच्छाअनुरूप उहाँको संस्मरणमा यी सन्नारीहरूका गुण प्रकाशित गरेका हुन् । सबै दानमध्ये धर्मदान नै उत्तम छ । यो पुण्यको आनुभावले दिवंगत उपासिका हीराशोभालाई निर्वाण प्राप्त नहुन्जेल सुगति प्राप्त होस् र कल्याणमित्रहरूको सानिध्य प्राप्त भइरहोस् । जहाँ रहे पनि भय, दुःख, आपद विपदबाट मुक्त होऊन् र अन्ततोगत्वा शिघ्र 'निर्वाण-सम्पति' लाभ गर्न सकून् भन्ने मंगल -कामना व्यक्त गर्न चाहन्छु ।

साथै पुस्तकका प्रकाशिका मोक्षदेवी राजकर्णिकारले पनि आफ्ना मातापिता अष्टमाया तथा पूर्णदास राजकर्णिकारका अनन्त गुण अनुस्मरण गरी यो पुस्तक प्रकाशित गरी धर्म-दान गरेकी छिन् । यस पुण्यको प्रभावले मोक्षदेवी राजकर्णिकारको र सपरिवारको सुखी, निरोगी र दीर्घायु जीवनको कामना गर्दछु ।

**भवतु सब्ब मंगलं, रक्खन्तु सब्ब देवता**
**सब्ब बुद्धानुभावेन, सब्ब धम्मानुभावेन,**
**सब्ब संघानुभावेन, सदा सुखी भवन्तु ते ।**

**२०६५।०५।०४** **भिक्षुणी सुजाता**



# प्रकाशिकाको मनको कुरा

संसार गतिशील छ । परिवर्तनशील छ । सँधैं एकैनासको भएर नरहने स्वभाव बोकेका हुन्छन् सबैले । चाहे ती वस्तु हुन्, चाहे व्यक्ति हुन् र चाहे परिस्थिति नै हुन् । हामी सबै यसै सत्यअन्तर्गत पर्दछौं । सत्यलाई कसैले नकार्न सक्दैन ।

भगवान बुद्धले पनि यसै सत्यलाई उजागर गरी देखाइदिनुभयो । नारीजातिलाई पनि दुःख-मुक्ति मार्गमा डोऱ्याउनुभयो । यस पुस्तकमा दुःख-मुक्तिको मार्गमा लागी निर्वाण सुखको रसास्वादन गर्ने केही सन्नारीहरूको जीवनी छ । यसमा हामी नारीजातिले गर्व गर्ने ठाउँ छ । गर्व मात्र होइन हामीले पनि अभ्यास गर्ने र दुःख-मुक्तिको मार्ग अवलम्बन गर्ने प्रेरणा यस पुस्तकमा उल्लिखित सन्नारीहरूको जीवनीबाट पाउन सक्दछौं । नारीजातिले पनि आध्यात्मिक उत्थान गर्न सक्दछ भन्ने घटना र परिवेशले भरिपूर्ण सन्नारीहरूको कथा प्रसंगलाई मालीले बगैंचाबाट फूलको थुंगा छानी छानी टिपी माला उनेझैं उनेर हाम्रो हातमा ठम्याइदिनुहुने ललितपुर चाकुपाट निवासी कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्य हुनुहुन्छ । उहाँलाई यस्तो सारगसर्भित र नारीहरूको आध्यात्मिक उत्थान हुनेखालको पुस्तक प्रकाशनयोग्य हुने गरी हामी माथि अनुकम्पा राखी अनुवाद गरी, प्रुफसमेत हेरी सहयोग गर्नुहुने निजलाई जति धन्यवाद दिए पनि कमै हुन्छ । हामी उहाँप्रति आभार व्यक्त गर्दछौं ।



Dhamma.Digital
Downloaded from http://dhamma.digital/

मातापिताको गुणोपकार कहिल्यै पुरानो हुँदैन । दिवंगत पिता पूर्णदास राजकर्णिकार र दिवंगत माता अष्टमाया राजकर्णिकार समयको हिसाबले अलि पहिले नै दिवंगत हुनुभएको भए तापनि उहाँहरूको कल्याण-कामना गर्नु पुत्रपुत्रीहरूको धर्म हो । यसै कुरालाई हृदयंगम गरी उहाँहरूको निर्वाण-कामना गर्दै यस **'१२ सन्नारीहरू'** पुस्तक धर्मदानको उद्देश्यले प्रेरित भएर प्रकाशित गरी तपाईंहरूको हात हातमा सुम्पन पाउँदा अपार हर्षको अनुभूति भइरहेको छ । यसै धर्मदानको पुण्यको प्रभावले उहाँहरू जहाँ कहीँ भए पनि सुखपूर्वक रहन पाऊन्, दुःख कष्टको स्थितिमा कहिल्यै नपरून् र जन्म, जरा र मरणरूपी दुःख-वन्धनबाट शिघ्र छुटून् र निर्वाणलाभी बनून् भन्ने मंगल-कामनाका साथ यस पुस्तकको प्रकाशन र वित्तरण भएको छ । आसा छ, तपाईं पाठकवर्गले यस पुस्तकलाई रूचि लिएर पढिदिनुहुनेछ र लाभ पनि लिनुहुनेछ ।

यस अनूदित पुस्तकबारे आफ्नो कार्यब्यस्तताको वावजूदपनि अमूल्य मन्तव्य पोखिदिनुहुने श्रद्धेया गुरूमां सुजातालाई सश्रद्धा कृतज्ञतासहित साधुवाद टक्र्याउन चाहन्छु ।

अस्तु !
भवतु सब्ब मंगलं ।

**मोक्षदेवी राजकर्णिकार**
(पुस्तकका प्रकाशिका)

२०६५ श्रावण २५ गते



# अनुवादकको टिप्पणी

चित्तको चेतनाले नै कर्म बनाउँछ । चित्तको चेतना राम्रो पनि हुनसक्छ, नराम्रो पनि हुनसक्छ । राम्रो चेतनाले राम्रो कर्म बनाउँछ र पुण्यको हकदार बनाउँछ । नराम्रो चेतनाले नराम्रो कर्म बनाउँछ र पापको भागिदार बनाउँछ । धर्म पनि राम्रो चेतनाकै उपज हो जब कि अधर्म नराम्रो चेतनाबाट हुनजान्छ । कसैको हित सुखको लागि गरिने कर्म धर्म हो र कसैलाई अहित र दुःख दिने उद्देश्यले गरिने कर्म अधर्म हो । अरूको हित सुख हुने काम अनेक थरीका हुन्छन्, कुनै अस्थायीरूपले हित गर्ने त कुनै स्थायीरूपले हित गर्ने त कुनै चिरस्थायीरूपले कल्याण गर्ने । अहिले वा आज मात्र हित हुने भोलि फेरि त्यस्तै हित चाहिराख्नेखालको कर्म, दाताले बारम्बार गरिदिइरहनुपर्ने हुन्छ तर हित सुख दिने कार्य कुनै व्यक्तिले बारम्बार गरिदिइरहन सक्दैन ।

कुनै वस्तुको दानद्वारा कसैको गर्ज टर्न सक्दछ तर पुनः भरै त्यही वस्तुको आवश्यकता परिरहन्छ । त्यसको आपूर्ति एउटै व्यक्तिले गरिरहन सक्दैन । त्यस्तो वस्तु पाउनेको उक्त वस्तुद्वारा पछि पछिसम्म कल्याण हुन सक्दैन । कुनै व्यक्तिलाई रोजगारको राम्रो प्रवन्ध गरिदिनु पनि राम्रो सेवा वा दानमा गणना हुन्छ । त्यसबाट त्यस व्यक्तिको जीवन राम्रोसित निर्वाह भइरहेको हुन्छ । तर त्यो पनि हदसम्म भए यस जीवन रहुञ्जेल मात्र हो । पछिका जीवनहरूमा त्यस्तै रोजगार पाएर सुखसाथ जीवन बाँचिरहन सक्दछ भन्ने के ग्यारन्टी ? दान भनेको त्यस्तो चीज हुनुपर्दछ जुन जन्मजन्मान्तरसम्म साथमा होस् र



Downloaded from http://dhamma.digital/

कल्याणको द्योतक हुन सकोस्। त्यस्तो दान नै सर्वोत्तम दान हो भनिएको छ। त्यस प्रकारको दानमा 'धर्मदान' पर्नआउँछ। अतः **'सब्ब दानं धम्मदानं जिनाति'** भनिएको हो। धर्मदानद्वारा प्राप्त भएको ज्ञान र त्यसको अभ्यासले जहाँ गए पनि व्यक्तिको कल्याण साधिरहन्छ। धोखा कहिल्यै दिँदैन। सम्पूर्ण दुःख-वन्धनकै ईतिश्री हुनजान्छ र पुनः पुनः जन्म लिई जरा, व्याधि र मरण दुःखबाट सदाको लागि मुक्ति दिलाउँछ।

यसै परिप्रेक्ष्यमा यस पुस्तकका प्रकाशिका मोक्षदेवी राजकर्णिकारले पनि बुद्ध-शिक्षाले भिजेको पुस्तक प्रकाशन गर्ने मनसुवा प्रकट गरी यस '१२ सन्नारीहरू' नामक पुस्तक धर्मदानको रूपमा निःशुल्क वित्तरण गर्नुभयो। यो आफैमा महान दान हो। चीज, वस्तु, रूपियाँ पैसा, खानेकुराको दानभन्दा धर्मको दान अति उत्तम दान हो। यही कुरालाई ध्यानमा राखी बुद्ध-शिक्षालाई पृष्ठभूमि बनाई मैले पनि केही पुस्तकहरूको निर्माण गर्दैआइरहेको छु। प्रकाशकहरू पनि यस्ता पुस्तक प्रकाशन गर्नमा अभिरूचि जगाइरहेका छन्, कोही आफ्ना दिवंगत ज्ञातिवन्धुलाई निर्वाण-कामना व्यक्त गर्दै त कोही स्वेच्छाले पुस्तकको प्रकाशन कार्यमा अभिरूचि प्रकट गरिरहेका छन्। उहाँहरूको श्रद्धा अति नै सराहनीय छ। पुस्तक प्रकाशन गरी निःशुल्क धर्मदान गर्नु पनि सर्वोत्तम पुण्य-कार्य हो भन्ने कुरा उहाँहरूले राम्ररी बुझिसक्नुभएको छ। यस पुण्यको प्रभावद्वारा उहाँहरू एवं उहाँहरूका ज्ञातिवन्धुमा व्यक्तिगत जीवनमा, पारिवारिक जीवनमा, सामाजिक जीवनमा र व्यावसायिक जीवनमा सुख शान्ति र समृद्धिको उपभोग गर्न पाइरहून् र दिवंगत ज्ञातिवन्धुमा पनि यस पुण्य-कार्यको आनुभावले धर्ममय वातावरण मिलिरहोस् र निर्वाण साक्षात्कार गर्ने हेतु जुरून् भन्ने कामना



पनि बारम्बार गरिरहन पाइरहेका छन्।

अहिले यस पुस्तक '१२ सन्नारीहरू'लाई सातदोबाटो निबासी **मोक्षदेवी राजकर्णिकार**ले प्रकाशन गर्नुभएको छ। उहाँले धेरै समय अगाडि नै दिवंगत हुनुभएका आफ्ना पिता पूर्णदास राजकर्णिकार र माता अष्टमाया राजकर्णिकारको निर्वाण-कामना गर्दै यसलाई प्रकाशित गरी निःशुल्क धर्मदानको रूपमा वित्तरण गर्नुभएको छ। यति मात्र होइन , उहाँकी श्रीमान **रामगोविन्द राजकर्णिकार**ले पनि यसैसाथ **'जिज्ञासुका लागि : बुद्ध-शिक्षा'** भन्ने पुस्तक पनि सँगसँगै प्रकाशन गरी धर्मदान गर्नुभएको छ। उहाँ, उहाँका श्रीमान र परिवारले यस पुण्यको आनुभावले सुख समृद्धियुक्त जीवन बिताउन पाइरहून् साथै शील, समाधि र प्रज्ञाको धारण, पालन र अभ्यास गरिरहन पाइरहून् र नाना प्रकारका दुःख-वन्धनबाट मुक्त रहेको निर्वाणिक अवस्था पनि प्राप्त गरिलिन समर्थ होऊन् भन्ने मंगल-कामना पनि मेरो आफ्नोतर्फबाट व्यक्त गर्न चाहन्छु।

यस पुस्तकमा जम्मा बुद्धकालीन १२ जना सन्नारीहरूको जीवनी संक्षिप्तमा भए पनि विभिन्न ससाना पुस्तकहरूबाट संकलन गरिएका छन्। कुनै अंग्रेजीबाट, कुनै नेवारी भाषाबाट त कुनै हिन्दी भाषाबाट नेपालीमा अनुवाद गरिएका छन्।

सकभर कथालाई नयाँ शैलीमा भाषागत परिष्कारसहित राखिने प्रयास भएको छ। यसबाट आधुनिक नारीहरू पनि लाभान्वित हुनेछन् र बुद्धको शिक्षालाई आत्मसात गर्न प्रेरित हुनेछन्। यसमा राखिएका कथाहरू प्रायःजसो हालसालै दिवंगत हुन पुगेकी मेरी सहृदयी धर्मपत्नी **हीराशोभा शाक्य**बाट प्रकाशन गर्नुपर्ने कथाहरू यो यो हो भनी बारम्बार भनिरहने गरेकीलाई स्थान दिएको छु। तिनलाई साह्रै मनपर्ने



Downloaded from http://dhamma.digital/

कथाहरूमा खासगरी **धम्मकथिक धम्मदिन्ना थेरी, परोपकारी रूपावती, मल्लिका महारानी, मैत्रीका धनी श्यामावती** इत्यादि पर्दछन्। धम्मकथिक धम्मदिन्ना थेरी र परोपकारी रूपावतीको ससाना पुस्तिकाहरू अनुवाद गर्न भनी कहीँबाट ल्याई हातमा थम्याइदिएकी थिइन्। यस पुस्तक प्रकाशनको लागि तयार रहेको ५ वर्ष नै भइसकेको छ। बल्ल आज आएर यसले मूर्तरूप पाएको छ। यस पुस्तकको प्रकाशनबाट सायद हीराशोभा जहाँकहीँ रहे पनि प्रशन्न नै रहने छिन् र प्रकाशिकामा साधुवाद वर्षाइरहने छिन् भनी विश्वास गर्न सकिन्छ।

ती १२ कथाहरूबाहेक थपुवाको रूपमा राखिएको 'यशोधराको देन' र तिनका लेखिका तथा लेखकहरू यस प्रकार छन् –

| | | |
|---|---|---|
| १) धम्मकथिक धम्मदिन्ना थेरी | – सुशिला अनागारिका | – नेवारी |
| २) प्रज्ञावती खेमा | – हेल्मुथ हेकर | – जर्मनी /अंग्रेजी |
| ३) किसा गोत्तमी | – हेल्मुथ हेकर | – जर्मनी/अंग्रेजी |
| ४) महारानी मल्लिका | – हेल्मुथ हेकर | – जर्मनी/अंग्रेजी |
| ५) विनयधर पटाचारा | – भिक्षु सुबोधानन्द | – नेवारी |
| ६) परोपकारी रूपावती | – भिक्षु अश्वघोष | – नेवारी |
| ७) मैत्रीका धनी श्यामावती | – हेल्मुथ हेकर | – जर्मनी/अंग्रेजी |
| ८) वीर्यवती सोना | – हेल्मुथ हेकर | – जर्मनी/ अंग्रेजी |
| ९) अद्वेषी उत्तरा | – भिक्षु विवेकानन्द | – नेवारी |
| १०) मृगार-माता विशाखा | – भिक्षु प्रज्ञारश्मि | – नेवारी |
| ११) नगरशोभिनी अम्बपाली | – श्री स. ना गो. | – हिन्दी |
| १२) सुजाता उपासिका | – भिक्षु अमृतानन्द | – नेपाली |

***<u>अतिरिक्त कथालेखअन्तर्गत</u>***

| | | |
|---|---|---|
| यशोधराको देन | – ए.जी.एस. करियवासम | – अंग्रेजी |



यो पुस्तक नारीहरूको प्रेरणार्थ हो। यसमा नारीवर्ग पनि मार्गफल प्राप्त गर्नमा पुरूषभन्दा कम छैन भन्ने सन्देश पाइन्छ। अथक प्रयास र मिहिनत चाहिन्छ, नसक्ने र नहुने भन्ने कुरा केही पनि हुँदोरहेनछ। प्रत्येक दुःखको घडीले सफलताका सिंढीहरू निर्माण गर्दारहेछन्। सिर्फ धैर्य, साहस र लगनशीलता छोड्नुहुँदैन। मानव-जीवन यस अर्थमा अचम्मको र आसलाग्दो हुन्छ। उदाहरणको लागि धम्मदिन्ना थेरीले आफ्नो पतिबाट 'बहिनी'को सम्बोधन पाएर अनि 'अन्तै दिइपठाउने' भन्ने मर्माहटपूर्ण कुरा सुनेर हतास भइनन्। बरू अति उत्साह झिकी म मात्र के कम, म पनि त्यसभन्दा माथिको मार्गफलको हकदार हुन्छु भन्ने भित्रदेखिको ऊर्जा झिकी काम गर्दै गइन् र सफल पनि भइन्। किसा गोत्तमीले आफ्नो एक्लो र आश्रयदायी छोराको सर्पदंशबाट मृत्यु भएपछि असहाय भइयो भन्ने सोचमा केही क्षण डुबिन् तर बुद्धको उपचार पाइन् र छिट्टै नै होसमा आइन्, अनित्यतालाई बुझिन्, मरण-धर्मालाई साक्षात्कार गरिन्। सांसारिक वन्धनमा दुःखको बोलवाला हुन्छ भनी प्रवज्या लिइन् र मार्गफलमा प्रतिष्ठित भइन्। पटाचाराकै प्रसंग कोट्याउँ। तिनलाईभन्दा वन्धुवियोगको दुःख सायद अरूलाई भएकै छैन वा हुँदैहुँदैन कि भन्ने लाग्दछ। एकै दिनमा पति र दुई छोराहरू मर्नु र माइतिका आमाबुवा र भाइको एकै चिहान हुनु, बेसहारा बन्नु र आश्रयविहीन हुनु कम दुःखको घडी होइन। आफ्नो मानसिक सन्तुलनसमेत गुमाउन पुगेकी तिनीले बुद्धको सामिप्य, ढाडस र शिक्षा नपाएको भए तिनको जीवन त्यसै खेर जान्थ्यो। तिनले तुरून्तै होस सम्भालिन्। प्रवज्या ग्रहणपछि तिनी मार्गगामी भइन् र अन्ततोगत्वा भव-दुःखबाट मुक्त पनि भइन्। यस्तै यस्तै प्रेरक घटना र प्रसंगले ओतप्रोत छन् यस पुस्तकका कथावस्तुहरू। यसबाट



Downloaded from http://dhamma.digital/

हाम्रा नेपाली नारीवर्गमा पनि आफूलाई चिन्ने हौसला जागून् र सन्मार्गमा लागून् भन्ने कामना गर्नु अतिसयोक्ति हुँदैन होला ।

अन्तमा यस पुस्तकलाई अद्योपान्त हेर्नु भई आफू नारी पनि हुनुभएको तथ्य र गरिमालाई मध्यनजरमा राखी र बुद्ध-धर्ममा समर्पित भई ठाउँ ठाउँमा पुगी धर्मप्रचारमा अथक परिश्रम गरिरहेकी **श्रद्धेया गुरूमां सुजाता**लाई कति पनि अल्छी नमानी यस पुस्तकको लागि मन्तव्य लेखिदिनुभएकोमा कृतज्ञतासहित सश्रद्धा साधुवाद दिन चाहन्छु ।

पुस्तकका प्रकाशिका श्रीमती **मोक्षदेवी राजकर्णिकार**मा धर्मदान गर्ने श्रद्धा जागेको र त्यसै अनुरूप पुस्तक पनि प्रकाशित गर्नुभई धर्मदानबाट प्राप्त पुण्य आफ्ना मातापितामा निर्वाण कामनार्थ वितरण गर्नुभएको र आफू पनि पुण्यको भागिदार बन्नुभएकोमा उहाँलाई साधुवाद दिन चाहन्छु । साथै उहाँकी पतिमहोदय **रामगोविन्द राजकर्णिकार**मा पनि आफ्नी श्रीमतीको पुस्तक प्रकाशन गर्ने अभिलाषा पूर्ण गरिदिनुभएकोमा उहाँलाई पनि साधुवाद छ ।

उहाँकी मातापितामा पनि मेरोतर्फबाट निर्वाण-कामना गर्दछु र केही समय मात्र अगाडि आकस्मिकरूपमा दिवंगत हुन पुगेकी मेरी गुणोपकारी सहृदयी धर्मपत्नी **हीराशोभा शाक्य**मा पनि जन्म, जरा मरणादि दुःखबाट सर्वथा मुक्त रहेको निर्वाणिक अवस्था प्राप्त गरिलिन समर्थ होऊन् भनी निर्वाण-कामना पनि व्यक्त गर्दछु ।

अस्तु !

भवतु सब्ब मंगलं ।

**दोलेन्द्ररत्न शाक्य**

२०६५/०४/३०

(पुस्तकका अनुवादक तथा सम्पादक)



# पञ्चसील

## (पञ्चशील)

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स
नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स
नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

बुद्धं सरणं गच्छामि
धम्मं सरणं गच्छामि
संघ सरणं गच्छामि

दुतियम्पि बुद्धं सरणं गच्छामि
दुतियम्पि धम्मं सरणं गच्छामि
दुतियम्पि संघं सरणं गच्छामि

ततियम्पि बुद्धं सरणं गच्छामि
ततियम्पि धम्मं सरणं गच्छामि
ततियम्पि संघं सरणं गच्छामि

पाणातिपाता वेरमणि सिक्खापदं समादियामि ।
अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि ।
कामेसुच्छामि थ्याचारा वेरमणि सिक्खापदं समादियामि ।
मुसावादा वेरमणि सिक्खापदं समादियामि ।
सुरामेरय मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि ।



Downloaded from http://dhamma.digital/

# त्रिरत्न–वन्दना

## बुद्ध–वन्दना

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लाकविदू, अनुत्तरो पुरिसदम्मसारथि, सत्था देव-मनुस्सानं, बुद्धो, भगवा'ति ।

नमो तस्स सम्मा सम्बुद्धस्स ।

ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता ।
पच्चुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं, बुद्धो 'वो' सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जय-मङ्गलं ॥
उत्तमङ्गेन वन्दे'हं, पादपंसु वरुत्तमं ।
बुद्धे यो खलितो दोसो, बुद्धो खमतु तं ममं ॥
बुद्धं जीवितपरियन्तं, सरणं गच्छामि ।

# धर्म–वन्दना

स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनेय्यिको, पच्चत्तं वेदितब्बो विञ्ञुही'ति ।

नमो तस्स निय्यानिकस्स धम्मस्स ।



ये च धम्मा अतीता च, ये च धम्मा अनागता ।
पच्चुप्पन्ना च ये धम्मा, अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु 'वो' जय–मङ्गलं ॥
उत्तमंङ्गेन वन्दे'हं, धम्मञ्च दुविधं वरं ।
धम्मे यो खलितो दोसो, धम्मो खमतु तं ममं ॥
धम्मं जीवितपरियन्तं, सरणं गच्छामि ।

# संघ–वन्दना

सुप्पटिपन्नो भगवतो सावकसंघो, उजुप्पटिपन्नो भगवतो सावकसंघो, ञायप्पतिपन्नो भगवतो सावकसंघो, सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठपुरिसपुग्गला एस भगवतो सावकसंघो आहुनेय्यो, पाहुनेय्यो, दक्खिणेय्यो, अञ्जलिकरणियो अनुत्तर पुञ्ञक्खेत्तं लोकस्सा'ति ।

नमो तस्स अट्ठारियपुग्गल महासंघस्स ।

ये च संघा अतीता च, ये च संघा अनागता ।
पच्चुप्पन्ना च ये सघा, अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं, सघो मे सरणं वर ।
एतेन सच्चवज्जेन, होतु 'वो' जय-मङ्गलं ॥
उत्तमंङ्गेन वन्दे'हं, संघञ्च तिविधुत्तमं ।
संघे यो खलितो दोसो, संघो खमतु तं ममं ॥
संघं जीवितपरियन्तं, सरणं गच्छामि ।



Downloaded from http://dhamma.digital/

## नीर (जल)-पूजा

अधिवासेतु ना भन्ते, पानीयं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥

## प्रदी-पूजा

घनसारप्पदित्तेन, दीपेन तमधंसिना ।
तिलोकदीपं सम्बुद्धं, पूजयामि तमोनुदं ॥

## पुष्प-पूजा

वण्ण-जन्ध-गुणोपेतं, एतै कुसुमसन्ततिं ।
पूजयामि मुनिन्दस्स, सिरिपाद-सरोरूहे ॥
पुजेमि बुद्धं कुसुमेन नेन, पुञ्ञेन मेतेन च होतु मोक्खं ।
पुष्फं मिलायाति यथा इदं मे, कायो तथा याति विनासभावं ॥

## धूप-पूजा

गन्ध-सम्भार-युत्तेन, धुपेना'हं सुगन्धिना ।
पूजये पूजनेयन्तं पूजा भाजनमुत्तमं ॥

## भोजन-पूजा

अधिवासेतु नो भन्ते, भोजनं उपनामितं ।
अनुकम्यं उपादाय, पटिगण्हातु उत्तमं ॥



## व्यञ्जन-पूजा

अधिवासेतु नो भन्ते, व्यञ्जनं उपनामितं ।
अनुकम्प उपादाय, पटिगण्हातु उत्तमं ॥

## खाद्य-पूजा

अधिवासेतु नो भन्ते, खज्जकं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥

## चैत्य-पूजा

वन्दामि चेतियं सब्बं, सब्बठानेसु पतिट्ठितं ।
सारीरिकधातु-महाबोधिं, बुद्धरूपं सकलं सदा ॥

## क्षमा-याचना

कायेन वाचा चित्तेन, पमादेन मया कतं ।
अच्चयं खम 'वो' भन्ते, भूरिपञ्ञो तथागत ॥

## आशिका

इमाय बुद्ध-पुजाय, कताय सुद्ध-चेतसा ।
चिरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ॥
इमाय बुद्ध-पूजाय यं पुञ्ञं पसुतं मया ।
सब्बं तं अनुमोदित्वा, सब्बे'पि तुट्ठमानसा ॥
पूरेत्वा दान सीलादि, सब्बा' दसपारमि ।
पत्वा यत्थिच्छितं बोधिं, फुस्सन्तु अमतं पदं ॥



Downloaded from http://dhamma.digital/

# प्रतिपत्ति–पूजा

इमाय धम्मानुधम्म-पटिपत्तिया बुद्धं पूजेमि ।
इमाय धम्मानुधम्म-पटिपत्तिया धम्मं पूजेमि ॥
इमाय धम्मानुधम्म-पटिपत्तिया संघं पूजेमि ।
अद्धा इमाय पटिपत्तिया जाति-जरा-व्याधि-मरणम्हा
परिमुच्चिस्सामि ॥

# कामना

इमिना पुञ्ञ कम्मेन, मा 'वो' बाल-समागमो ।
सतं समागमो होतु, याव निब्बाण-पत्तिया ॥
इदं 'वो' पुञ्ञं आसवक्खया-वहं होतु !
इदं मे पुञ्ञं निब्बाणस्स पच्चयो होतु !
इदं मे पुञ्ञं सब्बे सत्ता सुखिता भवन्तु !
इदं मे पुञ्ञं सब्बे सत्ता अनुमोदन !

# पुण्यानुमोदन

इदं 'वो' ञातीनं होतु, सुखिता होन्तु ञातयो (तीनपल्ट) ।
एत्ताबता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे देवानुमोदन्तु, सब्बसम्पत्ति-सिद्धिया ॥
एत्तावता च अम्हेहि, सम्भतं पुञ्सम्पदं ।
सब्बे सत्तानुमोदन्तु, सब्बसम्पत्ति-सिद्धिया ॥
एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे भूतानुमोदन्तु, सब्बसम्पत्ति-सिद्धिया ॥



# विषय-सूची


| | |
|---|---|
| धम्मकथिक धम्मदिन्ना थेरी | १–२४ |
| प्रज्ञावती खेमा | २५–३४ |
| किसा गोत्तमी (कृशा गौत्तमी) | ३५–४४ |
| महारानी मल्लिका | ४५–५९ |
| विनयधर–पटाचारा | ६०–७९ |
| परोपकारी रुपावती | ८०–९३ |
| मैत्रीका धनी श्यामावती | ९४–११० |
| वीर्यवती – सोना | १११–११७ |
| अद्वेषी उत्तरा | ११८–१३० |
| मृगार-माता विशाखा | १३१–१५० |
| नगरशोभिनी अम्बपाली | १५१–१५९ |
| सुजाता उपासिका | १६०–१६८ |
| यशोधराको देन | १६९–१७७ |




Downloaded from http://dhamma.digital/

१

# धम्मकथिक धम्मदिन्ना थेरी

धम्मदिन्ना एक सन्नारी थिइन् । गौत्तम बुद्धको पालामा तिनी एक प्रख्यात नारीमा गनिएकी थिइन् । तिनी भिक्षुणी भएपछि धम्मकथिकको स्थानमा 'एतदग्ग' पद प्राप्त भएकी एक विदुषी नारी भइन् । तिनले पूर्वजन्महरूमा थुप्रै पारमिता धर्म पूर्ण गरेकी थिइन् । अतीतमा एकलाख कल्पपूर्व पदुमुत्तर तथागतको पालादेखि पारमिता धर्म संचय गर्दै एकलाख कल्पभित्र अनेक देव, मनुष्य लोकमा घुमी घुमी जन्म लिएर आएकी थिइन् ।

धम्मदिन्नाको पूर्वजन्मबारे प्रकटरूपमा थाहा पाउन सकिने जन्मको कुरा यसो हो । फुस्स तथागतको पालामा तीन महिनासम्म दस शील पालन गरी काषाय वस्त्र धारण गरी तथागतप्रमुख बीस हजार भिक्षुसंघलाई दान प्रदान गरी पुण्य संचय गरेकी थिइन् । दान लिन आउनेलाई मागेकोभन्दा बढी दान दिई अनि शील पालनमा प्रशंसायोग्य भई काम गरेर आएकी थिइन् ।

भद्रकल्पमा काश्यप तथागतको उदय भयो । त्यसबेला धम्मदिन्ना किकि भन्ने राजाका सात छोरीहरूमध्ये सुधम्मा नामकी छोरी थिइन् । त्यस जन्ममा तिनले आजन्म ब्रम्हचर्य शिक्षा पालन गरी दस शीलादि धर्म पनि पालन गरी काषायधारी भई २०



हजारवर्षसम्म पारमिता धर्मगुण संचय गरेकी थिइन् । त्यहाँबाट च्यूत भई गौत्तम तथागत उत्पन्न हुनुपूर्व, तिनी अनेक भवमा जन्म लिई देव-सम्पति, मनुष्य-सम्पति उपभोग गर्दै काश्यप तथागतको पालादेखि हीनकुलमा जन्म नभई ५०० पल्ट इन्द्रको महारानी, महाजननी, साहुनी भएर जन्म लिदै आएकी थिइन् । त्यसैले भनिएको छ –

**'कुसलेहि निम्मितानि, सुख भोगानि विन्दरे ।**
**महापुञ्ञा अनायासा, भवेसुच्चेसु सब्बदा ।।'**

यसको संक्षिप्त अर्थ हो –

महापुण्यवानहरूले आफूले गरेका पुण्यफलको सुखभोग गर्न पाउँछन् । पुण्यफल सित्तैमा जाँदैन ।

यसरी धम्मदिन्नाले उच्च सुख ऐश्वर्य भोग गर्दै शाक्यमुनि तथागतको पालामा राजगृह नगरमा ८० करोड सम्पति भएका एकजना महाजनको कुलमा जन्म लिइन् । धर्मयुक्त उत्तम पुत्री भएकीले तिनको नाम धम्मदिन्ना राखियो । पदुमुत्तर तथागतको पालामा नै तिनले भवबन्धनमुक्त हुने प्रार्थना गरेकी थिइन् । यो जन्म तिनको अन्तिम जन्म थियो । पहिले आफूले गरिआएका पुण्यकर्मको कारणले रूपलक्षणयुक्त भई उत्तम गुणयुक्त भएकीले तिनी उत्तम नारीमा गनिएकी थिइन् ।

सोह्रवर्षकी भएपछि सुन्दर रूपलावण्य भएकी धम्मदिन्ना देशभरि नै सुन्दरताको निम्ति प्रख्यात भइन् । अनेक साहु महाजनका कुलहरूबाट सौगात पठाई धम्मदिन्नालाई माग्न आए । तर राजा बिम्बिसारले अन्य कसैको पनि सौगात स्वीकार्न लगाएनन् । सानैदेखि



Downloaded from http://dhamma.digital/

तक्षशीलामा सँगै पढेका विशाख सेंठसँग आफै अग्रसर भई धम्मदिन्नाको विवाह गरिदिए । धम्मदिन्नाले पनि बुबाको वचन उलङ्घन नगरी विशाख सेंठसँग विवाह गरी लौकिक सुखभोग गरिबसिन् ।

विशाख सेंठ पनि पारमिता पूर्ण गरिआएका व्यक्ति हुन् । राजगृहमा भगवान् बुद्ध आउनुहुँदा बिम्बिसार राजासँगै धर्मोपदेश सुनेर स्रोतापन्न भइसकेका थिए । स्रोतापन्नहरू कामतृष्णाबाट मुक्त भइनसक्ने हुनाले विवाह-बन्धनमा बाँधिन्छन् । भगवान् बुद्धको समयमा सोतापन्न भएर पनि विवाह गर्ने कैयौं उपासक उपासिकाहरू थिए । विशाखा महोपासिका पनि सातवर्ष हुँदा नै स्रोतापन्न भएकी थिइन् । तर पनि उमेर पूर्ण भएपछि पूर्णवर्धन सेंठपुत्रसँग विशाखाको विवाह भएको थियो । तिनका १० छोरा, १० छोरी, ४०० नाति र ८००० पनाति थिए र सुखानन्दपूर्वक जीवन बिताएकी थिइन् । विशाखा माताको नाम प्रख्यात भएभैंं पूर्णवर्धनको नाम प्रख्यात थिएन । विशाखामार्फत नै त्यस घरमा परिवारले बुद्ध-धर्म ग्रहण गरेका थिए । फेरि पूर्वाराम विहार निर्माण र त्यसपछि पनि विशाखाले ठूल्ठूला दान कार्य श्रद्धायुक्त चित्तले गरेकी थिइन् । त्यसैले पनि विशाखाको नाम कीर्ति फैलिएको थियो ।

विशाख सेंठ स्रोतापन्न भएकोले पनि बिम्बिसार राजासँग बेलुवन विहारमा भगवान् बुद्धको दर्शनार्थ जानेगर्थे । बालककालदेखि सँगसँगै पढेका हुनाले ती दुवै साह्रै मिल्थे । विशाख सेंठले धर्म देशना सुन्न जान बरोबर भन्थे तर धम्मदिन्नाको जाने इच्छा थिएन । त्यसैले धम्मदिन्नालाई धर्मका कुरा त्यति थाहा थिएन ।



सुन्ने इच्छा पनि कसरी जाग्थ्यो, धन, सम्पति, यौवनले मस्त भएकी भएर पनि तिनमा धर्ममा श्रद्धा जागेको थिएन । जहिले पनि विषय सुखमा भुलेर आफ्नो शरीरलाई मात्रै सिंगारेर बस्थिन् । तिनका परिचारिकाहरूले पनि तिनको सेवा तन्मयताकासाथ गर्थे । गहना नलगाउँदा पनि तिनी त्यतिकै सुन्दर देखिन्थिन् । नाना प्रकारका हीरा मोतिका गहना लगाई, सुगन्धित तेल लगाई अनि सुन्दर उत्तम वस्त्र लगाई सिंगारेर बस्दा तिनी अति सुन्दरी र आकर्षक देखिन्थिन् । तर विशाख सेंठ स्रोतापन्न भएकोले पृथकजनहरूभैंं काम-रसमा त्यति धेरै भुलेर बस्दैनथे । उनी बरोबर धर्म देशना सुन्ने र दान धर्म कार्य सम्पादन गर्ने कार्यमा तत्पर रहन्थे ।

सेंठले धम्मदिन्नालाई भगवान् बुद्धको दर्शन गर्न जान र धर्म उपदेश सुन्न जान भनेर धेरै भने तर धम्मदिन्ना मान्दैनथिन् । तिनी भन्थिन् –" हे स्वामी ! धर्मोपदेश सुनेर के सुख हुन्छ र ! अहँ, म त जान्न । तपाईं मात्र जानुहोस् । " यसो भने पनि सेंठले धम्मदिन्नाको मन फर्काउने मौका हेरिरहेका थिए । बीच बीचमा उनले कहिले नम्रतापूर्वक कहिले प्रेमपूर्वक सम्भाइरहन्थे । अनित्य, दुःख, अनात्म र अशुभका कुरा सम्भाइरहन्थे । तर पनि धम्मदिन्नालाई बोध गर्न सकिरहेका थिएनन् । धम्मदिन्ना भन्थिन् –"तपाईंले सुनाउनुभएको कुरा त भयलाग्दो छ । यति राम्रो शरीरलाई पनि घृणाभावले हेर्नुपर्ने । प्रेम गर्न नहुने रे, सुख लिन नहुने रे, दुःख सम्भनुपर्ने रे ! यस्तो उपदेश त मलाई मन पर्दैन । तपाईंले नै हेर्नुहोस् न, के मेरो शरीर घृणा गर्न लायकको छ त ? यस्तो कुरा मलाई नसुनाउनुहोस् । मसँग धन सम्पति यथेष्ट छ । मलाई दुःख



Downloaded from http://dhamma.digital/

भन्ने नै छैन। तपाईं मात्रै धर्म उपदेश सुन्न जानुहोस्। सुख ऐश्वर्यको निन्दा भएको म सुन्नै सक्दिन। ”

तिनको कुरा सुनेर सेंठ आफै चुप लाग्थे। तर दिक्क नमानिकन फेरि फेरि पनि भन्थे –“ मेरो कुरा एकफेरा त सुनिदेऊ। धर्म भन्ने कुरा मानिसलाई नभइनहुने कुरा हो। धर्मको फल प्राप्त भएर नै राजा, महाराजा, सेंठ, पण्डित, महाजन इत्यादि हुने हो। हामीले समयमै धर्म गर्नुपर्दछ। धर्मको रसास्वादन गरेपछि नै धर्मको मर्म बुझिन्छ। कुरा नबुझिकन हुँदैन। सुख सम्पति मात्र सार तत्व होइन। त्यसैले एकचोटी त धर्मको कुरा सुनिहेर। भगवान् बुद्धलाई कसैसित तुलना गर्न सकिंदैन। श्री शोभायुक्त भएका उहाँ तथागतलाई तिमीले एकचोटी दर्शन गरिहेरे तिमी सायद त्यहाँबाट फर्केर आउने इच्छा गर्ने छैनौ। जाऊँ, एकचोटी त जानुपर्छ नि। ” यसरी नरम मिजासले कुरा सम्झाउँथे। तर पनि तिनी भन्थिन् –“यस्ता कुरा तपाईंका मित्र राजा आउनुहुँदा उहाँलाई सुनाउनुहोस्। तपाईंलाई अरू कुराको ध्याउन्नै छैन। जहिले पनि विहार जाऊँ, धर्म उपदेश सुन भन्नुहुन्छ।” यसरी पनि तिनी झर्कने तर्कने गर्दथिन्। तर सेंठ स्रोतापन्न भएकाले आफ्नी पत्नीले झर्कने गरे पनि नरिसाइकन प्रेमपूर्वक कुरा गरी मन शान्त पार्थे। धनसम्पति, खाने लाउने र अन्य खर्च बर्चको विषयमा विवाद गर्न नपरे पनि, धर्मोपदेश सुन्ने र सुन्न जाने कुरामा बराबर यस्तै झर्कने तर्कने भइरहन्थ्यो। अबुझहरूलाई सम्झाउन बुझाउन स्रोतापति हुनेलाई पनि कठिन हुन्छ।

बिम्बिसार राजाकहाँ पनि विशाख सेंठकहाँजस्तै भइरहेको



थियो। खेमा महारानीले पनि सुख ऐश्वर्यमा भुलेर बसिरहेकीले धर्मोपदेश सुन्ने इच्छा गर्दैनथिन्। भनिएको पनि छ –

**‘अब्भ समा कामभोगा, सद्धम्मो च निसाकरो ।**
**भोगब्भम्हि, अभिच्छन्ने, चन्दो सो नो हि भासते ।।’**

अर्थात् –

काम सुख भनेको आलोकलाई छोप्ने बादलझैं हो। सत्पुरुषहरूको सद्धर्म पूर्ण चन्द्रमाझैं हो। त्यसैले काम सुखरूपी बादलले ढाकिराखेको चन्द्रमारूपी आलोक प्रकाशित हुन कठिन हुन्छ।

एकदिन सेंठ रथमा सवार भई बेलुवन विहारमा गए। बुद्धलाई आदरपूर्वक वन्दना गरी एकछेउ उभिए। त्यसदिन उहाँ तथागतले नाम रूप पञ्चस्कन्ध विषयलाई विश्लेषण गरी उपदेश दिनुभयो। उपदेश सुनी विशाख सेंठ अनागामी फलमा प्रतिष्ठित भए। अनागामी फल प्राप्त भएपछि कामतृष्णा र द्वेष पूर्णरूपले निर्मूल हुन्छन्। उनी अब आफ्नी पत्नीसँगको शारीरिक प्रेम सम्बन्धबाट अलग हुने भए। त्यति मात्र नभई सराग चित्तले कुरा गर्ने स्वभावसमेत उनमा नरहने भए।

अनागामी फल प्राप्त भएपछि सेंठको धम्मदिन्नासँगको यौन सुखको आकर्षण अब रहेन। सम्पतिको घमण्ड पनि अब रहेन। शारीरिक सुखको सम्बन्धमा ती दुईको राय नमिल्ने भयो, इच्छा विपरित हुने भयो। घर पुगेपछि अवस्था हेरी कुरा गर्नुपर्ला भनी निश्चय गर्दै सेंठ घर फर्किरहेका थिए। धर्मोपदेश दिंदा पनि नसुन्नेलाई के गर्ने त भनी मनमा गुन्दै घर पुगे।



Downloaded from http://dhamma.digital/

ढोकानिर पुग्नेवित्तिकै सदाझैं धम्मदिन्नाले पतिलाई प्रेमपूर्वक स्वागत गरी माथि लैजान चाहिन् । तर सेंठको स्वभाव पहिलेको जस्तै थिएन । तिनलाई पुलुक्क पनि नहेरी माथि उक्ले । धम्मदिन्नालाई मनमा ठूलो चोट लाग्यो । तिनको मनमा कुरा खेल्यो – 'आज सेंठलाई के भएछ । मलाई मात्र नराम्रो शंकाको दृष्टिले हेर्नुभयो कि ! अथवा कसैले कुरा पो लगाए कि ! मुखको भाव पनि अलि बेग्लै देख्दछु । यस घरमा आएदेखिन् यस्तो त कहिल्यै भएको थिएन । साह्रै अद्भूत भयो । ' यसरी मनमा तर्क-वितर्क गर्दै माथि पुगिन् । पहिले पहिले आफूले गरिआएझैं सेवा कार्य गर्दैगइन् । तर पनि विशाख सेंठ केही नबोली चूप लागिबसे । उता धम्मदिन्नाको मनमा ढ्याङ्ग्रो ठोक्यो । भनिएको पनि छ –

**'दुक्खन्ति नारियो भूसं, अनलपम्हि सामिके ।**
**हदयं दह्यमाना व पिये, भाकुटिक इध ।।'**

अर्थात् –

यस लोकमा आफ्ना प्रिय स्वामीले केही नबोली बस्दा, रिसाएर बस्दा स्वामीको आधार लिई बसेका नारीहरूको हृदयमा आगो दनदन बलेझैं दुःखरूपी राप र तापको आगो दन्किन्छ ।

धम्मदिन्नालाई पनि यस्तै अनुभव भयो । बेलुकीको भोजन गराउने बेला भयो । सँधैझैं आफैले प्रेमपूर्वक भोजन ठीक गरिन् । भोजन तयार भएपछि माया गरी बोलाएर ल्याइन् । सेंठले सदाको जस्तै आफ्नै आसनमा बसी भोजन गरे । थप्नुपर्ने परिकार धम्मदिन्नाले आदरपूर्वक थपिदिंदै गरिन् । पहिले भए नाना थरी कुरा गरी गरी भोजन गर्दथे । आज त पुलुक्क पनि मुहारमा निहारेनन् ।



टाउको नै नउठाई भोजन गरिराखे । केही पनि शब्द उच्चारण गरेनन् । अब यसरी भएन, यथार्थ के हो बुझ्नुपर्‍यो, कुरा नबुझेसम्म मन शान्त नहुने भयो भनी सोची मुख बाइन् –"स्वामी ! तपाईंसँग म एउटा कुरा सोध्छु ।"

यो कुरा सुनेर विशाख सेंठले सोमनस्स चित्तले भने – "तिमी के कुरा सोध्न चाहन्छौ, सोध बहिनी ! एउटा कुरा सोध्न पनि मसँग वचन लिनुपर्छ र ?"

धम्मदिन्नाले भनिन् –"हो, आज तपाईंको मुहार हिजो अस्तिको जस्तो छैन । त्यसैले कुरा सोध्न वचन मागेकी ।"

"हुन्छ, सोध , के सोध्न चाहन्छौ ?"

धम्मदिन्नाले भनिन् –"हे स्वामी ! आज सोध्न चाहेका कुराहरू धेरै छन् । एक एक कुराको राम्ररी जवाफ दिनुभयो भने मेरो मन शान्त हुनेछ । तपाईं घर फर्कनुहुदा पहिले भए मलाई देखेर हाँस्नुहुन्थ्यो । आज मुखै हेर्नुभएन । भऱ्याङ्ग पनि एक्लै चढ्नुभयो । पहिले अंकमाल गरी सँगै चढ्नुहुन्थ्यो । पहिले पहिले माथि पुगेर आफू पुगेर आएको ठाउँको वर्णन गर्नुहुन्थ्यो । बगैंचामा टिपेर ल्याइएका फूलहरू पनि मलाई दिनुहुन्थ्यो । तर आज त तपाईं त ढुँगाको मूर्तिझैं देखिनुभयो । यसको कारण के हो थाहा भएन । पहिले भए कुरा गरी गरी भोजन गर्नुहुन्थ्यो । आज केही कुरै गर्नुभएन । यसरी कुरा सोधिन् भनेर नरिसाउनुहोला । तपाईंको स्वभाव मैलेजस्तो अरू कसले बुझेको होला ? अकस्मात तपाईंको चित्तको स्वभाव बदलेको देख्दा यो चित्तले सहन सकेन । मेरो केही दोष भए कृपया औंल्याइदिनुहोस् ।"



Downloaded from http://dhamma.digital/

यो कुरा सुनेर विशाख सेंठले भने – "तिम्रा मनमा यस्ता कुरा उब्जिनु अस्वाभाविक होइन । मेरो चित्त परिवर्तन भएको कारण बताउँछु । आज म भगवान् बुद्धकहाँ गएँ । उहाँले सुनाउनुभएको गम्भीर धर्मलाई मैले यथार्थ बुझें । मलाई बुद्धसन्मुख नै अनागामी फल प्राप्त भयो । त्यसैले मेरो रूप र चाल अघिपछिको जस्तो भएन । धम्मदिन्नालाई अनागामी फलको बारेमा केही थाहा थिएन । त्यसैले तिनले त्यस्तै नासमझका कुरा गरिरहिन् । तिनले भनिन् – "तपाईंले भने त्यही धर्मदेशनाका कुरा मात्र उठाउनुहुन्छ । अनागामी फल प्राप्तहरू के ढुँगाको मूर्तिझैं नबोली बस्दछन् कि ? मैले बुझ्नेगरी भन्नुहोस् ।"

विशाख सेंठलाई के गरूँ कसो गरूँ भयो । कसरी धम्मदिन्नालाई धर्मका कुरा बुझाऊँझैं भयो । धर्म नजान्नेहरूका लागि धर्मका कुरा बुझाउन कठिन हुन्छ भनेको ठीकै रहेछ । यो कुरा बुझेर विशाखले भने –"धम्मदिन्ना ! अनागामीहरूमा कामतृष्णा र द्वेष चित्त कत्ति पनि हुँदैन । कामतृष्णा नभएपछि तिनीहरूमा पृथकजनहरूझैं आफ्ना स्त्रीसँग बसउठ गर्ने सम्भाव्यता पनि रहँदैन । यसैले पनि म पहिलेजस्तै नभएको हुँ । मैले तिम्रो कुनै अपराध देखेर रिसाएको होइन । तिम्रो केही दोष छैन । "

सेंठका कुरा सुनेर धम्मदिन्ना एक किसिमले तर्सिन् । अनि दुःखी अनुहार लिएर भनिन् – "स्वामी ! तपाईंले भन्नुभएको कुरा के सही हो ?"

विशाखले भने –"अनागामीहरू कहिल्यै झूठ बोल्दैनन् ।"

धम्मदिन्ना – "उसोभए म तपाईंसँग अलग्ग भएर बस्नुपर्‍यो होइन



त ?"

यो कुरा सुनेर विशाखले निम्न श्लोकद्वारा सम्झाए –

**'सुणं मे वचनं अय्यो, अहं हि छिन्न कामिनो ।**
**त्वञ्चे वसितुं इच्छेय्य, चोसि भगिनी सदा ।।**
**अञ्अञ्चे सामिकं इच्छे, गण्हे मे सब्ब सम्पदं ।।**

अर्थात् –

हे आर्ये ! मेरो कुरा ध्यान दिएर सुन । म पञ्चकाम गुणले मुक्त भइसकें । यदि तिमी यसै घरमा बस्छौ भने मेरो बहिनीको रूपमा बस । अथवा तिम्रो इच्छा भए मेरो धनसम्पति सबै लिएर अर्कै स्वामीकहाँ जान चाहन्छौ भने पनि जाऊ ।

यो गाथा सुनाई फेरि पनि भने – "बहिनी धम्मदिन्ना ! म तिमीलाई प्रष्टै भन्छु, फेरि ध्यान दिएर सुन । म विषय सुखबाट मुक्त भइसकें । मबाट तिमी स्वतन्त्र छौ । अब तिमीले हेरी यहाँ मेरी बहिनी भएर बस्न मनलाग्छ कि अन्तै विवाह गरी जान मनलाग्छ, जे मनलाग्छ त्यसै गर ।"

आफ्ना स्वामीका यस्ता कुरा सुनी मन थाम्न नसकी धम्मदिन्ना भुईंमा ढल्न पुगिन् । आइमाई जात न ठहरियो । चित्त कमजोर भएको कारणले तिनी त्यहीं मूर्छित भइन् । मूर्छित भएकी धम्मदिन्नालाई देखेर पनि विशाखलाई कत्ति पनि दुःखानुभव भएन । करूणा राखी धम्मदिन्नाको होस ठेगानमा ल्याउन उपाय गर्नतिर लागे ।

धम्मदिन्ना होसमा आइन् । तिनले सेंठको पाउ परी रोई कराई विलाप गरी भन्न लागिन् –"हे स्वामी ! अनागामीहरू के



Downloaded from http://dhamma.digital/

यसरी निर्दयी निर्मोही हुन्छन् र ?  म पतिव्रता धर्ममा रहन सक्दिन होली भनेर त्यसो भन्नुभएको हो कि ! इन्द्रले फकाउन आए पनि म तपाईंलाई छोडी जान्न । अनागामी भएकै कारणले मलाई अर्का पुरुषसँग जाने भए जाऊ भनी कसरी भन्न सक्नुभएको ? " तिनी पृथकजन भएकीले चित्तमा परेको दाह सहन नसकी यसरी मनको व्यथा पोखेकी हुन् । तिनी मनमा आएका कुराहरू फलाक्दै रोइरहिन् । तिनलाई आफ्नो खुट्टामुनिको भुईं धसेर गएझैं भयो । भनिएको पनि छ –

**'विप्पवास कथं सुत्वा, भासितं पिय भत्तुनो ।**
**असनिस्स निवातो व, दारानं दुक्ख दाह नं ।।**

अर्थात् –

आफ्ना प्रिय स्वामीसँग वियोग हुनुपर्ने कुरा सुन्दा पतिव्रता स्त्रीको मनमा दाह हुनु स्वाभाविकै हो । परपुरुषप्रति प्रेम भएकाहरू मात्र पति वियोगको कुरा सुन्दा दुःखीत हुँदैनन्, बरु हर्षित हुन्छन् ।

नवयौवना धम्मदिन्नालाई विशाख सेंठले धनसम्पति सबै लिएर जान सक्छौ भन्दा सेंठप्रति प्रेम नभएको भए साह्रै प्रशन्न हुन्थिन्, दुःखी हुँदैनथिन् । परन्तु धम्मदिन्नालाई यो कुरा मन परेन र पति वियोगको कुरा सुन्दा चित्तमा दाह भई अत्यन्त दुःखी भइन् ।

धम्मदिन्नाले मन थाम्न सकिन । तर पनि एकलाख कल्पसम्म पुण्य पारमिता पूर्ण गरी आएकीले आफ्नो चित्तलाई यथास्थितिमा राखिनछोडी केही समयभित्रै चित्त परिवर्तन गर्न समर्थ भइन् । तिनले विचार गरिन् 'मेरा स्वामी अनागामी हुनुभई कामतृष्णा र द्वेषबाट मुक्त हुनुभयो । मसँग बस्न सक्दिन भन्नुभयो । धनसम्पति



कुम्ल्याई आफूलाई मनपर्ने पुरुषसँग जाने अनुमति दिनुभयो । योभन्दा ठूलो दुःखको कुरा अरू के हुन सक्ला ? उहाँले सिंगानझैं त्याग्नुभएको सम्पतिलाई म पनि त्याग्छु । नारी भएर केही गर्न नसक्ने लुरी त होइन नि म पनि ! म नारी भएँ, उहाँ पुरुष हुनुभयो । फरक यति न हो ! उहाँले यतिसम्म पनि भन्नुभयो – बहिनीको रूपमा बसेर काम गर । मैले मात्रै त्याग्न सक्दैन भन्ठान्नुभएको होला । उहाँ कामतृष्णाबाट मुक्त भएझैं म हुन सक्दिन होला भनेर त त्यसो भन्नुभएको होला । कामतृष्णाबाट मुक्त हुने शक्ति उहाँसँग मात्र छ भन्ठान्नुभएको होला । म नारी जातिको भए पनि कामतृष्णाबाट मुक्त हुने ज्ञान अवश्य प्राप्त गर्न सक्दछु । उहाँ तृष्णामुक्त भई म आफू तृष्णायुक्त भइबस्नु कत्तिको लज्जास्पद कुरा होला ?'

यति विचार गरी धम्मदिन्नाले विशाख सेंठलाई भनिन् –"हे स्वामी ! तपाईंले प्राप्त गरिलिनुभएको धर्म अथवा ज्ञान नारी जातिले प्राप्त गरिलिन सक्छन् कि सक्दैनन् ?"

यो कुरा सुनेर धम्मदिन्नालाई धर्ममा प्रयुक्त गराउन नसकी हैरान भइरहेका सेंठले सोमनस्स चित्तले   भने –"धम्मदिन्ना ! भगवान बुद्धको धर्ममा व्यक्तिभेद छैन । प्रज्ञा जगाउन सक्ने जो कोहीले पनि त्यो ज्ञान प्राप्त गरिलिन सक्छ ।"

विशाख सेंठको यस्तो कुरा सुनी धम्मदिन्नाले मनमनै भनिन् 'त्यसो भए म पनि त्यो ज्ञान हासिल गर्नमा प्रयत्न गर्दछु । कामतृष्णाको बन्धनमा पर्नु साह्रै लज्जाको कुरा भयो मलाई । बहिनीको रूपमा रहनुभन्दा त्यागी भएर हिंड्नु नै बेस !' यति सोची यो गाथा पढी सुनाइन् –



Downloaded from http://dhamma.digital/

**'इमिना पूति कायेन, कामराग वसं गता ।**
**आगारे वसितुं दानि, लज्जामि गीहि वेसिका ।।**

अर्थात् –

हे स्वामी ! यो दूषित शरीर बोकी पञ्चकाम गुणको वशमा परी गृहस्थ भेषमा घरमा आनन्दसाथ बस्नु मलाई लाज हुन्छ ।

धम्मदिन्नाको यो कुरा सुनेर सेंठले विचार गरे कि यिनको कुरा राम्रो र सही हो । तर यिनले वियोग सहन नसकेर मात्र त्यसो भनेकी हो कि ! साँच्चै भनेकी भए तिनलाई मुरी मुरी साधुवाद छ । उनले भने –"बहिनी ! घरमा नबसी के वनमा बस्न जान्छौ त ?"

धम्मदिन्ना – "हो, तपाईंको वचन भए म वनमा जान पनि तयार छु । कृपया दया राख्नुभई मलाई वन जाने आज्ञा दिनुहोस् ।"

विशाख सेंठ –"बहिनी ! आइमाईहरू जुनसुकै कुरामा पनि विना सोची सम्झी बोल्दछन् । साँच्चै श्रद्धा चित्त जगाई भिक्षुणी हुनु राम्रो हो । श्रद्धाले प्रवजित भएमा मात्र बुद्ध शासनमा टिकेर बस्न सकिन्छ । श्रद्धा नजगाई मनमा झट्ट आउनेवित्तिकै प्रवजित भएमा पछि अश्रद्धा जागी गृहस्थीमा फर्कन मन हुन्छ । प्रवजित भएर बस्नु लोकमा कठिनतर काम हो । त्यसैले सामान्यरूपले विचार गरी निर्णय लिनुहुँदैन ।"

धम्मदिन्ना –"के म तपाईंले हेर्दा भिक्षुणी बन्न सक्दिन जस्तो लाग्छ ? म त्यति श्रद्धाविहीन होइन । भिक्षुणी भएर फेरि गृहस्थ जीवनमा फर्केर आउली भनी नसम्झनुहोला । तपाईंले केही धन्दा मान्नुपर्दैन । सिर्फ वचन मात्र दिनुहोस् ।"

एक्कासी परिवर्तन भएकी धम्मदिन्नालाई पुनः विचार गरी



विशाख सेंठले भने –"बहिनी ! भिक्षुणी हुनु कठिन कार्य हो । एक्लै बस्नुपर्छ अनि एकछाकी हुनुपर्छ । कसैको भरमा बस्नुहुँदैन । सेवा गर्ने परिचारिका भएकी भिक्षुणी हुनु त झन दुःखदायी हुन्छ । नरम र मोटा ओछ्यान त्याग्नुपर्छ । श्रीखण्ड, सुगन्धित अत्तर दल्ने, फूल सिउरने, गहनापात धारण गर्ने इत्यादि सबै त्याग्नुपर्छ । आफ्नै भरोसामा बस्नुपर्छ । घर घरमा गई भिक्षा लिई जीविका गर्नुपर्छ । तिमी यहाँ सुखपूर्वक जीवन बिताइरहेकी सुकोमल शरीर भएकी हौ । भिक्षुणी भएर बिताउनुपर्ने कष्टकर जीवन सहन सके मात्र भिक्षुणी बने हुन्छ । फेरि एकपल्ट विचार गरी हेर । त्यति सजिलो छैन है । नारी स्वभाववश मनमा आयो भन्दैमा बोल्नुहुँदैन । भिक्षुणी भएको मलाई मन नपर्ने होइन । तिम्रो स्वभाव बुझेर मात्र यसो भनेको हुँ । फेरि तिमी उमेरदार छौ । त्यसैले तिमीलाई साह्रै दुःख होला भनेर करूणा राखी यति बोलेको हुँ ।"

धम्मदिन्ना –"हो स्वामी ! मैले भिक्षुणी भएकाहरू धेरै देखेकी छु । स्थविरनी गौत्तमी र अन्य शाक्य राजकुमारहरूका पत्नीहरू मभन्दा पनि सुकुमारी छन् । तिनीहरू भिक्षुणी हुन सक्ने, म किन हुन नसक्ने ? भिक्षुणी भएपछि तपाईंले मेरो शक्ति देखिहाल्नुहुनेछ । यसमा तपाईंले केही धन्दा लिनुपर्दैन । वचन मात्र दिनुहोस् । भिक्षुणी भएपछि खानपान गर्ने बारेमा चिन्ता नगर्नुहोला । घर घरमा भिक्षा दिनेहरू धेरै छन् । यति भनी धम्मपदमा आएका गाथा पढी सुनाइन् –

**'पच्चति मुनिनो भत्तं, थोकं थोकं घरे घरे ।**
**पिण्डिकाय गम्मिस्सामि, अत्थि जङ्घबलं मम ।।'**



Downloaded from http://dhamma.digital/

अर्थात् –

हे आर्यपुत्र ! भिक्षुहरूका लागि भनेर घर घरमा अलि अलि भए पनि खाने र पिउने कुरा तयार गरिराखेका हुन्छन् अनि भिक्षाचरण जान मेरा खुट्टा अझै बलिया छन् ।

यो कुरा सुनेर विशाख सेंठलाई बल्ल विश्वास भयो । यस्तै धारणा हो भने भिक्षुणी हुन वचन दिन्छु भनी धम्मदिन्नालाई भिक्षुणी हुन वचन दिए । वचन पाएर धम्मदिन्ना अति प्रशन्न भइन् । धम्मदिन्नाको प्रवज्या मंगल कार्य राम्रैसित सम्पन्न भयो । यहाँ राम्रैसित को अर्थ के हो भने विशाखले बिम्बिसार राजाकहाँ गई धम्मदिन्ना भिक्षुणी हुन चाहेकी कुरा बताए । मित्रको प्रवज्या मंगल कार्यमा राजाले आवश्यक सहयोग पुऱ्याए । राजाका छोरा छोरीहरू र सेनापतिलगायतले यस कार्यमा सहमति जनाई सहयोगसमेत गरे । धम्मदिन्नाको यस प्रवज्या कार्यमा भगवान् बुद्धप्रमुख भिक्षुसंघ सम्मिलित हुनुभयो । यसैले पनि प्रवज्या कार्य राम्रैसित भयो भनिएको हो । यो खबर राजगृह नगरभरि फैलियो । यस मंगल कार्यका दानको लागि भनेर असंख्य चीजवस्तुहरू थुपारेका थिए । धम्मदिन्ना पुण्य पारमिता पूर्ण भएकीले पनि यो मंगल कार्य यति भव्यताकासाथ सम्पन्न भएको हुनुपर्छ ।

महादान र धर्मोपदेश समाप्त भएपछि हीरामोती जडित पालकीमा राखी बिम्बिसारप्रमुख सैंन्यजन, साहु महाजनहरू र नगरबासीहरू मिली धम्मदिन्नालाई विहारसम्म पुऱ्याउन गए । विशाख सेंठ पनि पात्र भिरी चिवर बोकिदिई धम्मदिन्नाको पछिपछि लागे । सारा नगरबासीले धम्मदिन्नाको निकै तारिफ गरे ।



विहारमा पुगेपछि धम्मदिन्नाले गृहस्थ लुगा त्यागी चिवर वस्त्र लगाई विधिपूर्वक भिक्षुणी भएर विहारमा रहिन् । प्रवज्या कार्य सिद्धिएपछि सबैजना बिदा भई घर फर्के । विशाख सेंठले घर फर्कने बेला धम्मदिन्नालाई भने – "आर्ये ! अब तिमीले राम्ररी विनयमा रही आफ्नो कर्तव्य पालन गर । शिक्षालाई राम्ररी ग्रहण गर । " यस अवस्थामा सेंठ अनागामी नभइसकेको भए गहभरि आँसु लिई बस्नुपर्थ्यो ।

विशाख सेंठ भिक्षु भएको थिएन त्यसैले गृहस्थ भएर बस्नुपऱ्यो । भगवान् बुद्धको पालामा अनागामी भएर पनि प्रवजित नभई गृहस्थ भएर बस्ने व्यक्तिहरू धेरै थिए । ती किन भिक्षु हुन नसकेका हुन् भन्नेबारे अट्ठकथा आचार्यले भनेका छन् – 'पहिले पहिलेको जन्ममा भिक्षु नभएका र चिवर दान गरेर नआएका पुद्‌गलहरू अहिले भिक्षु हुन सक्दैनन् । त्यसैले अहिले धर्मोपदेश सुन्ने मानिसहरू भिक्षु भई मुक्त हुने हो भने चिवर दान दिने र भिक्षु जीवन बिताउने प्रयासमा लाग्नुपर्छ । साँच्चै नै विचार गरी हेर्ने हो भने भिक्षु भएर जन्म-मरणबाट मुक्त हुनु उत्तम हो । देव ब्रम्हादिहरू अर्हत भए पनि चिवरधारी हुँदैनन् । देव ब्रम्हाहरू भिक्षु हुने वचन प्राप्त छैनन् । तर पनि देव ब्रम्हाहरूको संख्या जन्म-मरणबाट मुक्त हुने मनुष्यहरूभन्दा बढी  हुन्छ ।'

धम्मदिन्ना भिक्षुणी भएको खबर मध्यप्रदेशमा सर्वत्र फैलियो । तिनको नाम सुनेका तर तिनलाई नचिनेका पनि धेरै नै थिए । त्यसैले तिनलाई हेर्न मात्र भनी आएकाहरू कैयन् थिए । तिनी कति सुन्दर रहिछन् भन्ने कुरा आगन्तुकहरूले प्रष्टै देखे । भिक्षुणी भएपछि



Downloaded from http://dhamma.digital/

पहंलो चिवर वस्त्र लगाउँदा त अझ सुन्दर देखिएकी थिइन् । कति पुण्यवान कति सुन्दर कति त्यागी धन्य धन्य भनी सबैले एउटै मुखले तारिफ गरे ।

धम्मदिन्ना भिक्षुणी भएकी देखेर अरू नारीहरू पनि धेरै संख्यामा भिक्षुणी हुन आए । धम्मदिन्नालाई दर्शन गर्न आउनेहरू रित्तो हात आएनन् । साथमा दान दिने वस्तुहरू लिइआएका थिए । यसबाट तिनीसँगै बस्ने अरू भिक्षुणीहरू पनि लाभान्वित भए । पुण्य पारमिता पूर्ण भएकाहरू शासनमा प्रवेश गर्दा शासनमा भव्यता थपिन्छ ।

लाभ सत्कार बढी प्राप्त हुँदा धम्मदिन्नाले आफ्नो कार्यमा सिद्धि पाउन कठिन भएको महसुस गरिन् । तिनले विचार गरिन् ' मैले घरको धनसम्पति सबै त्यागी भिक्षुणी भएँ । यो देखौवाको लागि होइन । आफ्नो चित्त शुद्ध गरी निर्वाण प्राप्त गर्नको लागि हो । विशाख सेंठभन्दा कम हुन्न । अर्हत अवस्था प्राप्त नभएसम्म प्रयत्न गर्दछु । '

यति विचार गरी आफ्ना उपाध्याय गुरूकहाँ गई बिन्ती गरिन् –"हे पूज्य गुरू ! यस विहारमा धेरै परिषद सदस्यहरू छन् त्यसैले यहाँ बसी विमुक्ति ज्ञान प्राप्त गर्न सकिंदैन । अत: एकान्त वनमा गई ध्यान भावना गर्ने मन भएकोले निवेदन गर्न आएकी छु ।"

उपाध्यायले धम्मदिन्नाको आसयलाई बुझी तिनको कार्यमा सहयोग पुऱ्याउने विचारले तिनलाई अनुमति दिएको मात्र नभई साथैमा वन गए ।

परिआएका काम गरिदिनका लागि अन्य साथीहरू पनि



गए । पुण्य पारमिता भएकाहरू ध्यान गर्न गृहत्याग गर्दा सेवा टहल गर्नेहरूको कमी हुँदैन ।

जंगलमा रही आफ्ना पूर्वकृत पुण्य सम्झी कर्मस्थान भावना गर्दैजाँदा छिट्टै नै धम्मदिन्नाले पटिसम्भिदा अर्हत पद प्राप्त गरिन् ।

अर्हत पद प्राप्त भएपछि तिनले विचार गरिन् 'मैले गृहत्याग गरेको अर्हत पद प्राप्त गर्नको लागि नै हो । जुन कार्य सम्पादन गर्नु थियो त्यो सम्पन्न गरिसकें । प्राणीहरूको हितोपकार गर्न, बुद्ध शासनलाई स्थिर पार्न, अनि भिक्षुणीहरूलाई पनि चतुप्रत्ययद्वारा सहयोग गर्न अब राजगृह जान्छु ।' यति विचार गरी तिनी राजगृह प्रवेश गरिन् । भगवान् बुद्धले धम्मदिन्ना थेरीले अर्हत पद प्राप्त गरेकीमा साधुवादसहित प्रशंसा गर्नुभयो ।

धम्मदिन्ना राजगृह आइपुगिन् भन्ने कुरा सहरभरि फैलियो । विशाख सेंठले यो खबर सुनी अर्कै कुरा मनमा लिए –'धम्मदिन्ना वनमा गएकी धेरै भएकै छैन । चाँडै नै फर्किन् । यति थोरै समयमा नारी जातिले तृष्णा क्षय गर्न सक्दैनन् । अलसी भएर काम नसिध्याइकनै राजगृह फर्किन् । तिमीभन्दा म के कम भनी भिक्षुणी हुन गई । अहिले न जंगलमा बसी ध्यान भावना गर्न सकिन् न सहरमा नै बसी घरजम गर्न सकिन् । शासनमा बस्न नसकी वा वाक्क लागी गृहस्थी हुन मन गरिन् कि ? श्रद्धा नभइकन प्रवजित हुन सकिंदैन । गृहस्थीमा आए आउन् । करोडौंको धनसम्पति छँदैछ । तिनी एकजनाको बाहेक अरूको हक लाग्ने होइन क्यारे ! आइमाईहरू यस्तै नै हुन् । तिनीहरूका चित्त दृढ हुँदैनन् । म एकपल्ट गई भेटी



Downloaded from http://dhamma.digital/

परीक्षा गरिहेर्छु। मैले सोचेजस्तै भए तिनलाई गृहस्थीमै राखिदिन्छु।' यति सोची विशाख सेंठ भिक्षुणीहरू विहार गर्ने विहारमा हेर्न गए।

उनी विहारमा पुगे। भिक्षुणी धम्मदिन्नाप्रति आदर भाव व्यक्त गरे। तिनको कुराको भाव विचार्दा, रूप आकार र लक्षण शान्त र नम्र भएको बुझ्दा सेंठ आश्चर्य चकित भए। उनको मनमा पुनः कुरा खेल्यो–'मैले सोचेभन्दा एकदमै फरक पो भेट्टिइन्। साँच्चैनै विशेष ज्ञान प्राप्त गरेकीजस्ती छे। तैपनि हो होइन एकपल्ट परीक्षा गरिहेर्नै पर्ला।'

उनले मार्गफल सम्बन्धी प्रश्न गर्ने विचार राखी पहिले स्रोतापन्न विषयका प्रश्नहरू गरे। धम्मदिन्नाले ती प्रश्नहरूको सही उत्तर दिइन्। यो त स्रोतापन्न भइसकेकी रहिछे भन्ने बुझी सकृदागामी सम्बन्धी कुरा सोधे। कमलको फूललाई तरवारले च्वाट्ट च्वाट्ट छिनालेझैँ उनको प्रश्नको जवाफ धम्मदिन्नाले ठ्याक्क ठ्याक्क दिइन्। ए, यिनले त सकृदागामी मार्गफल पनि प्राप्त गरिसकेकी रहिछे भनी अनागामी विषयका प्रश्नहरू गरे। धम्मदिन्नाले हावाले बादललाई पन्छाएझैँ ठीक ठीक उत्तर दिई सेंठको शंका सन्देह पन्छाइदिइन्। सेंठले बुझे –'धम्मदिन्नाले अनागामी फल पनि प्राप्त गरिसकेकी रहिछे। अब भने तिनी मसँग बराबर भइन्। सेंठ आफू अनागामी फल मात्र प्राप्त गरेको भएर त्यसभन्दा माथिको अर्हत फलको बारेमा प्रश्न गर्न सकेनन् र चूप लागे।

त्यहाँ धम्मदिन्ना भिक्षुणीले अर्हतहरूले मात्र बताउन सक्ने उच्चस्तरको धर्मोपदेश दिइन्। गम्भीर समुन्द्रमा बाँस गाड्दा जमिन भेट्टाउन नसकिनेझैँ सेंठले त्यस उपदेशको गाम्भीर्यलाई बुझ्न



सकेनन्।

सेंठले सोधेका प्रश्नहरूको सम्बन्धमा थेरीचूल्ल वेदल्लसूत्र देशना गरिन्। मूल पण्णासपालिमा यो सूत्र उल्लेख छ। यो सूत्र सेंठलाई नै लक्षित गरी उल्लेख गरेकी थिइन्। पहिले पृथकजनको अवस्थामा प्रेमपूर्वक सँगै बसेर आएकी हुनाले उपदेशित यो धर्म अपूर्वको थियो। नारीहरूमध्ये प्रसिद्ध भएकी धम्मदिन्ना भिक्षुणीले देशना गरेको यो सूत्र विशेषरूपले ध्यान दिई हेर्न पढ्न योग्य छ।

चूलवेदल्लसूत्र देशनाको अन्त्यमा विशाख सेंठले धम्मदिन्ना थेरी अर्हत भइन् भन्ने कुरा अवगत गरे।

**'पञ्हं पुच्छि महासेट्ठि, धम्मदिन्ना ब्याकरि ।**
**चूल वेदल्ल देसेसि, अहो ! विमुत्ति थेरीया ।।'**

अर्थात् –

विशाख सेंठले मार्गफल सम्बन्धी सोधिएका प्रश्नहरूको धम्मदिन्नाले सन्तोषपूर्वक जवाफ दिइन्। फेरि चूल वेदल्ल सूत्रको देशना पनि सबैको शंका समाधान हुनेगरी गरिन्। प्रज्ञावान धम्मदिन्नालाई प्राप्त भएको विमुक्ति ज्ञानको जति प्रशंसा गरे पनि पुग्दैन भनी सेंठ दंग परे।

चूलवेदल्ल सूत्र देशना गरेपश्चाद् धम्मदिन्नाले सेंठलाई भनिन् –"हे सेंठ ! मैले देशना गरेको धर्म उपदेशमा तपाईंलाई सन्तोष नलागेमा भगवान् बुद्धकहाँ जानुभई पुनः एकबाजी सोही उपदेश सुन्नु भए पनि हुन्छ।"

विशाख सेंठले धम्मदिन्नालाई वन्दना गरी बुद्धकहाँ गए।

धम्मदिन्ना पहिले आफ्नी पत्नी भए पनि अर्हत पद प्राप्त



Downloaded from http://dhamma.digital/

भिक्षुणी भएकीले विशाख सेंठले तिनलाई वन्दना गरेका थिए ।

हामीले पनि यसबाट एउटा कुरा बुझ्नुपर्छ । गृहस्थीमा बस्दा धम्मदिन्नाले आफ्नी स्वामीको राम्ररी आदरपूर्वक पतिव्रता धर्म पालन गरिरहेकी थिइन् । अहिले त सेंठले नै तिनलाई वन्दना गर्नुपर्‍यो । सेंठ अनागामी हुँदा धम्मदिन्नालाई बहिनीको रूपमा राख्ने र आफू दाजुको रूपमा बस्ने भनेका थिए । अब त धम्मदिन्ना एक तह माथिको फल प्राप्त भएकीले सेंठले नै आदर गरी वन्दना गर्नुपरेको हो । यसबाट पनि ज्ञात हुन्छ शासनमा प्रवेश गर्नु कति उत्तम रहेछ । पूजा सत्कार गर्न योग्य हुने हुनाले शासनलाई हामीले आदर गौरव राख्नुपर्छ । यस ज्ञानबाट हामीले पनि आदर्श शिक्षा ग्रहण गर्नुपर्छ ।

विशाख सेंठ भगवान् बुद्धकहाँ पुगेर वन्दना गरी धम्मदिन्नाले भनेकी कुरा सबै निवेदन गरे । भगवान् बुद्धले प्रशन्न भई धम्मदिन्नाको प्रशंसा गर्नुभई यो कुरा भन्नुभयो –

**'पण्डिता विशाख धम्मदिन्ना, भिक्खुनी महापञ्ञा,**
**विशाख धममदिन्ना भिक्खुनी मं चेपि विशाख ।**
**एतमत्थं पुच्छेय्यासि, अहं एव मेव ब्यकरेय्यं ।।'**

अर्थात् –

हे विशाख सेंठ ! धम्मदिन्ना भिक्षुणी पण्डितनी हुन् । महाप्रज्ञावान हुन् । ती प्रश्नहरूका उत्तर यदि कसैले मसँग मागे, म पनि त्यस्तै उत्तर दिन्थें ।

भगवान् बुद्धका यी वाक्यहरू सुनेर सेंठ अति प्रशन्न भए । धम्मदिन्नाप्रति उनमा अझ बढी श्रद्धा उत्पन्न भयो ।



धम्मदिन्ना राजगृहमा हुँदा उपस्थित श्रोतावर्गलाई उत्तम प्रकारका धर्म देशना गरी बोध गरी शासनको वृद्धि हुने काम गरिन् । पहिले गृहस्थ भइबस्दा त तिनी प्रख्यात थिइन्, अब भिक्षुणी भई धर्म देशना गर्ने क्रममा तिनी अझ प्रख्यात भइन् । तिनीकहाँ धर्म सुन्न आउनेहरूको संख्या दिनानुदिन बढ्दै गयो । यसबाट धम्मदिन्नाको आश्रय लिई बस्ने अन्य भिक्षुणीहरूलाई पनि निकै लाभ सत्कार प्राप्त भयो ।

धम्मदिन्नाको धर्म देशना सुनेपछि भिक्षुणी हुन आउनेहरूको संख्या पनि दिनदिनै बढ्दै गयो । कोही कोही धर्मका कुरा बुझी आफ्ना पतिहरूसँग अनुमति लिई भिक्षुणी हुन आएका पनि थिए । कसै कसैले आफ्ना पतिहरू धर्ममा श्रद्धा नभएकाहरू भएर भिक्षुणी हुन कठिनाइ भएको अनुभव गर्नेहरू पनि थिए । तर कोही त धर्मप्रति श्रद्धा तीव्र भएका कारणले कसैले रोक्न खोजेर पनि रोकिएनन् । किनकि धर्मका कुरा राम्ररी बुझेकाहरूले पञ्चकाम भनेको दुःखको स्रोत हो भन्ने कुरा बुझ्दछन् ।

अर्हत भएपछि धम्मदिन्नाले नारी जातिको धर्म शासन दिगो पार्ने भार लिइन् । भिक्षा जाने भिक्षुणीहरूको जमात बढ्दै गयो । दानमा आएका वस्तुहरू आफूसित भए पनि भिक्षा लिन जानैपर्ने नियम सबैले पालन गर्नैपर्थ्यो । भगवान् बुद्धले पनि भिक्षा जाने नियमलाई प्रशंसा गर्नुहुन्थ्यो ।

धम्मदिन्ना सँधैं राजगृह नगरमा भिक्षाको लागि जाने गरेकी भए पनि विशाख सेंठको घरमा एकपल्ट पनि गएकी थिइनन् । किनकि सँधैं आफ्नो घरमा भिक्षाको लागि जाँदा अरूले कुरा काट्ने र निन्दा गर्ने बाटो हुन्छ भन्ने कुरा तिनलाई राम्ररी थाहा थियो । हुन



Downloaded from http://dhamma.digital/

त निन्दा गरिहाले पनि केही हानी त थिएन । पृथकजनहरूले मनमा जे आउँछ त्यही भन्ने गर्दछन् । त्यसरी निन्दा गर्नेलाई दोष लाग्दछ । त्यसैले पनि तिनी सेंठको घरतिर भिक्षा जाँदैनथिन् ।

अनागामी भएका सेंठले श्रद्धा राखी भिक्षा दिने इच्छा गरेका थिए । एकदिन सेंठ भिक्षुणीहरूको विहारमा धम्मदिन्नाको दर्शन गर्न गए । त्यसबेला त्यहाँ धम्मदिन्नाले धर्मोपदेश दिइरहेकी थिइन् । देशना सिद्धिनासाथ सेंठले भने –"हे आर्ये ! तपाईंलाई घरमा निम्त्याई भोजन दान गर्ने इच्छा छ । घर घरमा जान आवश्यक छैन । म कहाँ भिक्षा पाल्नुहोस् । भिक्षा आउन कठिनाइ भए विहारमै पुऱ्याइदिनेछु ।"

धम्मदिन्नाले भनिन् –"हे दायक ! भोजनको बारेमा मलाई कुनै दुःख छैन । भगवान् बुद्धले पनि भिक्षा जाने कार्यको प्रशंसा गर्नुभएको छ । यो कुरा तपाईंलाई थाहा नभएको होइन । " यसो भन्दा सेंठले कुनै जवाफ दिएनन् । चूपचाप घर प्रस्थान गरे ।

धम्मदिन्नाको प्रज्ञाको प्रखरतालाई बुझेर भगवान् बुद्धले तिनलाई 'एतदग्ग' भन्ने पदवी दिनुभयो ।

**'एतदग्ग भिक्खवे मम साविकानं भिक्खुणीनं,**
**धम्मकथिकानं यदिदं धम्मदिन्ना ।'**

अर्थात् –

हे भिक्षुहरू ! मेरा श्राविका धर्मकथिकहरूमध्ये धम्मदिन्ना अग्रपंक्तिमा छिन् ।

भगवान् बुद्धको पालामा धम्मदिन्नाजस्ती धर्म देशना गर्नमा पोख्त भिक्षुणी अरू थिएनन् । यसरी शासनमा प्रख्यात भएको कारण पुण्य पारमी संचय गरेर आएकीले हो ।



धम्मदिन्नाले बारम्बार पढ्ने थेरी गाथा यही थियो –

**'छन्दजाता अवसायी मनसा च फुटासिया ।**
**कामेसु अप्पटिवन्द्ध चित्ता उद्धं सोताति वुच्चति ।।'**

अर्थात् –

हे नारी हो ! जुन नारीको मार्गफल प्राप्त गर्ने प्रबल इच्छा हुन्छ, तिनले उत्साहपुर्वक कोसिस उद्योग गर्नुपर्छ र लक्ष्यलाई मनमा दृढ राख्नुपर्छ । लोकजनले प्रशन्न र आनन्द लिइराख्ने पञ्चकाम गुणलाई मलमुत्रझैं ठानी त्याग्नुपर्छ । यस्तो विचार गरी लक्ष्यप्रति अडिग हुने नारीहरू अधोगतिमा नगई उर्द्धगतिमा उन्मुख हुन्छन् ।

नारीहरूलाई प्रायः उपदेश दिने गाथा यही नै हो । यस गाथाअनुसार अधोगतितिर उन्मुख नभई जन्मजन्मान्तरसम्म पनि निर्वाणतिर उन्मुख हुन चाहने नारीहरूले –

१) मार्गज्ञान र मार्गफलमा पुग्ने इच्छा गर्नुपर्छ ।
२) उत्साह र लगनशीलतालाई बढाउनुपर्छ ।
३) निर्वाण साक्षात्कार गर्न सतत प्रयास गर्नुपर्छ ।
४) पञ्चकाम गुणमा अनासक्त हुनुपर्छ ।

यी चार कुराहरूलाई बारम्बार चिन्तना गरी अभ्यासरत भई मार्गफललाभी बन्नुपर्छ । यही कुरा यस कथाबाट सिक्न सकिन्छ ।

अस्तु !

भवतु सब्ब मंगलं ।

**(प्रस्तुत कथा नेवारीमा सुशीला अनागारिकाद्वारा रचित कृति हो र यसलाई नेपाली भाषामा अनुवाद र सम्पादन गरिदिएको हुँ)**

**– अनुवादक)**



Downloaded from http://dhamma.digital/

# २

# प्रज्ञावती खेमा

जसरी भिक्षुसंघमा पुरूष शिष्यहरूमध्ये सारिपुत्र र मोग्गलान प्रमुख थिए त्यस्तैगरी बुद्धले नारीहरूमा उप्पलवण्णा र खेमालाई प्रमुख शिष्या हुन् भन्नुभएको छ ।

'खेमा' को अर्थ हो – व्यवस्थित मन भएकी, धैर्यधारी, दृढ र सुरक्षित भएकी । यही नै निर्वाणको पर्याय पनि हो । भिक्षुणी खेमा मगध राज्यको शाही परिवारबाट आएकी थिइन् । विवाहित भएपछि तिनी राजा बिम्बिसारकी प्रमुख रानीहरूमध्ये एक भइन् । रूपरङ्ग जति सुन्दर थियो महारानीको रूपमा त्यतिनै सुन्दर जीवन शैली तिनको थियो ।

जब तिनले बुद्धको बारेमा आफ्ना पतिबाट बयान सुनिन्, तिनी बुद्धप्रति उत्सुक र आकर्षित भइन् तर बुद्धको शिक्षालाई अपनाउन हिच्किचाइरहेकी थिइन् । इन्द्रिय सुख र युवा जीवन यापनमा बुद्ध-शिक्षाले बाधा तेर्स्याउला भन्ने डर तिनलाई थियो । तर तिनलाई बुद्ध-शिक्षामा कसरी प्रवृत गराउन सकिन्छ भन्ने कुरा राजालाई थाहा थियो । उनले एकदिन रानीलाई बुद्धले विहार गरिरहनुभएको बेलुवन विहारको शान्त, सुन्दर र सुखकर वातावरणको



वर्णन गरे । उनलाई थाहा थियो महारानी खेमालाई शान्ति र प्राकृतिक सुन्दरता अति मनपर्छ । वर्णन सुनिसकेपछि खेमाले त्यस विहारमा जाने निधो गरिन् ।

श्रीखण्ड र रेशम वस्त्रको प्रयोग गरी शाही शान वानले तिनी त्यस बेलुवन विहारमा पुगिन् । तथागतले तिनलाई सबै वस्तुहरूको सुन्दरता नित्य होइन ती सबै परिवर्तनशील छन् अनि नाशवान पनि छन् भनी उपदेश दिनुभयो । तिनले त्यस अनित्यताको उपदेशलाई राम्ररी ध्यान दिएर सुनिन् र मार्गफलसमेत प्राप्त गरिन् । महाकप्पिण भिक्षु जो पहिले राजा थिए गृहस्थ भेषभै ज्ञान प्राप्त गरेका थिए । उनले भैं खेमा महारानीले पनि शाही लिवासमा भए पनि ज्ञान प्राप्त गरिन् । आफ्ना पतिको अनुमति लिएर तिनी भिक्षुणी संघमा सामेल भइन् । खेमाले छिट्टै नै ज्ञान प्राप्त गरिन् । यति शिघ्र ज्ञानको प्राप्ति प्रज्ञाको वीज फस्टाएपछि र पुण्य परिपक्व भएपछि मात्र सम्भव हुन्छ ।

सामान्यजनले खेमाको यस कथा प्रशंगलाई अचम्मको घटना भनेर टिप्पणी गर्दछन् । तर बुद्धले योभन्दा पर गएर भन्नुहुन्छ कि यस नारीले यसरी अकस्मात पूर्णमुक्ति प्राप्त गरेकी होइनन् । यो घटना घटित हुन यो प्रसंग कारक-तत्व मात्र हो – उहिले उहिले जब विश्वमा बुद्धको प्रादुर्भाव भयो, खेमा पनि त्यही बेला त्यही स्थानमा उत्पन्न भएकी थिइन् । तिनको सद्धर्मप्रतिको लगावको कारणले गर्दा जन्म जन्ममा जहाँ र जब सद्धर्मको प्रणेताको प्रादुर्भाव भयो, त्यहाँ र त्यसैबेला सद्धर्मका अनुयायीको रूपमा तिनको पनि जन्म भइरह्यो । प्ररक र प्रेरित दुवैको संयोग भइरह्यो । भनिन्छ



Downloaded from http://dhamma.digital/

कि तिनले पद्मुत्तर बुद्धलाई भिक्षामा दानमा दिन केही नभएर आफ्ना सुन्दर केश बेच्नुपरेको थियो । विपश्वी बुद्धको पालामा ९१ असंख्यवर्ष पहिले तिनी सद्धर्मका व्याख्याता थिइन् । गौतम बुद्धभन्दा पहिलेका अन्य तीन बुद्धहरूको पालामा तिनी सामान्य उपासिका थिइन् । पछि तिनले भिक्षुसंघका लागि विहार बनाइदिइन् जुन तिनको लागि भविष्यमा सुखको आधार बन्न पुग्यो ।

प्रायःजसो मानिसहरू बुद्धको जीवनकालमा स्वर्ग वा नरकमा जन्म लिई जन्म मृत्युको चक्करमा घुमिरहन्छन् तर खेमा सद्धर्मको नजिक पर्नेगरी प्रयत्नशील रहिन् । जब संसारमा बुद्धको प्रादुर्भाव भएको थिएन, तिनले प्रत्येक बुद्ध र बोधिसत्वको पालामा मनुष्य जन्म लिइकी थिइन् । एक जन्ममा त तिनी बोधिसत्वकी पत्नी थिइन् र परिवारको संग्रह शान्तिपूर्वक गरेकी थिइन् । एउटा गाथाले यसो भन्छ –

**'तिमीले जे पायौ, त्यसैबाट दानमा केही देऊ,**
**उपोसथ व्रत पालन गर, शुद्ध शील पालन गर,**
**मृत्यको चिन्तना गर, मरणशीलताको धारणा राख,**
**किनकि मृत्यु निश्चित छ र जीवन अनिश्चित ।**
**सबै संस्कार अनित्य हुन्, जुन नाशवान छन्,**
**रातदिन कर्तब्याकर्तब्यको बारेमा सचेत होऊ ।'**

एकदिन खेमाको एक्लो छोराको सर्पदंशबाट मृत्यु भयो तर पनि तिनले पूर्ण समता कायम राख्न समर्थ भइन् । यसबारे खेमाले गाएकी एउटा गाथा यस्तो छ –



**'नबोलाए पनि उनी आए, नसोधिकनै गए पनि,**
**जसरी आएथे उसरी नै गए, यसमा के को शोक ?**
**कसैको शोकले मृतकलाई फिर्ता ल्याउन सक्दैन,**
**फेरि किन म शोक गरूँ ? जो जानु थियो, गयो,**
**भोकै बसेर रोए पनि के फाइदा भो मलाई ?**
**मेरा बान्धवहरू हरे ! कति दुःखी हुने हुन् ती !**
**कसैको शोकले मृतकलाई फिर्ता ल्याउन सक्दैन,**
**फेरि किन म शोक गरूँ ? जो जानु थियो, गयो ।'**

भनिन्छ अर्कोबाजी तिनी बोधिसत्वकी बुहारी थिइन् । तिनी धेरै जन्ममा महारानी भइकी थिइन् । बोधिसत्वबाट धर्म पाउन चाहन्थिन् जुन तिनले समय समयमा पाइन् । यो पनि भनिएको छ कि एक जन्ममा सारिपुत्र राजा हुँदा तिनी सारिपुत्रको रानी भइन् । तिनको बारेमा सारिपुत्र भन्थे –

**'पत्नी भए पनि समान स्तरकी,**
**आज्ञाकारी अनि मृदुभाषी तिनी,**
**सुन्दरता, सन्तान र कीर्तिले युक्त,**
**सदैव मेरा हितकारी थिई तिनी ।'**

तिनका यी पति महोदय धर्मात्मा राजा थिए । उनी राजामा हुनुपर्ने दस गुणले युक्त थिए । ती दस गुणहरू हुन् – १) उदारता २) नैतिकता ३) त्याग ४) सत्य ५) सुशीलता ६) धैर्यता ७) मित्रता ८) दया ९) विनम्रता र १०) न्याय । यी गुणहरू भएका कारणले



Downloaded from http://dhamma.digital/

राजा सुख समृद्धिपूर्वक निर्विघ्न राज्य गर्दथे । खेमा पनि यी शीलगुण धर्म पालना गर्दै सुखसाथ रहेकी थिइन् ।

अनेक जन्महरूमा यिनै शील धर्मको पालनाद्वारा हृदयलाई परिशुद्ध गरेर र पूर्णतामा प्राप्त गराएर आएकीले अहिलेको जन्ममा तिनी परिपक्व भइन् र शान्त अनि शुद्ध भावनासहित भई छिटै प्रज्ञामा प्रतिष्ठित पनि भइन् ।

बुद्धले तिनलाई प्रज्ञामा अग्र भिक्षुणी भनी प्रशंसा गर्नुभयो । यस सम्बन्धमा एउटा कथा प्रसंग यसरी अगाडि बढ्छ –

राजा पसेनदी देश भ्रमणमा थिए र एक साँझ उनी एउटा सानो सहरमा आइपुगे । उनलाई धर्मबारे जान्ने सुन्ने इच्छा जाग्यो । त्यसैले आफना अनुचरमार्फत त्यस सहरमा कुनै ज्ञानी, सन्त वा पुरोहित पत्ता लगाई बोलाएर ल्याउन पठाए । त्यस अनुचरले यताउति सबैतिर त्यस्ता व्यक्तिको खोज गरे तर भेट्टाउन सकेनन् जससँग राजाले धर्मका कुरा जान्न सकून् । यो कुरा राजालाई सुनाइयो साथै सहरमा बुद्धका शिष्या एउटी नारी मात्र रहेको कुरा पनि राजालाई जानकारी दिइयो ।

ती एक मात्र नारी खेमा नै थिइन् । तिनको ख्याति सबैतिर फैलिएको थियो । तिनी प्रज्ञायुक्त थिइन् । कुशल धर्मका व्याख्याता पनि थिइन् । राजा खेमाकहाँ गए । राजाले खेमाको आदर सन्मान गरे । अनि तिनीसँग यसरी वार्तालाप गरे –

**पसेनदी** – मृत्युपछि तथागत हुनुहुनेछ ?
**खेमा** – उहाँले मृत्युपछि रहन्छु भन्नुभएको छैन ।



**पसेनदी** – उसोभए तथागत मृत्युपछि रहनुहुन्न, होइन त ?
**खेमा** – त्यो कुरा पनि तथागतले भन्नुभएको छैन ।
**पसेनदी** – त्यसको मतलव तथागत मृत्युपछि रहनुहुन्छ र रहनुहुन्न पनि, होइन त ?
**खेमा** – त्यो पनि तथागतले बताउनुभएको छैन ।
**पसेनदी** – अब त जसले पनि भन्न सक्ने भए कि तथागत मृत्युपछि रहनु पनि हुन्न नरहनु पनि हुन्न, होइन त ?
**खेमा** – त्यही कुरा पनि तथागतले प्रकाश पार्नुभएको छैन ।

यो कुरा सुनेर खेमासँग राजाले बुद्धद्वारा यी चारकुराहरू किन वर्जित गरे होलान् भन्ने कुरा जान्न इच्छा व्यक्त गरे । खेमाले भनिन् – "प्रथमतः हामीले यी प्रश्नहरूको अर्थ के हो बुझ्नुपर्छ । पहिलो प्रश्नले ती सत्वहरूलाई बुझाउँछ जसको मूल उद्देश्य मृत्युपछि पनि जन्मलाई निरन्तरता दिनु रहेको हुन्छ । यसले भवतृष्णालाई बुझाउँछ । तथागत मृत्युपछि रहन्छ भन्ने कुरा त अन्य सबै धर्महरूले भन्दै आएझैं भयो ।

दोस्रो उत्तर तथागत मृत्युपछि रहँदैन भन्ने कुराले उच्छेदवादको वकालत गर्दछ अथवा भनौं विभवतृष्णाको पक्षधर बन्दछ ।

यथार्थ ज्ञान र सत्यको आड लिएर भन्ने हो भने पञ्चस्कन्धलाई नै पूर्णरूपले क्षय गर्नुपर्छ । पञ्चस्कन्ध भनेको – रूप, संवेदना, संज्ञा, संस्कार र विज्ञान हुन् । यिनै पाँच स्कन्धहरूले सम्पूर्ण भवको निर्माण गर्दछन् । पञ्चस्कन्धको पूर्ण क्षयबाट मात्र



Downloaded from http://dhamma.digital/

सच्चा मुक्तिको साक्षात्कार हुन्छ । यसैलाई निर्वाण भनिन्छ । यसैलाई तथागतहरूले प्राप्त गर्ने अमृत भनिन्छ ।

तेस्रो उत्तरले सम्झौता खोज्दछ । तथागतमा विद्यमान सबै प्रकारका अनित्यता उच्छेद भइसकेका हुन्छन् तर सारभूत तत्व नित्यताको कुरा मात्र विद्यमान रहन्छ ।

चौथो उत्तरले यो पनि होइन न त त्यो नै हो भन्ने सिद्धान्तलाई प्रस्तुत गर्दै विसम परिस्थितिबाट उम्कन खोज्ने स्थिति सृजना गर्दछ ।

यी चारै सिद्धान्तहरूलाई बुद्धले मिथ्यादृष्टि भनेर अस्वीकार गर्नुभएकोछ । यी चारैले 'म' भन्नेको अस्तित्व बोकेका छन् । तर वास्तवमा 'म' वा 'जगत' भन्ने मिथ्या अनुभूतिलाई विज्ञानले नै जन्माएको हुन्छ ।

सम्यक सम्बुद्धहरू वा उहाँहरूका प्रबुद्ध शिष्यहरूले मात्र यसलाई दृष्टिगत गर्न सक्षम हुन्छन् । यस प्रकारको समझदारीतालाई जागृत गराउन सकिएन भने 'म' भन्नेलाई नै स्थायीरूपमा विद्यमान रहने आत्मा हो र यही नै संसारमा जन्मजन्मान्तरसम्म विचरण गरिरहन्छ र शून्यमा नबिलाएसम्म यो झन झन माथि चढ्दै जान्छ । त्यो शून्यमा बिलाएको भन्नु नै मुक्ति हो भनी कोही कोही भन्दछन् । अरू कसै कसैले यो पनि अर्थ लगाउँदछन् कि बुद्धले 'आत्मा' को विनास गर्न सिकाउनुहुन्छ । वास्तवमा बुद्धले 'आत्मा' वा 'म' भन्ने नै छैन भन्ने कुरा सिकाउनुहुन्छ भने त्यसलाई विनष्ट गर्ने भन्ने कुरै उठ्दैन । बुद्ध भन्नुहुन्छ 'आत्मा' भन्ने छँदैछैन र संसारमा आत्माले भवसंसरण गर्दैगर्दैन ।



हामी जेलाई 'म' वा 'जगत' भन्दछौं ती त निरन्तर बदलिरहने प्रक्रिया हो जुन निरन्तर प्रवाहमान छ । यस ज्ञानले 'म' र 'जगत' को भ्रमको जालोलाई च्यातिदिन्छ । त्यसै भ्रममा भ्रमित भएर नै वर्तमानमा अनुभूत गरिरहेका भूतमा जीवित भएका अनि भविष्यमा जीवित हुने भन्ने मिथ्या धारणा लिन्छन् । मुक्तिको बाटो भनेको त 'म' लाई मूर्तरूप दिने प्रयासलाई पूर्णविराम दिनु हो । मिथ्याधारणालाई निःशेषरूपले मिल्काउनु हो र मनको भ्रान्तिलाई समाप्त पार्नु हो ।

स्थितिको वैचारिक क्रमलाई नबढाई त्यसको उदयप्रति सजगताद्वारा मनको चंचलता, वाचालतालाई लगाम दिन सकिन्छ जसद्वारा मुक्तिको भागिदार बन्न सकिन्छ । हामीले देख्ने, सुन्ने, सुघ्ने, स्वाद लिने, छुने र सोच्ने प्रत्येक वस्तु वा विचारहरू विज्ञानमै आधारित हुन्छन् । ती जतिसुकै विस्तृत र परिशुद्ध किन नहोऊन् । हेतुबाटै प्रभावित भई उत्पन्न हुन्छन् । त्यसैले ती अनित्य हुन् र ती जीर्ण भई बिलाइजाने स्वभावका हुन् ।

जुन जीर्ण भएर जान्छन् र परिवर्तनशील छन, ती अनात्म हुन् । यसको कारण पञ्चस्कन्धको बाहिर हुन्छ भन्ने विचार पनि कारण वा वास्तविकता नभई एक तर्क मात्र हो । त्यो कारण वा विचार पनि पञ्चस्कन्धभित्रै पर्छ ।

तथागतको मरणपश्चाद् यसो हुन्छ कि उसो हुन्छ कि भनेर कल्पना गर्नु एक मिथ्या धारणा मात्र हो र नामाकरण दिने एक बहाना मात्र हो जुन अनुपयुक्त छ । तथागतको धर्मलाई अनुशरण गर्नेहरूले जस्तै खेमाले पनि अनुशरण गरिन् । तिनी यो



Downloaded from http://dhamma.digital/

कुरामा विश्वस्त भइन् कि बुद्धले न त आत्माको शाश्वत स्वभावको न त उच्छेद स्वभावको नै उपदेश दिनुहुन्छ । तथागतको शिक्षानुसार नचल्नेहरू पनि अपवादको रूपमा मृत्युको दुनियाँमा नियन्त्रण बाहिर अनित्यताको र विनासको दुनियाँमा बाँचिरहेका छन् । उनीहरूले 'म' र 'मेरो' भनी ग्रहण गरेका वस्तु र व्यक्तिहरू निरन्तररूपमा बिलाएर गइरहेका छन् । अनित्यताको कारणले यी कुराहरू ग्रहणयोग्य छैनन् भन्नेहरू नै वास्तवमा शान्त अनि सुरक्षित हुन्छन् । सिंहनाद गरेझैं तथागतले भन्नुभयो – "अमृत पदको ढोका खोल अनि हे कान सुन्नेहरू, आऊ र ध्यान दिएर धर्मका कुरा सुन ।"

फेरि खेमाले राजालाई व्याख्या गरेर एक उपमाद्वारा सम्झाइन् । तिनले राज्यमा गंगाजीमा कति बालुवाका कण छन् भने बताउन सक्ने गणितज्ञ र तथ्याङ्कविद् छन् कि छैनन् भनी राजालाई सोधिन् । राजाले गन्न सम्भव छैन भने । खेमाले सोधिन कि महासागरमा कति ग्यालन पानी हुन्छ भनेर बताउन सक्ने कोही छन् त ? राजाले यो पनि भन्न असम्भव छ भने । किन असम्भव छ भनी खेमाले सोधिन् । राजाले महासागर अति गहिरो, अथाह र प्रशान्त छ भनेर जवाफ दिए ।

खेमाले भनिन् – "त्यस्तै तथागत पनि हुनुहुन्छ । तथागतलाई परिभाषित गर्नेले पञ्चस्कन्धअन्तर्गत रही परिभाषित गर्दछन् । तर बुद्धलाई पञ्चस्कन्धभित्र रही जान्न सकिंदैन । उहाँ 'रूप, वेदना, संज्ञा, विज्ञान र संस्कार' भन्दा पर हुनुहुन्छ । तथागत - समुन्द्रझैं अथाह, गहिरो अनि प्रशान्त हुनुहुन्छ ।"

त्यसैले तथागतलाई अस्तित्वमा रहेको अथवा



अस्तित्वविहीन, न अस्तित्वमा भएको न अस्तित्वमा नभएको भन्नु उपयुक्त हुँदैन । परिभाषित नहुने कुरालाई परिभाषाहरूले परिभाषित गर्न सकिंदैन । तथागत त मुक्ति पर्याय हो – आत्माको वन्धनबाट मुक्ति । आत्मा भनेको पञ्चस्कन्ध निरन्तर उत्पति र विनास भइरहने भएर अनि कुनै पनि क्षण त्यही रूपमा रही नरहने भएर संस्कारको उत्पतिबाट उत्पन्न हुने धर्म मात्र हो ।

भिक्षुणी खेमाको यस्ता धर्मको व्याख्याले राजालाई प्रभावित र प्रमुदित तुल्यायो । पछि राजाले तथागतको दर्शन पाउँदा यिनै चार प्रश्नहरू सोधे । बुद्धले खेमाले व्याख्या गरेझैं व्याख्या गर्नुभयो । प्रयोग गरिएका शब्दावली पनि उस्तै थियो । राजा यसबाट अचम्भित भए । अर्हत पद प्राप्त भिक्षुणी खेमासँग भएका कुराकानी र खेमाका धर्म वचनबाट राजा अति लाभान्वित पनि भए ।

अस्तु !

भवतु सब्ब मंगलं ।

(हेल्मुथ हेकरको **जर्मनीबाट अंग्रेजीमा अनूदित** 'Buddhist Women.......... **बाट नेपालीमा अनुवाद र सम्पादन गरिदिएको छु**।)

**– अनुवादक**)



Downloaded from http://dhamma.digital/

# ३

# किसा गोत्तमी (कृशा गौत्तमी)

**(मृत बच्चाकी आमा)**

श्रावस्तीमा गौत्तमी नाउँ गरेकी एक कन्या थिइन्। तिनी गरिब कुलमा र निम्न जातिको कोखबाट जन्मेकी थिइन्। तिनी साह्रै दुब्ली पातली भएकीले तिनलाई सबैले 'किसा गोत्तमी' भन्थे। अग्ली पनि भएकी अनि दुब्ली पनि देखिएकीले देख्नेले तिनलाई नराम्री देख्थे तर तिनीभित्रको आन्तरिक गुणलाई दृष्टिगत गर्न सक्दैनथे। तिनको बारेमा यसरी भाव व्यक्त गर्न सकिन्थ्यो

**'तिनको असली सौन्दर्य भित्र विद्यमान छ,**
**जसको चमक बाहिरी आँखाले देख्न सकिंदैन ।'**

तिनी निरास भएकी थिइन् किनभने गरिबीको कारणले र असुन्दर भएकीले तिनको विवाह हुन सकेको थिएन। तर एकदिन एकजना धनी व्यक्तिले बाह्य सुन्दरतालाई गौण मानी आन्तरिक सुन्दरतालाई दृष्टिगत गरी तिनीसँग विवाह गरे। तैपनि पतिको परिवारका सदस्यहरू तिनको दरिद्रता, निम्न जात र असुन्दरताको कारणले तिनीसँग प्रशन्न थिएनन्। ती सबै तिनीदेखि द्वेष गर्दथे। यिनै द्वेष प्रदर्शनको कारणले तिनलाई साहै दुःखीत तुल्याउँथ्यो



खासगरी आफ्ना माता पिता र आफ्नी श्रीमती वीचको द्वन्दले प्रताडित भएको आफ्नी श्रीमानको सम्बन्धमा तिनी दुःखीत हुन्थी।

केही समय पश्चाद् किसा गोत्तमीले एउटा छोरालाई जन्म दिइन्। अनि मात्र लोग्नेका परिवारजन र सम्बन्धीहरूले किसा गौत्तमीलाई छोरा वा परिवारका उत्तराधिकारी पाउने बुहारी भनी खुसी प्रकट गरे। यस परिवर्तित व्यवहारले तिनलाई ठूलै भरोसा र सन्तुष्टि दियो र तिनको शीरबाट मनौंको बोझ उत्र्यो। अब तिनी खुसी र सन्तुष्ट भइन्। बालक ठूलो हुँदैगयो र बाहिरफेरमा उफ्री उफ्री खेल्न जाने भयो। एकदिन तिनको सुख र सन्तोष भ्रम मात्र रहेछ भन्ने कुरा प्रमाणित भयो। तिनको छोराको सर्पदंशबाट मृत्यु भयो। तिनले यो शोकको घडीमा के गर्ने र कसरी बिताउने भन्ने सोच नै बनाउन सकिनन्। तिनी त्यस बालकप्रति साहै आसक्त र आश्रित पनि थिइन् किनभने त्यस बालक नै तिनको सुख शान्तिको द्योतक थियो।

अब किसालाई पुनः परिवारका सदस्यहरूको घृणाको पात्र हुनुपर्ने हो कि भन्ने चिन्ताले सताउन लाग्यो। तिनलाई डर थियो कि तिनीहरूले तिनलाई छोरा काखी च्याप्ने कर्म नभएकी भनेर दोष देऊन्। मानिसहरूले कुरा काट्लान् –"किसा गोत्तमीले के त्यस्तो कर्म गरेकी होली र त्यस्तो आपत आइलाग्यो।" अब त तिनको पतिले पनि तिनलाई त्याग्न सक्छ। यस्तै यस्तै कल्पना तिनको मनमा उम्लिरहृयो अनि जीवनमा एक्कासी अन्धकार छाएको अनुभव गरिन्। तिनले छोरा मऱ्यो भन्ने कुरालाई स्वीकार्नै सकेको थिइन। त्यसैले छोरा बिरामी छ, औषधी गर्नु छ र निको पार्नु छ भन्ने भ्रममा



Downloaded from http://dhamma.digital/

तिनी थिइन् ।

मृत बालकलाई बोक्दै तिनी घरबाट निस्किन् अनि घर घरमा गई छोराको लागि औषधी उपचार माँगिन् । दैलो दैलोमा उभिई भन्दै हिंडिन् – मेरो छोराको लागि केही औषधी दिनुहोस् । तर मानिसहरूले भने –"तिम्रो छोरालाई औषधीले बचाउन सक्दैन, ऊ त मरिसक्यो ।" उनीहरूले भनेका कुरा तिनले बुझ्दै बुझिनन् । किनकि तिनको मनमा त छोरा अझै जिउँदै छ, मरेको छैन भन्ने थियो । अरू मानिसहरू तिनको यो चाला देखेर दया देखाउनुको सट्टा उपहास गर्दथे । तर स्वार्थी र निर्दयी मानिसहरूको बीचमा पनि एकजना यस्तो सज्जन देखापर्‍यो जसलाई थाहा थियो तिनी शोकले विह्वल भएकी हुन् । उसले तिनलाई संसारकै सबैभन्दा असल बैद्यकहाँ जान सल्लाह दियो । त्यो बैद्य थियो – बुद्ध , जसले मात्र उचित समाधान वा उपचार दिन सक्छ ।

उसको सल्लाह मानेर तिनी तुरुन्तै राजकुमार जेतको बगैंचामा दौड्दै पुगिन् । त्यस बगैंचामा अनाथपिण्डिक महाजनले बनाइदिएको जेतवन महाविहार थियो जहाँ भगवान् बुद्ध विहार गरिरहनुभएको थियो । ठूलो जनसमूहलाई धर्म देशना गरिरहनुभएको त्यस ठाउँमा तिनी पुगिन् । बररर आँसु झार्दै अंगालोमा छोरालाई बोक्दै बुद्धको सन्मुख पुगिन् अनि बिन्ती गरिन् –"भन्ते ! मेरो छोराको लागि केही औषधी पाऊँ ।" बुद्धले बीचैमा देशना रोक्नुभयो अनि करूणापूर्वक भन्नुभयो कि त्यसको औषधी म राम्ररी जान्दछु । यो कुरा सुनेर तिनी आस्वस्त भइन् र त्यो कुन औषधी हो भनेर उत्सुकतापूर्वक सोधिन् ।



त्यहाँ उपस्थित सबैलाई अचम्भित पार्दै तथागतले भन्नुभयो – "त्यो औषधी हो – तोरीको बीउ ।"

हर्षले गद्‌गद् भएर तिनले सोधिन् –"कहाँ गएर त्यस औषधीलाई प्राप्त गर्न सकिन्छ होला ? " तथागतले भन्नुभयो – जुन घरमा कोही मरेको छैन त्यस घरमा गई अलिकति तोरी ल्याएपुग्छ ।" तथागतको कुरा शीरोधार्य गरेर तोरी लिन सहर पसिन् । पहिलो घरमा गएर केही तोरीको दाना छ कि भनी सोधिन् । जवाफ आयो –"छ, किन छैन ?" तिनले सोधिन् –"के म तपाईंकहाँबाट केही तोरी पाउन सक्छु ?" "हुन्छ" भन्ने उत्तर आयो अनि केही तोरीका दानाहरू ल्याएर दिइयो । अनि दोस्रो प्रश्न जसलाई तिनले महत्व दिएकी थिइनन् त्यही प्रश्न सोधिन् –"यो घरमा कोही मरिसकेको त छैन ?" उत्तर आयो –"छ नि, किन छैन ।" त्यस घरलाई पनि छोडी अर्को घरमा गइन् । त्यहाँ पनि यस्तै उत्तर पाइन् । यसरी नै तोरीको खोजी गर्दै , दोस्रो प्रश्न सोध्दै, निरास हुँदै अगाडि बढ्दै गइन् । कुनै घरमा हालसालै कोही मरेको, अलि अगाडि कोही मरेको, कुनै घरमा धेरै अगाडि कोही मरिसकेको भन्ने जवाफ पाइन् । तर यस्तो कुनै घर भेट्टाइनन् जहाँ कोही पनि अझसम्म मरेको छैन । बाँचेकाभन्दा मरेका नै अत्यधिक संख्यामा होला भन्ने जवाफ पाइन् ।

बल्ल साँझतिर तिनले बुझिन् कि प्रियको मृत्युमा विह्वल हुने तिनी मात्र होइनन् रहिछ । मृत्यु त सारा मानिसहरूको प्रारब्ध नै हो रहेछ । मानव शब्दले व्यक्त गर्न नसकेका कुरा तिनको आफ्नै अनुभवद्वारा स्पष्ट भयो । तिनले जीवनको नश्वरतालाई बुझिन् र



Downloaded from http://dhamma.digital/

मृत्युको पञ्जामा बारम्बार पिल्सिएर बस्नुपर्ने बाध्यतालाई पनि राम्ररी बुझिन्। यसरी भगवान् बुद्धले तिनको शोकलाई कहिल्यै नबल्झिने गरी निको पार्नुभयो र यथार्थ सत्यको अवबोध गराउनुभयो। किसा गोत्तमीले आफ्नी छोरा मरेको नै हो भन्ने कुरालाई अस्वीकार गरिनन्। सबै सत्व प्राणीहरू एकदिन मर्नुपर्ने रहेछ भन्ने यथार्थलाई राम्ररी बुझिन्।

दुःखले पिरोलिएका मानिसहरूको दुःख निवारण गर्ने बुद्धका शिक्षा दिने तरिकाहरू यस्तै यस्तै हुन्थे। यसरी आफ्नो दुःखको प्रत्यक्ष अनुभवद्वारा सम्पूर्ण विश्वलाई नै दृष्टिगत गराउने विधि अनौठो र अचुक हुन्थ्यो। एकपल्ट जब एकजना मान्छे आफ्ना पिताको निधनमा शोक गरिरहेको बेला कुनचाहिँ बाबु – यो जीवनको कि योभन्दा अघिका भनेर प्रश्न गर्नुभएको थियो। यदि शोक गरेको भए एउटा बाबुको लागि मात्र शोक गरेको भन्न मिल्दैन। सबै जन्मका बाबुहरू समान आदरणीय र प्यारा हुन्छन्।

अर्कोबाजी एउटा शोक-संतप्त व्यक्तिलाई बुद्धले तिम्रो छोराले त पुनर्जन्म पाइसके, तिमी त रित्तो खोलको निमित्त मात्रै शोक गरिरहेका छौ भनी उनलाई निर्दिष्ट गरेका थिए।

किसा गोत्तमी होसमा आउनासाथ तिनले निष्प्राण छोरालाई श्मसान घाटमा लगिन्, जलाइन् र तथागतकहाँ फर्केर आइन्। बुद्धले तिनलाई तोरीको दाना लिएर आयौ कि भनी सोध्नुभयो। तिनले तथागतलाई आफूले बुझेको कुरा कृतज्ञताका साथ बताइन्। तिनलाई शास्ताले दुःखबाट राम्ररी नै मुक्त पारिदिनुभयो। अनि तथागतले यो श्लोक भन्नुभयो –



**'भीडभाडमा र बालबच्चामा सुख खोजियो,**
**तिम्रा मन सदैव तिनीहरुमै आसक्त भइयो,**
**त्यस्ता व्यक्तिलाई मृत्युले गाँजेर लैजान्छ,**
**जसरी बाढीले निन्द्रामा परेको गाउँलाई ।**

तिनको मन परिपक्व भइसकेको र तिनले यथार्थ सत्यको साक्षात्कार गरिसकेकी हुनाले त्यो एउटै श्लोक सुन्नासाथ स्रोतापति फल प्राप्त गर्न समर्थ भइन्। त्यसपछि तिनलाई भिक्षुणीसंघमा सामेल गराइयो।

भिक्षुणी भएर केही समय बिताइसकेपछि धर्मको अध्ययन र अभ्यासमा पोख्त भइन्। एकपल्ट राती तिनले बलिरहेको दियोलाई एकटक हेरिरहिन् र जीवनको उतार चढावलाई त्यस दियोको लप्कोसंग दाँजिन्। तथागतले तिनलाई लक्षित गरी यो छोटो श्लोक सुनाउनुभयो –

**'सयौँवर्ष बाँचे पनि,**
**अमृत-पद नभेट्टाई,**
**केही काम छैन बरू,**
**एकैदिन बाँचेको जाती,**
**भेट्टाइकन अमृत-पद ।'**

किसा गोत्तमीले यो गाथा सुनिसकेपछि सबै प्रकारका विकार र भव-बन्धन काटी फालिन् अनि अर्हत-पद प्राप्त गरिलिइन्।

भनिन्छ, ९२ असंख्य वर्षपूर्वको जन्ममा तिनी फुस्स बुद्धको



Downloaded from http://dhamma.digital/

पालामा बोधिसत्वकी पत्नी थिइन् । काश्यप बुद्धको पालामा तिनी राजकुमारी थिइन् र पछि तिनी भिक्षुणी बनिन् ।

'अग्र भिक्षुणीहरूको गाथाहरू' भन्ने ग्रन्थमा तिनको बारेमा श्लोकहरू पढ्न पाइन्छ जसमा तिनले बुद्धले गर्नुभएको खुसीका क्षणहरूको वर्णन सुन्दर ढंगले गरेकी छिन् । त्यसमा तिनले आर्य र सन्तहरूको संगतको प्रशंसा पनि गरेकी छिन् ।

**'सन्तले प्रशंसा गरेका र जोड दिई भनेका,**
**'असल संगत गर' भन्ने कुरा सबैका लागि हो ।**
**असल मित्रसँगको संगत पाएमा,**
**मूर्ख पनि विद्वानमा परिणत हुन्छ ।।**
**ती सत्पुरूषहरुको माझमा रहेर,**
**प्रज्ञाको विकास गर्नु छ हामीले ।**
**तिनीहरुको साथमा रहँदारहँदै,**
**दुःखबाट मुक्त हुनु छ हामीले ।।**
**दुःख कसरी आउँछ कसरी जान्छ,**
**दुःखलाई सम्यकरुपले बुझ्नु छ, ।**
**अनि आर्यअष्टांगिक मार्गलाई र,**
**चार आर्य-सत्यलाई पनि बुझ्नु छ ।।'**

बुद्धको शिक्षाले तिनलाई यस जन्म र पहिलेका जन्महरूका दुःखहरूबाट त्राण दिलायो । तिनले पटाचाराको दृष्टान्तलाई अघि सारिन् जसले आफ्ना पति मात्र होइन बच्चा, आमाबाबु र भाइहरूको मृत्युमा शोक विह्वल भई पागल बनी भौंतारेकी थिइन् । पुरुषप्रतिको



कामना स्त्रीहरूमा गहन हुन्छ । बुद्ध भन्नुहुन्छ –"स्त्रीले परिश्रम गर्दछे तर पुरुषले फल पाउँछ ।" यसै आसक्तिको कारणले ईर्ष्यालु भई दुःख भोग्नुपर्छ, आत्म-निर्भरता गुमाउनुपर्छ र एकान्तमा नैराश्यताको घुम्टो ओढी बस्नुपर्छ ।

यसरी नारी व्यथालाई बुझेर बुद्धले किसा गोत्तमीलाई मार्ग निर्देशन दिनुभयो । *तिनले व्यक्त गरेकी यी भावनाले तिनको बुद्धप्रतिको कृतज्ञता प्रष्ट झल्किन्छ । तिनी भन्छिन्* –

**'नारीको जीवन-व्यथा कष्टकर छ,**
**साध्ने व्यक्तिहरुलाई सारथि भन्छन् ।**
**आफ्ना पति अरुसँग बसेको हेर्दा र,**
**बच्चाको प्रसव हुँदा पनि कष्टकर छ ।**
**कोही नारीहरुको घाँटी निमोठ्छन्,**
**कोही कोमलताको फाइदा उठाउँछन् ।**
**विष-पान गराउँछन्, दुःखै निम्त्याउँछन्,**
**अनि बच्चा प्रसव हुने बेलाको पीडा खपी,**
**आमाहरु मृत्युको शिकार हुन पुग्दछन् ।।'**

अर्हतावस्था प्राप्त गरिसकेपछि तिनले पूर्वजन्मका घटनाहरू छर्लङ्ग देख्न समर्थ भइन् । पटाचाराको सम्बन्धमा तिनी यसो भन्छिन् –

**'बिचरी नारी, तिम्रा सारा सम्बन्धी मरेर गए,**
**तिमीले भोग्यौ असीमित र अपरिमित दुःख ।**



Downloaded from http://dhamma.digital/

**यतिका आँसु तिमीले झार्यौ कि हिसाब छैन,**
**हजारौं जन्महरुदेखि अनवरत अविरल अशेष ।।'**

गाथाको तेस्रो भागमा तिनले मुक्ति प्राप्त हुने सुखको बारेमा वा दुःखहरूबाट पूर्ण मुक्तिपछि प्राप्त हुने सुखको बारेमा तिनी यसो भन्छिन् –

**'मैले पूर्णतया विकसित गरेकी भनेको**
**आर्य अष्टांगिक मार्गको अनुशरण हो ।**
**यही अमृत-पद प्राप्तितिरको गमन हो,**
**मैले धर्मरुपी निर्मल ऐनामा आफूलाई हेरें,**
**अनि दुःखरहित निर्वाणको साक्षात्कार गरे ।.**
**अब त सम्पूर्ण दुःखका भारी बिसाइसकें,**
**जे जे गर्नु थियो जीवनमा ती गरिसकें ।'**

बीच बीचमा मार आई तिनलाई चित्त परीक्षण गर्न आए। तिनलाई ध्यानबाट विचलित पार्न आए। बच्चाको मृत्यु भइसकेपछि अब पुरुषको चाहना छ कि भनी कामतृष्णा जगाउन आए। किसा गोत्तमीले मारलाई तुरुन्तै जवाफ फर्काइन् –

**'बच्चाको मृत्युको कुरा अब नगर, भयो,**
**पुरूषको इच्छा पनि पटक्कै छैन मलाई ।**
**म शोक गर्दिन, न त रोदन नै गर्दछु,**
**न त म तिमीदेखि डर नै मान्दछु मित्र ।**
**इन्द्रिय सुखको लालसा छैन कति पनि,**



**अज्ञानताको अन्धकार पूर्णतः बिलाइसके,**
**मृत्युका सैन्यलाई नास्दै अनि परास्त गर्दै,**
**प्रत्येक विकारबाट म त मुक्त भइसकें ।।'**

मारलाई 'मित्र' भनी सम्बोधन गरेर तिनले आफूमा भयको अभाव भएको र समताको उपस्थिति रहेको प्रष्ट्याएकी छिन्। अन्य भिक्षुणीहरूलाई पनि जन्म र मरणको चक्करमा फसाउन असमर्थ भई निरास हुँदै मार त्यहीँ बिलाए।

भिक्षुणी किसा गोत्तमी नीच कुलबाट माथि उठ्दै पवित्रताको शिखरमा पुगिन्। यस कुराको बुद्धले निकै प्रशंसा गर्नुभयो। बुद्धले तिनलाई अन्य ७५ अग्र श्रावकहरूमध्ये एकमा प्रतिस्थापित गर्नुभयो।

अस्तु !
भवतु सब्ब मंगलं ।

(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित 'Buddhist Women.......... बाट नेपालीमा अनुवाद र सम्पादन गरिदिएको छ।)
– अनुवादक)



Downloaded from http://dhamma.digital/

## ४

# महारानी मल्लिका

बुद्धको समयमा श्रावस्तीमा मालीहरूका नाइकेको घरमा एउटी बच्चीको जन्म भयो। तिनी सुन्दर, सुशील र कुशाग्र थिइन्। त्यसैले तिनी बाबुचाहिँको प्रशन्नताको स्रोत बनेकी थिइन्। तिनको नाम मल्लिका राखियो।

एकदिन जब तिनी सोह्र वर्षकी भइन्, तिनी फूलको बगैंचामा आफ्ना सखीहरूसँग फूल टिप्न गइन्। साथमा तिनले टोकरीमा दिउँसोको खाजाको लागि भनेर अलिकति भात पनि लिएर गएकी थिइन्।

तिनी सहरको ढोकानिर पुग्दा केही भिक्षुहरू भिक्षा लिन तल झरिरहेका थिए। तीमध्ये अग्रज भिक्षु तिनको अगाडि उभियो। उनको उज्वल मुहार र सुन्दर व्यक्तित्वले तिनलाई निकै प्रभावित पाऱ्यो। तिनले आफ्ना टोकरीमा भएका खानेकुरा सबै ती भिक्षुलाई दानमा दिइन्।

ती अग्रज भिक्षु तथागत भगवान् बुद्ध नै थिए। उनले मल्लिकाले दिएकी दानलाई पात्रमा थापे। मल्लिकालाई आफूले कसलाई भिक्षा दिएकी भन्नेकुरा थाहै थिएन तर पनि तिनी उनको पाउ परिन्। तिनी प्रमुदित भइन्। उनी बुद्ध थिए। बुद्ध मुसुक्क



मुस्काउनुभयो। उनका उपस्थापक आनन्दलाई थाहा थियो कि तथागत त विना कारण मुस्काउनुहुन्न। उनले तथागतलाई मुस्काउनुभएको कारण के होला भनी सोधे। तथागतले भन्नुभयो कि यी केटीले आजै कोशल राजाकी रानी बनी आफूले गरेकी दानको फल प्राप्त गर्नेछिन्।

झट्ट सुन्दा यो कुरा विश्वास गर्न नसकिनेझैँ लाग्दछ। कसरी बनारस र कोशल देशका महाराजाले त्यस्ती तल्लो जातकी केटीलाई महारानी बनाउन सक्लान्। खासगरी त्यसबेलाको भारतवर्षमा जातभातको त्यस्तो भेदभाव गरिने समयमा यस्तो कुरा सम्भव हुँदैन कि भन्ने प्रतीत हुन्छ।

बनारस र कोशलको संयुक्त अधिराज्यमा राजा प्रसेनजीतले राज्य गर्दथे। त्यसताकाका राजाहरूमा उनी अति शक्तिशाली राजामा गनिन्थे। त्यसबेला उनी छिमेकी देश मगधका राजासँग युद्ध गरिरहेका थिए।

मगधका राजाले एक युद्धमा विजय हासिल गरेका थिए र राजा प्रसेनजीतलाई भाग्न वाध्य गराएका थिए। त्यसदिन राजा प्रसेनजीत युद्धबाट राजधानी फर्किरहेका थिए। सहर प्रवेश गर्नुअघि उनले फूलको बगैंचामा एउटी केटीले गीत गाइरहेकी सुने। गीत गाउने केटी मल्लिका थिइन्। तिनी प्रशन्न भई सुमधुर गीत गाइरहेकी थिइन्। तिनको प्रशन्नताको कारण भरखरै तिनले सम्यक सम्बुद्धको दर्शन गरेकी थिइन्। राजा त्यस गीतबाट निकै आकर्षित भए र बगैंचामा प्रवेश गरे। ती अपरिचित योद्धालाई देखेर पनि मल्लिका भागिनन् बरु नजिकै गई लगाम समाती घोंडालाई रोकिन्।



Downloaded from http://dhamma.digital/

तिनले निडर भई राजासँग आँखामा आँखा मिलाइन् । राजाले तिनलाई विवाहित कि अविवाहित हौ भनी सोधे । तिनले अविवाहित हुँ भनी उत्तर दिइन् । अनि राजा घोंडाबाट ओर्ल्हे । केहीबेर मल्लिकाकै काखमा आफ्नो टाउको टेकाए । राजाले तिनीबाट लडाईंमा हार्नुपरेकोमा सान्त्वना पाउने अपेक्षा गरे ।

राजा केही आस्वस्त भएपछि तिनलाई घोंडाको पिठ्यूँमा बस्न लगाए अनि तिनको मातापिताको घरमा पुऱ्याइदिए । बेलुकी राजाले भव्य वरियात पठाई मल्लिकालाई लिन पठाए । यसरी मल्लिकालाई राजाले आफ्नो प्रमुख महारानी बनाए । त्यसबेलादेखि राजाले तिनलाई अत्यधिक माया गर्न थाले । तिनी सुन्दरतामा अप्सराजस्ती देखिन्थिन् । राजाले तिनको सेवाको लागि परिचारिकाहरू नियुक्त गरिदिए । यो कुरा देशभरि फैलियो । तिनले दान गरेकीले यति ठूलो फल प्राप्त भयो भनेर सबै दङ्ग परे । यस घटनाले देशका नागरिकहरूलाई दयालु बन्न र आफ्ना स्वजनहरूलाई उदारतापूर्वक सेवा गर्न प्रेरणा दियो । तिनी जहाँ जहाँ जान्थिन्, मानिसहरू खुसीले भन्ने गर्थे –'मल्लिका महारानी यिनै हुन् । यिनले नै भगवान् बुद्धलाई भिक्षा दिएकी थिइन् र तुरुन्त फल प्राप्त गरेकी थिइन् । '

महारानी भएपछि तुरुन्तै तिनी तथागतकहाँ दर्शन गर्न गइन् । तिनले आफूलाई खुल्दुली लागिरहेको कुरा सोध्न चाहन्थिन् । त्यो कुरा के हो भने कुनै कुनै स्त्रीहरू सुन्दर, सम्पन्न र दक्ष कसरी हुन्छन्, कुनै कुनै स्त्रीहरू सुन्दर भए पनि निर्धन र असक्षम कसरी हुन्छन् अनि कुनै कुनै स्त्रीहरू कुरूपा, निर्धन र असक्षम कसरी हुन्छन् भन्ने प्रश्नले तिनको मनमा खुल्दुली मच्चाइरहेको थियो ।



व्यक्ति व्यक्तिमा निहित यी असमानताहरू हामीले हाम्रो दैनिक जीवनमा देख्दै आएका छौँ । सामान्य नागरिकहरूले यसको कारण भाग्य, वंशज, संयोग इत्यादि भनी सन्तोष मान्दछन् तर महारानी मल्लिका यसबारे गम्भीरतापूर्वक सोच्दछिन् कि विना हेतु कुनै पनि कार्य (प्रभाव) हुँदैन ।

भगवान् बुद्धले तिनको जिज्ञासा पूर्ण विवरणका साथ शान्त गरिदिनुभयो । उहाँले भन्नुभयो –"जहाँसुकै होस् मानिसहरूको जीवनशैली र नैसर्गिक गुणको विकास उनीहरूको नैतिक स्वच्छतामा धेरै हदसम्म आधारित हुन्छ । सुन्दरता भनेको व्यक्तिको क्षमाशीलता र सुशीलताको परिणाम हो, सम्पन्नता भनेको व्यक्तिको दानशीलता र उदारताको फल हो भने क्षमता र दक्षता अरूको दाह नगर्ने बरु प्रशन्न चित्तसहित रहने र आफ्ना प्रतिभाको प्रस्फुरणको अभ्यासबाट सम्भव हुने कुरा हुन् । यी तीन गुणहरूमध्ये कुनै पनि गुणलाई व्यक्तिले जीवनमा विकसित गर्न प्रयास गरेको हुन्छ र यसलाई व्यक्तिको प्रारब्ध हो भन्ने गर्दछन् तर सत्य कुरा के हो भने त्यो पनि यी तीनकै मिश्रण हुन् । तर यी तीन गुणहरूकै सम्मिश्रण हुनु दुर्लभप्रायः हुन्छ ।"

बुद्धका यी उपदेश सुनेपछि तिनले आयन्दा आफ्ना प्रजाहरूप्रति राम्रो व्यवहार गर्ने, कहिल्यै क्रुरतापूर्वक दुर्व्यवहार नगर्ने, भिक्षुहरूलाई भोजन दान दिने, ब्राम्हण र गरिब गुरुवालाई दान दिने सेवा गर्ने र सुखी व्यक्तिहरूप्रति ईर्ष्या नगर्ने अठोट गरिन् । धर्म देशना सिद्धिएपछि तिनले बुद्ध, धर्म र संघको शरण लिइन् र बाँचुञ्जेल त्रिशरणमा समर्पित शिष्याको रूपमा रहने प्रण



Downloaded from http://dhamma.digital/

गरिन् ।

तिनले दान प्रदान गरी उदारता देखाएकी मात्र नभई एउटा ठूलो काष्ठगृह निर्माण गरी सभागृहको रूपमा प्रयोग गर्न भिक्षुसंघलाई दान गरिन् । त्यसै सभागृहमा धार्मिक कार्यक्रम र धर्म साकक्षा हुने गर्थ्यो ।

मल्लिकाले आफ्नी पतिलाई एक पत्नीमा हुनुपर्ने पाँच गुणहरूले सज्जित भई आफ्नो सुशीलता प्रदर्शन गरिन् । ती पाँच गुणहरू यिनै हुन् –

**क) स्वामी उठ्नुभन्दा पहिले उठ्नु ।**

**ख) स्वामी सुकला भएपछि मात्र सुत्नु ।**

**ग) सदैव स्वामीको आज्ञाकारी हुनु ।**

**घ) सदैव विनम्र हुनु ।**

**ङ) सदैव मीठो वचन बोल्नु ।**

गुणहरूको प्रसंग आउँदा भिक्षुहरूले पनि मल्लिकाकै सुशीलताको दृष्टान्त दिई प्रशंसा गर्दथे ।

तर पनि तिनलाई आफू ईर्ष्याबाट मुक्त हुँ भनी सावित गर्न बाँकी नै थियो । अब त्यो समय पनि आयो । राजाले अर्की प्रमुख पत्नीको रूपमा बुद्धको भतिजीलाई विवाह गरे । भनिन्छ कि नारी जातिले आफूमाथि सौता हालेको स्वीकार्दैनन् तर मल्लिकाले आफ्नी सौतासित कति पनि ईर्ष्या गरिनन् । तिनले सौतासित पनि स्नेहपूर्वक व्यवहार गरिन् । दुवै सौता दरवारमा सुखपूर्वक मिलेर बस्न थाले ।

आफ्नी एउटी मात्र छोरी भए पनि जब सौताले युवराज हुने छोरा जन्माइन् तर पनि मल्लिकाले ईर्ष्या गरिनन् । मल्लिकाले



छोरी जन्माउँदा राजा निराश भएका थिए । त्यसबेला बुद्धले उनलाई छोरीको महत्वबारे सम्झाउनुभएको थियो । उहाँले भन्नुभयो –"यदि नारी व्यवहारकुशल, पुण्यवान, कुशाग्र र आज्ञाकारी भए तिनी लोग्नेमान्छेभन्दा श्रेष्ठ हुन सक्छिन् । यी बच्ची पनि ठूली भएपछि कालान्तरमा महारानी बनी शक्तिशाली शासकलाई जन्म दिन सक्छिन् । " जब ती बच्ची बजिरा ठूली भइन् तिनी मगधको महारानी भइन् र त्यसको २५० वर्षपछि मगधका सम्राट अशोककी पूर्खा बनिन् ।

मल्लिका महारानी बुद्धको श्रद्धालु उपासिका भएपछि तिनले आफ्नी पतिलाई पनि शासनमा तानिन् । (यहाँ शासनको अर्थ बुद्धको उपदेश वा धर्म रहेसम्मको समय हो ) । शासनमा प्रवेशको घटना यसरी घटित भयो – एकरात राजाले १६ प्रकारका भयावह सपना देखे । त्यस सपनामा उनले डरलाग्दो, त्रासपूर्ण चार प्रकारका मिश्रित आवाज सुने । ती आवाज हुन् –'Du, Sa, Na, So'. जब राजा सपनाबाट बिउँझे, उनी सपनाको कुरा सम्झेर साह्रै डराए अनि जुरुक्क उठेर काम्दै ओछ्यानमा बसिरहे । सूर्योदय नभएसम्म उनी यसै अवस्थामा बसेर रात काटे ।

जब ब्राम्हण पुरोहितहरूले राजालाई आज राम्ररी निदाउन सक्नुभएन कि भनी प्रश्न गर्दा राजाले रातीको सपनाबारे बताए र त्यस्तो अपशकुनलाई कसरी निराकरण गर्न सकिन्छ भनी ती पुरोहितहरूलाई सोधे । ब्राम्हणहरूले भने कि यस कुराको लागि धेरै ठूलो बली चढाई प्रेतात्मालाई शान्त पार्नुपर्छ । डरले त्रसित भएका राजाले प्रेतात्मालाई शान्त गर्ने कुरामा सहमति जनाए । ब्राम्हणहरू धेरै दान दक्षिणा पाउने भयौं भनी खुसी भई बलीको लागि आवश्यक



Downloaded from http://dhamma.digital/

तयारीमा जुटे । उनीहरू यताउति दौडधुप गर्न थाले । बली दिइन मौलो गाडिए अनि बली दिन भनी धेरै पशुहरू बाँध्न ल्याइए ।

बलीको कार्य सम्पादनमा प्रभावकारिता थप्न चारजना मान्छेलाई पनि मौलोमा बाँध्न ल्याइए । ती सबै आफ्नो पालो पर्खेर बसे । जब मल्लिकालाई यी सबै कुराको जानकारी दिइयो, तिनी राजाकहाँ गइन् । तिनले राजालाई ती ब्राम्हणहरू यसरी किन दौडधुप गरिरहेका भनी सोधिन् । राजाले तिनको कुरामा त्यति ध्यान नै दिएनन् । तैपनि उनले मल्लिकालाई आफूले देखेका सपनाका कुरा बताए । मल्लिकाले यस कुरामा तपाईंले पुरोहितका पनि पुरोहितसित परामर्श लिनुभयो कि भएन भनी सोधिन् । राजाले त्यो व्यक्ति को हो भनी सोधे । तिनले उहाँ तथागत सम्यकसम्बुद्ध हुनुहुन्छ जो ब्राम्हणहरूमध्ये अग्रज अनि देव मनुष्यका शास्ता हुनुहुन्छ भनिन् । यो सुनेर राजा प्रसेनजीत तथागतको राय लिन अनाथपिण्डिकले बनाइदिएको जेतवन महाविहारमा पुगे ।

राजाले बुद्धलाई सपनाका कुरा बताए अनि यस्ता सपनाका प्रभाव जीवनमा कस्तो पर्छ भनेर राय मागे । तथागतले भन्नुभयो –"अहं, यसबाट कुनै त्यस्तो नराम्रो प्रभाव पर्दैन । ती सपनाहरू भविष्यमा घट्न सक्ने घटनाका पूर्व सूचक हुन् । यिनले राजाहरूमा नैतिक मूल्य ह्रास हुँदै गएका कारणले पृथ्वीमा जीवनका मूल्य र मान्यताहरू खस्कँदै गएको संकेत दिन्छन् । "

उनले सुनेका ती चार प्रकारका आवाज श्रावस्तीमा बस्ने चार पुरुषहरूको थियो । तिनीहरूले विवाहित नारीहरूलाई यौनाचारको शिकार बनाएका थिए । उनीहरूले यही पापाचारको कारणले नरकमा



पुनर्जन्म पाएका थिए । ती ३०,००० वर्षसम्म त्यहाँ तातो भकभकी उम्लेका कराहीमा परी दुःख भोगिरहेका थिए । अर्को ३०,००० वर्षमा तिनीहरू बिस्तारै उठ्थे र कराहीको विटसम्म आइपुग्थे । त्यसबेला मात्र उनीहरूले मनुष्य लोकको हावामा सास फेर्न पाउँथे ।

प्रत्येकले गाथा भन्न चाहन्थे तर कर्मभार बढी भएको कारणले पहिलो शब्द पनि पूरा भन्न सक्दैनथे । उनीहरूले बोली गुमाइसकेका कारणले सुस्केरामा पनि आफ्ना दुःख पोख्न सक्दैनथे । ती चार गाथाहरू पालिमा छन् जुन अंग्रेजीमा दिइएका छन् । ती गाथाहरू 'Du', 'Sa', 'Na' र 'So' बाट सुरु भएका थिए । तथागतले यसरी व्याख्या गर्नुभएको थियो ।

'Du' = Dung-like life we lived, ................
बेकम्माको जीवन हामी बाँच्दैछौँ ,
खै,त्यागको भावना नै जगाउँदैनौँ ।
तिमीमा दिने क्षमता भए पनि,
खै, आफ्नो शरण-स्थल बनाउँदैनौँ ।

'Sa' = Say, the end is near, ......................
भन, के विनास नजिकिँदैछ ?
६०,००० वर्ष त बिति नै सके ।
यस नारकीय भूमिमा रहँदारहँदै,
अनवरत नारकीय यातना सहिरहें ।

'Na' = Naught, no end is near, .................
होइन, विनास नजिकिएको छैन ,
विनासको आभास देखिएकै छैन ।
जसले अकुशल कर्म गर्दछ यहाँ,



Downloaded from http://dhamma.digital/

उसैको मात्र विनास  हुन्छ यहाँ ।
'So'  = So, could I only leave this place ....
अतः के म यो स्थान त्याग्न सकूँला ?
जीवनमा आफूलाई उठाउन सकूँला ?
म अब दयालु र नैतिकवान बन्नेछु,
अनि  कुशल कर्म सम्पादन गर्नेछु ।

राजाले यी गाथामा अन्तर्निहित भावनालाई बुझे । अनि आफ्नी महारानीको बली विरुद्धको अनुरोधलाई स्वीकारे । उनले ती बाँधिएका चार बँधुवाहरू र पशुहरूलाई मुक्त गरिदिए । बली दिन ठड्याइएको त्यस मौलोलाई पनि उखेलेर मिल्काउने हुकुम दिए ।

प्रसेनजीत राजा बुद्धका उपासक भएपछि एकदिन उनले एक विद्वान उपासकलाई भेटे । राजाले उनलाई दिनदिनै दरवारमा आएर आफ्नी महारानीलाई धर्मोपदेश दिन आउन आग्रह गरे । त्यस उपासकले भने कि धर्मका कुराहरू तथागतमार्फत नै निसृत भएका हुन् । त्यसैले बुद्धका प्रमुख शिष्यले मात्रै महारानीलाई धर्मका कुराहरू प्रतिपादन गर्न सक्दछन् । राजाले कुरा बुझे । उनले आफ्ना शिष्यहरूमध्ये एकजनालाई धर्मोपदेश गर्ने अनुमति दिनुहुन बुद्धलाई बिन्ति गरे । बुद्धले त्यस कार्यका लागि भिक्षु आनन्दलाई आज्ञा गर्नुभयो । महारानी मल्लिकामा राम्रो पृष्ठभूमि नभए पनि सजिलैसित धर्मका कुराहरूलाई आत्मसात गरिन् । तर अर्की महारानी वषभखत्तिय जो युवराजकी आमा थिइन् धर्मप्रति त्यति एकाग्र नभएकी कारणले धर्मलाई राम्ररी बुझ्न सकिनन् ।

एकदिन ती राजदम्पतिले दरवारबाट तल नदीमा केही



भिक्षुहरू पानीमा खेलिरहेका देखे । राजाले मल्लिका महारानीलाई छेद हानी भने – "ती पानीमा खेलिरहेका साँच्चिका त्यागीझैं देखिन्छन् हगि ?" ती १७ जना भिक्षुहरू युवा थिए र नैतिकवान पनि । मल्लिका महारानीले जवाफ दिइन् कि कि त बुद्धले यसरी नुहाउनेबारे कुनै नियम (विनय) बनाउनुभएको छैन होला कि त यी भिक्षुहरूलाई बनाइएको नियमबारे अवगत भएन होला किनभने दिनदिनै पाठ गरिने सूत्रहरूमा यसबारेका नियमहरूको उल्लेख छैन ।

दुवै राजारानीले स्वीकारे कि यसरी पानीमा भिक्षुहरूले खेल्नुले सामान्य नागरिकहरूमा नकारात्मक प्रभाव पार्दछन् । धर्माभ्यासमा लागेकाले त बालमूर्खजनलेझैं खेलमा रस लिन्छन् भने त्यसको असर सामान्यजनमा अवश्य राम्रो हुँदैन । राजा प्रसेनजीतले ती भिक्षुहरूको निन्दा गर्न चाहेनन् तर उनी चाहन्थे बुद्धलाई यसकुराको सूचना दिइनुपर्छ ताकि कसिलो नियम बनाई अनुशासन पालना गराओस् । राजाले बुद्धलाई विशेष भेंट चढाउने विचार गरे । भेंट चढाउन पठाउन ती नै भिक्षुहरूलाई बुद्धसन्मुख पठाउनुपर्छ भन्ने सोचे । ती भिक्षुहरूमार्फत भेंट बुद्धकहाँ पठाइए । बुद्धले ती भिक्षुहरूलाई कहिले र कुन अवस्थामा राजासित भेट भयो भनी सोध्नुभयो । उनीहरूले सबै कुरा बुद्धलाई सुनाए । त्यसपछि बुद्धले यसबारे उपयुक्त नियम बनाउनुभई पालन  गर्न लगाउनुभयो ।

एकदिन  राजा आफ्ना महारानीसँग दरवारको प्यारापिटमा उभिरहेका थिए र तल चारैतिर हेरिरहेका थिए । त्यसबेला राजाले दुनियाँमा आफूभन्दा प्यारो अरू कोही हुन्छन् कि भनी प्रश्न गरे ।



Downloaded from http://dhamma.digital/

महारानीले सबैभन्दा प्यारो मलाई नै भन्ली भन्ने उनको आशय थियो। किनकि मैले नै मल्लिकालाई धन मान प्रतिष्ठा दिएँ भन्ने राजालाई दर्प थियो। महारानीले राजालाई प्रेम गर्थिन् तर तिनले आफूभन्दा प्यारो अरू कोही हुँदैनन् भनी सत्य कुरा बोलिदिइन्। त्यही प्रश्न रानीले राजासँग पनि सोधिन्। राजाले पनि स्वीकारे कि आफूभन्दा प्यारो व्यक्ति अरू कोही हुँदैनन्। यसबारे बुद्धको धारणा के कस्तो रहेछ भनी बुझ्न राजा बुद्धकहाँ गए। बुद्धले राजा र मल्लिकाको विचार (धारणा) लाई ठीक ठहऱ्याउनुभयो। उहाँले भन्नुभयो –

**'सबैतिर मन डुलाउँदा,**
**आफूभन्दा प्यारो कोही भेटिंदैन।**
**आफू सबैलाई प्यारै हुन्छ,**
**आफैलाई प्रेम गरे गरुन्,**
**तर अरुको अहित भने नचिताऊन्॥**

एकदिन बुद्धले आफ्नो बच्चा मरेर शोक गरिरहेको व्यक्तिलाई भन्नुभयो –"प्यारा व्यक्तिहरूले नै शोक, दुःख, चिन्ता र हैरानी दिन्छन्। त्यो दुःख त्यस प्यारो व्यक्तिप्रतिको आसक्तिले नै लिएर आउँछ।" कुनै दृष्ट प्रमाण नहुँदा त्यस व्यक्तिले यो कुरालाई झट्ट बुझ्न सकेन। यस कुरालाई राजाकहाँ लगियो। राजाले महारानीलाई के यो कुरा साँचो हो भनी सोधे। महारानीले बुद्धमाथि श्रद्धा राखी जवाफ दिइन् – "यदि तथागतले यो कुरा आज्ञा भएको भए कुरा सही हुनैपर्छ।"

चेला चेलीले आफ्ना गुरुको कुरा अकाट्य मानेझैं यिनले



पनि बुद्धको कुरालाई लंघन नै नगरिकन स्वीकारिन् भनी राजाले ठाने। मल्लिकाले बुद्धकहाँ एक दूत पठाई यसबारे विस्तृतरूपमा बुझ्न पठाइन् अनि प्राप्त भएको कुरा राजासमक्ष यथावत प्रस्तुत गरिन्।

तिनले राजालाई आफ्ना छोरी, पत्नी, युवराज र राज्यलाई प्रेम गर्नुहुन्छ कि गर्नुहुन्न भनी सोधिन्। गर्छु भन्ने उत्तर राजाबाट पाइन्। यदि यी पाँच कुरामाथि कुनै अप्रिय घटना घट्न पुग्यो भने के राजालाई दुःख, शोक, पीर हुन्छ कि हुँदैन भनी सोधिन्। ए, यी दुःख त प्रेमबाटै निसृत हुने रहेछ भनी राजाले बुझे। अनि मात्र उनले बुद्धले त्यति राम्ररी कुरा सम्झाउनुभएको रहेछ भनी स्वीकारे। अनि राजाले जुरुक्क उठेर, पछ्यौरी तल झारेर जुन दिशामा बुद्ध हुनुहुन्छ त्यस दिशामा घोप्टो परेर तीनबाजी बुद्धलाई वन्दना गरे – "सुगतलाई वन्दना ! तथागतलाई वन्दना !! शास्तालाई वन्दना !!! "

यसरी मिलीजुली बसे पनि प्रसेनजीत राजा र मल्लिका महारानीका जीवन मनोमालिन्यताबाट सर्वथा मुक्त रहेन। एकदिन ती दम्पतिको बीच रानीले निभाउनुपर्ने कामकुराको सम्बन्धमा विवाद उठ्यो। यही कारणले राजा उनीसँग रिसाए अनि जीवनमा तिनी हुँदै नभएझैं गर्नथाले। भोलिपल्ट बुद्ध भोजनको लागि घरमा आउनुभयो। बुद्धले मल्लिका खोइ, जहिले पनि भोजनको बेला उपस्थित रहन्थिन् भनी सोधनी गर्नुभयो। प्रसेनजीत राजाले अलि ठाडो भाकामा भने –"खोइ, तिनको के कुरा गर्नु ? तिनी महारानी भएकीमा फुलेर पागल भएकी छिन्।" बुद्धले सम्झाउनुभयो कि यसो हुनुको दोष राजालाई नै छ। उनैले मल्लिकालाई माथि चढाएर



Downloaded from http://dhamma.digital/

राखेका थिए । अब दुवै मिल्नुपर्छ ।

अनि राजाले अन्यमनस्कभावले तिनलाई बोलाएर ल्याए । यसरी क्रोध शान्त पारी मेल मिलाप भएको राम्रो हो भनी उनीहरूको प्रशंसा गर्नुभयो । यसपछि राजपरिवारमा यसरी शान्ति छायो कि मानो त्यहाँ ती दुई बीच केही घटना घटेकै थिएन ।

तर पछि पुनः ती दुईबीच नयाँ तनाव उत्पन्न भयो । फेरि राजाले तिनलाई वास्तै गरेनन् । तिनी दरवारमा हुँदै नभएझैं व्यवहार गर्न थाले । यो कुरा बुद्धलाई थाहा लाग्यो । बुद्धले मल्लिकाको बारेमा राजासित प्रश्न गर्नुभयो । राजाले बताए कि पद प्रतिष्ठा पाएर तिनी अत्यधिक मात्तिएकी छिन् । तुरुन्तै बुद्धले तिनीहरूका पूर्वजन्मको एक घटना दृष्टान्तको रूपमा अगाडि सार्नुभयो ।

त्यतिखेर दुवै देवलोकमा देवदेवीको रूपमा आपसमा अति प्रेम गर्ने दम्पतिको रूपमा थिए । एकरात बाढीको कारणले ती दुई छुट्टिए । ती दुवै त्यस भयावह रातको घटनालाई लिएर दुःखी भए अनि अब हजार वर्षसम्म यस्तो घटना नदोहरियून् भन्ने कामना गरे । त्यसपछि ती एकअर्कादेखि छुट्टिएनन् र त्यो वियोग तिनीहरूका लागि एक चेतावनी नै सिद्ध भयो । जन्मजन्मान्तरसम्म पनि तिनीहरूले प्रेमपूर्ण जीवनको आनन्द उपभोग गरिरहे ।

यो कथा प्रसंगबाट राजाको मन मर्माहत भयो र मल्लिका रानीसँग मिलाप गरे । मल्लिकाले यो गाथा बुद्धसामु व्यक्त गरिन् –

**'तथागतका वाणीलाई आनन्दपूर्वक सुनें,**
**ती वाणी मेरा कल्याणका निमित्त हुन्,**
**तथागतका वाणीले मेरा दुःख हरेर लगे,**



**साँच्चैनै तथागत सुखदायक हुनुहुन्छ ।'**

एकपल्ट तेस्रोबाजी पनि ती राज-दम्पतिका पूर्वजन्मबारे बुद्धले बताउनुभएको थियो । त्यसबेला राजा प्रसेनजीत युवराज थिए अनि मल्लिका उनकी पत्नी । त्यस युवराज कुष्ठरोगको कारणले राजा बन्न पाएनन् । उनले वनबास बस्ने निश्चय गरे ताकि कसैको बोझ बन्न नपरोस् । तर उनकी पत्नीले त्यसो गर्न दिइनन् र तन मनले पतिको सेवा गरिन् । तिनले शान मान र वैभवको जीवनको लोभ गरिनन् बरु दुर्गन्धै आए पनि पतिको सेवा गर्नुलाई नै प्राथमिकता दिइन् । धर्मको प्रतापले तिनको पतिको रोग निको भयो । कालान्तरमा उनी राजा बने अनि तिनी रानी भइन् । तर राजाले तुरुन्तै तिनलाई बिर्सिदिए अनि अन्य नर्तकीहरूसँग भुले । उनी कृतघ्न भए । बुद्ध भन्नुहुन्छ – "संसारमा ज्ञानी पुरुषहरू भेट्टाउन कठिन भएझैं कृतज्ञ मानिस भेट्टाउन पनि मुस्किलै हुन्छ ।"

जब राजालाई रानीले गरेका गुणहरू र सेवाहरूको स्मरण गराइयो अनि मात्र राजा होसमा आए । उनले रानीसँग आफ्नो भूलको लागि क्षमा याचना गरे अनि ती फेरि मिलेर सुखपुर्वक जीवन व्यतित गर्न थाले ।

महारानी मल्लिकाले जीवनमा एउटै मात्र यस्तो काम गरेकी थिइन् जसको कारण तिनले नराम्रो पुनर्जन्म पाउनुपरेको थियो । तुरुन्तै मृत्युपश्चाद् तिनी नरक परिन् तर केही समयपछि नै तिनी त्यहाँबाट छुटिन् ।

महारानी मल्लिकाको मृत्युको खबर पाउँदा राजा प्रसेनजीत बुद्धका धर्मोपदेश सुनिरहेका थिए । खबर सुनेर राजा ज्यादै विह्वल



Downloaded from http://dhamma.digital/

भए। बुद्धले केही पनि अथवा कोही पनि जरा, व्याधि, मरण र विनासबाट मुक्त छैनन् भनेर सम्झाउनुभयो। यसबाट पनि उनको शोक र विह्वलता शान्त भएन।

'प्रेमबाट शोक आउँछ' भन्ने कुरा सत्य सावित भयो। राजा दिनदिनै बुद्धकहाँ जान्थे। महारानीको भविष्य जीवन कस्तो हुन्छ भनी उनी जान्न चाहन्थे। तिनी विना बाँच्नुपरे पनि तिनको पुनर्जन्म कस्तो भयो होला भनी जान्न चाहन्थे। तर सात दिनसम्म बुद्धले राजालाई उनको प्रश्नको उत्तर दिनुभएन। उनलाई अन्य धर्मदेशनामै अल्मल्याइराखे। सातौं दिनमा मात्र बुद्धले मल्लिकाको पुनर्जन्मबारेको प्रश्नको उत्तर दिनुभयो। बुद्धले मल्लिका देवलोकमा उत्पन्न भइन् भनी भन्नुभयो। मल्लिकाले सात दिनसम्म नरकबास हुनुपरेको कुरा भने बताउनुभएन। किनभने यसबाट राजाको शोकमा शोक थप्ने काम मात्र हुन्थ्यो भन्ने कुरा बुद्धलाई थाहा थियो। छोटो समयको लागि भए पनि अपायलोकमा प्रतिसन्धि भएको कारणले तिनले स्रोतापति फल पाएकी थिइनन्। तैपनि त्यस नारकीय अनुभवको साथसाथै आफ्नो धर्मको प्रतापले स्रोतापति मार्ग र फल चाँडै नै प्राप्त गर्न सक्लिन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ।

अस्तु !

भवतु सब्ब मंगलं।

**(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित 'Buddhist Women.......... बाट नेपालीमा अनुवाद र सम्पादन गरिदिएको छु।)**

**– अनुवादक)**



# ५

# विनयधर–पटाचारा

## बाल्यकाल

भगवान बुद्धको समयमा कोशल राज्यको राजधानी श्रावस्ती एक अति समृद्धशाली नगर थियो। त्यस नगरमा धेरै धनाढ्य साहू महाजनहरू बस्दथ्यो। तीमध्ये चालीस कोटी धन भएको एकजना महाजन पनि बस्दथो। त्यस महाजनको एक छोरा र एक छोरी थिए। छोरीचाहिँको नाउँ पटाचारा थियो। पटाचारा साह्रै राम्री र रूपवती थिइन्। ती छोरा छोरी दुवैलाई महाजनले राम्ररी पालन पोषण गरी सुखमय जीवन बिताउन आवश्यक सुख सुविधाहरू जुटाइदिएको थियो। क्रमशः पटाचारा ठूली भइन् र १६ वर्षको उमेरमा पदार्पण गरिन्। आमाबाबुले तिनलाई युवकहरूसितको संगत नहोस् भनेर कडा सुरक्षा दिने दृष्टिकोणले सातातला भएको प्रासादको सबैभन्दा माथिल्लो तलामा पूर्ण रेखदेख गरी सुविस्तासाथ राखेका थिए।

## विवाह

पटाचारालाई तिनका आमाबाबुले त्यसरी सुरक्षा गरी राख्दाराख्दै पनि तिनकै घरमा नोकरी गरिरहेको नोकरसित पटाचाराले



Downloaded from http://dhamma.digital/

प्रणय सम्बन्ध गाँसेकी कुरा कसैलाई थाहा पत्तै भएन ।

उता आमाबाबुले पनि छोरी पटाचारालाई बिहे गरिदिने बारे कुरा गरिरहेका थिए । उनीहरू भन्थे –“ बैश पुगकी छोरीलाई अब दिइपठाउनु पर्ला ।”

त्यसैताका एकदिन समजातिक कुलको कुमारको तर्फबाट कन्या वरण गर्न आए । पटाचाराको आमाबाबुले सबैकुरा सुनिसकेपछि छोरी पटाचारालाई त्यसै कुमारलाई दिइपठाउने निश्चय गरी कामकुरा छिने । यो कुरा पटाचाराले सुनिन् अनि आफ्ना प्रेमी त्यस नोकरलाई भेटी यसो भनिन् – “प्रिय ! अब मेरा आमाबाबाले मलाई विवाह गरी दिइपठाउने भइसक्यो । त्यहाँ मलाई दिइपठाइसकेपछि तिमीले पत्रद्वारासमेत मलाई भेट्न सक्दैनौ । यदि तिम्रो मसित प्रेम छ भने मलाई यहाँबाट भगाएर लैजाऊ ।”

यसरी पटाचाराले त्यस नोकरलाई विश्वासपूर्वक सबै कुरा सुनाइन् । अनि त्यस नोकरले पटाचारालाई आश्वासन दिंदै भन्यो – “त्यसो हो भने भोलि बिहान म नगर बाहिर फलाना ठाउँमा बसिराख्छु । तिमी जुनसुकै उपाय गरेर भए पनि त्यहाँ आइपुग । अनि हामी दुवैको प्रेमपूर्ण दाम्पत्य जीवनको अभिलाषा पूर्ण हुनेछ ।” यसरी आवश्यक सल्लाह साउती गरी छुट्टिए ।

ती यौवनमत्ता पटाचारालाई घरमा आमाबाबुले जति सुखपूर्वक पालन-पोषण गरिराखेको भए पनि कामान्ध भएर माइतीको सुखलाई समेत तिलाञ्जली दिंदै रात्रीको समयमा घर छाडी त्यस नोकरसित जाने नै निश्चय गरिन् ।

उता त्यस नोकर बिहान सबेरै उठी आफूले संकेत गरेको



स्थानमा पुग्यो । अनि चुपचाप पटाचाराको प्रतीक्षा गरिरह्यो । जब बिहानी भयो, पटाचारा घरबाट निस्कन तैयारीमा लागिन् । सबेरै उठी, मैलो लुगा लगाई, चुल्ठो खोली, कपाल छरपुस्ट पारी, टोकरी बोकी फोहोर फाल्न जान लागेकी दासीजस्तै गरी भेष बदलेर गुप्तरूपले घरबाट निस्किन् । त्यसबेला तिनले आफूसँग भएभरको लुगाफाटो र गहना पनि साथै लगेकी थिइन् । निश्चित गरिएको स्थानमा आफ्नो प्रियतमसित भेट गरिन् । त्यसपछि ती दुवै प्रेमीप्रेमिका सुखी दाम्पत्य जीवन बिताउन त्यस नगरबाट ३/४ योजनजति परको एक गाउँमा बस्न गए ।

त्यस टाढाको गाउँमा आफ्नो र आफ्नी प्रियाको जीवनयापनको लागि त्यस युवकले जंगलभित्र खेत बनाई खेती गर्न थाल्यो । जंगलबाट घर फर्किंदा दाउरा पात बटुली ल्याउँथ्यो । यसरी आफ्नो जीवनयापन गर्नको निमित्त आर्थिक व्यवस्था मिलायो । पटाचाराले पनि घरको कामकाज गर्ने, पानी ल्याउने, धान कुट्ने, भात पकाउने, सुघर सफाइ गर्ने इत्यादि सबै काम आफैले गरी गृहस्थ जीवन जसोतसो चलाइन् ।

क्रमशः समय बितेपछि पटाचारा गर्भवती भइन् । गर्भ बढ्दै गएपछि पटाचाराले आफ्नो पतिलाई भनिन् –“पतिदेव ! म यहाँ एक्लै छु । कुनै उपकारी नाता कुटुम्ब यहाँ छैनन् । अब बच्चा पाउने समय हुँदैछ । यदि तपाईंले वचन दिनुहुन्छ भने म माइत जान्छु । मलाई माइत पुऱ्याइदिनुहोस् ।

लोग्नेचाहिँले पटाचाराको इच्छा पूर्ण हुने किसिमले वचन दिन सकेन । उसले आफ्नो असमर्थता प्रकट गर्दै भन्यो – “म



Downloaded from http://dhamma.digital/

तिम्रो घरमा नोकर थिएँ । तर पनि मैले तिमीलाई भगाएर ल्याएँ । अब तिम्रो घरमा जाँदा तिम्रा आमाबाबुले मलाई के गर्लान् कसो गर्लान् भन्न सकिन्न । त्यसैले तिमी माइत नजाऊ । म तिमीलाई माइत पुऱ्याइदिन सक्दिन ।"

अनि पटाचाराले भनिन् –"हे स्वामी ! आमाबाबुको मन कमलो हुन्छ । उहाँहरूले हामीलाई केही गर्दैनन् । यहाँ त मेरा कोही पनि छैनन् । यस्तो ठाउँमा मैले कसरी सुत्केरी गर्न सकूँली ? त्यसैले मलाई माइतै पुऱ्याइदिनुहोस् ।" यसरी बारम्बार अनुरोध गर्दा पनि हुतिहारा त्यस युवकले आज-आज भोलि-भोलि भन्दै आलटाल गर्दैरह्यो ।

तर पटाचाराले लोग्नेको लाछीपना सहेर बस्न सकिनन् । नारीको जीवनमा गर्भवती अवस्था नाजुक हुन्छ । नारीहरू प्रसवकालमा के होला कसो होला भन्ने भयले आत्तिन्छन् । नारीहरूले त्यसबेला केवल जन्मदाता आमाबाबुलाई सहाराको रूपमा र उपकारकको रूपमा उनीहरूको शरण खोज्छन् ।

आफ्नो लोग्नेले आज भोलि भन्दै जाने दिन नतोकेर आलटाल गरिरहेको थाहा पाएपछि तिनले विचार गरिन् –'अब यो मान्छे श्रावस्ती जाँदैन । यसलाई कुरेर ठीक हुँदैन । त्यसैले म एक्लै भए पनि श्रावस्ती जानुपऱ्यो । '

एकदिन लोग्नेचाहिँ जंगल गएको मौका पारी विश्वासी छरछिमेकीहरूलाई सूचना दिने विचारले भनिन् – "साथी हो ! म माइत जान लागेकी छु। मेरो लोग्ने घर फर्किंदा म माइत गई भन्दिनुहोला ।" यति भनी पटाचारा माइततिर हिंडिन् । लोग्नेचाहिँ



जंगलबाट फर्किंदा पटाचारालाई देखेन । छिमेकीसँग सोध्दा पटाचाराले भनेकी कुरा उसलाई सुनाए ।

पटाचारा माइत हिंडेकी कुरा सुनेर त्यस युवकको मनमा दुःख लाग्यो । उसले विचार गऱ्यो –'अहो, मेरै कारणले त्यस कुलीन सुकुमारी चेलीले अनाहकमा त्यस्तो दुर्दशा भोग्नुपऱ्यो ।' यसरी एक्लै फतफताउँदै पटाचारालाई फर्काएर ल्याउँछु भन्ने उद्देश्यले तिनी गएकै बाटो लाग्यो । केही पर पुगेपछि पटाचारालाई भेट्टायो । घर फर्काउन अनेक तरहले सम्झाए तर प्रसवावस्थाको भयले तिनले लोग्नेको कुरा मानिनन् र गन्तव्यतिर बढ्दै गइन् । केही समय पश्चात् बाटैमा तिनलाई प्रसव वेदना (बच्चा पाउने व्यथा) सुरू भयो ।

त्यसै बाटोको छेउको जंगलमा एउटा रूखमुनि सुरक्षित र गुप्त स्थानमा तिनले एक बालकलाई जन्म दिइन् । अनि पटाचाराले लोग्नेलाई भनिन् –"जुन उद्देश्यले माइत जान आएकी थिएँ, सो उद्देश्य यहीं पूरा भयो । त्यसैले अब म माइत जान्न ।" यति भनी ती दम्पति सुखपूर्वक पुत्रलाभ गरी सन्तुष्ट भई घर फर्के ।

क्रमशः त्यस बालकको लालन पालन भयो । बालक दुई वर्षको भयो । पुनः पटाचारा गर्भवती भइन् । अनि तिनले पहिलेझैं माइत जाने मन गरी लोग्नेचाहिँलाई अनुरोध गरिन् । तर यसपाली पनि पटाचाराले लोग्नेको सहमति पाउन सकिनन् । पहिलेकै अवस्थामा तिनी परिन् ।

अनि आफ्नै निर्णयमुताविक काम गर्न थालिन् । प्रसवको समय नजिक आएको चाल पाएपछि लोग्नेको अनुमति नै नलिई दुई



Downloaded from http://dhamma.digital/

वर्षको बालक साथमा लिई श्रावस्तीतिर प्रस्थान गरिन् ।

लोग्नेचाहिँले यो कुरा थाहा पाएपछि फर्काएर ल्याउने विचारले त्यही बाटो गयो । बाटोमा पटाचारा फेला त परी तर अनेक प्रकारले सम्झाउँदा पनि पटाचारा घर फर्कन मानिनन् । तिनी अगाडि गइ नै रहिन् । त्यसबेला अकस्मात आकासमा कालो बादलले ढाकेर अन्धकार भयो । प्रसवको बारेमा मनमा कुरा खेलाउँदै पटाचारा गइरहेकी थिइन् । त्यसैबेला त्यहाँ घनघोर वर्षा भयो । बाटोमा कतै पनि ओत लाग्ने ठाउँ थिएन । तिनी पानीमा रूझ्दै गइरहिन् । त्यति नै बेला तिनलाई प्रसव वेदना सुरू भयो । प्रसव वेदना सहन नसकी लोग्नेलाई भनिन् –"मलाई प्रसव गर्न पानीले नरूझ्ने एक सुरक्षित स्थान बनाइदेऊ ।" आगो ताप्न दिन र स्थान बनाउने सिलसिलामा उसको लोग्ने रूखको हाँगा र पातपतिंगर बटुल्न जंगल पस्यो । एक ठाउँमा एउटा ढिस्को देख्यो र त्यहाँ हाँगा बिंगा र पातपतिंगर पनि देख्यो । आफूसँग भएको शस्त्र झिकी हाँगा र घाँस काट्न खोज्दा त्यस ढिस्कोनिर बस्ने एक कालसर्पले उसको खुट्टामा डस्यो । तुरून्तै जीउभरि विष फैलियो । उसको जीउ निलाम्य भयो । होस सम्हाल्न नसकी ऊ त्यहीँ ढल्यो । तत्कालै उसको मृत्यु पनि भयो ।

उतापट्टि अबला पटाचारा प्रसव वेदनाले छट्पटिरहिन् । कोही पनि उपकारक नभएको स्थानमा झरी बतास सहेर लोग्नेको प्रतीक्षामा बसिरहिन् । लोग्ने आउने आसमा यताउति हेरिरहिन् । प्रतीक्षा गर्दागर्दै झमक्क रात पऱ्यो । निरास पनि भइन् । असह्य प्रसव वेदनापश्चात् रातको प्रहरमा बच्चा जन्म्यो ।



त्यस्तो अन्धकार रात्रीको समयमा त्यो पनि पानीमा चुटिएर रहनुपर्दा दुःख वेदना सहन नसकी ती दुई बच्चाहरू जोरजोरले रोइरहेका थिए । पटाचाराको करूणापूर्ण हृदयले दुवै बालकलाई रातभरि आफ्नो शरीरको न्यानो दिई सुरक्षा दिँदै रात बिताइन् । त्यसरी रातभरि पानीमा रूझेर बस्नुपरेको र सुत्केरीको अवस्थामा भएकी हुँदा पटाचाराको शरीर रगत नभएको जस्तै पहेंलो वर्णको देखिन्थ्यो ।

## पति र सन्तान वियोग

बिहानी भयो । अनि पटाचाराले सानो बच्चा काखी च्यापी, ठूलोलाई डोऱ्याई लोग्ने दाउरा बटुल्न जतातिर गएको थियो त्यतै गइन् ।

त्यहीँ ढिस्कोनिर पुगेर हेर्दा विषले कालोनीलो भएर मृत अवस्थामा आफ्नो लाग्नेलाई देखिन् । पटाचाराको कोमल हृदयले त्यस वियोग दुःखलाई सहन सकेन । अनेक प्रकारले विरह गरी रोइन् कराइन् –'हा ! म कस्ती अभागी रहिछु । मेरो निम्ति नै स्वामीले बीच बाटोमा प्राण त्याग गरे ।' यसरी शोकाकुल भई विलाप गरिन् । ती सुकोमल नारीले जीवनमा आराम भोग गर्नै पाइनन् । सुत्केरीको त्यस अवस्थामा तिनी कहाँ जाऊन् ? दुइटै बच्चाहरू साथमा लिई शरण पाउने आसामा माइती घरतिरै जाने विचार गरिन् ।

चेलीबेटीको लागि बाबुआमा नै शरण हुन्छ । नारी जीवनको ठूलो भरोसा पनि ती नै हुन् । यस्तै विचारले प्रेरित भई माइतीको



Downloaded from http://dhamma.digital/

शरण पाउने आसा गर्दै शोकाभिभूत पटाचारा आमाबाबुको मायाँ पाउन श्रावस्तीतिर बढिन् । बाटोमा अचीरवती भन्ने नदी पर्दथ्यो । रातभरि मुसलधारे पानी परेको कारणले उक्त नदीमा बाढी आएको थियो । नदीको पानी कति गहिरो छ भन्ने अन्दाज तिनमा थिएन । त्यसैले दुइटै बच्चाहरू साथमा लिई नदी पार गर्ने हिम्मत गर्न सकिनन् । हिम्मत होस् पनि कसरी ? त्यस्तो अवस्थामा तिनमा कसरी सामर्थ्य होला ? कुनै पनि नारीमा त्यस्तो दयनीय अवस्थामा त्यस प्रकारको सामर्थ्य हुँदैन । पटाचाराले सोचिन् –'दुइटै बच्चाहरू लिएर अवश्य पनि नदी पार गर्न सकिँदैन । ठूलो बच्चालाई वारि नै छोडेर यो वनजात शिशु लिई नदी तर्छु ।' यति विचार गरी नदी तरी पारि पुगिन् । अनि त्यस नवजात शिशुलाई कपडाले बेरी पात ओछ्याई पातैले ओढाई सुताइन् । अनि पारि छोडेर आएको बच्चालाई लिन नदीमा पसिन् ।

आमाको करूणामयी हृदय न हो, त्यस शिशुलाई केही हुन्छ कि भन्ने भय लिएर पछाडि फर्किंदै नदी तरिन् । बीचमा पुगेपछि तिनले अकस्मात आकासमा उड्दै गरेको एउटा ठूलो बाजपंछी देखिन् । तल नदीको किनारमा सुताइराखेको त्यस शिशुलाई मासुको डल्लो भन्ने सम्झी त्यस बाजपंछी बेगले तल झरी त्यस शिशुलाई टिपेर लग्यो । पटाचाराले पछाडि फर्केर हेर्दा त्यस बाजलाई देखेर 'हा....' 'हा.....' भन्दै दुवै हात माथितिर हल्लाइन् । उता नदीपारि छोडेर आएकी बच्चाले मलाई आऊ भनी डाकिन् भन्ने सम्झी आमा भएतिर जान नदीमा पस्यो । उता पटाचाराले पारिपट्टि हेर्दा बच्चालाई नदीले बगाइसकेको थियो ।



*अहो ! कस्तो वियोग ! प्राणसरि प्रिय ती दुवै बालकहरूले आमालाई छाडेर गए !*

त्यसघडी पटाचाराले आँखाले केही देखिनन्, केही बोल्न सकिनन् । शोक विह्वल पनि किन नहोस् । तिनको शोकको सीमा नै थिएन । बन्धु वियोगको दुःख सहन नसकी व्याकुल भएकी ती अबला पटाचारा एक्लै नदीको किनारमा छट्पटाइरहिन् । मृत लोग्ने र बच्चाहरूलाई सम्झी सम्झी दुःखका यी वाक्यहरू ओकिलिन् – 'हा ! मलाई यो कस्तो आइलाग्यो ? सानो बच्चा बाजपंछीले टिपेर लग्यो । ठूलो बच्चालाई नदीले बगायो । स्वामीको बाटैमा मृत्यु भयो ।' फेरि यो विरह-गीत गाउँदै रोई रोई माइतीतिर बढ्दै गइन् ।

**सानो बच्चा बाजले टिपेर लग्यो रुवाई ।**
**ठूलो बच्चा नदीले बगायो हाइ राजा ।। १ ।।**
**स्वामीको बाटैमा मृत्यु भयो सर्पले डसी ।**
**जीवनको सुखानन्द मेरो भन्नु केही रहेन ।। २ ।।**

यस प्रकारले बन्धु वियोगले सताइएकी अबला पटाचारा रूँदै माइतीतिर गइरहेकी थिइन् । बाटोमा उताबाट आइरहेको एक व्यक्तिलाई भेटिन् । त्यस पथिकलाई तिनले कहाँबाट आउनुभएको भनी सोधिन् । पथिकले जवाफ दियो –"बहिनी, म श्रावस्ती नगरबाट आइरहेको छु ।"

पटाचाराले सोधिन् –"फलाना ठाउँमा बस्ने मेरा आमाबाबुको हालचाल के छ ?" पथिकले उत्तर दियो –"बहिनी, तिम्रो घरको कुरा केही नसोध । बरू अन्य कुरा सोध ।"



Downloaded from http://dhamma.digital/

पटाचाराले आग्रह गरी भनिन् –"अन्य कुरा मलाई केही सोध्नु छैन। मेरो माइतीको हाल बताइदिनुहोस्।"

पथिकले तिनको आग्रह टाल्न नसकी नभनी नहुने देखेपछि गएराती तिनको माइतीघरमा घटेको दुर्घटनाको विवरण यसरी दियो -

"के गर्ने बहिनी, आज राती ठूलो पानी परेको कारणले तिम्रो माइतीघर भत्की घरमा सुतिरहेका महाजन, उसकी जहान (श्रीमती) र उनीहरूका छोरा समेत घरमा पुरेर मृत्यु भयो। ती तीनजनाको एउटै चित्तामा दाहसंस्कार भइरहेको छ। उ, उता हेर त ! चित्ताबाट धुवाँ पनि निस्किरहेको छ। " त्यस पथिकको यस्तो कुरा सुनेर पटाचाराको निमित्त त्यतिखेर संसारै शून्य भएजस्तो अनुभव भयो। तिनी कुरा सुन्दासुन्दै त्यहीँ मूर्छा परेर लडिन्।

## मनस्थिति असन्तुलन

हा ! कस्तो दुःख ! कस्तो बन्धु वियोग ! तिनी हक्क न बक्क भइन्। तिनको होस ठेगानमा रहेन। तिनी त्यहीँ रूख ढलेझैं ढल्न पुगिन्। तिनको शोकको सिमाना रहेन। तिनी विस्मृत भइन्। शरीरको वस्त्र खसेको र अस्तव्यस्त भएको पनि तिनलाई हेक्का रहेन। शोकाकुल भएर आफूले आफैलाई छात्तीमा मुड्कीले हान्दै रोइकराइ गरी यताउति दौड्दै गरेको पनि तिनलाई पत्तो भएन।

त्यही वियोगाग्नि र शोकाग्नीको कारणले आफूलाई सम्हाल्न नसकी पटाचारा बौलाहीजस्ती भइन्। नाङ्गी भएर रूने हाँस्ने गर्दै दौड्दै हिंडिन्।



कहिले आफ्ना बच्चाहरू सम्झेर रून्थिन्। कहिले लोग्ने सम्झेर रून्थिन्। कहिले मरेर गएका आमाबाबु र भाइलाई सम्झेर विह्वल हुँदै रून्थिन्। एवं प्रकारले पटाचारा विलाप गर्दै भौंतारिरहिन्। तिनमा होस हवास कति पनि थिएन।

मानिसहरूले तिनको अस्तव्यस्त रूप देखी भ्रान्तचित्त भएकी बौलाही भनी ईटा, ढुँगा इत्यादिले हिर्काउँथे। टाउकोमा धुलो खन्याइदिन्थे। सबैले बौलाही आई भनी गिज्याउन थाले। अनेक प्रकारले अपमानित गर्न थाले। सबैतिरबाट बहिष्कृत भएकी तिनी रोइकराइ गरी अनियन्त्रित भई सडकमा दौडी हिंड्न थालिन्। तर जसले जे भने पनि तिनी प्रतिक्रिया जनाउँदिनथिन्। वियोगको शोकले पीडित भई असह्य दुःखवेदनाले छट्पटाइरहिन्। त्यसबेला तिनलाई शरणमा लिने कोही थिएनन्। यसै हालतमा रोइकराइ गर्दै पटाचारा जेतवन विहारतर्फ लागिन्।

## बुद्धसित भेट

त्यसबेला जेतवन महाविहारमा देव मनुष्यका शास्ता हुनुभएका भगवान् बुद्धले विशाल परिषदलाई धर्मोपदेश दिइरहनुभएको थियो। तथागतले पटाचारालाई टाढैबाट देख्नुभयो। बुद्धले तिनप्रिति मैत्री प्रसार गर्नुभयो। त्यसपछि कारूणिक सम्यकसम्बुद्धले तिनको पूर्व प्रतीज्ञा र पारमिता गुणबारे विचार गर्नुभयो। पटाचारा कल्प सतसहस्र वर्ष पहिलेदेखि अभिनिहार (पूर्ण पारमी धर्म) गुणले सम्पन्न भएकी थिइन्। पारमिता धर्मानुसार तिनले पूर्वजन्ममा पूरा गर्दै आएको गुण धर्मलाई तथागतले अन्तर्मनले हेर्नुभयो।



Downloaded from http://dhamma.digital/

## अतीत कथा

कल्प सतसहस्र वर्ष पहिले पद्मुत्तर बुद्धको पालामा हंसवती भन्ने नगरमा एउटा धनी कुलमा पटाचाराको जन्म भएको थियो । पछि ठूली भएपछि विहारमा गई पद्मुत्तर तथागतको धर्म उपदेश श्रद्धापुर्वक सुन्ने गर्थिन् । दानशीलादि गुण धर्म पालन गरी पुण्य संग्रह गरेकी थिइन् ।

एकदिन पद्मुत्तर सम्यकसम्बुद्धले धर्मसभामा एक भिक्षुणीलाई 'एतदग्ग' स्थानमा अथवा विनयधरणी भन्ने अग्रपद दिनुभयो । यस घटनालाई दृष्टिगत गरी त्यसबेला पटाचाराले भविष्यमा पनि यस्तै पद प्राप्त गर्न सकियोस् भनी पद्मुत्तर बुद्धसन्मुख यसरी प्रार्थना गरेकी थिइन् – 'भविष्यमा पनि तपाईंजस्तै बुद्धको अगाडि विनयधर थेरीहरूको माझमा यस्तै अग्रस्थान प्राप्त गर्न सकूँ ।'

त्यसबेला उक्त उपासिकाको (पटाचाराको) आसिका सुनेर पद्मुत्तर तथागतले अनागत ज्ञानले विचार गर्नुभयो । तिनको प्रार्थना सिद्ध हुने देखेर त्यस परिषदको बीचमा त्यस उपासिकाको प्रार्थनानुसार भविष्यमा तिनको प्रतीज्ञा पूर्ण हुनेछ भनी प्रकाश पार्नुभयो ।

पछि शाक्यमुनि बुद्धको धर्मशासनमा त्यही उपासिका पटाचाराको नामले विनयधर थेरीहरूमध्ये अग्रपद प्राप्त उपासिका हुनेछिन् भन्ने कुरा पनि पद्मुत्तर तथागतले परिषदलाई थाहा दिनुभयो ।

पद्मुत्तर बुद्धको उक्त भविष्यवाणी भविष्यमा पटाचारा हुने तिनी उपासिकाले आफ्नो प्रतीज्ञा अनुसार गुणाङ्ग धर्म पूरा गर्न



त्यही जीवनमा जीवनपर्यन्त कुशल पुण्य संचय गरिन् । मृत्युपछि त्यस जीवनमा गरेका दानशीलादि कुशल धर्मको फलस्वरूप दिव्यलोकमा देवकन्या भएर उत्पन्न भइन् । त्यहाँ तिनले अनेक दिव्य सुखको अनुभव गर्दैरहिन् । यस प्रकारले कहिले स्वर्ग-सुख त कहिले मनुष्यलोकको सुख अनुभव गर्दै पुण्य पारमिता पनि संचय गर्दैआएकी थिइन् ।

पछि काश्यप बुद्धको पालामा वाराणसी देशमा कीकी भन्ने राजाको छोरी भई जन्मिन् । राजाका सात छोरीहरूमध्ये तिनी एक थिइन् ।

ती सात राजकुमारीहरू आपसमा खुब मिल्थे । ती सातैजना श्रद्धावती एवं शीलवती थिए । काश्यप तथागतको सद्धर्मोपदेश सुनेर ती सातै राजकुमारीहरूले बुद्धधर्ममा अगाध श्रद्धा राख्दै आआफ्ना जीवन सार्थक पार्न पुण्य संग्रह गरे । राजप्रासादमा बसी त्यस बखतको आयुअनुरूप बीसहजार वर्षसम्म कुमारी ब्रम्हचर्य शील पालन गर्दैरहे । त्यसबेला ती राजकुमारीहरूले बुद्धशासनमा श्रद्धा राखी काश्यप सम्यकसम्बुद्धलाई विहार गराउन एउटा महाविहार बनाउन लगाई बुद्धप्रमुख भिक्षुसंघलाई दान दिई पुण्य साधना गरे ।

त्यसरी पुण्य साधनामा लागेका ती श्रद्धालु पुण्याभिलाषी सातजना राजकुमारीहरूको नाम क्रमशः यस प्रकार थियो –

**'समणी, समणमुत्ता च, भिक्षुणी भिक्षुदायिका ।**
**धम्मा चे व, सुधम्मा च, संघदासी च सत्तिमा ।।'**

अर्थात –

(श्रमणी, श्रमणमुत्ता, भिक्षुणी, भिक्षुदायिका, धर्मा, सुधर्मा र



Downloaded from http://dhamma.digital/

संघदासी भन्ने तिनीहरूका नाम थिए ॥)

त्यस जन्ममा अनेक पुण्य संग्रह गरेर मृत्युपश्चात् ती सात दिदीबहिनीहरू पुनः देवलोकमा उत्पन्न भए। देवकन्या भएर एक बुद्धान्तरसम्म दिव्यलोक सुख भोग गरिरहे।

त्यसपछि शाक्यमुनि गौत्तम बुद्धको पालामा ती सात दिदीबहिनीहरू आआफ्नो कर्मानुसार मनुष्यलोकमा जन्म लिए। पटाचारा श्रावस्तीमा एक धनी कुलमा जन्मिन्। गौत्तम बुद्धको पालामा उनीहरूको नाम क्रमशः यस्तो थियो –

**'खेमा, उप्पलवण्णा च, पटाचारा च गोतमि ।**
**धम्मदिन्ना, महामाया, विशाखा चे व सत्तमि ।।'**

अर्थात् –

क्षेमा, उत्पलवर्णा, पटाचारा, गौत्तमी, धर्मदिन्ना, महामाया र विशाखाको नामले तिनीहरूको जन्म भयो।

**(अतीतको कुरा समाप्त भयो।)**

पटाचाराको पूर्वजन्मका घटनाहरूको सुगतमा जानकारी थियो। पटाचाराले प्रार्थना गरिआएकी कुरा पनि तथागतले बुझ्नुभएको थियो। तिनी अभिनिहार गुणले सम्पन्न थिइन्। तर अहिले तिनी दुर्दशाले लखेटिएकी छिन्। तिनी जेतवनतिर आइरहेकी देखिइन्। यो दृश्य देखेर तथागत महाकारूणिक भगवान् बुद्धले तिनीप्रति मैत्रीपूर्ण करूणा राख्नुभयो। तिनको पहिलेको प्रतीज्ञा र अहिलेको अशरण स्थितिलाई देखी पटाचारालाई म बाहेक अरू कोही उपकारक हुन सक्दैन भनी देख्नुभयो र पटाचारालाई विहारतिर



कसरी उन्मुख पार्न सकिन्छ, सो उपाय गर्नुभयो।

पटाचारा जेतवन महाविहारको नजिक आइपुगिन्। धर्मश्रवणको लागि त्यहाँ जम्मा भएका श्रोतावर्गले 'त्यस बौलाहीलाई विहारमा आउन नदेऊ' (इमिस्सा उम्मतिकाय इतो आगन्तु मा ददित्था'ति) भनेर कराए। तर भगवान् बुद्धले ती परिषदलाई 'तिनलाई नरोक' (मा तं वारयित्था'ति) भन्नुभयो। भन्दाभन्दै वरै आइपुगेपछि बुद्धले 'स्मृति सम्हाल, बहिनी' (सतिं पटिलभ भगिनी ति) भन्नुभयो। पटाचाराको त्यस अवस्थामा पनि बुद्धानुभावले तिनको स्मृति (होस) फर्क्यो। त्यसबेला मात्र तिनले आफ्नो शरीरमा लुगा नभएको चाल पाइन्। लाज शरमले भुत्तुक्क भई तिनी त्यहीँ थचक्क बसिन्।

त्यहाँ त्यतिखेरै एकजनाले तिनीमाथि एउटा पछ्यौरा (चादर) फालिदियो। तिनले त्यही पछ्यौरी ओढी बुद्धसन्मुख गइन् र बुद्धको चरणमा पञ्चाङ्ग दण्डवत गरिन्। अनि बुद्धसँग प्रार्थना गरिन् –"भगवान् शास्ता, मलाई शरण लिनुहोस्, मलाई रक्षा गर्नुहोस्। भगवान्! मेरो एउटा बच्चा बाजले टिपी लग्यो। अर्को बच्चा नदीले बगायो। बाटोमा पतिको मृत्यु भयो। आमाबाबु सबैको घरले पुरी मृत्यु भयो। ती पुरिएका सबैलाई एउटै चित्तामा जलाइए। तथागत! मेरो रक्षा होस्।

भगवान् शास्ताले पटाचारालाई सम्झाउनुभयो –"पटाचारा चिन्ता नगर। तिमी मकहाँ आइपुग्यौ। तिमीले शरण मात्र होइन, त्राण पनि पाउँछौ।" (पटाचारे मा चिन्तयि तव अवस्सयो चवितुं समत्थस्सेव सन्तिकं आगतासि।) यति भनी त्यस अबला नारी



Downloaded from http://dhamma.digital/

पटाचाराको बन्धु वियोग दुःखले शोकाकुल हृदयलाई सान्त्वना दिनुहुँदै फेरि तथागतले यसरी सम्झाउनुभयो –"पटाचारा ! जसरी अहिले तिम्रो एउटा बच्चा बाजले झम्टेर लग्यो । एउटा बच्चा नदीले बगायो । बाटोमा पति मऱ्यो । त्यस्तै आमाबाबु भाइसमेत घरले पुरेर मरे । त्यस्तै किसिमले यस अनादि संसारमा पुत्रादि बन्धुहरू मर्दा तिमीले बहाएको आँसु जम्मा गरेमा चार महासमुन्द्रको पानीभन्दा बढी भइसक्यो होला । " यति भन्नुभएपछि यो गाथानुकूल उपदेश दिनुभयो ।

**'चतूसु समुद्देसु जलं परित्तकं, ततो बहू अस्सुजलं अनप्पकं ।**
**दुक्खेन फुट्ठस्स नरस्स सोचना, किं कारण अम्म, तुवं पमज्जसि ।।**

अर्थात् –

चार समुन्द्रको पानी कम हुन सक्छ, तर संसारमा दुःखले उत्पीडित भएका शोकग्रस्त मानिसहरूको आँखाबाट झरेका आँसु जम्मा गरेमा त्यसभन्दा बढी भयो होला । त्यसैले हे प्रिय पुत्री ! तिमी किन शोक गरी विस्मृत हुन्छौ ?

यस प्रकारले सम्यकसम्बुद्धले आदि अन्त्य नभएको यस संसारमा प्राणीहरूले शोकादि दुःखभोग गरिरहेका कुरा पटाचारालाई हृदयस्पर्श हुनेगरी आज्ञा गर्नुभयो । यो उपदेश सुनेर तिनको शरीरमा बिस्तारै चेतनाको संचार भयो र शोकको मात्रा क्रमशः कम भएर गयो ।

शास्ताले पनि पटाचाराको हृदयव्यथा कम हुँदै गएको थाहा पाउनुभएर भन्नुभयो –"पटाचारा ! छोराछोरी नाता कुटुम्बहरूले मर्ने बेलामा रक्षा गर्न वा शरण दिन वा भरोसा दिन सक्दैनन् ।



त्यसैले ती जीवितै भए पनि मरणपछि नभएकै बराबर हुन्छन् । पण्डितहरूले बरू शुद्धरूपले शील पालन गरी आफ्नो निर्वाणगामी मार्गलाई छिटै सिधा पार्नुपर्छ ।" यसरी धर्मदेशना गर्नुभएपछि निम्नलिखित गाथा भन्नुभयो –

**'न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा ।**
**अन्तके नाधिपन्नस्स, नत्थि ञातींसु ताणाता ।। १ ।।**

अर्थात् –

मृत्युले जकडेपछि छोरा छोरी, आमाबाबु आफन्त इष्टमित्रहरूले पनि केही गर्न सक्दैनन् ॥ १ ॥

**एतमत्थवसं ञत्वा, पण्डितो सीलसंवुतो ।**
**निब्बानगमनं मग्गं, खिप्पमेव विसोधये ।। २ ।।**

अर्थात् –

यो कारणलाई बुझी शीलवान पण्डितहरूले निर्वाणमा पुऱ्याउने मार्गलाई छिट्टै नै अनुशरण गर्नुपर्छ ॥ २ ॥

यो धर्मदेशनापछि पटाचाराको चित्तमा जमेको क्लेश ज्ञानाग्निद्वारा भष्म भई स्रोतापति फलमा प्रतिष्ठित भइन् । अरू कतिपय श्रोतागण पनि उक्त धर्मदेशना सुनेर स्रोतापतिफलमा प्राप्त भए ।

स्रोतापन्न भएपछि पटाचाराले भगवान् शास्तासँग प्रब्रज्या मागिन् । बुद्धले तिनलाई भिक्षुणीसंघमा प्रब्रज्या दिलाउनुभयो । तिनी उपसम्पदालाभी भइन् । (पटित्ताचारता पटाचारात्वेव पञ्ञाति) पटित आचरण स्वभावले अर्थात् बन्धुवियोगमा निर्वस्त्र बौलाहीजस्तै भौतारिहिंडेकीले तिनी पटाचाराको नामले चिनिइन् ।



Downloaded from http://dhamma.digital/

पटाचारा भिक्षुणी भएपछि अझ उत्साही भएर आफ्नो जीवनलाई उच्चतर भूमिमा प्रतिष्ठापित गर्न प्रयत्नशील भइन्। भिक्षुणीहरूको बीचमा तिनलाई विनय धारण गर्ने र धर्मको कुरा राम्ररी बुझ्ने सन्दर्भमा श्रेष्ठ हुन् भनी सबैले मान्दथे।

एकदिन तिनी खुट्टा धोइरहेकी थिइन्। खुट्टा धोएको पानी बगेर गएको हेरिरहिन्। अलि पर पुगेपछि त्यो बगेको पानी सुकेर गयो। फेरि दोस्रोपल्ट खुट्टा धुँदा पानी त्यसभन्दा पनि परसम्म बगेर गएको अनि सुकेर गएको देखिन्। तेस्रोपल्ट खुट्टा धुँदा पनि त्यसरी नै अलि उतासम्म पानी बगेर गएको अनि सुकेर गएको देखिन्।

त्यसरी पानी बग्दै सुक्दै गएको देखेर तिनलाई समाधिको एउटा आलम्बन प्राप्त भयो। पहिलोपल्ट खुट्टा धुँदा बगेर सुकेको पानीसमान प्राणीहरू प्रथमवैशमा नै मृत्यु हुँदारहेछन्। दोसोपल्ट धोएर बगेको पानीसमान प्राणीहरू मध्यम वैशमा नै मृत्यु हुँदारहेछन्। तेस्रोपल्ट खुट्टा धुँदा बगेको पानीसमान कोही कोही अन्तिम वैशमा नै मृत्यु हुँदारहेछन्। सबै मरणधर्मा हुन्, सबै अनित्य हुन् भनेर पटाचाराले सांसारिक जीवन सम्बन्धमा ज्ञान प्राप्त गरिन्। भगवान् बुद्धले त्यसबेला गन्धकुटी विहारमा बस्नुभई ६ वर्ण बुद्धरश्मि फैलाउनुभई तिनको अघिल्तिर नै उभिई भनिरहेझैं गरी भन्नुभयो – "त्यस्तै हो पटाचारा ! भावनाको विधि त्यस्तै नै हो। सबै प्राणीहरू मरणधर्मा हुन्। पञ्चस्कन्धको उत्पति र विनास हुने कुरा नजानी सय वर्षसम्म जीवित हुनुभन्दा उत्पति र विनास हुने स्वभाव धर्मलाई जानेर एकदिन मात्र जीवित हुनु श्रेयस्कर छ।" यसरी पटाचाराको चित्तानुरूप धर्म देशना गर्नुहुँदै यो गाथा भन्नुभयो –



**'यो च वस्ससतं जीवे अपस्स उदयब्बयं।**

**एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं॥**

अर्थात् –

सयवर्ष जीवित भएर पनि पञ्चस्कन्ध स्वभाव धर्मको उत्पति हुने र विनास हुने क्रियालाई नजान्नुभन्दा ती स्वभाव धर्मको उत्पति हुने र विनास हुने क्रियालाई जानेर बरू एकदिन मात्र भए पनि जीवित हुनु राम्रो हो।

तथागतको अमृतमय धर्मदेशनाअनुसार पटाचाराले आफ्ना बन्धुवियोगको शोकलाई शान्त गरिन्। त्यस्तै दुःखको बीउ चित्तमललाई पनि बुद्धवाणीरूपी शित्तल जलले धोइन्। स्रोतापति फलादि प्राप्त गरी आचरण र अभ्यास दृढतापूर्वक बढाई तिनी अग्रश्राविका बनिन्। धेरै समय नबित्दै सम्पूर्ण चित्तमल हटाई आश्रव क्षय गरी पटिसम्भिदाको साथै अर्हतत्व प्राप्त भिक्षुणी भइन्।

एकदिन भगवान् बुद्ध जेतवन जानुभई पटाचारा भिक्षुणीलाई भिक्षुसंघमा अग्रस्थान दिँदै विनयधरहरूमध्ये अग्रपद दिनुभयो। उहाँले भन्नुभयो –"एतदग्ग भिक्खवे, मम साविकानं भिक्खुनीनं विनयधरानं यदिदं पटाचारा।" अर्थात् – हे भिक्षुहरू ! भिक्षुणी श्राविकासंघमा विनयधरहरूमध्ये पटाचारा एउटी अग्रश्राविका हुन्।

यस प्रकार पटाचारा भिक्षुणी भएपछि बुद्धवचनलाई अक्षरशः पालना गर्ने साधिका भइन्। आर्यमार्गमा पूर्ण सफलता प्राप्त गरेकी ती पटाचारा स्थविरणीको शान्त हृदयबाट निसृत उद्गार यस्तो थियो –

"मानिसले हलोको सहायताले भूमि जोती बीउ रोप्छन्।



Downloaded from http://dhamma.digital/

यसरी खेती गरी आफ्ना पत्नी, छोराछोरीहरूको पालन पोषण गर्दै धन पनि कमाउँदछन् । "

"अनि किन मैले मात्रै निर्वाण प्राप्त गर्न नसकूँली ? म त शीलसम्पन्न छु । शास्ताको शासनलाई योग्य काम गर्दैछु । म अप्रमादिनी पनि छु, अचल, अटल र विनीत पनि छु ।"

"एकदिन खुट्टा धोएर फालिएको पानी तलतिर बगेर गएको देखें ।

"मैले आफ्नो चित्तलाई असल जातको घोंडालाई तालिम दिएझैं समाधिमा लगाएँ । फेरि म दियो लिएर विहारको कोठामा गएँ । त्यहाँ दियोको प्रकाशसहितको ओछ्यानमा बसें र दीप-शिखाको आलम्बनमा ध्यान गर्दैरहें ।"

"सियो लिएर दियोको बत्ती कोट्याएर थिचें । बत्ती तेलमा दबेर गयो अनि दियो झ्याप्प निभ्यो । दियो निभ्नुको साथसाथै मेरो तृष्णाको ज्वाला पनि सदाको लागि निभ्यो (शान्त भयो ) । त्यसको साथै मेरो सम्पूर्ण तृष्णासहितको चित्त पनि परम शान्तिमा प्राप्त भयो । मलाई निर्वाणिक अवस्था प्राप्त भयो ।"

अस्तु !

भवतु सब्ब मंगलं ।

**(प्रस्तुत कथा नेवारीमा भिक्षु सुबोधानन्द महास्थबिरद्वारा रचित कृति हो र यसलाई नेपाली भाषामा अनुवाद र सम्पादन गरिदिएको हुँ ।)**

**– अनुवादक)**



# ६

# परोपकारी रुपावती

यो कथा भगवान बुद्ध श्रावस्तीको जेतवन विहारमा विहार गरिरहनुहुँदा भिक्षुहरूलाई सुनाउनुभएको हो । एकदिन भगवानले भिक्षुहरूलाई बोलाई भन्नुभयो – "हे भिक्षुहरू ! दान गर्दा कस्तो चित्त हुनुपर्छ, मनमा के राखी दान गर्नुपर्छ तिमीहरूले राम्ररी बुझिराख्नुपर्छ । अभिमान राखी लोकाचार देखाउन आफ्नो मात्र हित सुख हुने आसा राखी दान पुण्य कहिल्यै गर्नुहुँदैन । अरूको कल्याण होस्, गरिबहरूको उद्धार होस् भन्ने मनमा राखी दान गर्नुपर्छ । अब म तिमीहरूलाई परोपकार गर्ने उद्देश्य राखी दान दिएर यहींको यहीं एक नारी पुरुषमा परिवर्तन भएको घटना सुनाउँछु, राम्ररी सुन ।

पहिले पहिले उत्तरतिर सत्ययुगमा उप्पलावती भन्ने एउटा देश थियो । त्यस देशमा धेरै संख्यामा विद्वान तथा धर्मात्माहरू बस्दथे । त्यहाँका गरिबहरू आफू दुःखी भए पनि मूकदर्शक नबनी परोपकार गर्ने स्वभावका थिए । तर त्यस देशमा दुई चारजना पापीहरूले अरूलाई दुःख दिने काम गर्दै ल्याएका थिए । त्यहाँ बेलामा पानी नपरी खाद्यान्न अभाव भएकाले जताततै हाहाकार



Downloaded from http://dhamma.digital/

मच्चिएको थियो ।

त्यसबेला उक्त उप्पलावती नगरमा रूपावती भन्ने एक नारी बस्दथिन् । तिनी सुन्दर थिइन् साथै लक्षणयुक्त र धर्मचित्तधारी पनि थिइन् । तिनकी मातापिता पनि ब्राम्हण जातिका विद्वत वर्गमा थिए । रूपावती युवती भइन् र तिनका मातापिताले तिनलाई विवाह गरी दिइपठाउने कुरा चलाए । रूपावतीले आमाबाबुलाई भनिन् – "म पुरुषसँग जीवन बिताउन चाहन्न । मलाई दिइपठाउने कुरा नगर्नुहोस् ।"

पिता उत्पलासार्थ र माता पुष्पावतीले भने – "छोरी, हाम्रो छोरा भने पनि छोरी भने पनि तिमी नै हौ । नारी जातिले पुरुष विना कसरी जीवन बिताउन सक्दछ र ? तिमीलाई पछि कसले स्याहार्ला ? भविष्यमा तिमीले दुःख पाउँछौ ।"

आमाबाबुको वचन शीराधार्य गरी विवाह नै गर्ने विचारले तिनले भनिन् – हे पिता, हे माता ! बच्चा जन्माएर बस्नु मेरो लागि दुःखै हो । त्यसो भए पनि मैले विवाह गर्ने विचार गरें । फलाना ठाउँमा एउटा विहार छ । त्यहाँ सेवक भएर बस्ने एकजना युवक छ । विवाह गरिदिने हो भने उसैसँग विवाह गरिदिनुहोला ।"

रूपावतीका आमाबाबु प्रशन्न भए । तिनीहरूले त्यसै युवकसँग रूपावतीको विवाह सम्पन्न गरे । त्यस युवक नपुंसक हुन् भन्ने कुरा रूपावतीलाई थाहा थियो । तिनका आमाबाबुलाई यो कुरा थाहा थिएन ।

एक वर्षपछिको कुरा हो । एक रात, मध्यरातपछि रूपावतीले आफ्नी पतिसित भनिन् – "हे स्वामी ! आज मेरो निन्द्रा छिटै



खुल्यो । सँधैंझैं पानी लिन जान्छु ।" तिनी गाग्री लिएर घरबाट निस्किन् । रात कालो थियो । तिनले बाटो बिराइन् । हिँड्दाहिँड्दै तिनी जंगाविहार भन्ने गाउँमा पुगिन् । त्यहीँ नजिकै एउटा घरमा एउटी स्त्री वाक वाक गरी कराइरहेकी सुनेर तिनी त्यस घरमा पसिन् । त्यहाँ एउटी आइमाई प्रसव भएको कारणले हलचल गर्न नसकिरहेकी देखिन् । रूपावतीले हालचाल सोधिन् । त्यस आइमाईले भनिन् – "घरमा केही खानेकुरा छैन । मेरा कोही आफन्त पनि छैनन् । यो बच्चाको बाबु गर्भाधानको ६ महिना हुँदा नै बिते । म भोकले हलचल गर्न सक्दिन । म मरें भने यो बच्चा पनि मर्छ । भोक नै ठूलो रोग हो भन्ने कुरा सुनेथें । भोक शान्त पार्न यही बच्चालाई हत्या गरी यसैको मासु खाई रगत पिई बाँच्ने विचार गरें ।"

यो कुरा सुनेर रूपावतीको हृदय छियाछिया भयो । तिनले भनिन् – "अहो, कस्तो कुरा सुन्नुपर्‍यो, कस्तो देख्नुपर्‍यो । दिदी, त्यस्तो विचार नगर्नुहोस् । आफ्नै बच्चा मारी खानु अति ठूलो पाप हो ।"

ती आइमाईले भनिन् – "बहिनी, मलाई अर्ती नदेऊ । खानेकुरा देऊ । नभए म पनि यो बच्चा पनि मर्ने भयो । म अनाथ हुँ । तिमीले मलाई केही खानेकुरा दिन्छौ भने देऊ नभए तिमी यहाँबाट गइहाल । भोकोलाई तिम्रो अर्ती काम लाग्दैन । पशुको घाउ कागले थाहा नपाएझैं मेरो घाउ कति दुखेको छ तिमीलाई के थाहा ? अहिले त तिमी मेरो लागि बाधक भइरहेका छौ । म यस बच्चाको घाँटी निमोठी खान आतुर छु ।" यति भनी तिनले त्यस बच्चालाई मार्न लागिन् ।



Downloaded from http://dhamma.digital/

रूपावतीको हृदय करूणाले द्रवित भयो । तिनले करूण-चित्तले भनिन् – "पर्ख, पर्ख है । हतार नगर । म पानी लिन आएकी हुँ । घर गएर तिमीलाई केही खानेकुरा लिएर आउँछु ।"

ती आइमाईले भनिन् – "तिमीले केहीछिन पर्ख भन्यौ तिमी खानेकुरा लिएर फर्कुन्जेल म मरिसक्छु । म पर्खेर बस्न सक्दिन । मेरा आन्द्राहरू दोब्रिसके । म त मर्न लागें ।"

रूपावतीले सोचिन् – 'यसले भनेको ठीकै हो । यसले केही नखाएकी दस दिन भइसक्यो । त्यसमाथि यो सुत्केरी अवस्थामा छे । घर गएर खानेकुरा ल्याउन्जेल यसले बच्चालाई मारी खान पनि सक्छ । बच्चालाई लिएर जाउँ भने पनि यो मृतावस्थामा पुग्न सक्छ । यी दुवैलाई जीवित पार्न सके ठूलो धर्म हुन्थ्यो, पुण्यलाभ हुन्थ्यो । भाग्यले म यहाँ पर्न आएँ । म नआइपुगेकी भए अघि नै यसले बच्चालाई मारिसक्थिन् र खाइसक्थिन् । दुःखीलाई उद्धार गर्ने यो ठूलो मौका हो । यो मेरो शरीरको के माया ?" यति भनी रूपावतीले बच्चालाई नमार्ने वाचा गराई त्यहींनिर रहेको खुकुरी उठाई आफ्नो दुवै स्तन काटी टुक्रा टुक्रा पारी त्यस भोको आइमाईलाई खुवाइन् र सन्तुष्ट पारिन् । त्यस दुःखी आइमाई पनि खुबै सन्तुष्ट र प्रशन्न भइन् ।

त्यसपछि रूपावतीले भनिन्– "दिदी, मैले आफ्नो स्तन काटी खुवाएँ । तपाईंले औषधि ठानी खानु भएको हो भन्ठान्छु । म त पानी थाप्न आएकी । अब तपाईंले बच्चालाई मार्ने विचार नगर्नुहोला । घर गएर तपाईंलाई खानेकुरा पनि लिएर आउँछु अनि स्याहार पनि गर्न आउँछु ।"



रूपावतीको कुरा सुनेर त्यस दुःखी आइमाईले विनम्र भई भनिन् – "अब मेरो प्राण बच्यो । भोक पनि शान्त भयो । अब म नमर्ने भएँ । मलाई सन्तुष्ट हुने गरी खुवाई ज्यान बचाइदिने तिमी बहिनीको वचन शीरोधार्य छ । म बाँचुन्जेल यस बच्चालाई राम्ररी पाल्ने भएँ । धरोधर्म त्यसै गर्ने भएँ ।"

त्यसपछि रूपावतीले तीर्थमा गई पानी भरी जीउभरि रक्ताम्य पारी घर गइन् । त्यसबेला तिनकी पतिले अहिलेसम्म रूपावती आइपुगेकी छैनन् भनी पीर गरिबसेको थियो । तल आँगनमा एउटी आइमाईको पदचाप सुनेर तल ओर्लेर हेर्न गयो । रूपावतीको जीउ रक्ताम्य भएको र छात्तीबाट रगत निस्किरहेको देखेर सोध्यो – " प्रिय रूपावती , तिमीलाई के भो ? कसले के गऱ्यो ? तिमी त्यति सुन्दर थियौ, अहिले त भयङ्कर देखिएकी छौ । यस्तो कुकर्म गर्ने को हो ? कुरा नलुकाऊ । सत्य कुरा बताऊ । "

रूपावतीले भनिन् – "भो आर्यपुत्र ! भएको कुरा सबै खुलस्त बताउँछु । राम्ररी सुन्नुहोस् । पानी लिन भनी निस्केकी म बाटो बिराएर जंघाविहार भन्ने ठाउँमा पुगें । त्यहाँ एउटा घरमा एउटी प्रसव भएकी आइमाई भोकले लखतरान भई मरणावस्थामा पुगेकी देखें । तिनको पति गर्भाधानको ६ महिना पुग्दा परलोक भइसकेको थियो । तिनका अरू कोही थिएनन् । तिनले नवजात शिशुलाई मारी खान ठीक पर्दा म त्यहाँ पुगेकी रहिछु । हे स्वामी, तपाईं नपुंसक हुनुहुन्छ र म पुरुषसँग संभोग गर्ने इच्छा नभएकीलाई मेरा दुवै स्तन बेकार छन् । त्यसैले हाम्रा सन्तान नहुने भएकोले दुःखी अनाथ बच्चा र आमा दुवैको ज्यान बचाउनु ठूलो धर्म सम्झी



Downloaded from http://dhamma.digital/

मैले आफ्नो दुवै स्तन काटी तिनलाई खुवाएँ । यस पुण्यद्वारा दस पारमिता पूर्ण गर्नमा सहायक हुनेछ भन्ने कुरामा म विश्वस्त छु । तिनलाई खानेकुरा पनि लिएर आउँछु भनी आएकी छु । स्तन काटिए पनि शरीरमा कुनै कष्ट अनुभव भइरहेको छैन । यो काम जगत हिताय जगत सुखायको निम्ति हो । ”

रूपावतीको यो कुराले पतिचाहिँलाई आश्चर्य चकित तुल्यायो । उनले विचार गरे – ‘यो त हुनै सक्दैन । त्यति राम्री लोभलाग्दी रूपावती पानी लिन जाँदा कुनै बदमासले बलात्कार गर्न खोजे होलान् । रूपावतीले नमान्दा त्यस बलात्कारीले तिनका दुवै स्तन काटिदिए होलान् र सास्ति गरे होलान् । मानिसले मानिसकै मासु खाए होलान् त ? ’ उसलाई पत्यार लागेन । ऊ त्यस आइमाईकहाँ गएर हो होइन बुझ्न गयो ।

उसलाई देखेर त्यो आइमाई डराइन् । तिनले सम्झिन् कि कोही तिनलाई समात्न पो आएको हो कि ! तिनले नवजात शिशुलाई मार्न लागेको पनि होइन, रूपावतीको रगत मासु खाएको पनि होइन भनेर बकिदिइन् । त्यो कुरा सुनेर ऊ घर फर्केर आई एकछिन घोरियो अनि मन खिन्न पारी रूपावतीलाई भन्यो – “तिम्रो कुरा सुन्दा अलि अलि पत्यार त लाग्छ तर संसारमा मुखले बोलेझैं काम गर्ने कोही देखिएको छैन, सुनिएको पनि छैन । कुनै पनि नारीले आफ्नै स्तन कसैको लागि काटिदिन सक्लीजस्तो लाग्दैन । तिमीले साँच्चैनै त्यस्तै गरेकी भए तिमी धन्य हौ । तर मैले त्यस दुःखी आइमाईकहाँ गएर सोध्दा तिम्रो मासु खाएको पनि होइन, बच्चालाई मार्न लागेको पनि होइन भनिन् । तिमीले झूठा कुरा



बोलेकोमा मलाई दुःख लाग्यो, मनमा गोलमाल हुनेगरी कुरा खेल्यो । मलाई पत्यार हुनेगरी तिमीले कुनै सत्य-क्रिया गरेर देखाऊ । सत्य वचनको शक्ति प्रदर्शन गरी देखाऊ । अनि मात्र म पत्याउँछु ।”

यो कुरा सुनेर रूपावतीले प्रशन्न भई आकासमा हेरी आँखा चिम्ली हात जोडेर त्रिरत्नको गुण स्मरण गरी यसरी सत्य-क्रिया गरिन् – “यदि मैले गरेको काम राम्रो र धर्म-सम्मत हो भने र सत्य-धर्म अझै विद्यमान छ भने मेरो छातीमा पहिलेझैं दुवै स्तन प्रकट होस् । यदि सत्य-धर्म भन्ने नै नभए यहीं अहिल्यै मेरो मृत्यु होस् ।”

अनि लोग्नेचाहिँले पनि अधिष्ठान गरे – “रूपावतीले भनेकी कुरा र काम यदि सत्य नै हो भने तिनले भनेबमोजिम पहिलेझैं दुवै स्तन तिनको शरीरमा प्रकट होस् । असत्य भए तिनले भनेझैं हुनुपर्छ भन्ने छैन , मेरो पनि तिनीसँगै मृत्यु होस् ।”

यसरी दुवैले सत्यलाई साक्षी राखी अधिष्ठान गरे । रूपावतीको छातीमा पहिलेझैं दुवै स्तन प्रकट भए । अनि लोग्नेचाहिँले मुसुमुसु हाँसी रूपावतीलाई अनिमेष हेरी रूपावतीको प्रशंसा गरे । उसले भन्यो – “अब भने मैले तिम्रो कुरा पत्याएँ ।”

त्यसबेला इन्द्रको आसन तात्तिएर कम्पायमान भयो । इन्द्रले के कारणले मेरो आसन यसरी तात्तियो होला भनेर विचार गरे । रूपावती भन्ने नारीले असीम त्याग चेतनाद्वारा एउटी अनाथ आइमाईको उपकार गरी ज्यान बचाइदिइन् । त्यही सत्य-धर्मको प्रभावले इन्द्रासन कम्प भएको हो भन्ने कुरा उनले थाहा पाए । उनले आफ्नी पत्नी इन्द्रायणीसँग पनि रूपावती सुशील र योग्य



Downloaded from http://dhamma.digital/

नारी हुन् भनेर रूपावतीको प्रशंसा गरे ।

त्यसपछि इन्द्र रूपावतीलाई भेट्ने उद्देश्यले पहेंलो धोती बेरी, लहुरो टेकी, कमण्डलु धारण गरी ब्राम्हणको भेषमा रूपावतीको घरआगनमा पुगी अलख जगाए ।

रूपावतीले त्यसबेला त्यस दुःखी आइमाईलाई खुवाउन लैजान रोटी पोलिरहेकी थिइन् । झ्यालबाट तलतिर हेर्दा तिनले कहिल्यै नदेखेको सुन्दर फकिर भिक्षाको लागि उभिरहेको देखिन् । तल ओर्लेर फकिरलाई रोटी दान दिइन् । भेषधारी अपरिचित त्यस युवकले रूपावतीलाई अपलक हेरिरहे । रूपावती र तिनकी पतिले पनि उनलाई त्यसरी नै हेरिरहे ।

भेषधारी इन्द्रले भने – "रूपावती भन्ने के तिमी नै हौ ? एउटा कुरा सुनेर म यहाँ आएको हुँ । त्यो के भने तिमीले एउटी दुःखी आइमाईलाई र तिनको बच्चालाई जीवनदान दिन आफ्नो दुवै स्तन काटेर रगत मासु दान गर्‍यौ रे । त्यसैले तिमीसित चिनापर्ची गरूँ र त्यस्ती त्यागीको हातबाट दान पनि लिऊँ भनी टाढैदेखि आएको हुँ । अब दान पनि लिइसकें । तिमीले रूपावती भन्ने म नै हुँ भन्यौ । त्यसो हो भने तिम्रो छात्तीमा स्तन नहुनुपर्ने होइन र ? तिम्रा दुवै स्तन दुरुस्त देख्दैछु । काटेर खुवाइसकेको स्तन फेरि कसरी उत्पति भयो ? तिमीले साँच्चिकै दान नदिएर मनमनै मात्र दान गरेकी हौली ।"

रूपावतीले जवाफ दिइन् – "त्यो कुरा सत्य हो । तर दुवै स्तन कसलाई दान गरेकी थिएँ भन्ने कुरा त तपाईंलाई थाहै छ होला । तपाईं को हो र कहाँबाट पाल्नुभयो ?"



त्यस भेषधारी ब्राम्हणले भन्यो –"उत्पलावती देशमा बस्ने सुत्केरी आइमाईलाई दुवै स्तन काटी दान दिएकी थियौ भन्ने कुरा सुनेथें । के यो कुरा सत्य हो ? स्तन काट्दा तिमीलाई दुखेन ? स्तन काटी दान दिने आइमाई तिमी होइनौ जस्ती छौ ।"

रूपावतीले भनिन् – "भो भिक्षुक ! तपाईं ब्राम्हणजस्तो पनि देखिनुहुन्छ । सुनको गजुर भएको लहुरो, सुनकै कमण्डलु लिई, श्रीखण्डको खराउ लगाई, सुन्दर मुहार भएको तपाईं मुसुमुसु हाँसी भिक्षा लिन पाल्नुभयो । तपाईं को हुनुहुन्छ ? सत्य कुरा बताइदिनुहोस् ।"

त्यस ब्राम्हणले समय आएपछि आफै बुझ्छौ भने ।

त्यसपछि रूपावतीले अगाडि भनिन् – "अब म तपाईंलाई सत्य कुरा बताउँछु । राम्ररी सुन्नुहोस् । यस देशको रूपावती भन्ने नारी मै हुँ । त्यस सुत्केरी भएकी आइमाईलाई स्तन काटी रगत मासु खुवाई बच्चा र आमा दुवैको प्राण रक्षा गर्ने पनि मै हुँ । मैले यो दान कार्य गरेको कुनै धन सम्पति प्राप्त गर्ने लोभले होइन , नाम कमाउने उद्देश्यले पनि होइन र पछिको जन्ममा चक्रवर्ती राजा हुनलाई पनि होइन । स्वर्गको इन्द्र हुन्छु, महारानी बन्छु, ठूलो कुलमा जन्म लिन्छु भन्ने आसाले पनि होइन ।"

त्यस ब्राम्हणले भन्यो –"कुनै न कुनै कल्पना वा आसा त अवश्य नै हुनुपर्छ । के कल्पना गरी यसरी अभूतपूर्व किसिमले स्तन दान गरेकी ? सत्य कुरा बताऊ ।"

"मैले भनिहालें नि – यसरी दान गरेकी कुनै आसा वा कल्पनाद्वारा प्रेरित भएर होइन । तर पनि सुन्न चाहनुहुन्छ भने



Downloaded from http://dhamma.digital/

सुन्नुहोस् – मैले कल्पना गरेको भनेको यही हो – अनुत्तर सम्यक सम्बुद्धले झैँ बोधिज्ञान प्राप्त गरी प्राणी मात्रलाई सुख दिन सकूँ र असंख्य दुःखीहरूलाई करूणा राखी उद्धार गर्न सकूँ। असंख्य प्राणीहरूलाई मैत्री भावनाद्वारा प्राप्त ज्ञानगुणका कुराहरू बाँड्न सकूँ। अहंकारी बनी कसैलाई दुःख दिन नपरोस्। अज्ञानता, अहंकार र अन्धविश्वासमा परेका द्वेषीहरूलाई पनि ज्ञान दिई शान्त पारी कल्याण गर्न सकूँ।

तिनले फेरि थपिन् – "हे ब्राम्हण , तपाईं नपत्याउनु भए म यो सत्य घटना पनि सुनाउँछु। मेरो पतिदेव पनि पत्याउनुभएन अनि सत्यलाई साक्षी राखी शुद्ध चित्तले अधिष्ठान गर्दा मेरा यी दुवै स्तन पहिलेझैँ प्रकट भए।"

अझै पनि त्यस ब्राम्हणले नपत्याएपछि रूपावतीले अधिष्ठान गरिन् – "मेरो मनमा कुनै कालो नभए, स्वार्थ भावना नभए आजदेखि ममा स्त्री इन्द्रिय लोप भई पुरुषको इन्द्रिय प्रादुर्भाव होस् र पुरुष होस्।" यति मनमा ठानी त्रिरत्नको गुण स्मरण गरी आँखा चिम्ली बिन्ती गरी एकछिन चूप लागिन्। शील र त्यागयुक्त चेतनाको बलले रूपावतीमा स्त्री-रूप बिलाई पुरुष-रूप प्रकट भयो।

यो अद्भूत दृश्य देखेर ब्राम्हणरूप धारण गरी आउने इन्द्र साह्रै अचम्म माने र प्रशन्न पनि भए। शंका सन्देह सबै त्यागी मुसुमुसु हाँसी त्यस ब्राम्हणले ब्राम्हणरूप त्यागी साक्षात इन्द्र भई रूपावतीको अगाडि उभिए। इन्द्रले भने – "रूपावती, तिमी धन्य रहिछौ। तिमीले शुद्ध मनले पुण्य गरेकीले यहीँको यहीँ फल पायौ।



अब आजदेखि तिमी रूपावती नभई रूपावत भयौ। अब तिमी नारी रहिनौ। तिम्रा मनोकामनाहरू पूर्ण होऊन्।" यति भनी इन्द्रले कमण्डलुको पानी सिंचन गरी आशिर्वाद दिई त्यहीँ अन्तर्धान भए।

रूपावतीको पति यी सबै दृश्यहरू देखेर धेरैबेरसम्म स्तब्ध बनी टोलाइरह्यो। उनलाई त सपना हो कि विपना हो झैँ भयो। आफ्नै पत्नीले नारीरूप छोडी पुरुष बनेको देख्दा सपनाझैँ त लाग्यो होला नि !

त्यसपछि रूपावतले आर्यपुत्रको हात समाती मिजास गरी मुसुक्क हाँसी भनिन् – "यो सत्य-फल हो। अब त तपाईं राम्रैसित पत्याउनुभयो होइन ? मेरो कामको बारेमा स्वर्गमा समेत चर्चा भयो र स्वयं इन्द्रसमेत ब्राम्हण भेष धारण गरी हेर्न आए। धेरैबेर कुराकानी गर्नुभई राम्रो प्रभाव लिएर जानुभयो। अबदेखि म भाइ तपाईं दाई भई मिलिजुली धर्मकार्य गरी बसौँ।" यसरी ती दुवै हितचित्तका कुरा गरी चित्त बुझाइबसे। ती दुई दाजुभाइ हात समाती माथिल्लो तल्लामा गई बुद्धलाई वन्दना गरी पूजा गरी दुवैले खानपिन गरे। यो समाचार सबैतिर द्रुतगतिले फैलियो।

यो खबर सुन्नासाथ उत्पलावती देशमा पनि धुमधामले मंगलोत्सव मनाइयो। नयाँ राजा सिंहासनमा बसेको बेलामाझैँ हर्षोल्लास भयो। देशका जनताहरू दिनदिनै उनीहरूकहाँ गई देवता दर्शन गरेजस्तै ताँति का ताँती जाने भए। योग्य र पूजनीय मानी सबैले उनीहरूलाई आवश्यक सबैथोक पुऱ्याइदिने भए। उनीहरूका मातापिता पनि भेट्न आए। आफ्ना छोरी पुरुष भएको देख्दा अचम्भित भए। छक्क परी भन्नलागे –"अहो, धन्य हाम्री छोरी



Downloaded from http://dhamma.digital/

रूपावतीको सिद्धि र बुद्धि, शुद्ध मनले गरेका धर्मकार्यको तेज, नारी भए पनि सत्यलाई भाकी प्रज्ञा र अधिष्ठानको बलले पुरुष भइन् ।" हर्षासु झारी अंकमाल गरी ती मातापिताले रूपावत भएकी रूपावतीमाथि स्नेह वर्षाए ।

त्यसको पाँचवर्षपछि त्यस उत्पलावती नगरमा पुत्रविहीन राजाको देहावसान भयो । मृत्यु संस्कार सिद्धिएपछि अब कसलाई राजा बनाउने भन्ने विषयमा देशका विद्वान, ज्ञानी, विवेकी मान्यजनहरू जम्मा भई 'हाम्रो देशमा निःसन्तान राजा मरे अब राजा हुन लायक को, कहाँ छ ?' भनी सल्लाह गरे ।

सल्लाह गर्दा कुरा उठ्यो – 'हामीले सुन्दै नसुनेको किसिमले कसैले हम्मेसी गर्न नसक्नेढंगले ठूलो धर्म उपकारका काम गर्ने करूणावान निःस्वार्थी युवक रूपावत कुमार छन्। पहिले उनी रूपावती भन्ने नारी थिइन्। शुद्ध चित्तले गरिब र अनाथ भएकी एक स्त्रीको उपकार गर्ने भएर सत्य र करूणाको बलले उनी पुरुष भइन्। त्यस्ता इमान्दार र सत्य-धर्मसहित भएकालाई हाम्रा राजा बनाउन पाए हाम्रो देशको उन्नति हुन्थ्यो, जनताहरू पनि सभ्य र सुशील हुन्थे अनि देशमा अन्याय र अत्याचार भन्ने नै हुने थिएन ।'

यस कुरालाई सबैले समर्थन गरे । यसरी रूपावत कुमारलाई राजा बनाउने निर्णय गरेर सबै मन्त्रीहरू गई रूपावत कुमारलाई बोलाएर ल्याई नियमानुसार राजसिंहासनमा कलश पूजा गरी राजमुकुट पहिऱ्याई राज्याभिषेक गरी राजा बनाए। जनताहरूले देशभरि झिलिमिली बत्ती बाली खुसी मनाए ।

करूणावान् रूपावत राजाले जनताको हित हुने, देश विकास



हुने बहुजन हिताय र बहुजन सुखायको काम गरी ६० वर्षसम्म राज्य चलाए । विवाह पनि नगरी मैत्री, करूणा, मुदिता र उपेक्षा भनिने चार ब्रम्हविहार धर्ममुताविक राज्य गरी जनतालाई पनि ती चार ब्रम्हविहार धर्म पालन गर्न सिकाई देशमा शान्ति स्थापना गरे । उनी अमर भए ।"

यो माथिको कथा भगवान् बुद्धले आज्ञा भइसकेपछि आनन्द भिक्षुले सोधे – "भन्ते, भगवान् ! त्यस दुःखी आइमाईलाई के भयो त ? यो कुरा पनि सुन्न पाए हुन्थ्यो । "

भगवान् बुद्धले भन्नुभयो – "आनन्द ! सुन, म बताउँछु। रूपावती नारी नभई पुरूष भइन्। तिनको नाम रूपावत रह्यो। उनी राजा भएपछि त्यस दुःखी आइमाईलाई दरवारमा ल्याइए। तिनलाई बगैंचामा पानी दिने र फूल माला उन्ने काम दिएर खान लाउन दिई काम र नाम दिइराखे। कतिले त मानिसको मासु खानेलाई दरवारमा राख्न हुँदैन भनी विरोध पनि गरे, गाली अपमान पनि गरे । उनीहरूलाई रूपावत राजाले यसरी सम्झाए – "तिनले आफैले मानिस मारी खाएकी होइन । मर्न लागेकी तिनलाई रूपावतीले आफूखुसीले मासु काटी खुवाएकी हो । त्यसो नभएको भए तिनी अहिले मरिसक्थिन्। अहिले तिनी जीवितावस्थामा छिन्। तिनले रूपावतीको मासु नखाएकी भए रूपावती अहिलेसम्म नारी नै भइराख्थिन्। तिनले गर्दा नै रूपावती पुरूष बनिन् र राजासमेत भइन् । अहिले त्यो पुरूष म आफै हुँ । के म नारी हुँ त ? तिमीहरूले मलाई किन सन्मान गरी राजा बनायौ ? त्यही आइमाईलाई मासु खान दिई, सत्यलाई साक्षी राखी म पुरूष बनेकाले नै राजा भएको



Downloaded from http://dhamma.digital/

हुँ।" यसरी रूपावत कुमारले जनतालाई सम्झाई बुझाई चित्त बुझाए। यति भनी तथागतले आनन्दलाई उत्तर दिनुभयो।

यो कथा सुनी त्यहाँ उपस्थित सबैको चित्त बुझ्यो। सत्यको फल यहीँको यहीँ देखियो भनी त्यहाँ उपस्थित सबै हर्षित भए।

अस्तु !

भवतु सब्ब मंगलं।

**(भिक्षु अश्वघोषद्वारा नेवारीमा रचित यस कृतिको नेपालीमा अनुवाद र सम्पादन गरिदिएको हुँ।)**

– **अनुवादक)**



# ७

# मैत्रीका धनी श्यामावती

तथागतले धर्मचक्र प्रवर्तन गर्नुभएको भूमिको सीमान्त प्रदेशमा उहिले एक दम्पति बस्दथे। तिनीहरूका एउटी मात्र छोरी थिई। तिनी साह्रै सुन्दर र आकर्षक थिइन्। तिनको नाउँ श्यामावती राखियो। तिनीहरूका पारिवारिक जीवन साह्रै सुखी र शान्त थियो। एकदिन त्यस सहरमा महामारी फैलियो। त्यस विपद्बाट बच्न मानिसहरू देश छाडी भागे। तीमध्ये त्यस परिवार पनि आफ्ना हलक्क बढेकी छोरी श्यामावतीलाई साथमा लिएर सहर छोडी अन्यत्र बसाईं सरे।

तिनीहरू गंगा उपत्यकाको वसा भन्ने राज्यको राजधानी कोसाम्बीमा पुगे। त्यहाँका नगरपालिकाले शरणार्थीहरूका लागि भोजन-कक्ष निर्माण गरी भोजन वित्तरण गरिरहेको थियो। त्यहाँ छोरी श्यामावतीले खाना लिन जान्थिन्। पहिलो दिन तिनले तीन भाग थापिन्, दोस्रो दिन दुई भाग र तेस्रो दिन सिर्फ एक भाग मात्र।

खाना बाँड्ने मित्त भन्ने मान्छेले श्यामावतीलाई आफ्नो पेटको अन्दाज छ कि छैन भनी सोधे। श्यामावतीले भनिन् –



Downloaded from http://dhamma.digital/

"पहिलो दिन तिनकी पिताको मृत्यु भयो त्यसैले दुई जनाको लागि मात्र खाना चाहिएकोले दुई भाग मात्र खाना मागिन्, दोस्रो दिन तिनकी आमा मृत्युको शिकार भइन् त्यसैले आफू एक जनाको लागि मात्र खानाको आवश्यकता भयो । त्यो व्यक्ति लज्जित भएर तिनीसँग क्षमा याचना गरे । तिनीसँग उनले लामो कुराकानी गरे । श्यामावतीलाई नितान्त एक्ली भएकी देखेर उनले तिनलाई धर्मपुत्रीको रूपमा पाल्ने प्रस्ताव राखे । यस कुरालाई तिनले सहर्ष स्वीकार गरिन् । अब तिनी के खाने, के लाउने र कहाँ बस्ने भन्ने समस्याबाट पूर्णतया मुक्त भइन् ।

अब श्यामावतीले आफ्ना धर्मपितालाई खाना बाँड्ने काममा सघाउन थालिन् । यसरी तिनी शरणार्थीहरूको सेवा गर्नमा प्रवृत भइन् । कार्यकुशलता र सेवाभावको कारणले, पहिले पहिले जुन प्रकारले गड्बडी मच्चिन्थ्यो त्यस्तो गड्बडी अब भएन । शान्तपूर्वक वित्तरण कार्य हुन्थ्यो । अहिले कोही पनि तँछाड मछाड् गरी अगाडि बढ्न खोज्दैनन्, कोही झगडा गर्दैनन् र सबै जना खुसी थिए, प्रशन्न थिए ।

राजाका अर्थमन्त्री घोषकले थाहा पाए कि सार्वजनिक खाना वित्तरण कार्यमा अहिले हल्ला खल्ला र झगडा तगडा हुँदैन । उनले ती खाना वितरकको प्रशंसा गरे । अन्य कर्मचारीहरूले उनलाई बताए कि ती खाना वितरक कर्मचारीकी धर्मपुत्रीको योगदानले यस्तो शान्ति छाएको हो । यो कुरा सुनेर घोषकले श्यामावतीलाई भेटे । घोषक तिनको रूपरङ्ग र व्यवहारदेखि अति प्रशन्न भए । उनले तिनलाई आफ्नै छोरीको रूपमा पालन पोषण गर्ने निर्णय



गरे । यस कुरामा मेनेजरले अलि हिच्किचाइन् तर पछि मन्त्रीको कुरा काटिहाल्न मनासिव नभएकोले माने । खासकुरा ऊ श्यामावतीको भाग्यको मार्गमा छेकेवार बन्न चाहँदैनथे । घोषकले श्यामावतीलाई घर लगे । तिनी अब असीम धनसम्पतिकी मालिकनी भइन् ।

त्यसबेला कोसाम्बीका राजा उदेन थिए । उनका दुई मुख्य रानीहरू थिए । एउटी वासुलदत्ता थिइन् । राजा उदेनले तिनलाई सुन्दरता अनि राजनीतिक कारणले विवाह गरेका थिए । दोस्रो रानी मागन्दिया थिइन् । तिनी सुन्दर मात्र थिइनन् चलाक र धुर्त पनि थिइन् । तर तिनमा दया धर्मको अभाव थियो । राजा यी दुई रानीहरूबाट हार्दिकरूपमा सन्तुष्ट थिएनन् ।

एकदिन राजा उदेनले अर्थमन्त्री घोषककी सुन्दर छोरी श्यामावतीलाई देखे र प्रथम भेटमै श्यामावतीको सुन्दरतामा मोहित भए । राजा तिनको निष्छल स्वभाव र प्रेमपूर्ण व्यवहारद्वारा तिलस्मीढंगले आकर्षित भए । आफ्ना दुई रानीहरूमा राजाले पाउन नसकेका गुणहरू श्यामावतीमा देखे । राजा उदेनले घोषककहाँ दूत पठाएर श्यामावतीसँग विवाह गर्ने प्रस्ताव राखे । यो कुरा सुनेर पुत्री वियोगको भयले घोषकको हृदयमा ठूलो भुईंचालो गयो । उनले श्यामावतीलाई साह्रै माया गर्दथे । तिनीसँग छुट्टिएर बस्न नसकेको अनुभव उनी गर्दथे । श्यामावती उनको जीवनको सुख र बहार थिइन् । अर्कोतिर, उनलाई राजाको उजण्ड स्वभावबारे राम्ररी थाहा थियो । त्यसैले उनी राजाको अनुरोध नकार्न पनि सक्दैनथे । उनलाई के गरूँ के नगरूँ भयो । तर अन्त्यमा श्यामावतीको मायाँले नै जित्यो । उनले सोचे –'श्यामावतीसँगको वियोगभन्दा मर्नु नै जाती ।'



Downloaded from http://dhamma.digital/

उनले श्यामावतीलाई राजालाई नदिने नै निधो गरे।

स्वभावैले राजा खूब रिसाए। रिसको झोंकमा उनले घोषकलाई अर्थमन्त्रीत्वबाट हटाइदिए र उनलाई देश निकाला गरिदिए। तर श्यामावतीलाई घोषकसँग जाने भने अनुमति दिएनन्। उनले घोषकको सम्पति जफत गरे र उनको दरवारमा ताला लगाइदिए। आफ्नो कारणले घोषकले नाहकमा दुःख पाउनुपरेको र आफूलाई मात्र होइन घर र धनसम्पतिबाट पनि वञ्चित हुनुपरेको कुरा श्यामावतीलाई खट्क्यो। धर्मपिता घोषकप्रति असीम प्रेम र कृतज्ञताले ओतप्रोत भई श्यामावतीले राजासँग आफ्नो राजीखुसीले विवाह गर्ने निधो गरिन्। उनी आफ्नै कारणले अगाडि आएको समस्यालाई समाधान गर्न चाहन्थिन्। तिनी सरासर दरवार गइन् र राजालाई आफ्नो निर्णय सुनाइन्। राजाको रिस तुरून्तै शान्त भयो। उनले घोषकलाई अर्थमन्त्रीकै पदमा बहाली गरे। उनको जफत गरिएका सम्पति सबै फिर्ता दिए।

श्यामावतीमा सबैप्रति प्रेम र मैत्री भाव थियो। तिनमा त्यस्तो आन्तरिक गुण भएकै कारणले तिनी आफैले त्यत्रो निर्णय गर्न सकिन्। बसोबासको चिन्ता तिनलाई थिएन – चाहे मायालु छोरी भई धर्मपिताको घरमा बस्नुपरोस् वा रानी बनी दरवारमा बस्नुपरोस् वा आफ्नै पिताको घरमा होस् वा शरणार्थीको रूपमा – तिनी सदैव मानसिकरूपले शान्त र सबल थिइन्। जस्तोसुकै परिस्थितिमा पनि हँसिली र सुखी देखिन्थिन्।

दरवारमा श्यामावतीको जीवन सुखसाथ बित्दैथियो। परिचारिकाहरूमा ढाड कुप्रिएकी खुज्जुत्तरा भन्ने एकजना परिचारिका



पनि थिइन्। बाह्यरूपमा कुरूप देखिए पनि आन्तरिकरूपमा तिनी नराम्री थिइनन्। श्यामावतीले तिनलाई फूल किन्न दिनदिनै आठ असर्फी दिन्थिन्। तर खुज्जुत्तराले चार असर्फीको मात्रै फूल किनी बाँकी चार असर्फी आफूलाई साँच्थिन्। एकदिन फूल किन्न लाग्दा त्यहाँ मालीकै घरमा एक भिक्षु भोजन गरिरहेका थिए। ती भिक्षु उज्ज्वल व्यक्तित्वका थिए। भोजनपछि भिक्षुले मालीलाई धर्मदेशना गरे। धर्मदेशना खुज्जुत्तराले पनि सुनिन्। ती भिक्षु अरू कोही नभई भगवान् बुद्ध नै थिए। उहाँले प्रत्यक्ष खुज्जुत्तरालाई नै लक्षित गरी उपदेश गर्नुभएझैं लाग्दथ्यो। त्यस उपदेशले तिनको हृदयको तारलाई झन्झनाइदियो। यो एउटै उपदेशबाट तिनले पहिलो मार्गफल प्राप्त गरिन्। के भएको हो कसरी भएको हो भन्ने कुरा तिनलाई थाहा पत्तै थिएन। तिनी पूर्णरूपले परिवर्तित भइन्। एकछिन पहिलेसम्म सुन्दर र वास्तविक लागेको संसार अब तिनको लागि स्वप्नझैं लाग्न थाल्यो। त्यस दिन तिनले पहिलो महत्वपूर्ण काम गरेकी भनेको आठै असर्फीकै फूल किनिन्। तिनलाई यसभन्दा पहिले आफूले गरेको बेइमानीप्रति साह्रै खेद लाग्यो।

श्यामावती महारानीले आज किन यतिका फूल ल्यायौ भनी सोध्दा खुज्जुत्तराले आफूले गरेको चोरी ठगीलाई स्वीकारिन् अनि महारानीको पाउ परिन्। श्यामावती महारानीले क्षमादान दिएपछि खुज्जुत्तराले सबै बेलिबिस्तार सुनाइन्। बुद्धका उपदेशले तिनको जीवन परिवर्तन गरिदिएको कुरा पनि सुनाइन्। श्यामावतीले आफ्नी दासीमा बुद्धका धर्मोपदेशले कस्तो अमीट छाप छोडेको रहेछ भन्ने कुरा राम्ररी बुझिन्। श्यामावतीले खुज्जुत्तरालाई प्रमुख



Downloaded from http://dhamma.digital/

निजी दुतको रूपमा नियुक्त गरिन् । दिनदिनै विहार गई धर्मदेशना सुनेर आई पुनः उक्त धर्मोपदेश मलाई दोहोऱ्याएर सुनाउन आउनू भनी अराइन् ।

खुज्जुत्तरासँग विशिष्ट स्मरणशक्ति थियो । एकबाजी सुनेका कुरा दुरूस्तै दोहोऱ्याएर बताउने क्षमता तिनमा थियो । पछि तिनले बुद्धका प्रमुख शिष्याहरूबाट आफूले सुनेका ती उपदेशहरूको संग्रह गरिन् । त्यस संग्रहलाई 'इतिवुत्तक' नामक पुस्तकको रूपमा विकास गरिन् । सो पुस्तक ११२ वटा ससाना उपदेशहरूको संग्रह थियो ।

राजा उदेनले एकबाजी श्यामावतीलाई केही इच्छा छ भने भन म पुऱ्याइदिन्छु भनेका थिए । श्यामावतीले बुद्धलाई दिनदिनै भोजनको लागि दरवारमा निमन्त्रणा गर्ने र धर्मोपदेश सुन्ने इच्छा व्यक्त गरिन् ।

राजाका दूतले श्यामावतीको यस प्रस्तावलाई बुद्धकहाँ पुऱ्याए । बुद्धले यो प्रस्तावलाई तुरून्तै मञ्जुर गर्नुभएन बरू सट्टामा आफ्नो भतिजा आनन्दलाई पठाइदिनुभयो ।

त्यसबेलादेखि भिक्षु आनन्दले भोजनको लागि जाने र धर्मोपदेश दिने गर्न थाले । खुज्जुत्तराको धर्मसम्बन्धी कुरा सुनेर र भिक्षु आनन्दबाट धर्मोपदेश सुनेर श्यामावती धर्ममा प्रशिक्षित हुँदैगइरहेकी थिइन् । दिनदिनै धर्मका कुरा सुन्दै गर्दा र धर्मका विषयमा चिन्तन मनन गर्दागर्दै छिट्टै नै तिनले स्रोतापति अवस्था प्राप्त गरिन् ।

धर्मको मर्मलाई बुझेर श्यामावती महारानी र खुज्जुत्तरा



दासी दुवै समानावस्थामा पुगे । क्रमशः बुद्धका उपदेश सुनी महिला आश्रमका सबै नारीहरू बुद्धका शिष्या बने । श्यामावतीका धर्मपिता घोषक पनि बुद्ध-शिक्षाबाट अति प्रभावित भए । उनले भिक्षुसंघको सुरक्षा र निवासको लागि कोसाम्बीमा एउटा विशाल विहार बनाइदिए । बुद्ध कोसाम्बीमा जानुहुँदा यही घोषिताराम विहारमा बस्नुहुन्थ्यो । साथै अन्य भिक्षुहरू र सन्तहरू पनि त्यहीँ बास बस्दथे ।

धर्मको रसमा डुबेकी श्यामावतीले अझ आफ्नो धर्मबल बढाउने दृढनिश्चय गरिन् । तिनको सम्पति भन्नु नै प्राणीहरूप्रति मैत्री र करूणा राखी दुःखमा सहायक बन्नु हो । तिनले क्रमशः मैत्री र करूणाको विकास गर्दै लगिन् । तिनले आफूमा मैत्रीको यसरी विकसित गरिन् कि बुद्धले तिनलाई 'मैत्रीमा पोख्त' उपासिका भन्ने संज्ञा दिनुभयो ।

आफूमा विकसित मैत्रीको परीक्षा तिनले चाँडै नै कडारूपमा दिनुपऱ्यो । त्यो घटना यसरी घटित भयो – राजाका दोस्रो महाराजी मागन्दियाले 'बुद्धका अनुयायीहरू' तथा 'बुद्ध-शिक्षा'प्रति घृणा गर्न थालिन् ।

एकबाजी मागन्दियाकी पिता बुद्धोपदेशबाट यति प्रभावित भएको थियो कि आफ्नी छोरी बुद्धलाई विवाह गरिदिन तयार भएको थियो । भिक्षु विनयको अज्ञानताको कारणले उनले बुद्धलाई आफ्ना छोरी पत्नीको रूपमा स्वीकार्न अनुरोध गरेका थिए । मागन्दिया सुन्दर भएकीले बर हुन चाहने जो कोहीले पनि तिनलाई तुरून्तै स्वीकार्न सक्थे ।

बुद्धले मागन्दियालाई स्वीकार्नुभएन । शरीरको अशुभबारेमा



Downloaded from http://dhamma.digital/

बुद्धले एउटा गाथा भन्नुभयो। यो एउटै गाथाले ती मातापिता दुवैलाई स्रोतापति फलको भागिदार बनाइदियो। बुद्धका त्यस गाथा सुत्तनिपातमा उल्लिखित छ। त्यो गाथा यही हो –

**'कामको आसक्तिमा भुलाउने तृष्णालाई जानी,**
**ममा अब यौनप्रति आकर्षण कति पनि रहेन ।**
**अशुभले व्याप्त यस नारीलाई कसरी अपनाउने,**
**यसलाई त म मेरो खुट्टाले पनि छुन चाहन्न ।।'**

तर मागन्दियाले बुद्धको अस्वीकृतिलाई आफ्नो बेइज्जती को रूपमा लिइन्। तिनले बुद्ध र बुद्धका शिष्यहरूप्रति घृणा गर्न थालिन्। राजा उदेनले श्यामावतीलाई तेस्रो पत्नीको रूपमा विवाह गरे त्यो कुरा तिनले सहन गरिन्। त्यसमा आफ्नो पालो त छँदै छ भनी चित्त बुझाएकी थिइन्। तर अहिले श्यामावती बुद्धका शिष्या भइन् र दरवारका अन्य महिलाहरूलाई समेत बुद्ध-शिक्षामा प्रवृत गराइन्। यो कुरालाई भने तिनले सहन सकिन। बुद्ध र बुद्धसँग सम्बन्धित घृणाको फिलिङ्गो अब एकत्ररूपमा श्यामावतीतिर सल्कियो। तिनले एकपछि अर्को गर्दै श्यामावतीको विरूद्ध तिनको तीक्ष्ण बुद्धिले भ्याएसम्म नयाँ नयाँ दुष्चक्रहरू चलाउन थालिन्।

पहिलो कुरा तिनले राजालाई बताइन् कि श्यामावतीले राजाको ज्यान लिन खोज्दैछ। तर राजाले पत्याएको थिएन। राजालाई श्यामावतीको मैत्री र करूणाप्रति विश्वास थियो त्यसैले त्यो दोषारोपणलाई राजाले हल्कारूपमा लिए। त्यसमा ध्यान नै दिएनन् र तुरन्तै त्यसकुरालाई बिर्सि पनि दिए।



दोस्रो कुरा मागन्दियाले आफ्नी एक दासीद्वारा कोसाम्बीमा बुद्ध र भिक्षुहरूको बारेमा अनावश्यक हल्ला फिजाउन लगाइन् जसद्वारा श्यामावती बदनाम होऊन् । यसमा तिनी केही हदसम्म सफल नै भइन्। सम्पूर्ण भिक्षुसंघमा यसरी द्वेषको हावा फैलियो कि आनन्द भन्तेले बुद्धलाई यो सहर छोड्नुपर्‍यो भनी सुझाव दिन कर गरायो। यो सुझाव सुनेर बुद्ध मुस्काउनुभयो र भिक्षुहरूको पवित्रता (शील)को प्रभावले एक हप्ताभित्र यो हल्ला आफै शान्त हुन्छ भन्नुभयो। राजा उदेनले भिक्षुसंघविरूद्धको यो हल्ला सुन्नेवित्तिकै कुरा अगाडि बढ्न पाएन र तुरून्तै शान्त भयो। श्यामावतीको विरूद्धका चलाइएको यो दोस्रो प्रयास पनि असफल हुनपुग्यो।

केही समयपछि मागन्दियाले राजाले भनेको भनी आठवटा कुखुरा काटी पकाउन श्यामावतीलाई अराइपठाइन्। श्यामावतीले यो काम गर्न अस्वीकार गरिन् किनभने तिनी हिंसाकर्म गर्नबाट विरत थिइन्। राजालाई श्यामावतीको मैत्रीबारे पूर्ण विश्वास थियो त्यसैले राजा श्यामावतीसँग क्रोध गरेनन्। उनले श्यामावतीको भावनाको कदर गरे। श्यामावतीलाई सजायको भागिदार बनाउने मागन्दियाको यो प्रयास पनि विफल भयो।

अब मागन्दियाले श्यामावतीको बदनाम गराउन चौथो प्रयास अघि सारिन्। श्यामावतीसँग बिताइने सप्ताहको पूर्व सन्ध्यामा मागन्दियाले श्यामावतीको कोठामा एउटा विषालु सर्प लुकाएर राखिन्। त्यस सर्पको विषको थैली झिकिएको थियो। जब राजा उदेनले सर्प देखे, उनले श्यामावतीको दोषको प्रमाण भेट्टाए। राजामा क्रोधको ज्वाला भड्कियो। उनी नियन्त्रण बाहिर भए।



Downloaded from http://dhamma.digital/

उनले तीर धनुष श्यामावतीतिर तेर्स्याए र हाने पनि । तीर तिनलाई लागेर फर्कियो तर श्यामावतीलाई कुनै घाउ चोट लागेन । राजाको क्रोध तिनको मैत्रीको सामु झुक्यो । राजाको क्रोध प्रभावहीन भयो । श्यामावतीबाट निसृत मैत्रीको प्रवाह राजामाथि वर्षिरहेको थियो ।

जब राजा उदेनको क्रोध शान्त भयो र होसमा आए, उनले मैत्रीको करामात देखे । उनले हानेको तीरले श्यामावतीलाई केही लछार्न सकेन । राजा यसबाट अत्यधिक प्रभावित भए । उनले श्यामावतीसित क्षमा मागे । उनी श्यामावतीको बुद्ध र बुद्ध-धर्मप्रतिको श्रद्धा विश्वास र तिनको महानताप्रति अझ विश्वस्त भए । उनलाई बुद्ध-शिक्षाप्रति झन रूचि बढ्यो । उनले प्रत्यक्ष देखे कि बुद्ध-शिक्षाले आफ्नी महारानीलाई त्यस्तो अनौथो शक्तिले सम्पन्न गरिदियो ।

पिण्डोल भारद्वाज भन्ने एक प्रख्यात भिक्षु एकपल्ट घोषित विहारमा रहेका थिए । राजाले उनलाई भेटे । उनीबाट धर्मबारे ज्ञान हासिल गरे । उनले थाहा पाए कि युवा भिक्षु भिक्षुणीहरू पनि विपरित लिङ्गप्रति आकर्षित नभई ब्रम्हचर्य पालन गरी सुखपूर्वक विनय पालन गरी बस्न सक्छन् । देशनाको अन्त्यमा राजा यति प्रभावित भए कि उनी बुद्धको शरणमा गएर बुद्धका अन्योन्याश्रित उपासक बने ।

श्यामावती धर्म र कर्मका प्रभावहरूको बारेमा चिन्तना गर्दथिन् । धर्मले कर्मलाई र कर्मले धर्मलाई मार्गनिर्देशन गर्दछ भनी तिनी सोच्दथिन् । तिनी यसरी चिन्तना गर्दथिन् – 'कोसाम्बीमा गरिब शरणार्थी बनी आइयो, खाना वित्तरकले बास दिए, अर्थमन्त्रीले



तिनलाई छोरी बनाए, राजाकी रानी बनिन्, दासीले धर्म-सन्देश ल्याइन् अनि तिनी स्रोतापति मार्गफलभागी भइन् इत्यादि । त्यस्तैगरी तिनले दरवारमा रहेका सम्पूर्ण महिला वर्गमा धर्म-प्रभार प्रसार गरिन् र धर्मपिता घोषक र अन्त्यमा राजालाई समेत धर्मको शित्तल छहारी दिन सकिन् । सत्ययुक्त धर्म कस्तो खँदिलो र प्रभावकारी रहेछ ! ' यसरी श्यामावती सोच्दैजान्थिन् र प्राणी मात्रको सुखको आकांक्षा राखी सम्पूर्ण जीवमा मैत्रीको तरङ्गले तरङ्गित गर्थिन् ।

उदेन राजाले पनि आफ्नो कामवासनारूपी आगोलाई प्रज्वलित हुनबाट रोक लगाउन थाले अनि लोभ र घृणालाई किनारा लगाउन थाले । यस परिपेक्ष्यमा श्यामावतीसँगको धर्मसम्बन्धी वार्तालाप उपयोगी सिद्ध भयो । क्रमशः उनमा कामवासनाको पकड खुकुलो हुँदैगयो । श्यामावतीको संगतले नारीमा आमा, बहिनी र छोरी देख्न थाले । अघिसम्म उनी अन्य पत्नीहरूमा भुलिरहेर श्यामावतीलाई मुक्तिको मार्ग प्रशस्त गर्ने अवसर प्रयाप्त मात्रामा प्रदान गरिरहेका थिए । श्यामावतीले क्रमशः अनागामीको अवस्था प्राप्त गरिन् र क्रमशः अर्हतावस्थाको समीप पुगिन् । त्यसताका उपासक उपासिकाहरू यस प्रकारले मार्गफल प्राप्त गर्न सक्दथे ।

मागन्दियाले केही समयसम्म आफ्नो रणनीतिमा रोक लगाएकी थिइन् । तर कसरी श्यामावतीमार्फत बुद्धलाई बदनाम गर्ने भनी मनमा गुन्दै थिइन् । धेरै सोचेपछि तिनले एउटा योजना तय गरिन् । आफ्ना केही नाता कुटुम्बलाई आफ्नो पक्षमा लिइन् र श्यामावतीको विरूद्ध झूठा बक्न राजी गराइन् । तिनले उनीहरूसामु श्यामावतीको हत्या गर्ने प्रस्ताव राखिन् । तिनको योजनाअनुसार सो



Downloaded from http://dhamma.digital/

हत्या उद्देश्यसहितको हत्या नभई दुर्घटना प्रतीत होस् भन्ने थियो । सम्पूर्ण महिला महलहरूमा आगो लगाइदिने तिनको योजना थियो । यो योजना पूर्णरूपले सुनियोजित थियो । यो घटना हुनु केही समयपूर्व ने मागन्दिया सहरबाट पलायन भइसकेकी थिइन् ताकि तिनलाई कसैले शंका गर्न नसकून् । आगलागी गराइयो । आगो दन्के । फलस्वरूप काठले बनेका ती सम्पूर्ण महिला महलहरू खरानी भए । ती महलहरूमा रहेका श्यामावतीसहित ५०० आइमाईहरू जलेर मरे । यो खबर आगोझैं सहरभरि फैलियो । जताततै यही विषयमा कुरा गरिरहेको सुनिन्थ्यो । भर्खर मात्र प्रव्रज्या लिएका भिक्षुहरू यस घटनाबाट प्रभावित भए । भिक्षापछि उनीहरू बुद्धकहाँ पुगे । उनीहरूले यसरी आगोमा होमी मरेकाहरूको पुनर्जन्म कस्तो हुन्छ भनी बुद्धलाई सोधे ।

बुद्धले उनीहरूलाई शान्त गराउनुभयो र उनीहरूको ध्यान पुनर्जन्मको व्याख्यानतिर आकृष्ट गराउनुभयो । उहाँले भन्नुभयो –

"हे भिक्षुहरू ! यी आइमाईहरूमध्ये कोही स्रोतापन्न पनि छन्, कोही अनागामी छन् त कोही अर्हत । यी सबै फललाभीहरू मनुष्यलोकभन्दा तल जाने छैनन् । ती सबै मुक्तिको अवस्थासम्म सुरक्षितसाथ गमन गर्न सक्षम छन् । मानव जीवनमा पाउनुपर्ने यही नै प्रमुख कुरा हो ।" यसभन्दा बढी कुरा बताउनुभएन । भविष्यको जन्मबारे पनि बताउनुएन । एकबाजी भिक्षु आनन्दलाई भन्नुभएको थियो कि यी सबै मारिएकाहरू एक एकको पुनर्जन्मको बारेमा प्रश्न गर्नु नै तथागतलाई जिस्क्याउनुझैं हो ।

ती उपासिकाहरूको यस्तो दर्दनाक मृत्यु भयो, यो त साह्रै



अन्याय भयो बा भनेर केही भिक्षुहरूले कुरा गरिरहेको सुनेर बुद्धले उनीहरूलाई सम्झाउनुभयो – "पहिले पहिलेको जन्ममा उनीहरूले संयुक्तरूपमा मिलेर गरिएका कुकर्मको फल अहिले उनीहरूले भोगेका हुन् । एकबाजी श्यामावती बनारसको रानी थिइन् । एकदिन तिनी आफ्नी परिचारिकाहरूसित नुहाउन गइन् । साह्रै जाडो अनुभव भएकोले परिचारिकाहरूलाई त्यहींनिरको झारपात बटुलेर आगो बाल्न भनिन् । तर झार बटुल्दा झारको बीचमा एक प्रत्येक बुद्ध ध्यानमग्न अवस्थामा भएको तिनले पछि मात्र थाहा पाइन् । त्यस प्रत्येक बुद्धलाई केही हानी नोक्सानी त भएन किनभने बुद्धहरूलाई कसैले वा केहीले मार्न सक्दैन । ती आइमाईहरूलाई यसकुराको ज्ञान थिएन । होस नराखी आगो सल्काए भनेर दोष देला भनी उनीहरू डराए । यस्तै भ्रमित विचारले उत्प्रेरित भई श्यामावतीले त्यस ध्यानमग्न भिक्षुमाथि तेल खन्याइदिइन् । तिनको अज्ञानतापूर्ण भ्रम यो थियो कि यसरी जलाइंदा उनीहरूको गल्ती छोपिन सक्छ । यो योजना सफल हुन सकेन । तर त्यस अकुशल कर्मको फल त प्राप्त हुनु नै थियो । अहिले यो जीवनमा उक्त कर्मफल प्रकट भयो र श्यामावतीसहित त्यस कार्यमा संलग्न सबैले आआफ्ना कर्मफल भोग्नुपर्‍यो ।

बुद्धले भन्नुभएको छ कि मैत्रीका अनेक फल हुन्छन् । मैत्री भावना गर्ने साधकलाई आगो, विष र हतियारले छुन सक्दैन । तर बुझ्नुपर्छ कि मैत्री प्रक्षेपण गरिरहेको बेला मात्र प्रक्षेपकलाई कुनै हानी नोक्सानी हुँदैन जस्तै राजा उदेनले श्यामावतीलाई तीरले हान्दा तिनलाई तीरले लागेन अनि कुनै हानी नोक्सानी भएन ।



Downloaded from http://dhamma.digital/

तिनले त्यसबेला मैत्री प्रक्षेपण गरिरहेकी थिइन् ।

तर आगलागीमा परेर श्यामावतीको देह भष्म भयो । श्यामावती अर्हतावस्थामा प्राप्त भएकीले सम्पूर्ण इन्द्रिय सुख र द्वेष अनि घृणाबाट पूर्ण मुक्त भइसकेकी भएर शरीरसँगको नाता समाप्त भइसकेको थियो । तिनको कोमल र उज्ज्वल मन चार ब्रम्हविहारमा स्थित भए आगोले छुन सक्दैनथ्यो । भित्री आध्यात्मिक शान्तिलाई आगोले छुन सक्दैन जलेको त शरीर मात्र हो । यस्तो घटना बिरलै हुने गर्दछ, जस्तै महामोग्गलान र कालुदायीका घटनाहरू । बुद्धलाई पनि हत्या गर्न लागेको थियो । जस्तै देवदत्तले गौत्तम बुद्धलाई हत्या गर्न खोजेको घटना । यी तीनै प्रकारका घटनामा पनि अभियुक्तले तिनीहरूका मैत्रीयुक्त चित्तलाई कुनै असर गर्न सकेनन् ।

श्यामावतीको अन्तिम वचन थियो – "बुद्धका प्रज्ञाद्वारा पनि यो कुरा भन्न सरल छैन कि हाम्रो शरीर यतिका असंख्य जन्महरूमा घुम्दाघुम्दै यसरी आगोमा जलेर कतिपल्ट नष्ट भइसके होलान् । त्यसैले अप्रमादी भई धर्मका कुराहरू बारम्बार चिन्तन गर्नुपर्छ, धारण गर्नुपर्छ ।" ती आइमाईहरू त्यस्तो कष्टको बेला पनि दुःख कष्टप्रति सजग र सचेत भए अनि आर्य मार्गफलका हकदार बने ।

बुद्धको परिनिर्वाण भएको दुई हजारवर्षपछि १५८२ मा सिपाहींहरूले जापानमा बौद्ध विहार जलाइदिए र त्यस विहारमा रहेका सबै भिक्षुहरू जलेर मरे । ती सिपाहींहरूले आगोले भष्म पार्नुभन्दा केही बेरअघि विहारका पदाधिकारीहरूबाट सुनेका अन्तिम कुरा यही थियो –



**'जसको मन-प्राणले पूर्णमुक्ति (निर्वाण) पाइसक्यो,**
**तिनको लागि आगो पनि शित्तल समीर बन्छ ।'**

कोसाम्बीमा घटेको आगलागीको घटनाको सम्बन्धमा बुद्धले भिक्षुहरूलाई यो गाथा सुनाउनुभयो –

**'जगत मोहको पञ्जामा जकडिएको छ,**
**बाहिरीरुप वास्तविक यथार्थझैँ लाग्दछ,**
**उपधिको पकडमा मूर्खहरु नै आउँछन्,**
**अनि पो दुःखले उनीहरुलाई गाँजिलिन्छ,**
**हेर्दा सबै सदा रहिरहनेझैँ प्रतीत हुन्छ,**
**तर प्रज्ञा-दृष्टिले हेर्दा त्यहाँ त्यस्तो केही हुदैन ।'**

श्यामावतीको मृत्युले राजा उदेनलाई शोकाकुल बनायो र त्यो घटना घटाउने को होलान् भन्ने विचारले सतायो । उनले निश्चय गरे कि अवश्य पनि यो काम मागन्दियाको हुनुपर्छ । उनले मागन्दियालाई सोझै सोध्न चाहेनन् किनकि यसरी सोध्दा तिनले सिधै नकार्न सक्छिन् भन्ने उनलाई थाहा थियो । बरू उनले गुप्तरूपले जान्न चाहे । उनले आफ्ना मन्त्रीहरूलाई भने – "अहिलेसम्म मैले बुझेको थिएँ कि श्यामावतीले मेरो हत्या गर्ने अवसर खोजिरहेकी छिन् । त्यो मिथ्या रहेछ । अब त म शान्तिसित निदाउन सक्दछु भन्ठानेको थिएँ ।" मन्त्रीहरूले सोधे – "यस्तो जघन्य अपराध कसले गर्न सक्छ ?" राजाले भने – "त्यसैले जसले मलाई साह्रै माया गर्दछ ।" त्यतिखेर मागन्दिया त्यहीं उभिइरहेकी थिइन् । तिनले राजाका कुरा सुनी अब अनिष्ट आउला भनी हत्तपत्त अगाडि



Downloaded from http://dhamma.digital/

सरेर आफूले नै श्यामावतीसहितको हत्या गरेकी कुरा सकारिन् । राजाले भने –"त्यसो हो भने तिमीलाई र तिम्रा नातेदारहरूलाई यो काम गरेबापत इनाम दिनेछु ।"

जब सबै नातेदारहरू जम्मा भए, राजाले सबैका सामु तिनीहरूलाई जिउँदै जलाए र त्यस ठाउँमा खरानीको चिनो समेत नदेखियून् भनी जोत्न लगाए । राजाले मागन्दियालाई आत्महत्या गरेको अभियोग लगाए । उनको रिसको ठेगान रहेन । उनी बदला लिने प्रतिक्षामा रहे । पछि उनले तिनलाई निर्दयतापूर्वक हत्या गर्न लगाए । पूर्वकर्मको फल हुन्छ भन्ने बारे यो एउटा नमुना मात्र थियो । तिनले भविष्यमा जन्म जन्मान्तरसम्म संसारमा घुमी घुमी दुःख भोग्नुपर्ने कर्म गरेकी थिइन् जसको फल तिनले भोगिन् ।

तर पछि तुरून्तै राजा उदेनले त्यसरी निर्ममतापूर्वक हत्या गराएकोमा पश्चाताप गरे । श्यामावतीको शान्त सुन्दर सौम्य मुहार उनको सामु नाचिरहन्थ्यो । सबै सत्व प्राणीहरूलाई दया र माया गर्ने र शत्रुहरूलाई पनि मैत्री राख्ने तिनी साँच्चैनै देवीजस्ती थिइन् । उनले आफ्नो भावावेशलाई नियन्त्रण गरे र बुद्धका अमृतोपदेशलाई बारम्बार सुन्ने, चिन्तन-मनन गर्ने र धारण पालन गर्नेतिर मन मोडे ।

श्यामावतीका दुई सखीहरू त्यस दुःखद् घटनाबाट अति विचलित भए । तिनीहरू उत्तिखेरै भिक्षुणीसंघमा प्रवेश गरे । ती दुईमध्ये एकजनाले त छिटै नै अर्हतावस्था प्राप्त गरिन् र अर्कोले २५ वर्षपछि मात्र सो फल प्राप्त गरिन् ।

श्यामावतीले ब्रम्हलोकमा पुनर्जन्म पाइन् । त्यहीँबाट तिनले निर्वाण प्राप्त गर्नेछिन् । श्यामावतीको प्रेम र मागन्दियाको घृणाका



कर्मफल तिनीहरूका जीवन र मृत्युबेलाको अवस्था हेरे प्रष्ट थाहा लाग्छ । एकदिन भिक्षुहरूले को जीवित को मरेकी भन्ने सम्बन्धमा कुरा गर्दैथिए । बुद्धले भन्नुभयो कि मागन्दिया बाँचिरहेकी भए पनि मरेतुल्य छिन् तर श्यामावती मरेकी भए पनि वास्तवमा बाँचिरहेकी छिन् । अनि तथागतले यो गाथा भन्नुभयो –

**'सजगता नै अमरताको बाटो हो ।**
**प्रमाद नै मृत्युको राजमार्ग हो ।**
**सजग हुनेहरु कदापि मर्दैनन् ।**
**प्रमादीहरु मरेतुल्य नै हुन्छन् ।**
**यस कुरालाई बुझेर प्रज्ञावानहरु,**
**सजगता र प्रमादको अन्तरलाई बुझी,**
**सजगतामा रस लिन्छन्, प्रमादमा होइन,**
**आर्यजनहरुको दुनियाँमा रम्ने गर्दछन् ।**
**बन्धनमा बाँधिनुलाई कैद सम्झी,**
**ती निरन्तर ध्यानमग्न हुन्छन्,**
**ती परिश्रमी र लगनशील हुन्छन्,**
**निर्वाणमा पुग्न तत्पर हुन्छन् ।'**

बुद्धले श्यामावतीलाई नारी शिष्याहरूमध्ये मैत्रीका धनीको रूपमा अग्रस्थानमा राख्नुभयो । यसको कारण के हो भने तिनी नित्य मैत्री ब्रम्हविहारमा रमण गर्दथिन् । अस्तु !

भवतु सब्ब मंगलं ।

**(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित** 'Buddhist Women.......... **बाट नेपालीमा अनुवाद र सम्पादन गरिदिएको छु ।)**

**– अनुवादक)**



Downloaded from http://dhamma.digital/

८

# वीर्यवती – सोना

श्रावस्तीमा एक गृहस्थ नारी थिइन् । तिनका दस बच्चा थिए । सदैव बच्चा जन्माउँदै, पालन-पोषण गर्दै, हुर्काउँदै, पढाउँदै, विवाह गराउँदै तिनको जीवन व्यतित हुँदैथियो । बच्चा नै तिनका सबैथोक थिए । त्यसैले तिनलाई 'धेरै सन्ताककी आमा – सोना' भनेर चिन्दथे ।

त्यही सहरमा बस्ने मृगारकी आमासँग तिनको तुलना हुन्थ्यो । तर मृगार-माताका बीस सन्तान थिए । एकै परिवामा एकैजनाले यतिका सन्तान जन्माउँछ होला र ! भनी आजका मानिसहरूलाई उदेक लाग्न सक्छ । तर यस प्रकाराके घटना एशियामा नौलो होइन । पश्चिमका केही भागमा पनि यदाकदा यस्तै एकैजनाले धेरै सन्तान जन्माएका कुरा सुन्नमा आउँछ ।

सोनाकी पति बुद्धका उपासक थिए । उनी गृहस्थ जीवन व्यतित गर्दै पञ्चशीलको पनि अभ्यास गर्दथे । एकदिन उनले सोचे – अब गृहत्यागको समय भयो अनि उनी भिक्षु बने । सोनालाई यो कुरा स्वीकार्य थिएन । तर पनि तिनले पश्चाताप र दुःख मानेर समय खेर फ्ालिनन् । तिनले पनि धर्ममा समर्पित



भएर जीवन व्यतित गर्ने निधो गरिन् । तिनले आफ्ना दसैजना छोराछोरीहरूलाई र छोरीहरूका पतिहरूलाई बोलाएर आफूसँग भएकाको धनसम्पत्ति सुम्पिदिए । बदलामा तिनलाई अति आवश्यक वस्तुले मात्र सेवा गर्नु भनिन् । केही समयसम्म सबैकुरा राम्ररी नै बिते । तिनले छोराछोरीहरूबाट राम्रो सेवा पाइराखिन् र त्यसै कारणले तिनी निर्धक्कसँग धर्म कार्यमा लागिरहन सकिन् ।

तर धेरै समय नबित्दै आफ्ना छोराछोरीहरू र ज्वाईनारायणहरूले ती बूढीलाई पाल्न गाह्रो मान्दै ल्याए । उनीहरूलाई सोना व्यर्थको भार लाग्न थाल्यो । पिताका अर्तिअनुसार ती चलेका थिएनन् र माताको उदार भावना र धार्मिक विचारसँग पनि ती सहमत थिएनन् । वास्तवमा उनीहरू मातालाई आफ्ना सम्पत्तिबाट सुख पाउन नजानेका भन्थे र मूर्ख ठान्दथे । उनीहरू मातापितालाई मानसिक सन्तुलन गुमाएका र धार्मिक पागलपन भएका भनी हेला पनि गर्दथे । यसै भावनाको बहावमा उनीहरूले सोनामाथि दुर्व्यवहार गर्न थालेका थिए ।

आखिर आफूले उपभोग गरिरहेको सम्पत्ति आमाकै थियो भन्ने कुरा उनीहरूले बिर्सिदिए । आमाले नै आफ्नो पालन पोषण र हेरचाह गर्न वर्षौ बिताएकी थिइन् भन्ने कुरा पनि उनीहरूले चटक्कै बिर्सिदिए । अहिलेको मात्र सुखले मस्त भएर ती बूढीलाई बेकम्मा र त्याज्य ठाने । संसारमा गुण सम्झने कृतज्ञ व्यक्ति बिरलै भेट्टिन्छन् भन्ने बुद्ध वचन यहाँनिर सत्य सावित हुन आयो ।

पतिसँगको वियोगभन्दा छोराछोरीहरूले गरेको दुर्व्यवहार सोनालाई असह्य लाग्यो । आफूभित्र दुःखका तरङ्गहरू तरङ्गित



Downloaded from http://dhamma.digital/

भएका छन् र द्वेषका भावनाहरू उद्भव भएका छन् भन्ने कुरा पनि तिनले अनुभव गरेकी थिइन् । निःस्वार्थ प्रेम, पवित्र मातृ-स्नेह, त स्वार्थ-प्रेम र आसाका विन्दुमा परिणत हुन गइरहेको कुरा पनि तिनले महसुस गरिन् । तिनी पूर्णरूपले छोराछोरीहरूमा निर्भर थिइन् र आफूले बाल्यकालमा गरेको स्याहारको बदलामा तिनीहरूले पनि आफूलाई बूढेसकालमा सेवा गर्लान् भन्ने लागेको थियो । उनीहरूको काममा सहभागिता भइदिएको बदलामा कृतज्ञतापूर्वक उनीहरूबाट पुरस्कार पाउँछु भन्ने आसामा तिनी थिइन् । पहिले आफूले गरेको गुणको बदलामा आफूलाई बूढेसकालको अशक्त अवस्थामा स्याहार सुसार गर्दछन् होला भन्ने पनि ठानेकी थिइन् । बिमामा लगानी गरेझैं बूढेसकालको एक्लोपनाको भयसँग सामना गर्न तिनले आफ्ना केटाकेटीहरूमा लगानी गरेकी थिइन् । यसै परिप्रेक्ष्यलाई विचारी तिनले आफ्ना महत्वाकांक्षाहरूलाई केलाई रहिन् र तथागतका धर्म-वाक्य सत्य रहेछ भन्ने कुरा अवगत गरिन् । ती धर्म-वाक्य हुन् – नारीहरू आफ्ना सम्पति, शक्ति र सामर्थ्यमा भर पर्दैनन् तर छोराछोरीहरूमा अत्यधिक निर्भर गर्दछन् । त्यागीहरू भने पुण्य कर्ममा मात्र अवलम्वित भई पुण्य संचय गर्दछन् ।

यिनै विचारले प्रेरित भई सोनाले भिक्षुणीसंघमा प्रवेश गर्ने निश्चय गरिन् । यसरी मात्र निःस्वार्थ प्रेम र पुण्यलाभ गर्ने कुरामा सफ्लता मिल्नेछ भनी ठानिन् । कसैको भार बनी कसैले वास्ता नगर्ने गरी घरमा के बसिराख्ने भन्ने कुराले पनि तिनलाई घच्घच्यायो । तिनले गृहस्थ जीवनलाई गौण मानिन् र प्रव्रजित जीवनलाई



उज्ज्वल जीवन हो भनेर बुझिन् । आफ्नै पतिको बाटोको अनुशरण गरिन् । तिनी भिक्षुणी भइन् ।

तर तुरून्तै सोनाले आफूलाई आफैले प्रेम गर्ने भावना ( आत्म-प्रेम) त सँगै पो ल्याएकी रहिछु भनेर महसुस गरिन् । अरू भिक्षुणीहरूले तिनको व्यवहारलाई लिएर साना साना कुरामा आलोचना गर्दथे । बूढी भएपछि संघमा प्रवेश गरेकी थिइन् । त्यसैले प्रव्रजित जीवनमा अप्ठेरो हुने खालका दर्जनौं बानी व्यहोरा र चालचलन तिनले आफ्नो साथमा लिएर आएकी थिइन् । त्यसैले पनि अज्ञानताका कारणले तिनी अप्रियताको र आलोचनाको पात्र भएकी थिइन् । उही काम पनि तिनी बेढंगले गर्दथिन् । अरू भिक्षुणीहरूले जसरी काम गर्दथे तिनले त्यही काम त्यसरी नै नगरी बेल्लै ढंगले गर्दथिन् ।

सोनाले बुझिन् कि सम्यक ज्ञानका प्राप्ति सरल रहेन छ र तिनले बुझेजस्तो भिक्षुसंघमा बस्नु रमाइलो होइन रहेछ भन्ने कुरा तिनले क्रमशः बुझ्दै गइन् । आफ्ना छोराछोरीहरूबाट तिरस्कृत भई सुरक्षा नपाई भिक्षुणी बन्न आएजस्तो पो भयो । आफूमा नारीसुलभ चरित्र अझै विद्यमान छ र त्यसले आफूलाई अझै जकडेको छ भन्ने कुराको महसुस तिनले गरिन् । आफ्ना कमी कमजोरीहरूउपर आफूलाई घृणा त छँदैथियो साथै तिनमा पुरूषप्रतिको चाह पनि हराएको थिएन । अब के गर्नुपर्‍यो भन्ने कुरा थाहा पाउनु जरूरी थियो । यसको लागि तिनले कडा मिहिनत गर्नुपर्छ भनेर बुझिन् । पाको उमेरको कारणले मात्र होइन, नारी सुलभ गुणको मात्र भावना गरिरहेकीले पनि तिनी आलोचनाको



Downloaded from http://dhamma.digital/

पात्र भएकी हो । अब तिनले आफूमा पुरूष सुलभ गुणको विकास गर्नुछ । त्यो गुण हो – वीर्य र विवेक । सोना हतोत्साही भइनन् । धर्मको मार्गलाई कठिन मार्ग भनेर नीच मारिनन् । तिनकी प्रव्रज्जित बहिनी सोमाझैं तिनी पनि लगनशील र समर्पित थिइन् । सोमा भन्दथिन् –

**नारीको शरीरिक अवस्थाले के गर्छ ?**
**जब तिनको मन अविचलित र व्यवस्थित छ ।**
**एकपछि अर्को ज्ञानको प्रादुर्भाव हुँदैगए,**
**सद्धर्मलाई सम्यकरुपले हेर्न सकिन्छ ।**
**जसले यस्तो धारणा राख्दछ,**
**'म नारी हुँ, म नर हुँ' भनेर**
**अथवा, 'म के नै हुँ र' भनेर**
**यस्तैलाई मारले दमन गर्दछ ।**

यसबाट प्रेरणा पाएर सोनालाई यस्तो लाग्यो कि तिनले आफ्ना कमजोरी र नादानीउपर विजय पाउन र आफ्ना उद्देश्य र इच्छा पूर्ति गर्न आन्तरिक साहस र सामर्थ्य बटुल्नु छ । त्यसको लागि सजगताको र आत्मनिरीक्षणको अभ्यास गर्नुपर्छ र आफ्नो अन्तस्करणबाट उद्भव भावनाहरूसँग सामना गर्न बल मिल्ने खालको धर्मोपदेशको श्रवण गर्नुपर्छ ।

यदि मनमा उब्जिएका भावना र इच्छाका तरङ्गहरूसित बग्ने हो भने प्राप्त गरेका ज्ञान र दृढ निश्चयता के का लागि ? त्यस्तै बेलाको लागि हो ज्ञान चाहिने । यिनै विचारले सोनालाई



बुद्धका उपदेशहरू धारण पालन गर्ने अठोट र इच्छाशक्तिलाई दृढ पार्न मद्दत पुऱ्याए । धेरै रात यस्तै सोचमा बिताएपछि तिनमा ती गुणहरूको स्मरण र प्रवर्द्धन गर्ने क्षमताको विकास भयो । यति मात्र होइन तिनले आफ्ना सहचर भिक्षुणीहरूको सेवा प्रेमपूर्वक गरिन् र बुद्ध-शिक्षालाई निरन्तर प्रयोगमा ल्याइन् । केही समयसम्म यसरी प्रयत्न गरिसकेपछि तिनले दुःख-मुक्तिको अवस्था प्राप्त गरिन् । तिनले यति चाँडै फल प्राप्त होला भनी चिताएकै थिइनन् ।

यो घटना घट्न दिन कुनै खास अवसरलाई कुर्नु परेन । ती गुणहरूको प्राप्ति र विकास गर्ने क्षमता हासिल गर्न पूर्णरूपले लागिपरेपछि तिनी आफ्नो गन्तव्यतिर नजिकिँदै गइन् । एकदिन अन्ततोगत्वा तिनी अन्तिम बन्धनबाट पनि मुक्त भइन् । बुद्धले तिनको बारेमा भन्नुभयो – वीर्यमा तिनीजस्ती अग्र भिक्षुणी अरू कोही छैनन् ।

'अग्र भिक्षुणीहरूको गाथा' मा तिनले आफ्नो जीवनको बारेमा यी पाँच श्लोकहरूमा व्यक्त गरेकी छिन् –

**दस सन्तान भए मेरा,**
**यही शरीररुपी सुरुङ्गबाट,**
**जब म कमजोर र बूढी भएँ,**
**अनि म भिक्षुणी बन्न पुगें ।**
**उहाँले धर्म सिकाउनुभयो मलाई,**
**स्कन्ध, आयतन र धातुहरुबारे,**
**सुनें श्रद्धापूर्वक धर्मलाई मैले,**
**केश फ्ाली सन्यासको बाटो लिएँ ।**



Downloaded from http://dhamma.digital/

**अभ्यास गर्दागर्दै उद्योगी बनी,**
**मैले दिव्यचक्षु परिशुद्ध पारें,**
**पूर्व जीवनलाई राम्ररी देखें मैले,**
**जसमा मैले जुनी जुनी बिताएथें ।**
**एकाग्र अनि नियन्त्रित भई,**
**मैले संज्ञाविहीनता विकसित गरें,**
**तुरुन्त तिनबाट छुट्कारा पाएँ,**
**अनासक्त भएँ अनि तृप्त भएँ ।**
**पञ्चस्कन्धलाई राम्ररी बुझी,**
**बाँचिरहे पनि ती निर्मूल भइसके,**
**अब म संसरण गर्न नपर्ने भएँ**
**नभौतारी एकै स्थलमा जन्मन पुगें,**
**अब पुनर्जन्म मेरो हुँदैन, हुँदैहुँदैन ।।**

सोनाका अन्य सहचर भिक्षुणीहरू जो पहिले तिनको आलोचना गर्दथे र बढेको उमेको कारणले तिनले कुनै विकास गर्न सक्दैन भन्ने सोचाइमा थिए, अब तिनीहरूले तिनीसँग क्षमा याचना गरे र तिनको अनुकरणीय जीवन र सत प्रयत्नको अनुशरण गर्न प्रयासरत रहे । अस्तु !

भवतु सब्ब मंगलं ।

**(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित** 'Buddhist Women.......... **बाट नेपालीमा अनुवाद र सम्पादन गरिदिएको छु ।)**

**– अनुवादक)**



# ९
# अद्वेषी उत्तरा

'अकोधेन जिने कोधन्ति ........ .......'

यो धर्म देशना भगवान् शास्ता बेलुवनमा विहार गर्नुहुँदा उत्तराको घरमा भोजनको बेला उत्तरालाई आज्ञा भएको हो ।

राजगिरी नगरमा सुमन भन्ने साहुकहाँ पूर्ण भन्ने एकजना गरिब मानिस नोकरी गर्दथ्यो । उसको एक पत्नी र एक छोरी थिई । छोरीको नाउँ उत्तरा थियो ।

एकदिन राजगिरीमा सातदिनसम्म मनाइने चाडको उद्घोषणा भयो । उद्घोषणा सुनेर बिहान काम गर्न आएको पूर्णलाई बोलाई साहुले भन्यो – "पूर्ण ! आज हामीकहाँ काम गर्न आउने सबै चाड मनाउन जाँदैछन् । तिम्रो के विचार छ ? चाड मनाउँछौ कि काम गर्छौ ?"

पूर्णले भन्यो – "साहु ! चाड भनेको धनीहरूको निमित्त मात्र हो । मजस्तो गरिबको लागि के को चाड ! जसको घरमा क्वाति खानलाई न पिठो छ, न चामल एक गेडा छ, उसको लागि कुनै चाडवाड छैन । गोरू पाए खेतमा जान्थें ।"

साहुले भन्यो – "पूर्ण ! उसोभए तिमी गोरू लिएर खेतमा जाऊ त ।" पूर्णले बलिया बलिया दुई गोरू धपाएर ल्याई जुवा नारी



Downloaded from http://dhamma.digital/

स्वास्नीचाहिँलाई भन्यो – “भद्रे ! आज सबै चाड मान्न जाँदैछन् । हामी गरिबलाई चाड आए पनि केही न केही । त्यसैले म खेत जान्छु । तिमीलाई र मलाई भात लिई खेतमा आइपुग ।” यति भनी पूर्ण खेततिर हिंड्यो ।

त्यही दिन सारिपुत्र भन्ते सातदिनसम्म निरोध समापति ध्यानबाट उठ्नुभएको थियो । भन्तेले आज कसलाई संग्रह गर्नुपर्ला भनी विचार गर्दा उहाँले पूर्णलाई देख्नुभयो । अनि त्यो व्यक्ति श्रद्धा भएको र संग्रह गर्नयोग्य हो कि होइन भनी हेर्नुभयो । संग्रह गर्न सकिने, श्रद्धा भएको, र संग्रह गरेजस्तै महान सम्पति पनि प्राप्त गर्न सकिने गुण उनमा भएको देख्नुभयो । अनि हातमा पात्र उठाई, चीवर धारण गरी पूर्ण भएठाउँ पुग्नुभयो र देखिनेगरी खेतको एक छेउमा बस्नुभयो ।

पूर्णले उहाँ स्थविरलाई देख्नासाथ उहाँको नजिक जानुभई दण्डवत गरे । भन्तेलाई दतिवन चाहिएको होला भन्ठानी दतिवन ल्याई दान गरे । भन्तेले पानीको निमित्त भनी पात्र र पानी चाल्ने चालनी दियो । पूर्णले पानी चालेर पात्रमा पानी भरेर ल्याइदियो । भन्तेले मुख धुनुभयो । उहाँले सोच्नुभयो – “यसको घर सबभन्दा तल पर्छ होला । घर गएँ भने यसको पत्नीले मलाई देख्ने छैन । त्यसैले तिनी भोजन लिई घरबाट ननिस्केसम्म म यहीं बसिरहन्छु । यति सोची केहीबेर त्यहीं बस्नुभयो अनि अब त घरबाट निस्किसकिन् होली भन्ठानी भिक्षाको लागि नगरतिर जानुभयो ।

उता पूर्णको पत्नीले खेततिर गइरहेकी बेला भिक्षार्टन गर्दै आइरहनुभएको स्थविरलाई देखिन् । तिनले सोचिन् – जब मसँग दान दिने वस्तु हुन्छ, स्थविरलाई भेट्दिन । अनि जब दान दिने वस्तु



आफूसित हुँदैन, स्थविरसँग भेट हुन्छ । आज दान दिने वस्तु पनि छ र स्थविर पनि भिक्षाटनमा आउनुभएको छ । यदि स्थविरले कृपा राख्नुभई दान संग्रह गर्नुभएमा मेरो ठूलो उपकार हुनेछ । यति कुरा सोची भातको भाँडो भुईंमा बिसाई स्थविरलाई पञ्चाङ्ग दण्डवत गरी भनिन् – “भन्ते, मीठो नमीठो त्यस्तै हो, यस दुःखीको उपरमा कृपा राख्नुभई यो भोजन स्वीकार गर्नुहोस् ।”

स्थविरले पात्र थाप्नुभयो । त्यस उपासिकाले पात्रमा भात हालिदिइन् । स्थविरले आफूलाई पुग्ने मात्रामा भात थापेपछि पात्रको मुख बन्द गर्नुभयो । ती उपासिकाले भनिन् – “भन्ते, यो भोजनलाई दुई भागमा छुट्ट्याउँदिन । तपाईंको उपासकको यो भाग पनि लिनुहोस् र उहाँको यस लोकको नभई परलोकको संग्रह गर्नुहोस् । यति भनी सबै नै भोजन दान गरिन् । तिनले प्रार्थना गरिन् – “तपाईंले अनुभूत गर्नुभएको धर्म हामीले पनि दृष्टिगत गर्न सकौं । ” स्थविरले ‘एवं होतुति’ (यस्तै होस्) भनी अनुमोदन गर्नुभयो । त्ससपछि पानी भएठाउँ गएर भोजन लिनुभयो ।

त्यस उपासिकाले घर फर्की चामल खोजी, भात पकाई पतिको लागि भात लिएर फेरि खेतमा गइन् । त्यसबेला पूर्णले आधा रोपनी जति खेत जोतिसकेर भोकले लर्खतरान भई रूखमुनि बसेर भातको प्रतिक्षा गरिरहेको थियो । यता उसको पत्नीले भात लैजाँदैगर्दा सोच्दै गइरहेकी थिइन् – उहाँ अवश्य पनि भोकाउनुभएको होला र मलाई पर्खंदै गर्नुभएको होला । ढिलो आयौ भनेर रिसाउने पो हो कि, रिसाएर गाली गर्दै लट्ठीले पिट्ने पो हो कि भनी डराई डराई गइरहेकी थिइन् । त्यसैले अलि परैबाट भनिन् – “स्वामी, आज एकबाजी तपाईंले पनि मन प्रशन्न पार्नुहोस् । मैले गरेको



Downloaded from http://dhamma.digital/

पुण्यकर्मलाई निरर्थक हुनेगरी नबिगारिदिनुहोस् । आज मैले समयमै भात लिएर आएकी थिएँ । बाटोमा धर्मसेनापति सारिपुत्रसँग भेट भयो । लिएर आएको भात जम्मै उहाँ स्थविरलाई दान दिएँ । घर फर्केर गई फेरि भात पकाई लिएर आउँदा ढिलो भयो । यसमा रिसानी माफ होस् । मन प्रशन्न पार्नुहोस् ।" यसरी फत्फताई पति नजिकै पुगिन् ।

पूर्णले बुझे पनि नबुझेझैं गरी के फत्फताइरहेकी भन्यो ।

स्वास्नीचाहिँले बुझ्ने गरी पुनः खुलस्त बताइन् । यो सुनेर पूर्णले भन्यो – "भद्रे, तिमीले राम्रै काम गरेकी रहीछौ । मलाई सन्तोष लाग्यो, म प्रशन्न भएँ । आजै बिहान मैले पनि उहाँलाई दतिवन र पानी दान गरी सेवा गर्ने मौका पाएको थिएँ ।" यसरी पूर्णले आफ्नी स्वास्नीले गरेको पुण्यकार्यको अनुमोदन गरे । ढिलो गरी भात खाएको कारणले भातेनिन्द्रावश तिनको काखमा टाउको टेकाई निदाए ।

यता जहाँसम्म जतिसम्म जोतिएको थियो त्यहाँसम्म र त्यतिसम्मको खेतको भाग सुनै सुन भयो । ब्युँझनासाथ हेर्दा पूर्णले खेतभरि सुन देखेर स्वास्नीचाहिँलाई भन्यो – "भद्रे, खेतमा हेर त, जोतिएको भागजति सुन भएझैं लाग्छ । भात खान अबेर भएर आँखा धमिलिएर त्यस्तो पो देखिएको हो कि !" "स्वामी मैले पनि त्यस्तै देख्दैछु ।"

पूर्ण उठेर हेर्न गयो । सुनै हो भन्ने उसलाई यकिन भयो । उसले भन्यो –"अहो भाग्य, आर्य धर्मसेनापतिलाई दान दिएको पुण्यको फल आजै प्राप्त भयो भनी अति प्रशन्न भयो । यतिका सम्पति न लुकाउन सकिन्छ, न खाएरै सिद्धिन्छ । यसरी बिचार गर्दै



भात राखेर ल्याएको भाँडोभरि सुन राखेर राजदरवार प्रवेश गर्ने प्रमाङ्गी लिई राजाकहाँ गयो र राजासामु सुन राखेर एक छेउ उभियो ।

**राजा** – "अँ, तिमीले यो के लिएर आयौ ?"

**पूर्ण** – "महाराज, आज मैले जोतेको खेतको भाग सबै सुनमा बदलियो । त्यही सुन लिएर आएको छु । अरू सुन खेतैमा छ ।"

**राजा** – "तिमी को हौ ?"

**पूर्ण** – "म पूर्ण हुँ ।"

**राजा** – "आज तिमीले के के गऱ्यौ ?"

**पूर्ण** – "महाराज, आज बिहान मैले धर्मसेनापतिलाई दतिवन र मुख धुने पानी दान दिएँ । मेरो जहानले मेरो लागि भनेर ल्याएकी भोजन उहाँलाई नै दान दिइन् ।"

**राजा** – "अहो ! आश्चर्य, धर्मसेनापतिलाई दिएको दानको फल आजै मिल्यो । पूर्ण, अब तिमीलाई के चाहियो भन ।"

राजपुरूषहरू गाडा लिएर त्यस खेततिर गए । यी त हाम्रा राजाका सम्पति हुन् भन्दै गाडामा धमाधम सुन राखे । राजाको नाम लिई लिई गाडामा सुन राख्दैगर्दा त्यो सुन नभएर माटो नै भयो । राजपुरूषहरू राजाकहाँ गई यो खबर सुनाए ।

**राजा** – "हे भद्रहरू, तिमीहरूले के भनेर सुन गाडामा राख्यौ?"

**राजपुरूष** – "महाराज ! यो सम्पति सरकारकै हो भन्दै राख्यौं ।"

**राजा** – "धत्, यो मेरो सम्पति होइन । यो त पूर्णको सम्पति हो । जाऊ, यो सम्पति पूर्णको भाग्यले प्राप्त भएको



Downloaded from http://dhamma.digital/

हो भनेर गाडामा राख । ”

ती राजपुरूषहरूले राजाले भनेजस्तै गरे । अनि गाडामा राखेजति सबै सुन नै भयो । त्यो सबै सुन ल्याई राजपतांगिनीमा थुपारे । त्यो थुप्रो अस्सी हातको थियो ।

राजाले नगरबासीहरू जम्मा गरी यति सम्पति यहाँ कसैको छ कि भनी सोधे ।

**जनता** – “ छैन, महाराज हामी कसैसँग छैन ।”

**राजा** – “उसोभए अब यसलाई के गर्नुपर्‍यो ?”

**जनता** – “महाराज ! पूर्णलाई साहु पदवी दिनुपर्छ ।”

यसमा राजालाई चित्त बुझ्यो । राजाले पूर्णलाई ‘बहु-धन’ भन्ने साहु भइस्’ भनी साहुको पदवी दिई सेतो छत्रले ओढाए ।

**पूर्ण** – “महाराज ! म आजसम्म अर्काको घरमा बसी काम गर्दैछु । मेरो घर छैन त्यसैले बस्नलाई सानो टुका ठाउँ पाऊँ ।”

यो कुरा सुनेर राजाले पूर्णलाई बस्न ठाउँ दिए । पूर्णले त्यस ठाउँमा छिटै नै घर बनाई मंगल र छत्र-मंगल भनिने दुई मंगल उत्सव एकैचोटी सम्पन्न गरी सातदिनसम्म बुद्धप्रमुख भिक्षुगणलाई निमन्त्रणा गरी महादान दिए । भगवान् शास्ताले दानानुमोदन गर्नुभई अनुपूर्वी कथा देशना गर्नुभयो । धर्मदेशनाको अन्त्यमा पूर्ण, उसको जहान र उत्तरा तीनैजना स्रोतापन्न भए ।

एकदिन सुमनसाहुले आफ्नो छोराको लागि उत्तरा माग्न पठाए । पूर्णले छोरी दिन्न भनी फिर्ता पठाए ।

सुमनसाहुले पुनः यो सन्देशसहित मान्छे पठाए । ‘पूर्ण ! त्यसो नभन । तिमी मेरै आश्रयमा रही आज धनाढ्य भयौ । तिमीले



छोरी उत्तरा दिन नहिच्किचाऊ ।”

सुमनसाहुको परिवार मिथ्यादृष्टिमा रहेको तर उत्तरा भने त्रिरत्न शरण गमन गर्न नपाइने ठाउँमा बस्नै सक्दिनथिन् । त्यस्तो ठाउँमा छोरी दिएर के गर्ने भनी छोरी दिने इच्छा गरेनन् ।

यो कुरा थाहा पाएर अरू साहुहरू पनि आई पूर्णलाई सम्बन्ध नतोड, उत्तरा सुमनको घर देऊ भनेर सम्झाउन आए ।

ती साहुहरूको कुरा सुनी आषाढ पूर्णिमाको दिन उत्तरालाई दिइपठाए । दिइपठाएदेखिन् उत्तराले भिक्षु भिक्षुणीहरूकहाँ जाने, कथा उपदेशहरू सुन्ने, दानकार्य गर्ने काम केही गर्न पाइनन् । वर्षाबास साढे दुई महिना बितिसक्दा पनि पुण्यकार्य केही गर्न सकिनन् । एकदिन तिनले आफ्ना सखीहरूलाई बोलाई वर्षाबास कति बाँकी छ भनी सोधिन् ।

ती सखीहरूले दुई हप्ता मात्र बाँकी छ भनी उत्तर दिए । उत्तराले आफ्ना पितालाई पत्र लेखिन् – “बुबा, मलाई यस्तो जेलमा किन राख्न ल्याउनुभो ? यस्तो मिथ्यादृष्टियुक्त कुलमा बस्नुभन्दा अरूको नोकर्नी भएर काम गरी खानु राम्रो । आएदेखिन् धर्मोपदेश सुन्न पाएको पनि होइन, दान पुण्य गर्न पाएको पनि होइन ।”

छोरीको दुःखको कुरा सुनेर बाबुचाहिँको मनमा पनि ठूलो ताप भयो । उनले १५ हजार रूपियाँ दिइपठाई यो सन्देशसहितको पत्र पठाए – “उत्तरा, तिमी बसेको त्यस नगरमा दिनको एक हजार लिने सिरिमा भन्ने एउटी बेश्या छे । तिम्रो लोग्नेलाई १५ दिनसम्म भुलाई सेवा गर भनी यो रूपियाँ तिनलाई देऊ । तिम्रो लोग्ने त्यस बेश्याकहाँ जाँदैगर्दा तिमीले उक्त १५ दिनसम्म पुण्यकर्म गर ।”



Downloaded from http://dhamma.digital/

उत्तरा सिरिमाकहाँ गइन्। तिनले भनिन् –"साथी, यो रूपियाँ लिनुहोस् र मेरी लोग्नेको १५ दिनसम्म सेवा गरिदिनुहोस्।" तिनले सिरिमालाई उक्त १५००० रूपियाँ दिइन् र लोग्नेचाहिँकहाँ तिनलाई साथै लिएर आइन्।

**लोग्ने** – "तिम्रो साथमा आउने यो आइमाई को हो ?"

**उत्तरा** – "स्वामी, यी मेरी सखी हुन्। अब १५ दिनसम्म यिनले तपाईंको सेवा गर्नेछिन्। म अब १५ दिनसम्म दान पुण्य गरी धर्म उपदेश सुन्नमा लाग्छु।"

सिरिमाको रूपरङ्ग देखेर मुग्ध भई लोग्नेचाहिँले हुन्छ भनी खुसीसाथ स्वीकारे।

उत्तराले बुद्धप्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरी प्रार्थना गरिन् – "भन्ते, अब आउँदा १५ दिनसम्म तपाईंले कसैको पनि भोजन स्वीकार नगरिदिनुहोला, मैले नै भिक्षुसंघलाई १५ दिनसम्म भोजन दान गर्दछु। स्वीकार्नुहोस्।"

भगवान् बुद्धले उत्तराको प्रार्थना स्वीकार गर्नुभयो। अब १५ दिनसम्म धर्म उपदेश सुन्न पाइने भो भनी उत्तरा अति प्रशन्न भइन्। तिनले सबै दासदासीहरूलाई यसरी रोटी पोल्ने, यसरी यागु तयार गर्ने, यो यसरी गर्ने, यो त्यसरी गर्ने भनी सिकाई अराई आफूले पनि सकेको जति काम गरी दान दिने र भोजन तयार गर्ने काममा लागिन्। भोजन दानपछि अन्य वस्तु दान कार्यमा लागिन्।

एकदिन लोग्नेचाहिँले सोचे 'भोलि पवारण पूर्णिमा हो। उत्तराको दान कार्य पनि भोलि त सिद्धिन्छ। त्यस मूर्ख आइमाईले के के गरी बसेकी होली, हेर्नुपर्‍यो।' यसरी विचार गरी झ्यालमा बसी हेरिरह्यो।



प्रत्येक दिन उत्तराले मुखमण्डल प्रफुल्ल पारी आवश्यक प्रवन्ध गर्न व्यस्त भइरहेकी थिइन्। भान्छामा पनि हेर्नजाने र सहयोग पनि गर्ने भएकीले टाउकोमा खरानी लागी फुस्रो देखिएकी थिइन्। मुखमा र नाकमा पनि कालो लागेको थियो।

झ्यालमा बसी हेरिरहेको लोग्नेचाहिँले उत्तराको मुख र नाकमा कालो लाग्ने गरी चलिरहेको देखेर मनमनै भने – 'यो कस्ती मूर्ख आइमाई रहिछ। आनन्दसाथ ताथमा बसी महा सम्पतिको सुखानुभव गरेर बसेपुग्ने आइमाई, हेर , श्रमणहरूको लागि दासीझैं दुःख गरिरहेकी ?' यो कुरा सोचेर उनलाई हाँसो आयो।

ऊ हाँसेको नजिकै उभिरहेकी सिरिमाले देखिन्। तिनले ऊ किन हाँसेको होला भनी तलतिर हेर्दा उत्तरालाई देखिन्। तिनले मनमा सोचिन् 'ए, यो त उत्तरालाई देखेर हाँसेको पो रहेछ। यसको उत्तरासँग बढी प्रेम रहेछ। म १५ दिनको लागि मात्र आएकी हुँ।' तिनले त्यहाँ भएको सुख ऐश्वर्यलाई आफ्नै ठानिन् अनि आफू ज्यामी भएर काम गरिरहेकी भन्ने कुरा तिनले बिर्सिन्। म त यस घरकी मालिकनी हुँ भन्ने सम्झी ईर्ष्यावश उत्तरालाई मार्ने उद्देश्यले द्रुतगतिले तल झरी भोजनशालामा पुगिन्। सिरिमाले भकभक उम्लेको एक डाडु घ्यू लिई उत्तरालाई खन्याउन भनी दौडिन्। उत्तराले तिनलाई त्यसरी आफूतिर दौड्दै आइरहेकी देखिन्। तिनले सोचिन् 'यी मेरी सखी हुन्। यसैको मद्दतले आज मैले यतिका पुण्यकर्म गर्न पाएँ, धर्म कथा सुन्न पाएँ। यिनको गुण धेरै छ। राख्ने ठाउँ खोजियो भने चक्रवाल नै सानो प्रतीत हुन्छ। ब्रम्हलोक पनि सानो हुन्छ। त्यसैले मैले सिरिमाउपर क्रोध गर्नुहुँदैन। यदि ममा योउपर क्रोध भएमा यसले खन्याएको घ्यूले मलाई पोलोस् र क्रोध



Downloaded from http://dhamma.digital/

नभएमा नपोलोस् ।' यति सोची मैत्री चित्तसहित भएर बसिन् ।

सिरिमाले तातो घ्यू उत्तराको टाउकोमा खन्याइदिइन् । तर घ्यूले उत्तरालाई कति पनि पोलेन केवल शित्तल मात्र भयो ।

सिरिमाले यो घ्यू त्यति तातो रहेनछ भनी डाडु लिई अर्को घ्यू लिन गइन् । उत्तराका दासीहरूले यो दृश्य देखे । उनीहरू चिच्याए – "ए, दुष्टा ! यो के गर्न लागेकी ? हाम्रा मालिकनीले तिमीलाई त्यस्तो के गरेको छ र तातो घ्यूले पोलाउनलाई ?" यति भनी सबैले सिरिमाको हात समाती, कम्मर समाती, कपाल लुछी लछारपछार गरे ।

उत्तराले यो दृश्य देखिन् । तिनी चिच्याइन् – "ए, तिमीहरूले मेरी सखीलाई के गर्दैछौ ? किन सास्ति गर्दैछौ ? नगर, खै !" उत्तराले रोक्न आए पनि सास्ति गर्न छाडेनन् । बल्ल बल्ल सबैलाई पन्छाई सिरिमालाई अंकमाल गरी उठाइन् । तिनले भनिन् – "सखी ! तिमीले मप्रति त्यस्तो व्यवहार किन गरेकी ? तिमीलाई के भयो ?" उत्तराले सिरिमालाई तातो पानीले नुहाइदिई सुगन्धित तेलले दलिदिइन् ।

उत्तराको क्षमाशीलता देखेर सिरिमाले सोचिन् ' मैले नचाहिने काम गरिछु । यिनको लोग्ने हाँस्नेवित्तिकै ममा कस्तो कुमति भित्रिएको ! कसरी तातो घ्यूले खन्याउने आँट ममा आएको होला ? तिनका दासीहरू आई मलाई सास्ति गर्न आउँदा पनि उनीहरूलाई हटाइदिइन् । यस्ती शुद्धचित्त भएकी उत्तरासँग मैले क्षमा याचना गरिन भने मेरो टाउको सात टुक्रा भई फुट्ने छ ।' यसरी सिरिमाले आफ्नो वैमनस्यभावलाई दृष्टिगत गरी आफूले आफैलाई धिक्कारी उत्तराको क्षमाशीलतालाई स्वीकारिन् र उत्तरासँग क्षमा याचना



गरिन् ।

**उत्तराले भनिन्** – "सिरिमा ! तिमीले क्षमा माग्छौ भने मेरो बुबासँग माग । बुबाले क्षमा दिनुभयो भने मैले पनि क्षमा दिनेछु ।"

**सिरिमा** – "आर्या ! तपाईंको बुबा पूर्ण हुनुहुन्छ । उहाँबाट क्षमादान हुन्छ । पहिले तपाईंले क्षमा गर्नुहोस् ।"

**उत्तरा** – "सिरिमा ! पूर्ण मेरी वट्टजनक (सांसारिक बुबा) हुनुहुन्छ । अर्का विवट्टजनक (लोकुत्तर बुबा) पनि हुनुहुन्छ । उहाँले क्षमा गर्नुभयो भने म पनि क्षमा गर्दछु । "

**सिरिमा** – "तपाईंको विवट्टजनक को हुनुहुन्छ ?"

**उत्तरा** – "उहाँ सम्यकसम्बुद्ध हुनुहुन्छ । "

**सिरिमा** – "म उहाँलाई चिन्दिन ।"

**उत्तरा** – "म तिमीलाई चिनाइदिन्छु । भोलि उहाँ भिक्षुसंघसहित भोजनको लागि यहीँ घरमा आउनुहुन्छ । तिमीमा श्रद्धा छ भने तिम्रो इच्छामुताविक दान दिने र सत्कार गर्ने वस्तु लिई यहाँ आऊ ।"

सिरिमा घर गइन् । आफ्ना पाँचसय साथीहरू बटुली नाना प्रकारका खाद्य भोज्य पदार्थ लिई भोलिपल्ट उत्तराको घर गइन् । तर आफूले लिई आएका चीज वस्तुहरू दान दिन हिच्किचाइरहिन् । अनि उत्तराले ती दान दिन ल्याइएका वस्तुहरूलाई लिई तथागतप्रमुख सबै भिक्षुसंघको पात्रमा राखी दान गरिदिइन् । तथागत र भिक्षुसंघले भोजन गरिसिध्याएपछि सिरिमा आफ्नी सखीहरूसहित तथागतको चरणमा घोप्टो परी क्षमा मागिन् ।



Downloaded from http://dhamma.digital/

**शास्ताले सोध्नुभयो** – "सिरिमा ! तिमीले के अपराध गऱ्यौ र क्षमा माग्यौ ?"

**सिरिमा** – "भन्ते ! हिजो मैले उत्तरालाई मार्ने उद्देश्य राखी तातो घ्यू तिनको टाउकोका खन्याइदिएँ । यो देखेर उत्तराका दासीहरूले आई मलाई लछारपछार गर्न आए । उत्तराले उनीहरूलाई रोकी मेरो मात्र गुण स्मरण गरिरहिन् । उत्तराको क्षमाशीलता देखेर म लज्जित भएँ । तिनमाथि मैले अपराध गर्न भ्याएकोमा म क्षमाप्रार्थी भएँ। उत्तराले भनिन् कि तथागतले क्षमा दिनुभएमा मैले पनि क्षमा दिनेछु। त्यसैले तथागतसँग क्षमायाचना गरेकी हुँ ।"

**भगवान** – "उत्तरा ! के तिमीले त्यसो भनेकी हौ ?"

**उत्तरा** – "हो, भन्ते ! "

**भगवान** – "उत्तरा ! त्यसबेला तिमीले मनमा के राखी त्यसो भनेकी थियौ ?"

**उत्तरा** – "भन्ते ! मैले यो सखीको गुण राख्ने स्थान खोज्दै गएँ भने चक्रवाल पनि सानो हुन्छ। ब्रम्हलोक पनि सानो हुन्छ । यिनले मद्दत गरेकी हुनाले नै आज मैले यो पुण्य साधना गर्ने मौका पाएकी हुँ । यही मैले मनमा गुनिराखें । अनि यो पनि मनमा धारण गरें कि यस सखीप्रति मैले द्वेष गरेकी रहिछु भने त्यो खन्याइएको घ्यूले मलाई पोलोस्, यदि द्वेष नभएमा नपोलोस् ।"

शास्ताले साधु ! साधु !! उत्तरा, तिमीले राम्रो कुरा मनमा



धारण गऱ्यौ । यसैगरी नराम्रा जतिलाई राम्रो पारी नराम्रोलाई जित्नुपर्छ र मिल्काउनुपर्छ भन्नुभयो अनि यो गाथा आज्ञा गर्नुभयो –

**'अकोधेन जिने कोधं**
**असाधुं साधुना जिने ।**
**जिने कदरिय दानेन**
**सच्चेन अलिकवादिनन्ति ।।'**

अर्थात् –

अकोधले (मैत्रीले) कोधलाई जित्नुपर्छ। नराम्रो गर्नेलाई राम्रो काम गरी जित्नुपर्छ। लोभीलाई दानद्वारा जित्नुपर्छ। झूठो बोल्नेलाई सत्य बोली जित्नुपर्छ।

तथागतको यस धर्म देशना सुनेर सिरिमासहित तिनका पाँचसय साथीहरू पनि स्रोतापन्न भए। यो धर्मवाणी उपस्थित श्रोता सबैलाई सार्थक सिद्ध भयो।

अस्तु !

भवतु सब्ब मंगलं ।

**(प्रस्तुत कथा भिक्षु विवेकानन्दद्वारा नेवारीमा रचित कृति हो र यसलाई नेपालीमा अनुवाद र सम्पादन गरिदिएको छ ।)**

**– अनुवादक)**



Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १०

# मृगार-माता विशाखा

उपासकहरूमा अनाथपिण्डिक महाजनले १८ करोड असर्फी ओछ्याई जेतकुमारको बगैंचा किनी जम्मा ५४ करोड धन खर्च गरी जेतवन महाविहार बनाइदिएझैं विशाखा महोपासिकाले पनि आफ्नो 'महालता-प्रसाधन' नामक आभूषण कोही केता नभेट्टिएकाले आफैले ९ करोड मोल तिरी किनी जम्मा २७ करोड धन खर्च गरी पूर्वाराम विहार निर्माण गरिदिएकी थिइन् ।

## बुद्धसँग भेट

मगध राज्यका पाँचजना अमृतभोगी कुवेरपतिहरूमध्ये मेण्डक महाजन सबैभन्दा श्रेष्ठ मानिन्थे । विशाखाकी पिता धनञ्जय थियो र माता सुमनादेवी थिई । धनञ्जय मेण्डकका जेठा छोरा थिए । सेलादि ब्राम्हणहरूलाई बोध गर्न बुद्ध अङ्गदेशको भद्दवती नगरमा आउनुहुँदा विशाखा मात्र सात वर्षकी थिई ।

मेण्डक सेंठले बुद्धको स्वागतार्थ विशाखालाई आफ्ना पाँचसय सखीहरूका साथ पठाए । विशाखाले बुद्धलाई अत्यन्त आदर भावका साथ स्वागत सत्कार गरिन् । पूर्वजन्महरूमा धर्मानुकूल सुशिक्षित ज्ञान आर्जन गरेकीले बुद्धले दिनुभएको उपदेश तिनलाई अति



कल्याणकारी सावित भयो । आफ्ना सखीहरूसहित तिनी जीवनभर मिथ्यादृष्टि, विचिकित्सा र शीलव्रत परामासाबाट पुनः वशीभूत हुन नसक्ने गरी धर्ममा समाहित भइन् । ती सबै स्रोतापन्न भए ।

कोशल राजा प्रसेनजीतको एकजना अमृतभोगी कुवेरपति पठाइदिने अनुरोध स्वीकार गर्दै मगधका राजा बिम्बीसारले धनञ्जय सेंठलाई कोशल राज्यमा पठाएदिए । राजा प्रसेनजीतले धनञ्जयका लागि श्रावस्तीको ६ योजन पर एउटा नगर बसालिदिए । त्यस नगरलाई 'साकेत' भन्ने नामाकरण गरियो ।

## मृगार-कुल

श्रावस्तीमा मृगार भन्ने सेंठ बस्दथे । उनको छोराको नाउँ पूर्णवर्द्धन थियो । उमेर पुगेपछि पूर्णवर्द्धनको विवाहको कुरा चल्यो । पूर्णवर्द्धनले अरू कन्यासँग विवाह नगर्ने तर पाँच कल्याणले पूर्ण भएकी कोही कन्या छ भने तिनीसँग मात्र विवाह गर्ने मनसाय व्यक्त गरे । पाँच कल्याण भनेका यी हुन् –

**(१) केश कल्याण = सुन्दर, कालो र घुँघरिएको केश हुनु ।**

**(२) मंस कल्याण = मासुको वर्ण राम्रो, कस्सिएको र मिलेको हुनु ।**

**(३) अस्ति कल्याण = सेता टम्म मिलेका दाँत हुनु ।**

**(४) छवि कल्याण = बिम्बफलझैं वा पुष्पवर्णझैं कोमल मुहार हुनु ।**

**(५) वयस कल्याण = धेरै बचचाकी आमा भए पनि बूढी नदेखिनु ।**



Downloaded from http://dhamma.digital/

यी पाँच कल्याणले युक्त कन्या खोज्न मृगार सेंठले ८ जना ब्राम्हणहरूलाई पठाए । साकेत नगर आइपुग्दा तिनीहरूले टाढैबाट ५०० सखीहरूका साथ विशाखालाई विभिन्न अलंकारले अलंकृत भई आइरहेकी देखे । ती ब्राम्हाणहरूले तिनलाई नै पाँच कल्याण लक्षणयुक्त भएकी भन्ने सोचे । तिनीहरूले विशाखालाई अनेक तर्कयुक्त प्रश्न गरी लाक्षणिक परीक्षा गरे । जवाफमा विशाखाले पनि तर्कयुक्त जवाफ दिई ब्राम्हण्हरूको जिज्ञासा शान्त गरिदिइन् । ती प्रश्नहरूमध्ये एउटा प्रश्न – किन नदौडेकी भनी सोद्धा तिनले चार किसिमका मानिस दौडेको राम्रो देखिंदैन भनी उत्तर दिइन् । कुन कुन चार भन्ने प्रश्नको उत्तरमा तिनले भनिन् –

**(१) राजषी पोशाकमा राजा दौडेको राम्रो हुँदैन ।**

**(२) राजाको अलंकृत हात्ती दौडेको राम्रो हुँदैन ।**

**(३) प्रव्रजित श्रमण दौडेको राम्रो हुँदैन ।**

**(४) नारी जाति दौडेको राम्रो हुँदैन ।**

यसबाट तिनीहरूले विशाखा बुद्धिमती कन्या रहिछन् भन्ने बुझे । तिनमा पाँच कल्याण लक्षणहरू पनि देखे अनि धनञ्जय सेंठकहाँ गई विशाखालाई मागे । धनञ्जय सेंठले पनि त्यस प्रस्तावलाई सहर्ष स्वीकार गरे ।

पाँच कल्याण गुण सम्पन्न कन्या भेट्टियो भन्ने कुरा सुनेर मृगार सेंठ खुसी भए । विवाहको प्रवन्ध मिलाइयो । मृगारले राजा प्रसेनजीतलाई पनि विवाहमा सामेल हुन बिन्ती चढाए । राजाले पनि यसलाई स्वीकार गरे ।



## जन्तीलाई स्वागत

धनञ्जय सेंठले प्रसेनजीत राजासहित जन्तीमा आएका लावालस्करलाई आराम सुविस्ताको उचित प्रवन्ध गरे । कसैले पनि केही भन्न नपाउने गरी जस जसलाई जस्तो जस्तो चाहिने हो त्यस त्यसलाई त्यसरी नै खाने, बस्ने, डुल्न र मनोरञ्जन गर्न स्थानादिको प्रवन्ध मिलाएका थिए ।

धनञ्जय सेंठले छोरी विशाखाको लागि 'महालता-प्रसाधन' भन्ने गहना बनाउन लगाए । पाहुनाहरूको लागि भनी दिनदिनै मंगलोत्सवको आयोजन गरे । चार महिनासम्म यसरी पाहुनाहरूको सत्कार गरे । त्यतिखेर 'महालता-प्रसाधन' गहना पनि तयार भयो ।

## 'महालता-प्रसाधन'

'महालता-प्रसाधन' एक विशिष्ट प्रकारको आभूषण थियो । यसमा धागोको प्रयोग कत्ति पनि भएको थिएन । उनिनुपर्ने कुराहरू चाँदीकै धागोमा उनिएका थिए । यो गहना शरीरभरि फिंजिई तलसम्म झरेको हुन्थ्यो । उक्त आभूषण सुवर्णमय भएर मुगा र रत्नजडित थियो ।

त्यो गहना टाउकोमा एउटा, कानमा दुईटा र घाँटीमा दायाँ बायाँ दुवैतिर समानुपातिक ढंगले झुण्डिने गरी बनाइएको थियो । जहाँ जहाँ चाहिने हो त्यहाँ त्यहाँ हीरा जडिएका थिए । बुट्टाहरू मयूरको प्वाँखजस्तै देखिन्थे । ती बुट्टाहरू मयूरहरूझैं प्रतीत हुन्थ्यो । त्यस आभूषण बनाउन ९ करोड रूपियाँ लागेको थियो ।



Downloaded from http://dhamma.digital/

त्यस आभूषणमा ४ माला हीरा, १२ माला मुगा र ३३ माला मणी-माणिकादि जडिएका थिए । त्यस आभूषण सप्तरत्नले भरिभराउ र झकिझकाउ पारिएको थियो ।

## दस उपदेश

भोलिपल्टै धनञ्जय सेंठले छोरी विशाखालाई कन्यादान गरी दिइपठाउने तयारी गरे । सेंठले विशाखालाई पतिकुलमा गएर सुखपूर्वक रहन के के ज्ञान आफूसित हुनुपर्छ भन्नेबारे दस उपदेश दिए । उनले भने – "विशाखा, यी दस नियमलाई पालन गरेमा निर्दोषी भई सुखसाथ पतिकुलमा बस्न सक्छौ ।" ती दस नियमहरू यिनै हुन् –

(१) भित्रको आगो बाहिर नलानू ।
(२) बाहिरको आगो भित्र नल्याउनू ।
(३) दिनेलाई मात्र दिनू ।
(४) नदिनेलाई नदिनू ।
(५) दिने र नदिने दुवैलाई दिनू ।
(६) राम्ररी बस्न जान्नू ।
(७) राम्ररी खान जान्नू ।
(८) सुखपूर्वक निदाउनू ।
(९) आगोको बीचमा छु भनी जान्नू ।
(१०) कुल देवतालाई सेवा सत्कार र वन्दना गर्नू ।

यी उपदेश दिएपछि धनञ्जय सेंठले छोरीको दोषादोष बुझ्न आठ जना कुटुम्बीहरूको एक टोली पनि नियुक्त गरे । कुल



५४ सय गाडामा दाइजो भरेर छोरी विशाखालाई डोली चढाई बिदा गरे । मृगार सेंठसहित जन्तीमा आएका सबैलाई हर्षित तुल्याई बिदा दिए ।

## दिइएको दाइजो

चार महिना लगाएर तयार पारिएको नौ करोड पर्ने 'महालता-प्रसाधन' गहनाले सुसज्जित गराई ४५० गाडामा धन, घोंडाले तान्ने ५०० रथ, सुन चाँदी र तामाका भाँडाहरू, अनेक प्रकारका वस्त्रले भरिएका ५००/५०० गाडा, खेती गर्न हलो कुतो कोदालो र अन्य औजारहरू ५०० गाडा गरी जम्मा ५४ करोड मूल्य बराबरको दाइजो दिइपठाएका थिए ।

विशाखाको सेवा टहल गर्न प्रत्येक रथमा ३/३ जना दासीसहित ५०० रथ पनि साथै पठाइदिएका थिए ।

दूधको लागि गाई र गाडा तान्ने कामका लागि गोरू पनि दिइपठाएका थिए । तिनीहरूको संख्या यति नै भन्न सकिंदैनथ्यो ।

## श्रावस्तीमा विशाखाको स्वागत

विशाखा पालकीमा नबसी रथमा उभिएर श्रावस्ती नगरमा प्रवेश गरिन् । यसको कारण 'महालता-प्रसाधन' आभूषणको प्रदर्शन गर्नु पनि थियो । पालकीमा बसेर जाँदा आभूषण कसैले नदेख्ने र आफूले पनि केही नदेख्ने भएर पनि तिनी खुला रथमा उठेरै नगर प्रवेश गरेकी थिइन् ।

विशाखाको रूप र सम्पतिको तारिफ श्रावस्तीबासीहरूले



Downloaded from http://dhamma.digital/

मुक्तकण्ठले गरे । तिनीहरूले विशाखालाई आआफ्नो गच्छेअनुसारको उपहार पनि चढाए । विशाखाले ती उपहारमा आफ्ना अन्य केही उपहारहरू पनि थपी फलाना फलानालाई देऊ भनी श्रावस्तीबासीहरूलाई नै बाँड्न लगाइन् ।

## मृगार कुलमा मंगलोत्सव

विशाखालाई दुलहीको रूपमा भित्र्याएपछि एक हप्तासम्म मृगार कुलमा मंगलोत्सव मनाइयो । आफ्नै घर नजिकै विहार गरिरहनुभएका बुद्धलाई मृगार सेंठले सातौं दिनमा पनि भोजनमा निमन्त्रणा गरेनन् । अचेलक साधुहरूलाई मात्र भोजन गराए । मृगार सेंठले ती साधुहरूलाई अरहन्तको संज्ञा दिई वन्दना गर्न आऊ भनी विशाखालाई बोलाउन पठाए ।

## विशाखाको विश्वास विपरितको कुल

'अरहन्त' भन्ने सुन्नासाथ विशाखा हत्त न पत्त आइन् तर त्यहाँ नाङ्गा साधुहरूलाई मात्र देखिन् । यी पनि के का अरहन्त हुन्थे भनी वन्दना सन्दना केही नगरी फनक्क फर्केर गइन् ।

त्यसबेला धार्मिक स्वतन्त्रता भएको कारणले गर्दा ससुराले जे जस्तो धर्म माने पनि त्यो धर्म बुहारीले मान्नैपर्छ भन्ने थिएन । विशाखा फन्किएर गएको देखेर अपमान भएको ठानी ती साधुहरू रिसाए । तर त्यतिखेर मृगार सेंठले उनीहरूलाई ठामठुम पारी पठाए ।

एकदिन मृगार सेंठ उच्च आसनमा बसेर सुनको थालीमा



ताजा क्षीर भोजन गरिरहेका थिए । विशाखाले ससुराज्यूलाई पङ्खा हम्किरहेकी थिइन् । त्यसैबेला एक भिक्षु पिण्डाचार गर्दै त्यहाँ आइपुगे । मृगार सेंठले भिक्षुलाई देखे पनि नदेखेझैँ गरे । ससुराले भिक्षा नदिने भएको बुझेर विशाखाले भिक्षुलाई भनिन् – "भन्ते, जानुहोस् । ससुराज्यूले पुरानो बासी खाना खाइरहनुभएको छ ।"

ताजा खानालाई बासी खाना खाइरहेको भनेको सुनी मृगार सेंठ रिसाए । उनले विशाखालाई घरबाट निकालिदिन अराए । दोषादोष छुट्याउन नियुक्त गएिका आठ कुटुम्बीहरूले ताजा खानालाई किन बासी खाइरहेको भनेकी भनेर पुर्पक्षको लागि सोधे । विशाखाले भनिन् – "ससुराज्यूले पुरानो बासी खाना खाइरहेको छ भनेकी हुँ तर यसको अर्थ बेग्लै छ । घरको सँघारमा उभिरहेको भिक्षुलाई वास्तै नगरी दान नदिने नियत राखी आफूले मात्र भोजन गरिरहनुभएकोले हाम्रो ससुराज्यूले पुरानो खाना खाइरहेको छ, जानुहोस् भनेकी हुँ । यसको अर्थ ससुराज्यूले यस जन्ममा पुण्य गर्नुभएको छैन, केवल पहिलेको कर्मको फल मात्र भोग गरिरहनुभएको छ भन्ने मेरो खास तात्पर्य हो ।"

विशाखाको कुरा सुनेर ती कुटुम्बीहरूले यो विशाखाको दोष होइन, एउटा दृष्टान्त दिएकी मात्र हुन् । यो सत्य कुरा पनि हो भनी ती कुटुम्बीहरूले आफ्नो राय दिए । यसमा मृगार सेंठ नाजवाफ भए । कुटुम्बीहरूको रायलाई सकारे ।

## विशाखालाई 'मृगार-माता'को संज्ञा

कुटुम्बीहरूले पुर्पक्ष गरी विशाखा निर्दोषी भएको प्रमाणित



Downloaded from http://dhamma.digital/

गरी देखाएपछि विशाखालाई अनेक प्रकारले दोषी ठहऱ्याई घरबाट निकाला गर्ने मृगार सेंठको विचार विफल भयो। विशाखाले पनि आफू निर्दोष सावित भएपछि त्यस घरमा नबस्ने निधो गरिन्। तर मृगार सेंठले ती कुटुम्बीहरूको अगाडि विशाखालाई भने – "बुहारी, मैले जानी नजानी तिमीलाई दोष लगाएँ, मलाई क्षमा गर।" विशाखाले भनिन् – "म बुद्ध, धर्म र संघमा अटल विश्वास राख्ने उपासिका हुँ। तपाईं तीर्थंकर भक्त हुनुहुन्छ। भिक्षुसंघको सेवा सत्कार नगरी म बस्न सक्दिन। यो काम गर्न मलाई अनुमति छ भने मात्र म यस घरमा बस्न सक्छु, अन्यथा बस्दिन।"

यसमा मृगारले हुन्छ भनी वचन दिए। त्यसबेलादेखि विशाखाले बुद्धप्रमुख संघलाई निमन्त्रणा गरी दान दिने र भोजन गराउने कार्य गर्न थालिन्।

एकदिन भोजन सिद्धिएपछि बुद्धले धर्मोपदेश गर्नुहुँदा मृगार सेंठले पर्दा पछाडि उभिएर धर्मका कुराहरू सुनिरहेका थिए। उनलाई मिल्नेगरी बुद्धले उपदेश दिनुभयो। उपदेश सुनेर सेंठ स्रोतापति फलमा प्रतिष्ठित भए। सेंठ पर्दा बाहिर निस्केर आई बुद्धलाई वन्दना गरी छेवैमा बसेकी बुहारीलाई भने – "विशाखा, मेरी बुहारी, आजदेखि तिमी मेरी बुहारी भइनौ। आमा समान भयौ। तिमीलाई आजदेखि म आमाको स्थानमा राख्दछु। धर्म के हो भन्ने कुरा तिम्रो कारणले नै मैले राम्ररी बुझें। यसमा तिमीले मलाई एउटी आमालेझैं मद्दत गऱ्यौ।" त्यसबेलादेखि विशाखा 'मृगार-माता'को नाउँले प्रख्यात भइन्।



## आठ प्रकारको दान

एकदिन विशाखाले भगवान्लाई निवेदन गरिन् – "भन्ते शास्ता, संघलाई वर्षावासमा चीवर वस्त्र दान र नयाँ आगन्तुक भन्तेहरूलाई भोजन दान दिने र बाहिर जानेलाई गमिक भोजन दान दिने पनि इच्छा छ।" विशाखाले यसरी आठ प्रकारको दान दिने इच्छा भगवान्समक्ष व्यक्त गरिन्।

भगवान्ले के कति कारणले यी आठवटा वरको इच्छा गऱ्यौ भनी सोध्नुभएपछि विशाखाले यसरी कारण बताइन् –

(१) रूप र शोभा बढाउनुको साथै लाज बचाउन नभइ नहुने वस्तु चीवर भएकोले चीवर दान गर्ने इच्छा गरेकी हुँ।
(२) नयाँ भएकाले एक अर्कामा अपरिचित हुने अनि पिण्डाचार गर्न र दुःख कष्ट सहन गर्न कठिन हुने देखेर नवागन्तुक भिक्षुहरूलाई भोजन दान गर्ने इच्छा गरेकी हुँ।
(३) यताउति जाँदा क्लान्त भई, शारीरिक गडबडी मच्चिई पुग्नुपर्ने ठाउँमा पुग्न नसकिने, भगवान्को अनुपस्थितिमा प्रतीक्षार्थीहरूले प्रतिकूल परिणाम भोग्नुपर्ने, टाढादेखि भेट्न आउने भिक्षुले दर्शन गर्न कुर्नुपर्ने इत्यादिलाई ध्यानमा राखी आगन्तुकहरूलाई उचित समयमा उचित भोजन उपलब्ध गराइदिने इच्छाले गमिक भोजन दान गर्ने इच्छा गरेकी हुँ।
(४) रोगीहरूले उचित भोजन समयमा पाओस् भन्ने हेतुले रोगीहरूको सेवा गर्ने इच्छा गरेकी हुँ।
(५) रोगीलाई हेरचाह गर्ने वा स्याहार सुसार गर्ने उपस्थापकहरूलाई



Downloaded from http://dhamma.digital/

उचित भोजन उचित समयमा उपलब्ध भए रोगीहरूको सेवा कार्यमा गतिशीलता आउने सोचेर उपस्थापकहरूलाई भोजन दान गर्ने इच्छा गरेकी हुँ ।

(६) रोगीले समयमा औषधि नपाएमा रोगीको रोग वृद्धि हुने र मरणान्त हुने कुरालाई दृष्टिगत गरी रोगीलाई औषधि दान गर्ने इच्छा गरेकी हुँ ।

(७) नुहाउँदा नभइ नहुने जानेर भिक्षुहरूलाई शरीरमा बेर्ने लुगा वा कपडा दान गर्ने इच्छा गरेकी हुँ ।

(८) भिक्षुणीहरू ऋतुमती हुँदा फेर्ने लुगा वा कपडा नभएमा लाज बचाउन सकिँदैन जसको कारणले विनय पालनमा वाधा आउँछ त्यसैले आवश्यक वस्त्र दान गर्ने इच्छा गरेकी हुँ ।

यी कुराहरू सुनेर भगवान्ले भन्नुभयो – "साधु ! साधु !! साधु !!! विशाखा, राम्रो भन्यौ । ठीक छ, यिनै गुणलाई बुझेर नै तिमीले तथागतसँग आठ वर मागेकी रहिछौ । विशाखा, तिमीलाई यी आठ वर पालन गर्न पूर्ण अनुमति दिन्छु । "

## विशाखाका पुत्रपुत्री र सन्तानहरु

दानादि पुण्यकर्म गरी आठ वर प्राप्त गरेको लगत्तैपछि चन्द्रमा समानका छोराछोरीहरू एकपछि अर्को पाउँदै गइन् । तिनको वंश बृक्ष सामान्यतः यस्तो थियो – मेण्डक सेंठ र चन्द्रप्रभाको छोरा र बुहारी धनञ्जय सेंठ र सुमनादेवी हुन् । तिनको छोरी र ज्वाई विशाखा र पूर्णवर्द्धन हुन् ।

केही समयपछि विशाखालाई एक पुत्ररत्न प्राप्त भयो ।



बच्चाको नाम मृगारतिस्स राखियो । त्यसबेलासम्म मृगार सेंठ पनि विहारमा भगवान् बुद्धकहाँ धर्मोपदेश सुन्न जाने भइसकेको थियो ।

क्रमशः विशाखाका दुई छोरा र दुई छोरी भए । फेरि समय पाएर आफ्ना छोराछोरीको तर्फबाट दस-दस छोराछोरीहरू भए । एवं प्रकारले सन्तान बढ्दै गएर ४००० सम्म पुग्यो । विशाखाको आयु १२० वर्ष पुग्दा पनि १६ वर्षकी कन्या समान देखिन्थिन् । कपाल पनि फुलेको थिएन ।

विशाखाका केही सन्तानका नाम यिनै हुन् –

(१) मृगार कुमार (प्रथम पुत्र)

(२) मृगजाल कुमार (द्वितीय पुत्र)

(३) साल्हा

(४) दत्ता

(५) सुजाता (कान्छी) ।

## विशाखाका अन्य विशेषताहरु

छोरा छोरी, नाति, नातिनी, पनाति, पनातिनीहरू साथमा लिई विहारमा वा अन्त कतै जाँदा विशाखालाई नचिन्ने कोही थिएनन् । विशाखाको शारीरिक आकर्षण र निष्छल प्राकृतिक स्वभाव नै अद्वितीय थियो । चारै इरियापथमध्ये जुनसुकै इरियापथमा देखे पनि तिनी त्यतिकै सुन्दर र आकर्षक देखिन्थिन् ।

एकपल्ट कोशल राजा प्रसेनजीतले विशाखासँग पाँच हात्तीको बल छ भन्ने कुराको परीक्षण गर्न चाहे । विशाखा विहारबाट फर्केर आइरहँदा एउटा मत्ता हात्ती छोड्न लगाए । सबै आईमाइहरू



Downloaded from http://dhamma.digital/

डराएर यताउति भागे। तर विशाखा भागिनन्। तिनले त्यस हात्तीलाई चोर औंलाको टुप्पा सुँडमा टेकाई घचेटिदिइन्। हात्ती एकातिर हुत्तिन पुग्यो। यो देखेर तिनमा निकै बल छ भन्ने कुराको प्रमाणित भयो र सबैले विशाखाको प्रशंसा गरे।

एकदिन विहारको एक उत्सवमा 'महालता-प्रसाधन' गहना लगाएर जान उचित छैन भन्ठानी गहना उतारी रूमालमा बाँधी एक दासीलाई जिम्मा दिइन्। तर फर्केर आउँदा दासीले उक्त गहना लिएर आउन बिर्सिन्।

विशाखाले गहना माग्दा दासी झसङ्ग भइन्। त्यस गहनालाई आनन्द भन्तेले लिई भऱ्याङ्गमुनि एक ठाउँमा सुरक्षितसाथ राखिदिएका थिए। दासीले गहना लिन जानलाग्दा विशाखाले भनिन् – "यदि तिमीले राखेकै ठाउँमा भेट्टिए लिएर आउनू, अन्त कतै कसैले पन्छाइदिइसकिएको भए लिई नआउनू।" आफूले राखेको ठाउँमा नभई अन्तै राखिसकिएकोले दासीले गहना लिई आइनन्। पछि आनन्द भन्तेले सारिदिएको मात्र हुँ लिए हुन्छ भनेपछि त्यस गहना लिन त लिइन् तर लगाउनको लागि होइन।

विशाखाले उक्त गहना सुनकर्मीकहाँ बेच्न लगिन्। तर किन्ने मान्छे कोही भएनन्। अन्त्यमा ९ करोड रूपियाँ तिरी आफैले किनिन्। अनि उक्त पैसाले भिक्षुसंघको निम्ति एउटा विहार बनाइदिने निर्णय गरिन्।

विहार दुई तलाको निर्माण भयो। तल्लो तल्लामा ५०० र माथिल्लो तल्लामा ५०० कोठा थिए। जम्मा २७ करोड खर्च गरी बनाइएको त्यस महाविहार बुद्धलाई चढाइन्। उक्त २७ करोडमा



जग्गाको लागि ९ करोड, निर्माण कार्यको लागि ९ करोड र अनि दानादि उत्सवको लागि ९ करोड खर्च गरेकी थिइन्। उक्त विहारको नाम पूर्वाराम विहार राखियो।

विहार निर्माण पूरा भएपछि आयोजित महोत्सवको अन्तिम दिनमा विशाखा अत्यन्त आनन्दित भइन्। तिनमा धर्मप्रीतिको संचार भयो। आफूले गरेका पुण्यकार्यको अनुस्मरण गर्दै अत्यन्त प्रमुदित पनि भइन्।

## पूर्वजन्मको कुरा

उक्त विहारमा विहार गरिरहनुहुँदा केही भिक्षुहरूले विशाखाको पूर्वजन्मको कुरा सुन्न चाहे अनि भगवान्लाई प्रार्थना गरे। भगवान्ले भन्नुभयो –

"भिक्षुहरू ! एक सहस्र कल्प पहिले लोकमा पद्मुत्तर बुद्धको प्रादुर्भाव भयो। त्यसबेला सुनन्द भन्ने राजा र सुजातादेवी भन्ने रानीको देशवती भन्ने छोरी थिई। तिनी बुद्धका अग्र उपासिका थिइन्। आठ वर प्राप्त गरी चार प्रत्ययको दायिका भएर दिनरात अथकरूपमा दान दिइरहेकी थिइन्।

अग्रश्राविका हुन पाऊँ भन्ने विशाखाको प्रार्थना सुनेर पद्मुत्तर बुद्धले भन्नुभएको थियो – "कल्प सहस्रपछि गौत्तम बुद्धको पालामा तिमीलाई अग्रश्राविका हुने फल प्राप्त हुन्छ। तिमी त्यसबेला विशाखा महोपासिकाको नामले प्रधान अग्रश्राविका हुन सक्नेछौ।"



Downloaded from http://dhamma.digital/

## सामाजिक जीवन

विशाखा उपासिका आफ्नो कुटुम्ब तथा मित्रहरूसँग मिलेर बस्नसक्ने भद्र स्वभाव भएकी महिला थिइन् । तिनमा घमण्ड कति पनि थिएन । आफ्नो धन वा जनको बलले अरूलाई दबाउने स्वभाव तिनको थिएन । अरूप्रति दया, क्षमा, स्नेह तथा सहानुभूति राख्ने तिनी एक धीर बीर नारी थिइन् ।

एकदिनको कुरो हो । श्रावस्तीमा रक्सी खाई मनाइने एक चाडको बेला थियो । विशाखाका सखीहरू रक्सी खाने त्यस चाडमा सरिक हुन गए तर तिनी गइनन् । तिनले ती गएकालाई न त निन्दै गरिन् न त प्रशंसा नै । तिनले त्यसदिन बुद्धलाई निमन्त्रणा गरी भोजन दान दिने कार्यमा आफूलाई व्यस्त राखिन् । तिनका ५०० जना सखीहरू धर्मदेशना सुन्न विहारमा आइपुगे । तर त्यसबेलासम्म पनि तिनीहरू मादक पदार्थ सेवन गर्दै थिए । तिनीहरू होहल्ला गर्दै थिए । ती चूप लागेर बस्नै सकेका थिएनन् । हात खुट्टा पनि जथाभावी चलाइरहेका थिए । कोही गीत गाउँदै थिए । कोही झगडा गर्दै थिए । यस्तो विचित्रता देखेर भगवान्ले उनीहरूलाई सचेत पार्न, विरक्ति भाव जगाइदिन रश्मि मधुरो पार्नुभयो । त्यहाँ एक प्रकारले अन्धकारजस्तै छायो । सबैको होस फिऱ्यो । भगवान त्यहाँबाट अन्तर्ध्यान हुनुभयो र सबैले सुन्नेगरी यो गाथा आज्ञा गर्नुभयो –

**'कोनु हासो किमानन्दो, निच्चं पज्जलिते सति ।**
**अन्धकारेन ओनद्धा, पदीपं न गवेस्सथा'ति ।।'**



अर्थात् –

जहिले पनि अग्नि (राग द्वेष) को राप र ताप भएको ठाउँमा बसी के हाँस्ने, के आनन्द लिने ? अन्धकारमा (अज्ञानतामा) रूमल्लिएर पनि तिमीहरूले किन बत्ती (प्रज्ञा) नबालेका (नखोजेका ?

यो गाथा सुनेर ती स्त्रीहरूको मनमा ज्ञानको रश्मि छिऱ्यो अनि उनीहरू सचेत र सजग भए अनि कालान्तरमा उनीहरू स्रोतापति फलमा प्रतिष्ठित भए ।

श्रावस्तीबासीहरूले भिक्षुसंघलाई दान दिन परेमा वा भोजन गराउन परेमा पहिले विशाखा वा अनाथपिण्डिकको स्वीकृति लिनुपर्दथ्यो । फेरि दान कार्यमा विशाखा वा अनाथपिण्डिकको उपस्थिति रहेन भने जतिसुकै खर्च गरिए तापनि लोकजनहरूले प्रशंसा गर्दैनथे । यसको अर्को प्रमुख कारणचाहिँ ती दुईप्रति भिक्षुसंघको ठूलो विश्वास थियो ।

उनीहरू संघको आवश्यकता र भिक्षुहरूको मनोभाव बुझी भोजनको तरिका मिलाई खुवाउन जान्दथे । घरमा भोजन दानको काम पर्दा आफै लाग्नुपरेका बेला विशाखाले दत्ता नाम गरेकी नातिनीलाई र अनाथपिण्डिकले महासुभद्रा नाम गरेकी छोरीलाई घरबाहिर अरूहरूको निमित्त भिक्षुसंघको सेवा कार्य गरिदिने काम सुम्पेका थिए ।

## विशाखाको न्यायप्रियता

एकपल्ट देवदत्तको आश्रयमा रहेकी कुमार काश्यप माता गर्भवती थिइन् । देवदत्तले तिनको चीवर उतार्न उद्यत भए । उक्त



Downloaded from http://dhamma.digital/

भिक्षुणी बुद्धको शरणमा गइन् । बुद्धले सत्य के हो बुझ्न विशाखाको प्रमुख परीक्षकत्वमा एउटा समिति बनाइदिनुभयो ।

समितिअन्तर्गत रही छानवीन गरी विशाखाले भगवान् बुद्धसमक्ष आफ्नो निर्णयसहितको राय दिइन् । तिनले भनिन् कि कुमार काश्यप माता भिक्षुणी हुनु अगावै गर्भधारण गरिसकेकी थिइन् ।

एकदिन आफ्ना नाता कुटुम्बबाट मणी मुक्तादि रत्न नगरद्वारे भंसारमा काम गर्नेहरूले अन्यायपूर्वक खोसेका थिए । राजालाई यसबारे जाहेर गर्न भेट्न खोज्दा भेट्न नसकी अन्त्यमा कर्मचारीहरूले भनेजति भंसार तिर्नुपरेको थियो । यसबाट विशाखाको चित्त दुख्यो । संसारमा आफूले भनेजस्तो हुँदो रहेनछ – 'सब्ब परवसं दुक्खं' अर्थात् पराधिनता नै दुःख रहेछ भन्ने ज्ञान तिनलाई भयो । पछि तिनले बुद्धकहाँ गई यसबारे चर्चा गरिन् ।

## जति प्रेम त्यति नै दुःख

एक समय भगवान् बुद्ध श्रावस्तीमा मृगार-माता विशाखाले निर्माण गरेको पूर्वाराम प्रासादमा विहार गरिरहनुभएको बेला विशाखाको अति प्रिय नातिको परलोक भयो । त्यसबेला विह्वल भएकी विशाखालाई सम्झाउने क्रममा भगवान् बुद्धले भन्नुभयो – "विशाखा जसलाई १०० सन्तान मनपर्छ, उसलाई १०० वटै दुःख आउँछ । ९० सन्तान मनपर्नेलाई ९० वटा नै दुःख आउँछ । यस्तै प्रकारले जसलाई जति प्रेम हुन्छ, त्यसलाई त्यति नै दुःख आउँछ । जसलाई कसैप्रति पनि कत्ति पनि प्रेम छैन, त्यसलाई त्यसबाट आउने दुःख



पनि हुँदैन । शोक गर्न पनि पर्दैन । ऊ शोक सन्तापबाट सर्वथा मुक्त हुन्छ ।

## स्त्रीहरुको इहलोक र परलोक विजय

फेरि एक समय भगवान् बुद्ध श्रावस्तीको पूर्वाराम प्रासादमा विहार गरिरहनुहुँदा एकपल्ट विशाखा भगवान्को दर्शन गर्न गइन् । बुद्धलाई वन्दना गरी एक कुनामा बसिन् । भगवान्ले तिनलाई उपदेश गर्नुभयो – "विशाखा ! चार गुण धर्म छन् जसलाई धारण गर्नाले स्त्रीहरूले इहलौकिक विजय प्राप्त गर्न सफल हुन्छन् । ती चार हुन् –

**१) कामकुरोमा राम्रो ज्ञान हुनु । व्यवहार कुशल हुनु ।**

**२) अरुलाई संग्रह गर्नसक्ने हुनु । अरुबाट काम लिन सक्नु ।**

**३) पतिप्रति राम्रो व्यवहार गर्न सक्ने हुनु ।**

**४) प्राप्त धनलाई सुरक्षा गर्न सक्ने गुण हुनु ।**

यी चार गुण धर्मसहित भएका स्त्रीहरू यस लोकमा विजय प्राप्त गरी जीवन सफल बनाउँछन् ।

फेरि बुद्धले थप्नुभयो –"विशाखा ! फेरि यी चार गुणसम्पन्न स्त्रीहरू पारलौकिक विजय प्राप्त गर्दछन् । ती चार हुन् –

**१) श्रद्धा-सम्पन्न हुनु ।**

**२) शील-सम्पन्न हुनु ।**

**३) त्याग-सम्पन्न हुनु ।**

**४) प्रज्ञा-सम्पन्न हुनु ।**



Downloaded from http://dhamma.digital/

यी चार गुण धर्म स्वभाव सम्पन्न स्त्रीहरू पारलौकिक विजयी भई सफल जीवन बिताउँछन् ।

## विशाखालाई शोक

सबै स्त्रीजातिलाई आफ्नो सन्तान प्यारो हुन्छ । त्यस्तै विशाखालाई पनि सन्तानप्रतिको मोह थियो । एकदिन तिनकी नातिनी दत्ताको अचानक मृत्यु भयो । यसबाट तिनी साह्रै मर्माहत भइन् र बुद्धकहाँ गई व्यथा पोखिन् । 'दत्ता' साह्रै कार्यकुशल थिइन् । दत्तालाई नै तिनले भिक्षुसंघ भोजनको लागि घर आउँदा वा अरूका निम्ति बाहिर गई संघ भोजन कार्यमा सघाउने र सेवा टहल गर्ने सम्पूर्ण अभिभारा सुम्पिदिएकी थिइन् । भगवान् बुद्धले विशाखालाई सान्त्वना दिने उद्देश्यले यो गाथाद्वारा उपदेश दिनुभयो –

**'पेमतो जायते सोको, पेमतो जायते भयं ।**
**पेमतो विप्पमुत्तस्स, नत्थिसोको कुतो भयं ।।'**

अर्थात् –

प्रेमले शोक उत्पन्न हुन्छ । प्रेमले गर्दा नै भय आइलाग्छ । प्रेमले विमुक्त व्यक्तिलाई शोक हुँदैन, भय पनि हुँदैन ।

## विशाखाको अन्तिम घडी

बाल्यकालदेखि जीवनपर्यन्त विशाखाले अनेक प्रकारले समाज सेवा गरिन् । अनेक धर्म कर्म र दानादि कुशल कार्य सम्पन्न गरिन् । भगवान् बुद्धको परिनिर्वाणपछि १२० वर्षको उमेरमा विशाखाको



परलोक भयो । विमानवत्थु अर्थकथामा समुल्लेख भएअनुसार तिनी निर्माणरति देवलोकमा उत्पन्न भइन् ।

विशाखा महोपासिका देहान्त भएको २५०० वर्ष भइसके तापनि तिनको आदर्शमय जीवनको यशकीर्ति बुद्धशासन छउन्जेल अमर रहने छ । तिनी कुशलकामी मानवहरूका लागि प्रेरणाको स्रोत भएकीले तिनको आदर्श–स्वरूप अद्यपि जीवितै रहेको छ र पछिसम्म पनि रहिरहने छ ।

अस्तु !
भवतु सब्ब मंगलं ।

**(भिक्षु प्रज्ञारश्मिद्वारा नेवारीमा लिखित पुस्तकलाई नेपालीमा अनुवाद र सम्पादन गरिदिएको हुँ ।)**
**– अनुवादक)**



Dhamma.Digital
Downloaded from http://dhamma.digital/

# ११

# नगरशोभिनी अम्बपाली

(पाठकवर्गमा रूचि बढाइदिने, जिज्ञासा शान्त गरिदिने र कथारूप दिने उद्देश्यले र अम्बपालीको बारेमा केही थप परिचय मिल्ने देखेर यस अनुवादको प्रारम्भमा संक्षेपमा प्राक्कथन एक पृष्ठ थपिदिएको छु । यसबाट पाठकवर्गहरूलाई कुनै अप्ठेरो पर्न जाने छैन, रूचिपूर्ण नै हुनेछ भन्ने मनसाय पनि रहेको छ ।) – अनुवादक

## प्राक्कथन

अम्वपाली पूर्वजन्ममा सिखी बुद्धको पालामा प्रवजित भएकी शीलवती भिक्षुणी थिइन् । एकदिन एउटी अरहन्त भिक्षुणीलाई सिंगान यताउती फ्याँकेकीमा तिनले घृणाका केही शब्दहरू ओकेलेकी हुनाले तिनी ओपपातिक जन्ममा परी बैशाली नगरको उद्यानमा एउटा आँपको फेदमा अकस्मात उत्पन्न हुन पुगिन् । एउटा बगैंचेले तिनलाई भेट्टाएर घरमा ल्याएर पाले । आँपको रूखको फेदमा उत्पन्न भएकीले तिनको नाम 'अम्वपाली' राखे । तिनी साह्रै रूपवती नारीमा विकसित भइन् । तिनको सुन्दरताकै कारणले बैशालीका लिच्छवी कुमारहरू बीच झगडा हुने गर्दथ्यो । झगडा



छिनोफानो गर्ने क्रममा न्यायाधिसले 'यो नारी बैशाली नगरमा सबैको लागि होस्' भनेर तिनलाई गणिका घोषित गरिदिए ।

त्यसताका बैशाली अत्यन्त समृद्ध र सुन्दर नगर थियो । यसको चर्चा सबैतिर फैलिएको थियो । अम्बपाली पनि त्यतिकै सुन्दरी थिइन् । तिनी बैशालीकै शोभा बनेकी थिइन् । कालान्तरमा तिनी 'नगरशोभिनी' बाट 'धर्मशोभिनी' भइन् । मगध नरेश बिम्बिसार समेत तिनीप्रति आकर्षित भई एकपल्ट छद्मभेषमा आई ५० कार्षापण तिरी अम्बपालीसँग एक रात विताएका थिए । यसको फलस्वरूप अम्बपालीले 'विमल कोण्डन्य' नामको पुत्र पाएकी थिइन् । पछि तिनै 'विमल कोण्डन्य' प्रवजित भई अर्हत पदको हकदार बने ।

## नगरशोभिनी अम्बपाली

मगधका राजा विम्बिसारको एकरातकी पत्नी जनपदकल्याणी अम्बपालीको पनि भाग्योदय भयो । तिनी पनि भगवानको सम्पर्कमा आइन् । बिम्बिसारले तिनलाई प्रत्यक्ष प्रभाव पारेको कुराको कम मात्र सम्भावना छ । तर तिनलाई सूचना मिलेकै हुनुपर्दछ कि तिनको पुत्र विमल कोण्डन्यको पिता बिम्बिसार भगवान बुद्धका अनन्य भक्त हुन् । हुनसक्छ, बिम्बिसारबाटै आफ्ना पुत्रलाई आफ्नो पद-चिन्ह अपनाउने प्रेरणा मिलेको थियो । पुत्र भिक्षु भएपछि पाएको उपलब्धि देखेर अम्बवाली पनि भगवानप्रति आकर्षित भएकी हुनसक्छ र आफनो गणिकाको पेशालाई घृणा गर्न थालेकी हुनसक्छ । कारण जुनसुकै भए पनि मानिसहरूलाई कामवासनामा



Downloaded from http://dhamma.digital/

डुबाईराख्ने अम्बपालीले प्रौढावस्थामा पुगेर भगवानको अत्यन्त श्रद्धालु उपासिका भइन् । आफनो जीवनको अन्तिम वर्ष बिताउन भगवान राजगृहको बैशाली नगरमा पुग्नुभयो । त्यस बेलासम्म बैशालीका अनेक शासकवर्ग र धनीमानी वर्ग भगवानको अनुयायी बनिसकेका थिए तर भगवानको दर्शनको लागि सबैभन्दा पहिले अम्बपाली नै पुगी किनभने त्यसबेला भगवान तिनकै आम्रकुञ्जमा बस्नुभएको थियो । अम्बपालीले भगवानलाई भोलिको भोजनको लागि निमन्त्रण गरिन् । भगवानले मौन बस्नु भई स्वीकार गर्नुभयो । बैशाली आगमनको पहिलो दिनको भोजन दानको ठूलो महत्व थियो । अनेक प्रतिस्थित व्यक्तिहरूले यस पुण्यलाई प्राप्त गर्न लालायित भए पनि बैशालीको गणिकाको भाग्यमा नै यो पुण्य अंकित थियो ।

अम्बपाली आफ्नो भाग्यउपर अत्यन्त खुसी थिइन् । तिनी अश्वयानमा बसेर प्रशन्न चित्तले घर फर्किरहेकी थिइन् । अगाडिबाट लिच्छवी कुमारहरूको एक समूह आ-आफनो रथमा सवार भएर आइरहेका थिए । तिनीहरू मध्ये कोहीले नीलो, कोहीले पहेंलो, कोहीले रातो त कोहीले सेतो रंगको वस्त्र पहिरेका थिए । त्यही रंगका अनेक अलंकारले अलंकृत थिए । त्यो दृश्य दर्शनीय थियो । तिनीहरू भगवानकै दर्शन गर्न आइरहेका थिए । राजकुमारहरू यसरी सडकमा आउँदा अघिपछि भए बाटो छोड्नु पर्दथ्यो तर अम्बपालीले छोडिनन् ।

झन् अम्बपालीले मेरो भोजन भगवानले स्वीकार गरिसक्नु भयो भनी सुनाउँदा र त्यस गणिकाको भोजन भगवानले स्वीकार



गर्नुभयो भन्ने कुरा सुन्दा ती राजकुमारहरू विस्मित भए । आफूहरूले नै भगवानलाई भोलिको भोजनको लागि निमन्त्रणा दिन गइरहेका थिए । एकबाजी स्वीकार गरिसकेपछि अन्यत्रको भोजन भगवानले स्वीकार्नु हुँदैन्थ्यो । यो अकाट्च नियम नै थियो । एकलाख मुद्रा दिन्छौ भोलिको भोजनको पालो हामीलाई छोडिदेऊ भनी लोभ्याउँदा पनि अम्बपाली लोभमा फसिनन् । भगवानलाई दिइने भोजन दानको पुण्यको अगाडि त्यो रकम तुच्छ सम्झिन् । तिनले लिच्छवी कुमारहरूलाई परास्त पारिन् । यसमा अम्बपाली विजयी बनिन् ।

भोलिपल्ट भगवान र भिक्षुसंघलाई अत्यन्त इच्छापूर्वक भोजन-दान दिनुको साथै आफनो आम्रवनलाई पनि बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिएर अति पुण्यशालिनी बनिन् ।

केही समय पश्चाद् आफना अरहन्त भएका पुत्र विमल कोण्डन्यमार्फत विपश्यनाप्रति अम्बपाली अति आकर्षित भईन् । तिनले प्रव्रज्या ग्रहण गरेर आफनो घृणित जीवन त्यागी तपश्विनीको जीवन जिउन थालिन् । आफना पूर्वपारमिताहरूले तिनलाई यथेष्ट बल दिए ।

कल्पौ कल्प अघि अम्बपाली पहिलेका पुष्य महामुनिको जीवनकालमा उनको बहिनी थिइन् । ठूलो दानपुण्य गरेर तिनले संकल्प गरेकी थिइन् कि यस दानको पुण्यको प्रभावले भविष्यमा तिनलाई अत्यन्त सुन्दर शरीर मिलोस् । त्यसै पुण्यको फलस्वरूप अहिले तिनी रूपबती पनि भइन् । तर एकतीस कल्पअघि भगवान शिखीको जीवनकालमा तिनले भिक्षुणीसंघको कुनै साध्वीलाई कुपित भएर उस्ता अपशब्द बोलेकी थिइन् "तिमी बेश्या हो, अनाचारिणी



Downloaded from http://dhamma.digital/

हो, जिन शासनदुषिका हौ ।" यसै मिथ्या दोषारोपणको कारणले अति सुन्दर भएर पनि बेश्याको जीवन जिउनुपरेको थियो । तर साथसाथै अनेक जन्मको पुण्य-पारमिताको कारणले भिक्षुणी बनी विपश्यना गर्दै अरहन्त अवस्थासम्म पनि प्राप्त गरिन् । त्यसबेलासम्म तिनी अत्यन्त वृद्धा पनि भइसकेको थिइन् । अरहन्त भइसकेपछि तिनले जुन धर्मको उदगार व्यक्त गरिन् अनित्य र परिवर्तनशील शरीरको यथार्थ अभिव्यक्ति नै थियो ।

तिनी अत्यन्त दयावती मात्र होइन, रूपगर्विता पनि थिइन् । तिनी बेश्या भएकीले र रूपबाटै आजीविका कमाउने भएकीले स्वभावैले आफनो शरीरलाई श्रृँगार सामाग्रीले र वस्त्र-आभूषणद्वारा सजाएर राख्थिन् । भगवानले तिनलाई उपदेश दिंदा शरीरको सौन्दर्यको नश्वरता, क्षणभंगुरता र परिवर्तनशीलताको उपदेश दिनुहुन्थ्यो उपदेशमा "सब्बरूपं अनिच्चं जराभिभूतं ।" भन्नुहुन्थ्यो ।

अब वृद्धावस्था प्राप्त हुँदा तिनमा त्यही सत्य प्रकट भयो । तर पनि त्यसबेला तिनलाई यसबाट कुनै क्षोभ भएन किनभने शरीर अनित्यता प्रतिको तिनको आसक्ति पूर्णरूपले तोडिसकेको थियो । त्यसबारेको सत्यको अभिव्यञ्जना मात्र तिनले गरेकी थिइन् ताकि यस तथ्यको प्रकाशबाट अरूलाई पनि यस सत्यको ज्ञान मिलोस् । अनि तिनीहरूमा पनि आफनो शरीर सौन्दर्यप्रति जागेको मिथ्या आसक्ति हटोस् । तिनले आफनो अभिव्यक्तिमा यसो भनिन् –

१) भमराको रंग झैं मेरो केश कालो थियो । जरादेखि अगाडिसम्मको केश घुर्घुरिएको थियो । त्यही केश आज जरा र जीर्ण भई



सेताम्य भइसकेको छ । सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन ।

२) विभिन्न सुवासित फूलहरूले सज्जित मेरो केश कपाल सदा सुवासित र सुरभित हुन्थ्यो । अव भेडाको दुर्गन्धित रौसमान दुर्गन्धयुक्त र दुर्वासित भएको छ । सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन ।

३) सुनको काँगियोले कोरी बाटी गरी विभिन्न क्लिपहरूले सज्जित केश-विन्यास धना उपवनझैं सुशोभित हुन्थ्यो । त्यही केश अब ठाउँ ठाउँमा खुइलिएर उजाड र नराम्रो भइसकेको छ । सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन ।

४) पहिले मेरो शीर बहुमूल्य हीरा जडिएका सुनका अलंकारले अलंकृत हुन्थ्यो । मगमग बासना आउने चुल्ठोमा सजिएका हुन्थे ती अलंकारहरू । अब यस जरावस्थामा केश झरेर गई नराम्रो र भद्दा देखिएका छन् । साँच्चै नै सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन ।

५) कुशल चित्रकारले कलात्मकरूपले कुचीले कोरेजस्ता मेरा दुई आँखिभौं थिए । त्यसको शोभा अनुपम हुन्थ्यो तर यस जराको अवस्थामा त्यो सलक्क परेको आँखाभौं झुकेको छ । साँच्चैनै भगवानको वचन झूठो हुँदैन ।

६) पहिले मेरा आँखा ठूलठूला थिए, उज्ज्वल थिए । तिनका दुई पुतलीहरू नीलमणीझैं ज्योतिर्मय थिए र अब यस वृद्धावस्थाले तिनलाई प्रभाहीन र कुरूप बनाइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।



Downloaded from http://dhamma.digital/

७) यौवनकालमा सुन्दर शिखरझैं उठेको मेरो कोमल नाकलाई यस जरावस्थाले खुम्चाइदिएको छ, थेप्च्याइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

८) कुशल कालिगढले निर्माण गरेको कलापूर्ण चुरी समान मेरा दुई (कर्ण) कान थिए । अब यस वुढ्याईको अवस्थामा ती खुम्चिएर तलतिर लत्रेका छन् र असुन्दर बनाइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

९) पहिले मेरा दन्तलहर मोतीका दानाजस्ता सुशोभित थिए । अब त्यही दाँत यस जरा अवस्थामा आएर थोते र पहेंलोवर्णको भइदिएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१०) वनचरी कोइलीको मधुर स्वरजस्तो मेरो वाणी रसिलो थियो । अब आएर त्यो स्वर स्खलित र अस्पष्ट भएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

११) चिप्ल्याएको र चिल्लो शंखझै मेरो गर्दन थियो । अहिले यस जरावस्थामा त्यो भग्न भएर झुकेको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१२) सुन्दर गद्दाझैंका मेरा गोलाकार दुई पाखुरा थिए । अहिले यस वृद्धावस्थामा ती सुकेको रूखको सुकेको हाँगाझैं दुर्बल भइसकेका छन् । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१३) पहिले मेरा हातको सुकोमल औंलाहरू सुन्दर औंठीहरू र स्वर्णालकारले विभूषित हुन्थे । तिनै औंलाहरू अहिले सुकेर गाँठो गाँठो मात्र देखिएका छन् र दुर्बल पनि भएका छन् । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।



१४) मेरो छातीमा पहिले दुई सुन्दर, सुडौल र पुष्ट स्तन सुशोभित हुन्थे । अब यस वृद्धावस्थामा ती पानी राख्ने रित्तो झोलिएको थैलाझैं भएका छन् । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१५) पहिले मेरो सम्पूर्ण शरीर सुन्दर र शुद्ध गालेको सुनझैं चम्किलो थियो । अव यस जरावस्थामा छाला खुम्चाइको कारणले ओइलाएको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१६) पहिले मेरा यी दुई तिघ्राहरू हात्तीको सुंडझैं पोटिला, सुन्दर र सुशोभित थिए । त्यही तिघ्रा अव वृद्धावस्थामा आएर बाँसको नलीझैं सुकेर धोत्रिएका छन् । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१७) पहिले मेरो सुकोमल खुट्टा पाउजु र सुवर्ण अलंकारले सुशोभित रहन्थे । त्यही अब यस जरावस्थामा आएर सुकेको काठको डाँठझैं भद्दा भइसकेको छ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१८) पहिले मेरा कोमल खुट्टाका औंलाहरू कपासझैं नरम, हल्का हेर्ने लायकका थिए । अब ती सुकेर निचारिएर, खुम्चिएर बेडोल देखिएका छन् । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

१९) मेरो शरीर पहिले सुखको सागर, खुसीको भण्डार र काम-क्रिडाको केन्द्र थियो । अब यस जरावस्थामा जर्जरित भइसकेको छ र रोग र दुःखको घर बनिसकेकोछ । यो पुरानो र जीर्ण



Downloaded from http://dhamma.digital/

घरझैं भइसकेकोछ र यसको लिउन उप्किसकेको छ । मरमत नगरेको घर जसरी भत्केर ढलिजान्छ त्यसरी नै यस अवस्थामा यो शरीर काम नलाग्ने भई पतन भएर जानेछ । मात्र कंकाल बाँकी रहनेछ । साँच्चै नै भगवानको वचन झुठो हुँदैन् ।

यी उद्‌गारहरू अरू अनेकौंको कल्याणको लागि प्रेरक र पथ-प्रदर्शक बनून् ।

अरहन्त भइसकेकी ती अम्बपालीका यी कथनहरू कति यथार्थ छन् । अनित्य-धर्मा, विपरिणाम - धर्मालाई उजागर गर्ने यी सुमांगलिक अभिव्यक्ति !!

**(यसलाई विपश्यना विशोधन विन्यास, इगतपुरीद्वारा प्रकाशित र आचार्य श्री सत्यनारायण गोयन्काद्वारा हिन्दीमा लिखित 'धारणा करे तो धर्म' भन्ने पुस्तकबाट साभार गरी नेपालीमा अनुवाद गरिएको हो ।)**

**– अनुवादक**



# १२
# सुजाता उपासिका

उरूवेलास्थित सेनानी निगमको सेनानी कुलमा सिद्धार्थ गौत्तमको जन्म हुनुअघि नै सुजाताको जन्म भइसकेको थियो । यौवनावस्था प्राप्त भएपछि उरूवेला नजिकैको निग्रोध वृक्षमा तिनी गइन् । तिनले वृक्षदेवतासमक्ष भाकल गरिन् कि पहिलो बेतमै पुत्रलाभ गर्नसकें भने तपाईलाई प्रतिवर्ष भव्यरूपले पूजा चढाउनेछु । कालान्तरमा तिनले चिताएझैं पूर्ण पनि भयो ।

तिनको विवाह वाराणसी देशको एक धनाढ्य कुलमा भएको थियो । विवाहको केही समयपश्चाद तिनले एक पुत्रलाई जन्म दिइन् । त्यस वालकको नाम 'यश' राखियो । केही समयपछि तिनी आफ्नी माइती उरूवेलको सेनानी निगममा गइन् । आफ्नो भाकल पूरा भएबमोजिम तिनले निग्रोध वृक्षमा गई धुमधामसित पूजा गरिन् । यसरी प्रतिज्ञा बमोजिम तिनले प्रत्येक वर्ष बैशाख पूर्णिमाको दिन पूजाको आयोजना गर्ने गरिन् । निग्रोध वृक्षमा देवताले बास गर्दछ भन्ने विश्वास त्यस बेलाका मानिसहरूमा थियो ।

समय पाएपछि सुजाताले आफ्नी पुत्र यश कुमारको पनि



Downloaded from http://dhamma.digital/

विवाह सुसम्पन्न गरिदिइन् । सिद्धार्थ गौत्तमले महाभिनिष्क्रमण पछि उरूवेल वनमा तपस्या गर्न थाल्नुभएको ६ वर्ष पुगिसकेको थियो । बैशाख पूर्णिमाको केही दिनपूर्व नै सुजाता वाराणसीबाट माइती आएकी थिइन् । बैशाख पूर्णिमाको दिन निग्रोध वृक्ष देवतालाई पूजागर्ने तिनको धोको थियो । आफ्नो माइतीघरमा पालिएका गाईहरूलाई मुलेती वनमा चराउन पठाइन् । दुध बाक्लो र मीठो होस् भन्ने हेतुले ती गाईहरूको दुध अरू आठ गाईहरूलाई पिलाइन् । ती गाईहरूको दुध दुहुनुभन्दा अघि गोठका बाछाहरू फुकाएर दुध खान दिइन् तर बाछाहरूले दुध खान मानेनन् । थुनमुनि गवुआ राखिदिंदा थुनबाट स्वतः दुधको धारा बहन थाल्यो । ८ गबुआ भरियो । यो दृश्य देखेर सुजाता आश्चर्य चकित भइन् । तिनले त्यस दुधलाई नयाँ चोखो भाँडामा राखी तताइन् । यसरी दुध तताइरहँदा चुल्होबाट कतिपनि धुँवा आएको थिएन । उम्लेको दुधका फोकाहरू दाहिनेतिरबाट घुमी रिङ्गदथे । भकभक उम्ले पनि दुध अलिकति पनि बाहिर पोखिएन ।

यस्तो आश्चर्यजनक घटना घटेको देखी सुजाता विस्मित भइन् । तिनले आफ्नी पूर्णा भन्ने दासीलाई भनिन् 'पूर्णे, आज हामीदेखि निग्रोध वृक्षदेवता अति प्रशन्न भएझैं लाग्दछ । चाँडै गएर निग्रोध वृक्षको चौतारी लितपोत गरी सफासुघर गर ।' पूर्णा दासी पनि दौड्दै निग्रोध वृक्षतिर गइन् ।

त्यसै दिन सिद्धार्थ गौत्तम पनि ६ वर्षको घोर तपस्यापछि सेनानी निगममा भिक्षाटन गर्न निस्कनुहुँदा कुनै घरबाट पनि धुँवा निस्केको नदेख्नुभएको हुनाले धुँवा ननिस्कुञ्जेल यही वृक्षमुनि



बस्नुपऱ्यो भनी पूर्वाभिमुख गरी सोही निग्रोध वृक्षमुनि बस्नुभयो ।

लितपोत गरी सफा गर्न आएकी पूर्णाले टाढैबाट प्रशन्न र प्रफुल्ल मुद्रामा निग्रोध वृक्षमुनि बसिरहनुभएको बोधिसत्वलाई देखिन् । बोधिसत्वको शरीरबाट निस्केको तेजले निग्रोध वृक्ष सिंगै सुवर्णमय देखिन्थ्यो । पूर्णाले सम्झिन् कि आज त निग्रोध वृक्ष देवता हामीदेखि साहै प्रशन्न हुनुभई वृक्षबाट ओर्ल्ही खीर भोजन र पूजा ग्रहण गर्न तयार भई बस्नुभएको रहेछ । यति मनमा बिचारी तिनी तुरून्तै त्यहाँबाट फर्की यो खुसीको खबर सुनाउन सुजाताकहाँ पुगिन् । तिनले भनिन् "भो स्वामिनी, आज त साँच्चै नै वृक्षदेवता हामीदेखि अति प्रशन्न हुनुभई आफ्नो दिब्यरश्मी फिंजाई रूखमुनि बस्नुभएको छ ।"

यो कुरा सुनी हर्षातिरेक भई सुजाताले भनिन् "यदि यो कुरा सत्य हो भने तिमी आजदेखि दासत्वबाट मुक्त भयौ र तिमीलाई म जेठी छोरीको स्थानमा राख्नेछु ।" यति भनी सुजाताले आफ्ना अलंकारहरू पनि तिनलाई सुम्पिदिइन् ।

त्यसपछि सुजाता छिटै उत्तम वस्त्रालंकारले सज्जित भई सुवर्ण पात्रमा उत्तम क्षीर राखी ढकनीले ढाकी सेतो वस्त्रले छोपी सुगन्धित फूलहरूसहित उक्त पात्रलाई टाउकोमा बोकी त्यस निग्रोध वृक्ष भएठाउँ पुगिन् । तिनले रूखमुनि विराजमान त्यो कारूणिक पुरूषलाई निग्रोध देवता नै ठानिन् । तिनी अति प्रशन्न भई मनमनै नतमस्तक भई रूखमुनि पुगिन् । बोधिसत्वलाई सुगन्धित जलले हात धुन निवेदन गरिन् । अनि उक्त सुवर्ण पात्रमा ल्याइएको भोजन वोधिसत्वलाई सभक्ति दान दिइन् ।



Downloaded from http://dhamma.digital/

वोधिसत्वले भोजन ग्रहण गर्नुहुँदै सुजाताको मुख ताकिरहे तर केही बोलेनन् । त्यसबेला सुजाताले भनिन् "आर्य, भोजन दान गर्न पाउँदा र पुत्ररत्न प्राप्त हुँदा जसरी मेरो मनोरथ पूर्ण भयो त्यस्तै तपाईको पनि मनोरथ पूर्ण होस् ।" यति भनी सुजाता घर फर्किन् ।

सिद्धार्थ गौत्तमले नजिकैको नेरञ्जना नदीमा गई नुहाइ धुवाइ गरी भोजन गर्नुभयो । भनिन्छ उक्त भोजन जम्मा ४९ ( उनन्चास) गाँसको थियो । त्यसपछि सिद्धार्थ गौत्तम (वोधिसत्व) ले एक पीपलको रूखमुनि बोधिज्ञान प्राप्त नगरी उठ्दै नउठ्ने अधिष्ठान गरी ध्यानमा बस्नुभयो । त्यही बैशाख पूर्णिमाको रातमा सिद्धार्थले जन्म-मरणरूपी दुःखले मुक्त रहेको निर्वाण सम्पतिलाई साक्षात्कार गरिलिनुभयो । उहाँ सम्यकसम्बुद्ध हुनुभयो । सात हप्तासम्म (४९ दिन) सम्म कुनै पनि आहारा ग्रहण नगरी निर्वाण-सुखको अनुभव गर्नुभयो ।

पालिसाहित्यमा सुजाताको उक्त भोजनदानलाई निकै महत्व दिइएको छ । त्यो यसै कारणले कि उक्त क्षीर भोजन गरी सिद्धार्थ गौत्तमले बुद्धत्व प्राप्त गर्नुभएको थियो । यस्तै पावावासी चुन्द कर्मारपुत्रले भगवान बुद्धलाई सुंगुरको मासु (कहीँ कहीँ जंगली च्याउ पनि भनिएको पाइन्छ) पकाई भोजन गराएका थिए । त्यसपछि भगवानको महापरिनिर्वाण भएको थियो । यस घटनालाई पनि सुजाताको भोजन-दान जतिकै महत्वपूर्ण मानिएको छ । यसको कारण हुन् –

१) सुजाताको क्षीर भोजन गरेपछि सिद्धार्थले सोपादिशेष निर्वाणधातु



प्राप्त गर्नुभयो भने चुन्द कर्मारपुत्रले दिएको भोजन गरेपछि अनुपादिशेष निर्वाण धातु प्राप्त गर्नुभयो ।

२) सुजाता प्रदत्त भोजनपछि सिद्धार्थ गौत्तम वीत्तरागी, वीत्तद्वेषी तथा वीत्तमोही हुनुभयो भने चुन्द कर्मारपुत्रको भोजनपछि रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञानको पुञ्जसहित निरोध गरी महापरिनिर्वाण-पद प्राप्त गर्नुभयो । उनीहरू दुवैको भोजन परिनिर्वाण-समानता, समापति-समानता तथा अनुस्मरण-समानता तीन गुणहरूले युक्त मानिन्छ । ती तीन गुणहरू के के हुन् भने :

## परिनिर्वाण-समानता

सुजाताको क्षीर भोजनद्वारा क्लेशनिरोध भयो र चुन्दको भोजनद्वारा स्कन्ध निरोध भयो । त्यसैले 'परिनिर्वाण-समानता' भनिएको हो ।

## समापति-समानता

सम्बोधिज्ञान प्राप्त गर्नुभएको दिनमा चौवीस करोड एक लाख जति समापति ध्यान गर्नुभएको थियो । महापरिनिर्वाण प्राप्त गर्नुभएको दिनमा पनि त्यतिकै समापति ध्यान गर्नुभएकोले 'समापति-समानता' भनिएको हो ।



Downloaded from http://dhamma.digital/

## अनुस्मरण-समानता

भगवान बुद्धले सात हप्तासम्म त्यहाँ आफूले प्राप्त गरेको धर्मको अनुस्मरण गर्नुभएको थियो। रूखमुनि बसेका वृक्षदेवता त रहेन छ बुद्ध भगवान पो हुनुहुँदो रहेछ भन्ने थाहा लागेपछि आफूले प्रदान गरेको क्षीर भोजनको अनुस्मरण सुजाताले गरेकी थिइन्। तिनलाई अपार हर्षानुभूति भएको थियो। त्यस्तै चुन्द कर्मारपुत्रलाई पनि भगवानलाई मैले अन्तिम भोजन गराउन पाएँ। मेरै भोजन पछि तथागतले अनुपादिशेष निर्वाण-धातु प्राप्त गर्नुभयो भनी आफूले दिएको भोजनको अनुस्मरण गर्दा उनलाई पनि अपार प्रीतिको संचार भएको थियो। त्यसैले 'अनुस्मरण-समानता' भनिएको हो।

यी दुवै जनाले दिएको प्रथम र अन्तिम भोजनहरू कति महत्वपूर्ण थियो भन्ने कुरा तथागतले महापरिनिर्वाण हुनुपूर्व आनन्द भन्तेलाई भन्नुभएको यस कुराले प्रष्ट पार्दछ।

"आनन्द, तिम्रो भोजन गरेपछि तथागतको परिनिर्वाण भयो भनी चुन्दकर्मारपुत्रलाई दोषारोपण नगर। जुन भोजन गर्नाले सम्बोधिलाभ हुन्छ र जुन भोजन गर्नाले परिनिर्वाण हुन्छ यी दुवै समानरूपले महत्वपूर्ण र फलदायी छन्।"

भगवान बुद्ध बोधिज्ञान प्राप्तिपछि सिधै वाराणसीको ऋषि पतन मृगादावनमा जानुभयो। त्यहाँ उहाँले पञ्चभद्रवर्गीय भिक्षुहरूलाई धर्म अववोध गराइसकेपछि उहाँ सोही वनमै बस्नुभयो।

एकदिन सुजाताको छोरा यशकुमार पुत्र विरक्तिई एकलै



रातीको समयमा घरबाट निस्की मृगदावनमा पुगे। त्यहाँ बुद्ध भगवानलाई भेटी धर्मोपदेश सुनी प्रव्रजित पनि भए।

सुजाताले प्रासादमा यश पुत्रलाई देखिनन्। आफ्नी पतिलाई सोधिन्। यो कुरा सुनेर यशको पिता झसङ्ग भई पुत्रको खोजीमा आफ्ना दूतहरू चारैतिर पठाए। आफू पनि पुत्रको खोजीमा निस्के। घुम्दै फिर्दै उनी मृगदावनमा पुगे। बाहिर सुनको खराऊ देखेर अवश्य पनि यश यहीँ कहीँ हुनुपर्छ भनेर विचार गरे। उनी भगवान बुद्ध भएठाउँमा गएर सोधे "भन्ते, के तपाईले यश कुमारलाई देख्नुभएको छ ?" भगवानले यहीँ बस, उनलाई तिमीले यहीँ देख्नेछौ भन्नुभयो। छोरालाई हेर्ने लालसामा हर्षित हुँदै भगवानलाई अभिवादन गरी त्यही एक ठाउँमा बसे। त्यसबेला भगवानले उनलाई आनुपूर्वि कथा सुनाउनुभयो। आनुपूर्वि कथा भनेको – दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दोष कथा, काम विषयको तुच्छताको कथा, कामविषयको संक्लिष्ट कथा तथा नैष्क्रम्यको गुणकथा इत्यादि हुन्। आनुपूर्विकथा सुनाइसकेर जब भगवानले उनको चित्त मृदु, प्रशन्न, नीवरणरहित पाउनुभयो, अनि भगवानले 'चतुरार्य-सत्य' को धमोपदेश सुनाउनुभयो। चतुरार्य सत्य भनेको चार आर्य-सत्य हो। दुःख छ, दुःखको कारण छ, दुःखको निरोध हुन्छ र दुःख निरोध गर्ने उपायहरू छन्। यिनै चार आर्य-सत्य हुन्।

यो धर्मोपदेश सुनेर छोराको पखाईमा बसेका श्रेष्ठी गृहपतिलाई विरज, वीत्तमल धर्मचक्षु प्राप्तभयो। उनलाई 'जे जति समुदय धर्म हुन् ती जम्मै निरोध धर्म हुन्' भन्ने ज्ञान प्राप्त भयो। उनी



Downloaded from http://dhamma.digital/

सन्देहरहित, वैशारद्यतामा प्रतिष्ठित भई शास्ताको धर्म अववोध गर्ने अवस्थामा पुगे । उनले भगवानलाई प्रार्थना गरे "धन्य हो भन्ते धन्य ! जस्तो घोप्टिएकोलाई उत्तानो पारिदिंदा, ढाकेकोलाई उघारिदिंदा, बाटो बिराएकालाई बाटो देखाइदिंदा, अन्धा भएकालाई ज्ञानको बत्ती बाली रूप देखाइदिंदाझैं भगवानले मलाई धर्मको प्रकाश दिनुभयो । अब म भगवानको, धर्मको र भिक्षुसंघको शरण पर्छु । आजदेखि म आजीवन बुद्धको शरणागत भएँ ।"

त्रैवाचिक शरण जाने प्रथम उपासक नै श्रेष्ठी गृहपति थिए । उनले स्रोतापति फलको साक्षात्कार गरे ।

जब भगवान बुद्धले यश कुलपुत्रको पितालाई धर्मोपदेश गरिरहनुभएको थियो यशपुत्र त्यही थिए तर भगवानको ऋद्धिको बलले यशको पिताले उनलाई देख्न सकेनन् । पितालाई सुनाएको धर्मोपदेश श्रवण गरेर यशले अर्हतत्व (अरहत्व) प्राप्त गरे । उपदेश सिद्धिएपछि भगवानले ऋद्धिको प्रभाव हटाइदिनु भएपछि मात्र यशको पिताले उनलाई देखे । पिता चाहिंले भने "प्रिय यश ! आमा घरमा शोकाकुल छिन् । गएर आमालाई सान्त्वना दिई तिनको प्राण बचाइदेऊ ।"

बाबुको कुरा सुनी यशले भगवानको मुख ताके । भगवानले उनको पितासँग भने – "हे गृहपति ! जुन कुलपुत्रको चित्त आस्रवबाट मुक्त भइसक्यो के त्यस पुरूषले पुनः घर गृहस्थीमा बसी विषय भोग गर्न सक्ला ?" भगवानको कुरा यशको पिताले बुझे । उनले हर्षातिरक भई भने – "ओहो ! भन्ते आस्रवमुक्त हुनु मेरो पुत्रको महान लाभ हो, सुलाभ हो ।' अनि उनले यशपुत्रसहित



भगवानलाई घरमा भोजनको लागि निम्तो दिए । भगवानले त्यस निम्तोलाई तुष्णिभावले स्वीकार गर्नुभयो ।

त्यसबेला यशसहित अरहन्तहरूको संख्या लोकमा ७ जना मात्र पुगेको थियो ।

त्यसपछि पूर्वान्ह समयमा भिक्षु यशपुत्रसहित भगवान उनका पिता श्रेष्ठी गृहपतिको घरमा भोजनार्थ जानुभयो ।

यशपुत्रको माता सुजाता आफ्नी बुहारीसहित भगवानको अगाडी आई भगवानलाई अभिवादन गरी एक छेउ बसिन् । भगवानले उनीहरूलाई आनुपूर्विकथा सुनाई चित्त परिशुद्ध भएपछि चतुरार्य सत्यको कुरा सुनाउनुभयो । अनि सुजाता र उनकी बुहारी पनि स्रोतापतिफलमा प्रतिष्ठित भए । सुजाताले भगवानप्रति कृतज्ञता ज्ञापन गर्दै प्रशन्नता ब्यक्त गरिन् । तिनले आजीवन बुद्धको शरणमा जाने उपासिका हुँ भनी बुहारीसहित आफू बुद्ध, धर्म तथा संघको शरणमा गइन् ।

त्रैवाचिक शरण जाने उपासिकाहरू मध्ये प्रथम उपासिकाहरू सुजाता र उनकी बुहारी नै हुन् । भगवान बुद्धले प्रथमतः त्रिशरण जाने उपासिकाहरू मध्ये सुजाता अग्र हुन् भनी घोषणा पनि गर्नुभयो ।

**(भिक्षु अमृतानन्द महास्थवीरद्वारा लिखित 'बुद्धकालीन महिला भाग-१' बाट छानिएको र भाषागत र पुस्तकानुकूल हुने गरी नेपालीमा अनुवाद तथा सम्पादन गरिदिएको छु ।**

**– अनुवादक**



Downloaded from http://dhamma.digital/

# यशोधराको देन

बुद्ध हुनुपूर्व यशोधरा सिद्धार्थकी पत्नी थिइन् । बुद्धको सम्बोधि-लाभमा यशोधराको थुप्रै सकारात्मक देन रहेको छ तर ती देनहरूलाई त्यति वास्ता गरिएको देखिँदैन र पर्याप्त मात्रामा प्रकाशमा ल्याइएका छैनन् ।

यस सम्बन्धमा बुद्ध-धर्म विषयका लेखक तथा प्रवचकहरूका तर्फबाट जेसुकै वा जतिसुकै कमी कमजोरी रहेता पनि बुद्धको जीवनको यस गरिमामय र महत्वपूर्ण चर्चालाई प्राथमिकताकासाथ उचित स्थान दिइनु निश्चय पनि नारीजातिकै गौरवलाई बढावा दिनु हो । खासगरी नारी समानताको सवाल उठिरहेको यस समयमा यसले नारीजातिकै प्रतिष्ठा र गरिमालाई बढावा दिनेछ ।

बुद्ध-धर्मका अनुयायीहरूलाई थाहा भएकै कुरो हो कि बुद्धको आफ्नै 'नियत-विवरण' छ । त्यसो भन्नुको अर्थ अतीतमा दीपंकर बुद्धले सुमेध ऋषि (अहिले बुद्ध हुनुभएका) लाई सुदुर भविष्यमा बुद्ध हुनेछ भनी घोषणा गर्नुभएको थियो ।

त्यस समयदेखि उहाँ बोधिसत्व हुनुभयो अर्थात् 'पछि हुने बुद्ध' हुनुभयो र बुद्ध हुनको लागि आवश्यक पारमिताधर्महरूको परिपूर्ति गर्दै जगेर्ना पनि गर्दैजानुभयो ।



तर बहुसंख्यक बुद्ध-धर्मानुयायीहरूलाई यो कुराको कुनै खबर नै छैन कि उहाँ दीपंकर बुद्धले नै सोही दिन यशोधरालाई पनि 'नियत-विवरण' दिनुभएको थियो ।

## यशोधराको विवरण

पुस्तकहरूमा उल्लिखित छ कि जब भविष्यमा बोधिसत्व हुने सुमेध ऋषिले दीपंकर बुद्धको सुगमताको लागि बाटो बनाउने तयारीमा जुटेको थियो, त्यहाँ यशोधरा पनि उपस्थित थिइन् । त्यतिबेला तिनी सुमित्रा नाउँ गरेकी एक ब्राम्हण कन्या थिइन् । तिनी त्यहाँ आठ मुठा कमल फूल लिएर दीपंकर तथागतको पूजाको लागि आएकी थिइन् । तिनले त्यस भीडमा त्यस युवक सुमेधलाई देखिन् । तिनलाई सुमेध साह्रै आकर्षक र मनोहारी लाग्यो ।

## पहिलो नजरमा प्रेम

यशोधराको नजर सुमेधमा पर्नेवित्तिकै तिनको मुखबाट अनायास यी शब्दहरू निस्के – "आहा, मेरो जीवन धन्य धन्य हुनेभयो ।" सामान्य अर्थमा यसलाई 'पहिलो नजरमा प्रेम' भनिन्छ, तर यसको अर्थ यतिकैमा सीमित छैन । यसमा आध्यात्मिक भावको गहिराइ भेट्टिन्छ । यसले सांसारिक सहचारीको रूपमा बोधिसत्वको जीवनमा यशोधराले खेलिनुपर्ने भूमिकाको भविष्यवाणीको संकेत मिल्दछ ।

## सुमेधको आत्म-बलिदान

त्यस बनाउँदै गरेको बाटोको हिलाम्य भागमा दीपंकर तथागतको सुगमताको निमित्त सुमेधले 'पुल' जस्तै बनी घोप्टो परी स्वात्राङ्ग सुतिदियो अनि दीपंकर तथागतलाई आफ्नो जिउमाथिबाट



Downloaded from http://dhamma.digital/

जान भन्यो । यो देखेर त्यसबेला सुमित्रा नाउँकी यशोधरा सुमेधको त्यस बलिदानबाट अति प्रभावित भइन् र प्रेम र आत्मियताको प्रतीक कुनै उपहार सुमेधलाई दिन इच्छा गरिन् । त्यसबेला दिने अन्य वस्तु केही पनि नभएकोले दीपंकर तथागतलाई चढाउन ल्याएको ती आठ मुठा कमलको फूल दिइन् र भनिन् – "हे ऋषि महोदय, यी आठ मुठा फूलहरूमा पाँच मुठा तपाईंलाई भयो र बाँकी तीन मुठा मलाई भयो । यस उपहार चढाएको पुण्यले तपाईंका र मेरा सम्पूर्ण इच्छाहरू पूर्ण होऊन् साथै यो पुण्यको प्रभावले तपाईंको बुद्धत्व प्राप्तिमा पनि योगदान होस् ।" सुमेधले ती फूललाई स्वीकारे अनि सुमित्राको आग्रह अनुसार दीपंकर तथागतलाई सश्रद्धा चढाए ।

## यशोधराको 'नियत-विवरण'

यसै अवसरमा दीपंकर बुद्धले यशोधराको पनि 'नियत-विवरण' दिनुभयो अनि सुमेधलाई यसरी भन्नुभयो – "यी कन्याले तिम्रो चित्तवृतिप्रति समानता राख्दछिन् (सम-चित्त) । तिनको कामकुरा पनि तिम्रो प्रकृति अनुकूल नै हुनेछ (समकारी) । तिनको कर्मले तिम्रो कर्मलाई पछ्याउनेछ (समकम्म) । तिनको व्यवहार पनि तिमीलाई प्रिय नै लाग्नेछ किनकि तिनी सुन्दर, प्रिय, हँसिली र मृदुभाषी छिन् (सुदस्सन सुप्पिया च मनपं पियवादिनी) । पत्नीको रूपमा तिनी तिमीलाई अति मन पर्नेछ । तिमीले तिनलाई कुशल कर्मको फलका रूपमा पाएका छौ -कम्मदायादा) । तिनले तिम्रो पुण्यकर्मको संचयलाई महाजनले आफ्नो धन-सम्पतिको सुरक्षा गरेझैं सुरक्षित राख्नेछिन् । तिनी तिम्रा लागि करूणाकी प्रतिमूर्तिझैं लाग्नेछ र तिनले पनि पिंजडा तोडेर बाहिर निस्केको सिंहिनीझैं आफ्ना पारमिताधर्मलाई पूर्ण गर्दै अर्हतत्व पद प्राप्त गर्नेछिन् । यति भन्नुभई



दीपंकर तथागतले ती दुवैका सांसारिक बन्धनलाई पक्का गर्नुभयो । यो बन्धन सिद्धार्थले बुद्धत्व प्राप्त नगरून्जेल कायम रहने र त्यसबेलासम्म यशोधराको पनि त्यस कार्यमा आफूले सम्पादन गर्नुपर्ने दायित्व र देन रहिरहने कुराको प्रकाश गर्नुभयो ।

## अर्हत भएपछि यशोधराको बुद्धसँग भेट

७८ वर्षको उमेरमा यशोधराको आयु समाप्त भयो अर्थात् तिनको देहान्त भयो । तिनी बुद्धकहाँ आफूले चाहे अनुसारको मृत्युको बारेमा बताउन गएकी थिइन् । तिनले बुद्धसामु आफूले अतीतमा अर्थात् दीपंकर तथागतले बुद्धत्व प्राप्त गर्ने घोषणा गर्नुभए पछिका अर्थात् बोधिसत्व हुँदादेखिको समयमा बोधिसत्वको साथमा रही निष्ठापूर्वक तिनले के कस्ता काम गर्दैआएकी थिइन् भन्नेबारे विस्तृतरूपमा संस्मरण सुनाइन् ।

आफूले बुद्धको भलाइको कामना गर्दै गरेकी कामकुराहरूको मृदु स्मृतिलाई ताजा पार्दै भनिन् कि बोधिसत्वसँग सांसारिक सम्बन्ध जोडेर सहयात्रीको भूमिका निभाएकी थिइन् । बोधिसत्वसँग सम्पन्नता र विपन्नताको परीक्षामा सफलतापूर्वक साथ निभाइन् र खरो उत्रिन् र बोधिसत्वलाई अनेक आपद् विपद्मा तिनले मद्दत र सेवा पुऱ्याइन् भन्नेबारे पनि स्मरण गरिन्, गराइन् । जन्मजन्मान्तरको त्यति लामो बाटोमा देव र मनुष्य योनीहरूमा तिनले बोधिसत्वसँग जीवन यापन गरेकी थिइन् । अन्तिम जन्ममा शाक्य कुमारी भई बोधिसत्वसँगै सुरुका नवयौवनाको जीवन पनि बिताएकी थिइन् । यसै जीवनमा पनि तिनले आफू सुन्दर, यशवती र गुणवती भई आफूमा कुनै कुराको पनि कमी नरहेको कुराको दावा पनि पोखिन् । एक मानव भई एक मानवले



Downloaded from http://dhamma.digital/

पाउनुपर्ने सबै प्रकारका लाभ, मान, मर्यादा र सत्कार तिनलाई प्राप्त थियो र तिनले कहिल्यै पनि कुनै प्रकारको भय र शोकको सामना गर्नुपरेको थिएन भन्ने कुरा पनि यसै क्रममा स्मरण गर्दै भनिन् । तिनले यो पनि भनिन् कि आफ्नी भतिजी जनपदकल्याणी सँगै महाप्रजापति गौत्तमीको प्रेरणा पाएर तिनी भिक्षुणी बनिन् र क्रमिकरूपमा मार्गगामी भई मार्गफलको अधिकारी हुँदै अर्हत थेरीसम्म पनि भइन् । तिनलाई आवश्यक खाना, लत्ता कपडा, निवासस्थान र औषधिमूलोसमेतको कहिल्यै अभाव भएन र तिनी संसार-बन्धनबाट मुक्त हस्तिनीझैं दुःख-मुक्त जीवन व्यतीत गर्न सफल भइन् भन्ने कुराको स्मरण पनि गरिन्, गराइन् ।

## ऋद्धि-प्रदर्शन

आफ्ना सहचरीहरूको साथमा तिनले बुद्धको पूजा-अर्चना गरिन् र आफ्नो तर्फबाट अन्जानमा कुनै भूलचुक हुन गएको भए क्षमा-दान पाउन प्रार्थना पनि गरिन् । आफ्नो सांसारिक जीवनकी सहचरी यशोधराले गाएकी यस 'हँस-गीत'को प्रत्युत्तरमा बुद्धले भन्नुभयो कि तिनलाई बुद्धबाट अब तिनको कुनै पनि आवश्यकता पूर्तिखातिर गरिनुपर्ने कुनै कुरा पनि शेष रहेको छैन किनभने तिनले अर्हत-पद प्राप्त गरिसकेकी छिन् ।

तिनले प्राप्त गरेकी अर्हत-पदप्रति मानिसहरूको संशय मेटिदिनको लागि र मानिसमा धर्म-संवेग जगाइदिनको निमित्त पनि तिनलाई केही मात्रामा ऋद्धि प्रदर्शन गर्न आग्रह गर्नुभयो ताकि अन्य अर्हत थेरीहरूसँगको बराबरीमा आउन सकियोस् ।

बुद्धको आग्रह मुताविक तिनले ऋद्धि प्रदर्शन गरिन् – तिनले



एउटा विशाल पंछीको रूप धारण गरिन् । तिनले त्यस पंछीरूपी आफ्नो टाउको 'उत्तरकुरू' नामको पहाड बनाइन् र 'पूर्वविदेह' र 'अपरगोदायन' लाई दुई पखेटाको रूपमा फिंजाई स्थूलाकार वृक्षलाई उखेली पंखासरि फिंजाई बुद्धलाई उक्त दुई पखेटाले हम्किदिइन् ।

कहिले हात्ती, कहिले घोंडा, कहिले पर्वत, कहिले समुन्द्र, कहिले सूर्य, कहिले चन्द्र र कहिले देवराज ईन्द्र बनेर पनि बुद्धसामु प्रकट भइन् । 'म यशोधरा हुँ' भन्ने गीत गर्वसाथ गाउँदै तिनले बुद्धको पाउमा सश्रद्धा एउटा ठूलो कमलको फूल चढाइन् ।

## ऋद्धि-प्रदर्शन नै किन ?

हुन त बुद्धले आफ्ना शिष्यहरूलाई ऋद्धि-प्रदर्शनमा रोक लगाउनुभएको थियो, तर कहिलेकाहीं त्यस्तै परिस्थिति जुर्न आएमा उक्त नियमलाई केही खुकुलो पनि पार्नुहुन्थ्यो ।

बुद्ध-शिक्षाको गाम्भीर्यता र गहिराइको भेउ नपाएका सामान्य मानिसहरूको निमित्त यस्ता ऋद्धि-प्रदर्शनको माध्यमबाट धर्म-संवेग जगाइदिने साधनको रूपमा प्रयुक्त हुनसक्छन् साथै उनीहरूका निमित्त यस प्रकारका प्रदर्शन स्वच्छ मनोरंजन प्रदायक पनि भइदिन्छन् । साथै यसबाट यशोधराको विमल छविलाई पनि उजागर गरिदिन यथेष्ट बल प्राप्त हुनजाने तथ्य पनि विद्यमान नै थियो ।

## तिनको 'हँस-गीत'

*(यहाँ 'हंस-गीत' को अर्थ व्यक्तिको अन्तिम उपलब्धि वा कार्य सम्पादनबारेको उद्गार हो )* *– अनुवादक*

आफ्नै शब्दमा गाइएको यस 'हँस-गीत' मा तिनले बुद्धलाई पुऱ्याएको सेवा र उपकार बारेको वर्णन पाइन्छ । गीतमा भनिएको छ –



Downloaded from http://dhamma.digital/

क) मैले तपाईंको बुद्धत्व-प्राप्तिको लागि धेरै सेवा-कार्यहरू सम्पन्न गरेकी छु।

ख) तपाईंको खातिर मैले धेरै नै पुण्य पारमिताका कार्यहरू सम्पादन गरेकी छु।

ग) तपाईंकै भलो चिताई मैले अनेकन अकुशल व्यवहारहरूबाट विरत भएकी छु।

घ) धेरैचोटी त मैले आफ्नो जीवनसमेत बलिदान दिएकी छु।

ङ) धेरैचोटी तपाईंले पत्नीको रूपमा रहेकी मलाई त्यागिदिनुभएको छ।

च) धेरै अवसरहरूमा तपाईंले मलाई भोका पशुहरूको आहारा बनाइदिनुभएको छ।

छ) मैले तपाईंलाई विभिन्न भय र खतराबाट मुक्त गर्न आफैलाई बलिदान दिएकी छु।

ज) मेरा आभूषणादि भिक्षुकलाई दान दिनुहुँदा केही पनि नलुकाई सबै नै दिएकी छु।

झ) तपाईंकै लागि मैले धन-सम्पति, हात्ती, घोंडा, नोकर-चाकर र सखीहरूलाई त्यागें।

ञ) भिक्षुकले माग्दा तपाईंले मलाई सुम्पनुभयो। मैले सहर्ष शिरोधार्य गरेकी छु।

ट) तपाईंको निमित्त भनी मैले थुप्रै सांसारिक दुःख झेलेकी छु।

ठ) तपाईंसँग रहँदा कहिल्यै पनि दुःखमा हतास र सुखमा उत्ताउली भइन।

ड) म सदा तपाईंकी अभिन्न सखाको रूपमा रहें र पारमिताधर्म पूर्ण गर्नमा तत्पर रहें।



बुद्धले यशोधराले गीतमा भनिएका यी मर्मस्पर्शी कुरालाई कृतज्ञतापूर्वक सुन्नुभयो र अनुमोदन पनि गर्नुभयो। उहाँले भन्नुभयो कि अब तिनलाई बुद्धको कहिल्यै कुनै पनि सहायताको दरकार रहेन किनकि तिनले संसारबाट मुक्ति मोक्ष प्राप्त गरिसकेकी छिन्।

## यशोधराको अन्तिम जन्म

यशोधराको रूपमा जन्म लिएकी यस अन्तिम जन्ममा पनि हामी सबैलाई थाहा भएझैं तिनले बुद्धलाई आफ्नो 'मौन-सेवा' तथा 'अव्यक्त-सेवा' अन्तर्गत धेरै सेवा पुऱ्याएकी छिन्। यसरी गरिने सेवा-कार्य सिर्फ असल र कुशल गृहिणीबाट मात्र सम्भव हुन्छन्। शुद्धोदनको दरवारमा, महाभिनिष्क्रमणको दिनदेखि तिनले सबै विलासिताका सामानहरूलाई परित्याग गरिन् र जसरी आफ्नी पति जंगलमा जुन रूपमा रहिरहेको खबर पाएकी थिइन्, त्ससरी नै आफूले पनि सादा जीवन व्यतीत गरिन्। साधारण गेरूवा वस्त्र धारण गरेर, एकछाकी भएर अनि कुनै पनि आरामदेह बिछ्यौना र आरामदायी वस्तुहरूको उपयोगबाट विरत भएर रहिन्। सुख सुविधा सबै त्यागिन्।

बोधिसत्वको आदर्श प्राप्तिखातिर तिनका यी वर्णित महान त्यागहरूको बलले उहाँलाई निकै सघाए। 'चन्दकिन्नर' जातकमा त्यस पुनीत उद्देश्य पूर्तिमा तिनका यी विलक्षण त्यागको महिमाबारे बुद्धले अनुगृहित भई श्रद्धाञ्जली पोख्नुभएको छ।

यशोधराको शव-यात्रामा सम्मिलित भई फर्कने क्रममा उहाँले तिनको भष्म राखी बनाइएको 'दगोबा'मा फूल चढाउनुभयो। यो नै अनुगृहित बुद्धको यशोधराप्रति व्यक्त उच्चस्तरको सन्मान र श्रद्धाञ्जली सिद्ध भएको छ।



Downloaded from http://dhamma.digital/

'यशोधरावत' भन्ने कृतिका लेखकले यस मार्मिक घटनालाई लोक शैलीमा पंक्तिबद्ध गरेका छन्। यहाँ त्यसको अर्थ मात्र प्रस्तुत गरिएको छ।

'प्रत्येक बुद्ध-धर्मानुयायी नारीले यशोधराद्वारा प्रदर्शित र सम्पादित हित कल्याणका कार्यहरूमा सम्पूर्ण नारीजातिकै प्रतिष्ठा मुखरित छ र नारीजातिकै पक्षमा यसले वकालत गर्दछ भनी गर्व गर्ने ठाउँ रहेको छ। यशोधराले नारीहरूमा विद्यमान शुन्यतालाई पूर्ति गर्ने काम गरेकी छिन्। यसमा नारीहरू गौरवान्वित हुनुपर्दछ।'

अस्तु !

भवतु सब्ब मंगलं।

(**प्रस्तुत लेख ए.जी.एस. करियवासम द्वारा लिखित** 'The Great Compassion' **भन्ने स्मारिकाबाट साभार गरी अनुवाद गरिएको हो।**)

– ***अनुवादक***



Downloaded from http://dhamma.digital/